# राष्ट्रिय मानव अधिकार आयोगको

# वार्षिक प्रतिवेदन

(२०६८–२०६९)

राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर, नेपाल

## आयोगका पदाधिकारीहरू

### अध्यक्ष

माननीय केदारनाथ उपाध्याय

### सदस्यहरू

माननीय रामनगिना सिंह
माननीय गौरी प्रधान
माननीय डा. लीला पाठक
माननीय डा के. बी. रोकाया

### सचिव

विशाल खनाल

**संयोजन**
कैलाशकुमार सिवाकोटी
सरिता ज्ञवाली

**लेआउट**
महेशमान नकर्मी

**प्रकाशक**
राष्ट्रिय मानव अधिकार आयोग
पो.ब.न. ९१८२, काठमाडौं, नेपाल

**प्रकाशन मिति**
मङ्सिर, २०६९

**प्रति** : ५००
**प्रतिवेदन नं.** : १०९/१५०/२०६९
**मुद्रण** : एपेक्स प्रिन्टीङ्ग प्रेस प्रा.लि., तीनकुने, काठमाडौँ
**सर्वाधिकार** : राष्ट्रिय मानवअधिकार आयोग

आयोगको पूर्व-स्वीकृतिविना यस प्रतिवेदनलाई पुनःउत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । वौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# मन्तव्य

मानवअधिकारको संरक्षण र सम्वर्द्धनको जिम्मेवारी बहन गर्नको लागि मानवअधिकार आयोग ऐन, २०५३ बमोजिम वि.स. २०५७ जेठ १३ गते राष्ट्रिय मानवअधिकार आयोग स्थापना भएको हो । नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगलाई कानुनी निकायबाट संवैधानिक अङ्गको रूपमा स्थापित गऱ्यो ।

कर्तव्यको परिपालनाको सिलसिलामा आयोगले मानवअधिकार हननविरुद्धका उजुरी लिने, ती उजुरीउपर अनुगमन, छानविन, अनुसन्धान गर्ने गर्दछ । प्राप्य तथ्यको आधारमा सरकार वा सम्बन्धित निकायलाई प्रभावकारी उपचारको लागि सिफारिस गर्दछ । आयोगले सम्वर्द्धनात्मक गतिविधिअन्तर्गत छलफल, अन्तर्क्रिया, तालिम, गोष्ठी लगायतका कार्यक्रम गर्दै आएको छ । यस अलावा नेपालपक्ष रहेका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयनको अवस्था अनुगमन र मानवअधिकारसम्बन्धी कानुन निर्माणको लागि सरकारलाई सुझावसमेत दिने गर्दछ । संवैधानिक दायित्वअनुसार आयोगले आफ्ना गतिविधिहरू वार्षिक प्रतिवेदनमाफर्त राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने हुन्छ । सोही प्रयोजनार्थ प्रस्तुत वार्षिक प्रतिवेदन (२०६८–२०६९) तयार गरिएको हो ।

मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको प्रमुख कर्तव्य भनी संविधानले नै निर्दिष्ट गरेको छ । यस अवधिमा आयोगमा २७६ वटा उजुरी परेका छन् भने ५,३८० उजुरीहरू निर्णय गर्न बाँकी छन् । मानवअधिकार संरक्षणअन्तर्गत अनुगमन र अनुसन्धान गरी प्राप्त तथ्य प्रमाणको आधारमा पीडकलाई कारबाही, पीडितलाई क्षतिपूर्ति लगायतका विषयमा नेपाल सरकारलाई सिफारिस गरेको थियो । यस अवधिमा २१२ अनुगमन टोलीले मानवअधिकारका विषयउपर अनुगमन गरेको थियो भने ३९४ उजुरीउपर आयोगबाट निर्णय भएको थियो । हत्या, विष्फोटन, बेपत्ता, विस्थापन, यातना, धम्की, बन्दीका अधिकार, बालअधिकार, महिला अधिकार, अल्पसंख्यकका अधिकार लगायतका विषयमा ३७० उजुरीउपर खारेज गर्ने, टुङ्ग्याउने र तामेलीमा राख्ने निर्णय गरेको थियो । जसमा ३२० वटा उजुरी टुङ्ग्याइएको, ४५ वटा खारेज र ५ वटालाई तामेलीमा राखिएको छ । १०४ वटामा सिफारिस भएको छ भने ३५ वटा नीतिगत सिफारिस गरिएका छन् । मानवअधिकार संस्कृति विकासको निम्ति सम्वर्द्धनात्मक गतिविधिहरूलाई पनि प्राथमिकतामा राखी कार्य गर्दै आएको छ । मानवअधिकारका विषयवस्तुमा केन्द्रित रही सुरक्षाकर्मी, विभिन्न सरकारी, गैरसरकारी निकायका प्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, सञ्चारकर्मी, मानवअधिकारकर्मी, शिक्षक, विद्यार्थी एवम् व्यवसायिक सङ्घसंस्थाहरूलाई संलग्न गराइ तालिम, अन्तर्क्रिया, कार्यशाला, गोष्ठी, छलफल लगायतका कार्यक्रमहरू आयोजना गरेको थियो । यस अवधिमा आयोगले ३१२ वटा कार्यक्रमहरू सम्पन्न गरेको छ । जसमा २४६ एकल र ६६ वटा सहकार्यमा गरिएका छन् । सम्पन्न कार्यक्रमहरूमा अन्तर्क्रिया ७४, तालिम/प्रशिक्षण ५७,

अभिमुखिकरण १८, दिवस १५, कार्यशाला/गोष्ठी २४, खेल ३, रक्तदान २ रहेका छन् । त्यसैगरी र्‍याली/प्रभातफेरि ८, छलफल ३३, बैठक ६८ र अन्तरसम्वाद, सचेतना र निवन्ध प्रतियोगिता २/२ वटा रहेका छन् ।

यस वर्ष पनि आयोगले समय, आवश्यकता, विषयवस्तुको गाम्भीर्यता लगायतका पक्षलाई मनन गरी औपचारिक/अनौपचारिक कार्यक्रममा आफूलाई संलग्न गराउदै आएको छ । विभिन्न दातृराष्ट्र वा निकायका प्रमुख वा प्रनिधिनिधिहरू, मित्रराष्ट्रका राजदूत आदि सँग छलफल गर्दै आएको छ ।

जबरजस्ती बेपत्ता पारिएका र अपहरण गरी अवस्था अज्ञात तुल्याइएका व्यक्तिहरूको स्थिति यस अवधिमा पनि सार्वजनिक हुन सकेन । राजनीतिमा अपराधिकरण र अपराधमा राजनीतिककरणको अवस्था विद्यमान रहिरहेकै छ । संविधान निर्माण हुन नसकी संविधानसभाको विसर्जन भयो । दण्डहीनताले प्रश्रय पाएको अवस्था छ । मानवअधिकार संरक्षणका दृष्टिबाट यी सङ्केतहरू चिन्ताजनक र दुर्भाग्यपूर्ण हुन् । राजनीतिमा अपराधिकरण र अपराधमा राजनीतिककरणको अवस्था विद्यमान रहकेको र दण्डहीनताले प्रश्रय पाइरहेको वर्तमान अवस्थामा यसको अन्त्य गरी कानुनी राजको स्थापना गरी मानवअधिकार संस्कृतिको विकासमा टेवा पुर्‍याउनु सरकार, राजनीतिक दल लगायत सरोकारवाला सबैको चासो एवम् दायित्ववोधको विषय हो । यसतर्फ सबैले बेलैमा आआफ्नो तहबाट भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

यस वार्षिक प्रतिवेदनलाई यस रूपमा ल्याउनको लागि आआफ्नो स्थानबाट आवश्यक सहयोग उपलब्ध गराउनु हुने आयोगका सहकर्मी माननीय सदस्यहरू, सचिव, क्षेत्रीय निर्देशकहरू, उपनिर्देशकहरू लगायत आयोगका केन्द्रीय, क्षेत्रीय तथा सम्पर्क कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु । प्रतिवेदन तयारीको लागि संयोजन गर्नु हुने मानव अधिकार अधिकृतद्वय कैलाशकुमार सिवाकोटी र सरिता ज्ञवाली तथा सहयोग पुर्‍याउनु हुने मानवअधिकार अधिकृतद्वय सूर्यबहादुर देउजा र लोकनाथ बास्तोलाप्रति पनि आभार व्यक्त गर्दछु । यसको साथै मानवअधिकारको संरक्षण र सम्वर्द्धनको लागि मानवअधिकार संस्कृतिको विकासमा आयोगलाई निरन्तर सहयोग गर्नुहुने नेपाल सरकार, दातृनिकाय, नागरिक समाज, सञ्चारकर्मी, मानवअधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घसंस्थाहरू, व्यावसयिक सङ्घसंस्था सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

.......................................

केदारनाथ उपाध्याय

# विषय-सूची

| **विषय** | **पृष्ठ नं.** |
| --- | --- |
| आयोगको वार्षिक कार्यविवरण : एक झलक | १ |
| प्रतिवेदन सारांश | ४ |


## परिच्छेद–१

| | |
| --- | --- |
| **संगठन** | १४ |
| १.१. पृष्ठभूमि | १४ |
| १.२. सङगठन | १५ |
| १.३. आयोगको काम, कर्तव्य र अधिकार | १५ |


## परिच्छेद–२

| | |
| --- | --- |
| **मानवअधिकारको समग्र अवस्था** | १७ |
| **२. नागरिक तथा राजनीतिक अधिकार** | १७ |
| २.१. जीवन, सुरक्षा र स्वतन्त्रतासम्बन्धी अधिकार | १७ |
| २.२. बलपूर्वक बेपत्ता/अपहरणविरुद्धको अधिकार | १९ |
| २.३. यातनाविरुद्धको अधिकार | २१ |
| २.४. आन्तरिक रूपमा विस्थापितहरूको अधिकार | २२ |
| २.५. कानुनको शासन, दण्डहीनता र सङ्क्रमणकालीन न्याय | २३ |
| **२.२. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार** | २५ |
| २.२.१. खाद्यसम्बन्धी अधिकार | २५ |
| २.२.२. शिक्षाको अधिकार | २६ |
| २.२.३. आवासको अधिकार | २७ |
| २.२.४. रोजगारीको अधिकार | २८ |
| २.२.५. उपभोक्ताको अधिकार | ३० |
| **२.३. सामूहिक अधिकार** | ३१ |
| २.३.१. बालअधिकार | ३१ |
| २.३.२. महिलाअधिकार | ३३ |
| २.३.३. आदिवासी/जनजाति तथा अल्पसङ्ख्यकको अधिकार | ३५ |
| २.३.४. जातीय भेदभावविरुद्धको अधिकार | ३६ |

२.३.५. ज्येष्ठ नागरिकहरूको अधिकार ३८
२.३.६. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार ४०
२.३.७. आप्रवासी कामदारहरूको अधिकार ४३

## परिच्छेद–३

**३.१. आयोगद्वारा सम्पादित कार्यहरू** ४६
३.१. मानवअधिकार संरक्षणसम्बन्धी कार्यहरू ४६
३.१.१. उजुरी दर्ता ४६
३.१.२. क्षेत्रगत आधारमा उजुरी ४७
३.१.३. विषयगत आधारमा उजुरी ४७
३.२. मानवअधिकार अनुगमन र अनुसन्धान ४७
३.२.१. अनुगमन ४७
३.२.२ अनुसन्धान ४८
३.२.३. उजुरी फछर्यौट र सिफारिसको अवस्था ४९

## परिच्छेद–४

**४.१. सम्वर्द्धनात्मक कार्यहरू** ५०
४.१. स्रोतकेन्द्र ५२
४.२. प्रकाशन/प्रशारण/वितरण ५२

## परिच्छेद–५

**५. विभाग तथा महाशाखा सम्बन्धित विषयगत कार्यहरू** ५३
५.१. कानुन र अन्तर्राष्ट्रिय सन्धिसम्झौता सम्बन्धी ५३
५.२. नीति तथा योजना सम्बन्धी ५४
५.३. अन्तर्राष्ट्रिय सम्बन्ध ५४
५.४. प्रशासन सम्बन्धी ५५
५.५. महिला र बालबालिका सम्बन्धी ५६
५.६. सूचना तथा सञ्चार ५७
५.७. आर्थिक प्रशासन ५७

## परिच्छेद–६

**६. आयोग र सरोकारवाला निकायहरूबीच सम्बन्ध** ५८
६.१. राष्ट्रिय स्तरमा सम्बन्ध ५८

६.१.१. आयोग र राजनीतिक दल ५८
६.१.२. आयोग र व्यवस्थापिका/संसद् ५८
६.१.३. आयोग र नेपाल सरकार ५९
६.१.४. आयोग र अन्य आयोगहरू ५९
६.१.५. आयोग र नागरिक समाज/गैरसरकारी संस्था/पेशागत सङ्घ-सङ्गठनहरू ५९
६.१.६. अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू ५९
६.१.७. आयोग र संयुक्त राष्ट्रसङ्घीय उच्चआयुक्तको कार्यालय ६०
६.१.८. आयोग र राष्ट्रिय मानवअधिकार संस्थाहरूको एसिया प्रान्त मञ्च ६०
६.१.९ आयोग र अन्य देशका आयोग ६०
६.१.१०. आयोग र अन्य अन्तर्राष्ट्रिय सङ्घसस्था ६१

## परिच्छेद–७

**७. परियोजनाहरू** ६२
७.१. राष्ट्रिय मानवअधिकार आयोग क्षमता सबलीकरण परियोजना ६२
७.२. बालअधिकार परियोजना ६३
७.३. फिन्ल्याण्ड सरकारको सहयोगमा सञ्चालित परियोजना ६३
७.४. एसिया फाउण्डेशन परियोजना ६३

## परिच्छेद–८

**८. समस्या र सुझावहरू** ६४
८.१. उपलब्धीहरू ६४
८.२. प्रमुख चुनौतीहरू ६५
८.२.१. दण्डहीनताको अवस्था ६५
८.२.२. संक्रमणकालीन परिवेश ६५
८.२.३. आयोगलाई सरकारबाट अपेक्षीत सहयोगको अभाव ६६
८.२.४. आयोगका सिफारिस कार्यान्वयन नहुनु ६६
८.२.५. जनशक्तिको व्यवस्थापन हुन नसक्नु ६७
८.२.६. नयाँ ऐनमा कमजोर प्रावधान राखिनु ६७
८.२.७. आन्तरिक समस्या कायमै रहनु ६७
८.२.८. जीर्ण भौतिक संरचना एवम् पूर्वाधारको कमी ६८
८.३. समाधानका संभावित उपायहरू ६८
८.३.१. नेपाल सरकारलाई ६८
८.३.२. एनेकपा (माओवादी) लाई ६९
८.३.३. अन्य राजनीतिक दलहरूलाई ६९
८.४. भावी कदमहरू ६९

## अनुसूचीहरू


| | |
|---|---|
| **अनुसूची–१** | ७१ |
| सङ्गठन तालिका | ७१ |
| **अनुसूची–२** | ७३ |
| क्षेत्रगत रूपमा आयोगमा परेका उजुरीहरूको मासिक विवरण | ७३ |
| **अनुसूची–३** | ७४ |
| विषयगत रूपमा परेका उजुरीहरूको विवरण | ७४ |
| **अनुसूची–४** | ७६ |
| अनुगमन विवरण | ७६ |
| **अनुसूची–५** | ८७ |
| अनुसन्धान सम्पन्न भएका उजुरीहरूको विवरण | ८७ |
| **अनुसूची–६** | ९४ |
| यस आर्थिक वर्षमा आयोगको बैठकबाट भएका सिफारिसहरू | ९४ |
| **अनुसूची–७** | १२८ |
| आयोगको एकल बैठकबाट भएका निर्णयहरूको विवरण | १२८ |
| **अनुसूची–८** | १३९ |
| दण्डहीनताको अवस्था नियन्त्रण गर्न समेत भनी आयोगका अध्यक्षबाट प्रधानमन्त्री र राजनीतिक दलहरूलाई प्रेषित पत्रहरू | १३९ |
| **अनुसूची–९** | १४६ |
| सम्वर्द्धनात्मक गतिविधिहरू | १४६ |
| **अनुसूची–१०** | १६७ |
| आयोगका प्रकाशनहरूको नामावली | १६७ |
| **अनुसूची–११** | १६९ |
| प्रेस-विज्ञप्ति/पत्रकार सम्मेलन | १६९ |
| **अनुसूची–१२** | १७१ |
| वैदेशिक कार्यक्रममा आयोगको सहभागिता | १७१ |
| **अनुसूची–१३** | १७२ |
| आयोगमा कार्यरत पदाधिकारी र कर्मचारीको नामावली | १७२ |
| **अनुसूची–१४** | १७५ |
| आर्थिक विवरण | १७५ |

# सङ्क्षिप्त रूप

| | | |
|---|---|---|
| अनेरास्ववियु | = | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन |
| आयोग | = | राष्ट्रिय मानवअधिकार आयोग |
| आईसीजे | = | इन्टरनेसनल कोर्ट अफ जुरिस्ट |
| आईसीआरसी | = | रेडक्रसको अन्तर्राष्ट्रिय समिति |
| इप्रका | = | इलाका प्रहरी कार्यालय |
| उक्षेका | = | उपक्षेत्रीय कार्यालय |
| एनेकपा - माओवादी | = | एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) |
| एमाले | = | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) |
| एपीएफ | = | एसिया प्यासिफिक फोरम अफ नेसनल ह्युमन राइट इन्स्टिच्युसन्स |
| ओएचसीएचआर | = | संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चआयुक्तको कार्यालय |
| किवजपा | = | किराँत वर्कस जनवादी पार्टी |
| केका | = | केन्द्रीय कार्यालय |
| गाविस | = | गाउँ विकास समिति |
| गैसस | = | गैरसरकारी संस्था |
| गोइत समूह | = | अखिल तराई मुक्तिमोर्चा (गोइत समूह) |
| ज्वालासिंह | = | जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) |
| जिप्रका | = | जिल्ला प्रशासन कार्यालय |
| जिप्रका | = | जिल्ला प्रहरी कार्यालय |
| जिविस | = | जिल्ला विकास समिति |
| नपा | = | नगरपालिका |
| निमावि | = | निम्नमाध्यमिक विद्यालय |
| नेका | = | नेपाली काङ्ग्रेस |
| नेविसङ्घ | = | नेपाल विद्यार्थी सङ्घ |
| प्रजिअ | = | प्रमुख जिल्ला अधिकारी |
| प्रावि | = | प्राथमिक विद्यालय |
| मावि | = | माध्यमिक विद्यालय |
| राप्रपा | = | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| वाईसीएल | = | योङ कम्युनिष्ट लिग |
| विसं | = | विक्रम संवत् |
| क्षेका | = | क्षेत्रीय कार्यालय |
| क्षेनि | = | क्षेत्रीय निर्देशक |
| त्रिविवि | = | त्रिभुवन विश्वविद्यालय |

# cfof]usf] jflif{s sfo{jj/0fM
# Ps emns

| क्र.सं. | कामको प्रकृति | सङ्ख्या | विषय |
|---|---|---|---|
| १ | **मानवअधिकार संरक्षणसम्बन्धी** | | |
| १.१ | उजुरी | २७६ | हत्या, अपहरण, बेपत्ता, यातना, विस्थापन, आर्थिक तथा सामाजिक अधिकार, विष्फोटन, कानूनी उपचार आदि |
| १.२ | अनुगमन टोलीहरू | २१२ | मानवअधिकारको अवस्था, बालअधिकार, महिला अधिकार, विस्थापन, बन्दीका अधिकार, हड्ताल बन्द, हलिया आदि |
| १.३ | उजुरउपर अनुसन्धान | ३९४ | हत्या, विष्फोटन, बेपत्ता, विस्थापन, यातना, धम्की, बन्दीका अधिकार, बालअधिकार, महिला अधिकार, अल्पसंख्यकका अधिकार आदि |
| १.४ | खारेजी/टुङ्ग्याउने/तामेली | ३७० | हत्या, विष्फोटन, बेपत्ता, विस्थापन, यातना, धम्की, बन्दीका अधिकार, बालअधिकार, महिला अधिकार, अल्पसंख्यकका अधिकार आदि |
| १.५ | सिफारिस (क्षतिपूर्ति वा मुद्दा चलाउन वा विभागीय कारवाही वा अन्तरिम राहतको लागि) | १०४ | क्षतिपूर्ति वा मुद्दा चलाउन वा विभागीय कारवाही वा अन्तरिम राहत |
| १.६ | नीतिगत सिफारिस | ३५ | विधेयक, सन्धिसम्झौता र नीतिहरू |
| १.७ | निर्णय गर्न बाँकी उजुरीहरू | ५३८० | केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूमा गरी |

| क्र.सं. | कामको प्रकृति | सङ्ख्या | विषय |
|---|---|---|---|
| **२** | **मानवअधिकारको सम्वर्द्धन र क्षमता विकाससम्बन्धी** | | |
| २.१ | वकालत, छलफल, प्रेस सम्मेलन, प्रदर्शनी, र्‍याली, खेलकुद, अभियान आदि | १९६ | बालअधिकार, महिला अधिकार, दलित अधिकार, मानव अधिकार रक्षक, शव उत्खनन्, विस्थापन, बेपत्ता आदि |
| २.२ | सहकार्यमा मानव अधिकारको सम्वर्द्धन (अन्तर्क्रिया, बैठक, स्थलगत काम) | ११३ | मानव अधिकारको अवस्था, कानुन र व्यवस्था, बन्दहड्ताल, आपूर्ति, उपभोक्ता अधिकार आदि |
| २.३ | प्रशिक्षण कार्यशाला | ५७ | मानवअधिकारमुखी विकास, संक्रमणकालीन न्याय, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको पालनासम्बन्धी सूचकहरूको उपयोग, बालअधिकार, मानवअधिकार र सञ्चार, आधारभूत मानवअधिकार, व्यवस्थापन आदि |
| २.४ | प्रशिक्षित व्यक्तिहरूको सङ्ख्या | २३२० | माथि २.३ मा लेखिएको विषयमा |
| २.५ | विशेषज्ञ सेवा (कि नोट, अतिथि वक्ता, विज्ञ प्रशिक्षक) | २५० भन्दा बढी (१४३ प्रशिक्षण सत्रहरूमा प्रशिक्षक भई सेवा उपलव्ध गराएको) | प्रवचन, कि नोट, श्रोत व्यक्ति, प्रशिक्षक |
| **३** | **प्रकाशन तथा वितरण** | | |
| ३.१ | नियमित प्रकाशन | १२+१ | आयोगको वार्षिक प्रतिवेदन, मासिक बुलेटिन तथा न्यूजलेटर |

| **क्र.सं.** | **कामको प्रकृति** | **सङ्ख्या** | **विषय** |
|---|---|---|---|
| ३.२ | प्रकाशन | ३७ | बेपत्ता, विषयगत प्रतिवेदन, बालअधिकारसम्बन्धी प्रतिवेदन |
| ३.३ | पत्रकार सम्मेलन | २ | केन्द्रीय र उपक्षेत्रीय कार्यालयह |
| ३.४ | प्रेस-विज्ञप्ति/प्रेस नोट | ३३ | क्षेत्रीय/उपक्षेत्रीय कार्यालयहरूमा सहित |
| **४** | **कानुनी तथा नीतिगत सहयोगसम्बन्धी** | | |
| ४.१ | नेपाल सरकारलाई परामर्श | ८ | |
| ४.२ | अनुगमन निर्देशिका निर्माण | २ | कारागार निरीक्षण निर्देशिका, उपभोक्ताको अधिकार अनुगमन निर्देशिका |
| ४.३ | विधेयक र नीतिहरूमा सिफारिस | ४ | ज्येष्ठ नागरिकसम्बन्धी, दण्डसंहिता, फौज्दारी कार्यविधि संहिताको विधेयक र रामाअआका कर्मचारीको सेवाशर्तसम्बधी विधेयक |
| **५.** | **जनशक्ति** | | |
| ५.१ | अध्यक्ष | १ | |
| ५.२ | सदस्य | ४ | |
| ५.३ | अधिकृत तथा कर्मचारीहरू | १६३ | |

# प्रतिवेदन सारांश

मानवअधिकारकोसंरक्षण र सम्वर्द्धनको लागि राष्ट्रिय संस्थाको रूपमा स्थापित राष्ट्रिय मानव अधिकार आयोग, मानवअधिकार आयोग ऐन २०५३ अन्तर्गत २०५७ साल जेठ १३ गते भएको हो । नेपालको अन्तरिम संविधान, २०६३ ले यस आयोगलाई संवैधानिक निकायको रूपमा मान्यता दिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३३ मा आयोगले सम्पादित कार्यहरूको विवरण संलग्न गरी वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेको छ ।

प्रतिवेदनभित्र मानवअधिकारको संरक्षण र सम्वर्द्धन सम्बन्धमा सम्पन्न कामकारबाहीहरू र भविष्यमा गर्नुपर्ने सुधारको विषयहरूलाई उल्लेख गर्ने गरिन्छ । त्यसैगरी, प्रतिवेदनमा वर्षभरि परेका उजुरी, ती उजुरीउपर गरिएको छानवीन, अनुसन्धान विवरण उल्लेख गरिन्छ । प्रतिवेदनमा आयोगले सरकारलाई गरेका सिफारिस तथा मानवअधिकार उल्लङ्घन गर्ने व्यक्तिविरुद्ध मुद्दा दायर गरेको भए सो विवरण समेत समावेश गरिन्छ । संवैधानिक निकायको हैसियतबाट राष्ट्राध्यक्षसमक्ष प्रस्तुत गरिएको यो पाँचौ वार्षिक प्रतिवेदन हो । यस प्रतिवेदनमा आव २०६८/२०६९ को मानवअधिकार अवस्थाको बारेमा विश्लेषण गरिएको छ । प्रस्तुत प्रतिवेदनलाई ८ परिच्छेद र १४ अनुसूचीमा विभाजन गरिएको छ ।

## मानवअधिकारको अवस्था

मानवअधिकारको संरक्षण, सम्वर्द्धन र परिपालनाको दृष्टिकोणबाट यो वर्ष पनि आशातित रूपमा उत्साहप्रद देखिएन । राजनीतिक अस्थिरता, सङ्क्रमणकाल लम्बिनु,संविधान निर्माण हुन नसक्नु लगायतका कारण मानवअधिकारका मुद्दाहरू स्वाभाविक रूपमा प्रभावित बन्न पुगे ।

यस अवधिमा पनि सर्वसाधारणले मानवअधिकारका अन्तर्राष्ट्रिय दस्तावेज, संविधानमा उल्लिखित आफ्ना अधिकारहरू सहज रूपमा उपभोग गर्ने अवस्था सिर्जना हुन सकेन । सबैभन्दा महत्वपूर्ण नैसर्गिक अधिकार मानिएको जीवनको अधिकारबाट कतिपय मानिसहरूले वञ्चित रहनुपर्‍यो । मर्यादित रूपमा बाँच्न पाउने व्यक्तिको अधिकार प्रभावित बन्न पुग्यो । यस आवमा जीवनको अधिकारसँग गाँसिएका हत्यासम्बन्धी २९ ओटा उजुरीहरू आयोगमा दर्ता भएका थिए । जसमा राज्यपक्षबाट १९, तत्कालीन नेकपा (माओवादी) बाट ४ र अन्य पक्षद्वारा ६ ओटा रहेका थिए । यस अवधिमा हत्यासम्बन्धी ३ वटा घटनामा आयोगले अनुगमन गरेको थियो । रौतहट, धनुषा, सर्लाही र बारा जिल्लाहरूमा राज्यको तर्फबाट २ जना, तराई जनतान्त्रिक मुक्तिमोर्चा (गोइत समूह) बाट १ जना तथा अन्य/अज्ञात समूहको तर्फबाट १० गरी १३ जनाले ज्यान गुमाएको पाइन्छ ।

आयोगले गरेको कारागार, हिराशत तथा थुनुवाकेन्द्रको अनुगमनको क्रममा कैदीबन्दीको वैयक्तिक स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको उपयुक्त रूपमा सम्मान हुन नसकेको पाइएको छ । कारागारमा कमजोर एवम् दुरावस्थामा रहेका भौतिक संरचना तथा खाद्यान्न एवम् स्वास्थ्यसम्बन्धी पर्याप्त र उचित व्यवस्था हुन नसक्दा उनीहरूको जीवन र स्वास्थ्यसम्बन्धी अधिकारको सम्मान भएको देखिएन । मुद्दामामिला हेर्ने न्यायिक र अर्द्धन्यायिक निकायबाट समयमै मुद्दामामिलामा निर्णय हुन नसक्दा सर्वसाधारणको समयमै न्याय पाउने अधिकार तथा न्यायको पहुँचजस्ता न्यायप्रशासनसम्बन्धी अधिकार अपेक्षितमात्रामा सुनिश्चित हुन सकेको देखिँदैन । यसबाट कतिपय अवस्थामा अभियुक्तले लामो समयसम्म थुनामा बस्नुपर्ने अवस्था उत्पन्न भई निजले व्यक्तिगत स्वतन्त्रतालाई यथोचित रूपमा उपयोग गर्न नसकेको अवस्था पनि पाइएको छ । यस अवधिमा आयोगले मुलुकका विभिन्न स्थानमा रहेकामध्ये २५ हिराशत ११ कारागार अनुगमन गरेको थियो । आयोगको अनुगमनबाट धेरैजसो कारागारहरूमा कारागारको क्षमताभन्दा बढी बन्दीहरू रहेको पाइयो ।

नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच २०६३ मंसिर ५ गते सम्पन्न भएको बिस्तृत शान्तिसम्झौतामा बेपत्ता पारिएका नागरिकहरूको अवस्था ६० दिनभित्र सार्वजनिक गर्ने प्रतिबद्धता दुबै पक्षबाट गरिएको थियो । हाल ६ वर्ष बितिसक्दा पनि बेपत्ता पारिएका व्यक्तिलाई सार्वजनिक गर्ने कार्य हुन सकेन । बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा आयोगले बेपत्ता एकाइ गठन गरी कार्य गर्दै आएको छ । यस अवधिमा आयोगमा यस विषयसँग सम्बन्धित जम्मा १६ उजुरीहरू परेका छन् । ती उजुरीहरू विगत द्वन्द्वकालीन अवधिमा घटेका घट्नासँग सम्बन्धित छन् । आयोगले बेपत्ता पारिएको भनिएको एउटा घटनामा अनुगमन गरेको थियो । यस अवधिमा बेपत्तासम्बन्धी ४ वटा संम्वर्द्धनात्मक गतिविधिहरू भएका थिए ।

यस प्रतिवेदन अवधिमा पनि अपहरण वा बन्धक बनाउने जस्ता घटनाहरू भएको पाइन्छ । मुलतः अपहरण कार्य आपराधिक समूह वा व्यक्तिबाट हुने गरेको देखिन्छ । सशस्त्र द्वन्द्वकालमा तत्कालीन नेकपा (माओवादी) बाट अपहरण गरी वा कब्जामा लिई अज्ञात तुल्याइएका व्यक्तिहरूको स्थिति सार्वजनिक हुन सकेको छैन । सरकार र माओवादीबीच

भएको बिस्तृत सम्झौतामा उल्लेख भएबमोजिम कब्जामा रहेका व्यक्तिहरूको जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्ने भनी उल्लेख गरिएको थियो । आयोगमा यस वर्ष आयोगमा यससम्बन्धी जम्मा १५ उजुरी परेका छन् । जसमा तत्कालीन नेकपा (माओवादी) ५, अन्य दल वा समूह २ अज्ञात समूह ८ रहेका छन् । यस अवधिमा आयोगले अवस्था अज्ञातसम्बन्धी ३ र बन्धक बनाइएका भनी २ अनुगमन गरेको देखिन्छ ।

आयोगको अनुगमनबाट अपराधको आशङ्कामा सत्यतथ्य बकाउने वा स्वीकार गराउने उद्देश्यबाट फौजदारी अपराधको अनुसन्धानको जिम्मेवारी पाएका कतिपय व्यक्तिहरूले यातना दिने गरेको पाइएको छ । यस वर्ष यातना तथा दुरव्यवहारबाट पीडित भएको भनी आयोगमा ४५ ओटा उजुरीहरू परेका थिए । ती उजुरीहरू सुरक्षाकर्मीसँग सम्बन्धित थिए । यस अवधिमा आयोगले यातना, दुरव्यवहारका सम्बन्धमा ४ पटक अनुगमन गरेको थियो । यस अवधिमा यातनाविरुद्ध १० वटा सम्वर्द्धनात्मक गतिविधिहरू भएका थिए ।

सशस्त्र द्वन्द्वको कारण विस्थापितहरूको समस्या समाधान गर्नका लागि सरकार र नेकपा (माओवादी) बीच विभिन्न सम्झौत एवम् पहल भए पनि समस्या सम्बोधन हुन सकेको छैन । द्वन्द्वबाट पीडित वास्तविक विस्थापितहरूको स्थिति पत्ता लगाई सुझाव दिन समिति गठनको लागि अदालतले दिएको आदेश पनि कार्यान्वयन हुन सकेको छैन । यस अवधिमा विस्थापितका हकअधिकारसम्बन्धी १० उजुरीहरू आयोगमा दर्ता भएका थिए । जसमा तात्कालीन नेकपा (माओवादी) विरुद्ध ५ र राज्यविरुद्ध २ र अन्यबाट ३ रहेका छन् । यस अवधिमा विस्थापितका हकअधिकारका सम्बन्धमा ३ पटक अनुगमन गरेको थियो ।

संविधानसभामार्फत संविधान प्राप्त गर्ने नेपाली जनताको चाहना २०६८ जेठ १४ गते संविधानसभाको अवसान भएपछि यस पटक पनि पूरा हुन सकेन । बिस्तृत शान्तिसम्झौताको भावनाविपरीत यस अवधिमा पनि मानवअधिकार उल्लङ्घन/ज्यादतिका घटनाका दोषीहरूलाई कारबाही नगरी हत्या, जबरजस्ती करणी, व्यक्ति बेपत्ता गर्ने जस्ता गम्भीर प्रकृतिका फौजदारी अपराधका मुद्दासमेत फिर्ता लिने कार्य पटकपटक गरियो । राजनीतिक अस्थिरता, स्वार्थ, प्रतिबद्धताको अभाव, अपराधमा राजनीतिकरण तथा राजनीतिमा अपराधिकरण, हतियारको बिगबिगी, सरकारी प्रतिवद्धताको अभाव, कानुनी अप्रयाप्तता, फौजदारी मुद्दा फिर्तासम्बन्धी निर्णय, आर्थिक, सामाजिक, सांस्कृति र धार्मिक संरचना, जनचेतनाको अभाव जस्ता कारण दण्डहीनताको अवस्था सक्रिय हुँदै गएको पाइन्छ ।

विद्यमान दण्डहीनताको अवस्थाको अन्त्यका लागि अपराधको जरोमा पुगी निदान खोज्नु आजको आवश्यकताको रूपमा देखापर्दछ । आयोगले यस विषयलाई महसुस गरी अदालतमा विचाराधीन मानवअधिकार उल्लङ्घनसम्बन्धी फौजदारी मुद्दा फिर्ता लिन नहुने लगायतका विषयमा प्रधानमन्त्री एवम् नेपाल सरकारसमक्ष पटक-पटक अनुरोध र सिफारिस गरेको थियो । त्यसका बाबजुद कतिपय त्यस्ता मुद्दाहरू फिर्ता लिन मन्त्रीपरिषदबाट निर्णय भएको विषय स्मरणीय र उल्लेखनीय छ । यस अवधिमा बिस्तृत

शान्तिसम्झौताको अवस्था सम्बन्धमा आयोगले दुई पटक अनुगमन गरेको थियो । दण्डहीनतासम्बन्धी पाँच र सङ्क्रमणकालीन न्यायसम्बन्धी ११ कार्यक्रम सम्पन्न भएका थिए ।

प्रतिवेदन अवधिमा आयोगले गरेको अनुगमन एवम् प्राप्त सूचनाको आधारमा खाद्यान्नको अधिकार आधारभूत अधिकारको रूपमा प्रत्याभूत गरिएको भएता पनि जनसङ्ख्याको ठूलो हिस्सा खाद्यान्नको अधिकारबाट वञ्चित अवस्थामा रहेको देखिएको छ । यस अवधिमा आयोगबाट खाद्यअधिकारसम्बन्धी दुई वटा सम्वर्द्धनात्मक एवं सचेतनामूलक कार्य भएका थिए । खाद्य तथा पेय पदार्थजस्ता दैनिक उपभोग्य वस्तु तथा सेवा क्षेत्रमा अत्याधिक विकृति एवम् विसङ्गति भित्रिएको अवस्था छ । सहज आपूर्ति र खाद्य सुरक्षाको अभाव, अखाद्य वस्तु मिसावट, कृत्रिम मूल्य वृद्धि, गुणस्तर र नापतौलमा कमी, वस्तु वा उत्पादन सञ्चय वा भण्डारण, ढुवानी, वस्तु सुरक्षित राख्न नसकिएको अवस्था छ । वस्तुको ओसारपसार, ग्राहकलाई पर्याप्त सूचना एवम् जानकारी र सतर्कताको लागि लेवलिङ आदिमा प्रशस्त कमिकमजोरी छन् ।

आयोगको अनुगमन एवम् प्राप्त सूचनाको आधारमा शिक्षामा लगानी निकै ठूलो भए पनि सो को अनुपातमा अहिले पनि जनसङ्ख्याको ठूलो हिस्साले शिक्षाबाट वञ्चित हुनुपरेको छ । त्यसैगरी विद्यालय जान नपाउने, गएकाले पनि बीचैमा अध्ययन छोड्नुपर्ने, बन्द, हड्तालजस्ता प्रवृत्ति गर्दा शिक्षाको अधिकारमा बाधक बन्न पुगेका छन् । विद्यालय शान्तिक्षेत्र हो भन्ने मान्यता अहिले पनि पूर्णतः स्थापित हुन सकेको छैन । यस अवधिमा आयोगका शिक्षाको अधिकारसँग सम्बन्धित तीन वटा कार्यक्रम सम्पन्न भएका थिए ।

आयोगले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत आवासको अधिकारसमेत अनुगमन गर्दै आएको छ । आयोगले बागमति नदीकिनारामा बसेकाहरूमध्ये सुकुम्वासीको वस्ती उठाएको विषयमा र मुक्त कमलरीको अधिकारको सम्बन्धमा अनुगमन गरेको थियो । अनुगमनको क्रममा हालसम्म पनि यस अधिकारलाई अधिकारको रूपमा व्यवहारतः राज्यले स्वीकार नगरेको अवस्था छ ।

रोजगारीको हक नागरिकले आफ्नो योग्यता, चाहनाअनुसारको काम प्राप्तिको साथै सम्मानपूर्ण जीवनयापन गर्न पाउने आधारभूत अधिकार हो । हाम्रो परिवेशमा योग्यता, क्षमता, सीप र इच्छाका आधारमा नागरिकको ठूलो समूह मुलुकभित्र आफ्नो जीविकोपार्जनका लागि काम गर्न पाउने र कामको अवसरबाट वञ्चित अवस्थामा छ । रोजगारीको अधिकारको प्रत्यभूति नभएको कारण हजारौं युवायुवतीहरू खाडीक्षेत्रलगायतका मुलुकहरूमा आप्रवासी कामदारको रूपमा जान बाध्य छन् । त्यसरी गएका आप्रवासी कामदारहरूको अधिकार उल्लङ्घन, दुर्व्यवहार र ज्यादतिका घटनाहरू बढिरहेको अवस्था छ । आयोगले उपभोक्ताको अधिकार संरक्षणको लागि समयसमयमा अनुगमन गर्दै आएको छ । अनुगमनको क्रममा उपभोक्ताको अधिकारलाई हेर्दा हाल स्थिति अराजक अवस्थामा रहेको देखिन्छ ।

आयोगले बालअधिकार अनुगमनको क्रममा विद्यालयमा बालबालिका भर्ना हुन नसक्ने, भइहाले पनि बीचैमा विद्यालय छोडनुपर्ने, शिक्षक एवम् पाठ्यपुस्तक समयमा उपलब्ध हुन नसक्ने एवम् अझै पनि दुर्गम जिल्लाका बालबालिकाहरू शिक्षाको अधिकारबाट

वञ्चित हुनुपरेको अवस्था पाइएको छ । यस वर्ष आयोगमा बालअधिकारसम्बन्धी १२ ओटा उजुरीहरू दायर भएका थिए । यस अवधिमा आयोगले बालअधिकारसम्बन्धी १२ पटक अनुगमन र १६ वटा प्रवर्द्धनात्मक कार्यक्रम गरेको थियो ।

महिला अधिकार पनि अपेक्षित मात्रामा संरक्षित हुन नसकेको अवस्था छ । उनीहरू राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक लगायतका अधिकारबाट पूर्णतः लाभान्वित हुन सकेका छैनन् । राज्यको सबै तहमा महिलाको प्रतिनिधित्व ३३ प्रतिशत हुनुपर्ने व्यवस्था भएपनि निर्णय तहमा महिलाको सहभागिता न्यून रहेको छ । सामाजिक कुप्रथारू, जस्तै–झुमा, देउकी, छाउपडी, कुमारीजस्ता प्रथाहरू प्रचलनमा रहेका छन् । धर्म, राजनीति वा द्वन्द्व आदिको प्रहारबाट महिला नै बढी पीडित रहेका देखिन्छन् । यस वर्ष आयोगमा महिला अधिकारसम्बन्धी १६ ओटा उजुरीहरू दायर भएका थिए । आयोगले महिला अधिकारका विषयमा पाँच पटक अनुगमान र २५ वटा प्रर्वद्धनात्मक कार्यक्रम सम्पन्न गरेको थियो ।

आयोगले अल्पसङ्ख्यकहरूको अधिकार अन्तर्गत आदिवासी तथा अल्पसङ्ख्यकको अधिकारको लागि सामूहिक अधिकार महाशाखामार्फत विभिन्न कार्यहरू गर्दै आएको छ । यस अवधिमा आयोगले तीन आदिवासी/जनजातिका अधिकारसम्बन्धी तीन वटा प्रर्वद्धनात्मक कार्यक्रम सम्पन्न गरेको थियो । अल्पसङ्ख्यकको अधिकार विषयमा -एचआइभी/एड्स पीडितसमेत) पाँच वटा कार्यक्रम भएका थिए ।

आयोगले भेदभावको विषय अन्तर्गत अन्तरजातीय विवाह, छुवाछुत र दलितहरूमाथि हिंसा तथा दुर्व्यवहार भएका जस्ता भन्ने विषयमा आयोगमा उजुरी पर्न आएका छन् । आयोगको अनुगमनको क्रममा धार्मिक अन्धविश्वास, सामाजिक कुरीति, रुढीवादी संस्कार, अशिक्षा, चेतना र कानुनी ज्ञानको अभाव लगायतका कारण अहिले पनि जातीय विभेद तथा छुवाछुतका घट्नाहरू पूर्णतः रोकिन सकेको पाइएन । त्यसैगरी समाजमा दलित-दलितबीच, गैरदलित र दलितबीच भेदभाव गर्ने क्रम रोकिएको छैन । दलित तथा पिछडिएका वर्गलाई मन्दिर प्रवेशमा रोक, विभेद, विद्यालय तथा सार्वजनिक स्थलमा छुवाछुतजन्य भेदभाव, जबरजस्ती श्रमशोषण, ज्यादतिका घट्नाहरू भइरहेका छन् । दलितउपर नाकाबन्दी, अपहेलना, सिनो नफालेको कारण किराना पसल तथा धान कुट्ने मिलमा जान प्रतिबन्ध, अन्तरजातीय विवाह गर्दा समाजबाट वहिस्कार, सार्वजनिक धारा तथा कुवाको पानी उपभोगमा अवरोध वा प्रतिबन्ध, कुटपीट जस्ता विभेद अझै विद्यमान रहेको पाइन्छ । यस वर्ष आयोगमा जातीय विभेदका घट्नामा अनुगमन गर्नुको साथै यससम्बन्धी पाँच ओटा उजुरीहरू दायर भएका थिए । जातीय विभेदविरुद्ध १५ वटा सम्वर्द्धनात्मक कार्यक्रम सम्पन्न भएका थिए ।

आयोगले अनुगमनको क्रममा जेष्ठ नागरिकको अवस्था दयनीय रहेको पाइएको छ । श्रम अभ्यासको हिसाबले वृद्धावस्था सकृय रूपमा रहन नसक्ने स्थिति हो । ज्येष्ठ नागरिकहरूको लागि प्रर्याप्त पहल हुन नसकेको, विद्यमान कानुन र नीतिगत प्रावधानहरू एवम् सरकारबाट घोषित राहतका कार्यक्रमहरू व्यवहारतः पूर्णत लागू हुन नसकेको अवस्था छ । राहत कार्यक्रम सबै ज्येष्ठ नागरिकहरूबीच पुग्न नसकेको अवस्था

छ । सामाजिक सुरक्षा सेवाअन्तर्गत ज्येष्ठ नागरिकहरूलाई गरिने भत्तावितरणमा पनि समस्या रहेको देखिन्छ । यस वर्ष आयोगमा ज्येष्ठ नागरिकहरूको अधिकारसम्बन्धी एउटा उजुरी दायर भएको थियो भने आठ वटा प्रर्वद्धनात्मक कार्यक्रम भएका थिए ।

परिवार समुदाय र राष्ट्रले अपाङ्गता भएका व्यक्तिहरूको विषयलाई अधिकारमुखी अवधारणाबाट नहेरी पुरानो मूल्यमान्यताबाट हेर्ने परिपाटीको कारण उनीहरूका समस्या प्राथमिकतामा नपरेको अवस्था छ । सामाजिक अन्धविश्वास, अशिक्षा, हेलचेक्र्याइँ आदिको कारण उनीहरूले विभिन्न आक्षेपहरू सहनुको साथै कतिपय अवस्थामा अमानवीय व्यवहार भोग्नुपरेको छ । अपाङ्गता भएका व्यक्तिहरूको कारण आफ्नो र घरपरिवारको सामाजिक प्रतिष्ठामा माथि प्रश्न उठ्छ भन्ने नकारात्मक सोच र चिन्तनको कारण परिवारकै सदस्यबाट उनीहरूलाई घरभित्रै लुकाउने, गोठ, खोरमा बाँधेर राख्ने वा वास्ता नगर्ने लगायतका अमनवीय व्यवहार वा अन्य कष्ट सहनुपरेको छ । यस वर्ष आयोगमा अपाङ्गता भएका व्यक्तिहरूको हकअधिकारसम्बन्धी दुई वटा उजुरीहरू दायर भएका थिए भने तीन वटा प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न भएका थिए ।

नेपालको अर्थतन्त्रको ठूलो हिस्सा आप्रवासी कामदारहरूले धानेका छन् । कुल गार्हस्थ उत्पादनको २० प्रतिशत हिस्सा विप्रेषणले ओगटेको अवस्था छ । वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण ग्रामीण अर्थतन्त्रको मेरुदण्ड बन्नुको साथै गरिवी निवारणमा समेत महत्वपूर्ण भूमिका खेल्दै आएको भए पनि राज्य र सरकारी तहबाट आप्रवासी कामदाररूको मानवअधिकार संरक्षण र सम्वर्द्धनको क्षेत्रमा अपेक्षित कार्य हुन नसकेको अवस्था छ । बढ्दो सङ्ख्यामा आप्रवासी कामदारहरू विदेशी मुलुकमा जाने क्रमसँगै ठगी, शोषण, परिवारको विखण्डन तथा रोजगारमा गएको देशबाट हुने यातना तथा अमानवीय व्यवहारका कारणबाट मानवअधिकार उल्लङ्घन तथा ज्यादतिबाट पीडित भैरहेका देखिन्छन् । यस अवधिमा आप्रवासीको कामदारहरूको अधिकारसम्बन्धी तीन वटा उजुरी दायर हुन आएका थिए भने एउटा प्रवर्द्धनात्मक कार्यक्रम पनि भएको थियो ।

## मानवअधिकार संरक्षण सम्बन्धी कार्यहरू

### उजुरी

आयोगले मानवअधिकार उल्लघन एवम् ज्यादति भएको भनी घटनाहरूको पीडित वा पीडितका आफन्त, वा सम्बन्धित गैरसरकारी सङ्घसंस्थाहरूबाट लिखित, फोन, इमेल, फ्याक्सलगायतका माध्यमबाट प्राप्त उजुरी लिने गर्दछ । यसको साथै आयोगले आफैंले पनि स्वविवेक (Suo motto) मा उजुरी लिन्छ । यस वर्ष आयोगका विभिन्न कार्यलयहरूमा जम्मा २७६ उजुरीहरू दर्ता हुन आएका छन् । यसरी प्राप्त उजुरीहरूमा मुख्य विषयहरूमा सुरक्षाकर्मी/हिराशतमा मृत्यु, बेपत्ता/अपहरण, यातना/दुव्यवहार गैरन्यायिक थुना, धम्की, आन्तरिक विस्थापन, सम्पत्ति कब्जा, क्षतिपूर्ति, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको हनन रहेका छन् ।

## अनुगमन

आयोगले मानवअधिकारका मुद्दा एवम् घटनाहरूमा अनुगमन गर्दै आएको छ । यस अवधिमा आयोगले जम्मा अनुगमन २१७ पटक मानवअधिकारसँग सम्बन्धित विषयहरूको अनुगमन गरेको थियो । जसमा केन्द्रीय कार्यालयबाट ४७ पटक अनुगमन भएको थियो भने क्षेत्रीय कार्यालयहरू–विराटनगर ३५, जनकपुर ३६, नेपालगञ्ज ३७, पोखरा २१ र धनगढी ११ पटक अनुगमन भएको देखिन्छ । त्यसैगरी क्षेत्रीय कार्यालयहरू खोटाङ १२, बुटवल र जुम्ला ९/९ रहेका छन् ।

## अनुसन्धान

आयोगमा परेका उजुरीहरूको आधारमा आयोगले मानव अधिकार उल्लङ्घन तथा ज्यादति भएको भनी भनिएका घटनामा केन्द्रित रही अनुसन्धान कार्य सम्पन्न गरेको छ । यस वर्ष आयोगमा प्राप्त मानवअधिकार उल्लङ्घन तथा ज्यादतिसम्बन्धी ३९४ वटा घटनाका फाइलउपर अनुसन्धान कार्य सम्पन्न भएको छ । कतिपय उजुरीहरू द्वन्द्वकालका घटनासँग सम्बन्धित छन् भने कतिपय विस्तृत शान्तिसम्झौता पछाडिका रहेका छन् ।

आयोगको अभिलेख अनुसार यस वर्ष केन्द्रीय कार्यालय १००, क्षेत्रीय कार्यालयहरू क्रमशः विराटनगर ४१ वटा उजुरी, जनकपुर ६० वटा उजुरी, पोखरा ५० वटा उजुरी नेपालगञ्ज ७१ वटा उजुरी, धनगढीले ४३ वटा उजुरी उपर अनुसन्धान गरेको देखिन्छ । यसैगरी उपक्षेत्रीय कार्यालयहरू बुटवल १९ वटा उजुरी र जुम्लाबाट १० उजुरीमाथि अनुसन्धान भएको छ । अनुसन्धानका विषयमा हत्या, बेपत्ता, अपहरण, यातना, धम्की, सम्पत्ति कब्जा, विस्थापित रहेका छन् ।

## उजुरी फछ्र्यौट र सिफारिसको अवस्था

यस अवधिमा आयोगले टुङ्ग्याउने, खारेजी र सिफारिससहितका ४७४ वटा निर्णय गरेको छ । जसमा ३२० वटा उजुरी टुङ्ग्याइएको, ४५ वटा खारेज, ५ वटालाई तामेलीमा राखिएको छ । स्वास्थको अधिकारसम्बन्धी २ वटा र आयोगमा दर्ता रहेका उजुरी सम्बन्धी १ वटा गरी जम्मा ३ वटा नीतिगत निर्णय समेत  गरी १०४ वटा निर्णय भएको छ । टुङ्ग्याइएका र खारेज गरिएका उजुरीहरूमा बेपत्ता, सुरक्षाकर्मीबाट प्रकाउ, धम्की, सम्पत्ति क्षति, दुर्व्यवहार, जातीय विभेद, महिला अधिकार रहेका छन् । त्यसैगरी वैदेशिक रोजगार, स्वतन्त्रताको अधिकार, यातना, गैरकानुनी थुना, घरेलु हिंसा लगायतका विषय रहेका छन् ।

## सम्वर्द्धनात्मक कार्यहरू

यस अवधिमा आयोगले मानवअधिकारको सम्वर्द्धनको क्षेत्रमा आयोगले आफ्ना गतिविधिहरूलाई केन्द्रित गर्दै आएको छ । यसका साथै अनुसन्धान महाशाखाले पनि मानवअधिकार अनुगमन र अनुसन्धानका क्रममा प्रवर्द्धनसम्बन्धी कार्यहरूमा जोड दिइएको छ । आयोगले आफैं र सरोकारवाला सङ्घसंस्थाहरूको सहकार्यमा प्रवर्द्धनात्मक गतिविधिहरूलाई अगाडि बढाउदै आएको छ । यस अवधिमा आयोगले ३१२ वटा कार्यक्रमहरू सम्पन्न गरेको छ । उक्त कार्यक्रमहरू मध्ये २४६ एकल र ६६ सहकार्यमा भएका छन् । सम्पन्न कार्यक्रमहरूमा ७४ अन्तर्क्रिया, ५७ तालिम/प्रशिक्षण, १८

अभिमुखिकरण, १५ दिवस, २४ कार्यशाला/गोष्ठी, ३ खेल र २ पटक रक्तदान रहेका छन् । त्यसैगरी ८ ऱ्याली/प्रभातफेरि, ३३ छलफल, ६८ बैठक र २/२ अन्तरसम्वाद, सचेतना र निवन्ध प्रतियोगिता रहेका छन् ।

यस वर्ष आयोगले मानवअधिकारसँग सम्बन्धित ३५७ प्रति पुस्तकहरू खरीद गर्नुको साथै २३८ प्रति पुस्तक र एवम् पत्रपत्रिकाहरू विभिन्न सङ्घसंस्थाहरूमार्फत उपहारस्वरूप प्राप्त गरेको थियो । आयोगले आफ्ना प्रकाशनहरू श्रोतकेन्द्रमार्फत वितरण गर्दै आएको छ । यस वर्ष आयोगले आफ्ना प्रकाशित र उत्पादित सामग्रीहरू वितरण गरेको छ । आयोगले आफ्ना गतिविधिहरू, मानवअधिकारका विषयगत मुद्दाहरूलगायतका विषयलाई समेटी प्रकाशनहरू गदै आएको छ । यस वर्ष आयोगले प्रतिवेदन अलावा विषयगत पुस्तिकाहरू प्रकाशनमा ल्यायो । आयोगले पहिलो पटक नौ विषयमा विषयगत पुस्तिका प्रकाशन गरेको थियो । यस अवधिमा प्रतिवेदन, विषयगत पुस्तिका, प्रतिज्ञापत्र आदि जम्मा ३७ वटा प्रकाशन भएका छन् ।

## आयोगका अन्य कार्यहरू

आयोगअन्तर्गत रहेका विभिन्न कार्यालय, विभाग, महाशाखा, एकाइहरूबाट आआफ्नो कार्य सम्पन्न हुँदै आएको छ । कानुन महाशाखाले यस अवधिमा संविधान र मानवअधिकार ऐनले तोकेको मानव अधिकारसँग सम्बन्धित प्रचलित कानूनको आवधिक रूपमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन तथा नियमको पुनरालोकन गरेको छ । यस सम्बन्धमा यस प्रतिवेदन अवधिमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र बालअधिकारसम्बन्धी आवधिक प्रतिवेदन सम्बन्धमा आयोगलाई दिइएको सुझाव आयोगले नेपाल सरकारलाई पठाएको थियो ।

आयोगले विश्वव्यापी आवधिक प्रतिवेदनको एक वर्ष पुगेको सन्दर्भमा प्राप्त सिफारिसहरूको कार्यान्वयसम्बन्धमा नेपाल, सरकार, मानवअधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरू, (NGO Coalition of UPR) राष्ट्रिय मानवअधिकार संस्थाहरूबीच समीक्षाको लागि राष्ट्रिय भेला सम्पन्न गऱ्यो । मानवअधिकारसँग सम्बन्धित ऐनकानुनको मस्यौदा तयारीको क्रममा सरकारलाई राय सुझाव उपलब्ध गराएको थियो ।

आयोगले रणनीतिक योजना तर्जुमा र रणनीतिक योजनामा लेखिएका लक्ष्य तथा प्रगति हासिल गर्नको लागि कार्यहरू गर्दै आएको छ । यस अवधिमा नीति तथा योजना महाशाखाले आ.व. २०६७-०६८ को वार्षिक कार्यप्रगति समीक्षा गोष्ठीको आयोजना गरेको थियो । यसको अलावा आ.व.२०६८-०६९ को वार्षिक कार्ययोजना तयारीको लागि गोष्ठीको आयोजना तथा कार्ययोजना तयारी गरेको थियो । साथै प्रथम चौमासिक र दोस्रो चौमासिक प्रगति समीक्षा गोष्ठीको आयोजना गऱ्यो ।

अन्तर्राष्ट्रिय सम्बन्ध डेस्कले संयुक्त राष्ट्र तथा एपीएफ र आईसीसीबाट पाप्त हुन आएका विभिन्न लेखापढीमा आयोगको तर्फवाट सूचना आदानप्रदानको कार्यहरू गरेको छ । समयसमयमा आयोगका अन्तर्राष्ट्रिय साझेदारी सङ्घसंस्थाहरूवाट आयोगमा प्राप्त हुन आएका विभिन्न प्रश्नावली, एसेसमेन्ट तथा पत्रहरूको यथासमयमा जवाफ तयार गर्दै

आएको छ । जसमा ओएचसिएचआर र एपीएफले विभिन्न रिजोलुशन, घोषणापत्र तथा मानव अधिकारका विविध विषयहरूमा पठाएको प्रश्नावलीहरूको जवाफ र मानव अधिकार संरक्षण तथा सर्म्वद्धनसम्बन्धी विषयहरू रहेका छन् ।

आयोगको व्यवस्थापन महाशाखाले दैनिक एवम् आयोगसँग सम्बन्धित कार्यहरू सम्पन्न गर्दै आएको छ । यसमा प्रशासनिक कार्य, कार्यालयसँग सम्बन्धित आवश्यकीय सामाग्रीहरू (फर्निचर तथा विद्युतीय उपकरण, पुस्तक खरीद आदि) को व्यवस्थापन पर्दछन् । मानवअधिकारको संरक्षण र सम्वर्द्धनसम्बन्धी कार्यहरूको लागि आवश्यक सामाग्रीहरू व्यवस्थापन, मानव संशाधन व्यवस्थापन, कार्यकमहरूको लागि बजेट व्यवस्थापन हुँदै आएको छ ।

महिला र बालबालिका बेचविखनविरुद्ध विशेष समाधीक्षकको कार्यालयले महिला र बालबालिका बेचविखनविरुद्ध कार्य गर्ने गर्दछ । यस कार्यालयले आ.व.२०६८/२०६९ मा महिला बालबालिका बेचबिखनरोकथाम तथा नियन्त्रणका लागि विभिन्न गतिविधिहरू सम्पन्न गरेको छ । सन् २००९–२०१० को मानब बेचविखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन राष्ट्रिय प्रतिवेदन तयार गरी प्रकाशन गरेको थियो । सो प्रतिवेदन ६३ औँ अन्तर्राष्ट्रिय मानब अधिकार दिवस (१० डिसेम्बर, २०११) मा आयोगद्धारा आयोजित औपचारिक कार्यक्रममा प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीबाट सार्वजनिक गरिएको थियो ।

सूचना तथा सञ्चार शाखाले समय-समयमा विषयवस्तु, त्यसको सान्दर्भिकता, गाम्भिर्यता एवम् आवश्यकताको आधारमा यस वर्ष पनि प्रेस विज्ञप्ति/प्रेस नोट जारी गर्नुको साथै पत्रकार सम्मेलन पनि गर्दै आएको छ । यस वर्ष आयोगबाट जम्मा २९ वटा प्रेस विज्ञप्ति र ४ वटा प्रेस नोट जारी भएका छन् । जसमा केन्दीय कार्यालयबाट २१ प्रेस विज्ञप्ति र ४ प्रेस नोट रहेका छन् । विराटनगर, जनकपुर र नेपालगञ्ज २/२, पोखरा १ र उपक्षेत्रीय कार्यालय जुम्लाले १ प्रेस विज्ञप्ति जारी गरेका छन् । यस अवधिमा जम्मा २ वटा पत्रकार सम्मेलन भएका छन् ।

## आयोगको सम्बन्ध

आयोगले मानवअधिकारको संरक्षण र सम्वर्द्धनको लागि विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय सरोकारवाला निकायहरूसँग समन्वय एवम् सहकार्य गर्दै आएको छ । जसमा राष्ट्रिय स्तरमा आयोग र राजनीतिक दल, आयोग र व्यवस्थापिका/संसद्, आयोग र नेपाल सरकार, आयोग र अन्य आयोगहरू, आयोग र नागरिक समाज/गैरसरकारी संस्था/पेशागत सङ्घ-सङ्गठनहरू रहेका छन् । त्यसै गरी अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूमा आयोग र संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय, आयोग र एसिया प्रान्त मञ्च, आयोग र अन्य देशका आयोग र आयोग र अन्य अन्तर्राष्ट्रिय सङ्घसस्था छन् ।

आयोगका कामकारबाहीलाई प्रभावकारी रूपमा अगाडि बढाउन विभिन्न दातृ निकायहरूले परियोजनामार्फत सहयोग गर्दै आएका छन् । परियोजनाबाट विभिन्न तालिम तथा गोष्ठी, छलफल लगायतका कार्यमा सहयोग हुँदै आएको छ । मानव

अधिकारको अनुगमन, अनुसन्धान, प्रकाशन, एवम् भौतिक साधन, उपकरण आदिमा पनि सहयोग उपलब्ध हुँदै आएको छ । परियोजनामा राष्ट्रिय मानव अधिकार आयोग क्षमता सवलीकरण परियोजना, बालअधिकार परियोजना, फिन्ल्याण्ड परियोजना, एसिया फाउण्डेशन परियोजना रहेका छन् ।

## उपलब्धि र चुनौती

मानवअधिकार उल्लङ्घन एवम् ज्यादतिसम्बन्धी उजुरी ग्रहण, ती उजुरीउपर कारबाही प्रक्रिया अगाडि बढाउने क्रममा अनुगमन र अनुसन्धान गरी तथ्यको आधारमा आयोगले सम्बन्धित निकायलाई सिफारिस गर्दै आएको छ । आयोगमा परेका उजुरीउपर पर्छ्यौट कार्यलाई थप तीब्रताका साथ अगाडि बढाएको छ । मानवअधिकार सम्वर्द्धनको लागि एकल वा सहकार्यमा विभिन्न तालिम, गोष्ठी, अन्तर्किया, छलफल लगायतका प्रर्वद्धनसम्बन्धी कार्यलाई पनि निरन्तरता दिँदै आएको छ । त्यसै गरी प्रतिवेदनमार्फत आयोगका गतिविधिहरू बाहिर ल्याउनुको साथै पहिलो पटक मानवअधिकारका नौ महत्वपूर्ण महासन्धिमा आधारित रही विषयगत पुस्तिका प्रकाशन गरेको थियो ।

राजनीतिक आवरणमा आपराधिक प्रकृतिका मुद्दा फिर्ता, दण्डहीनताविरुद्ध, आयोगका सिफारिस कार्यान्वयन, मानवअधिकार आयोग ऐन २०६९ जारी हुनुपूर्व र तत्पश्चात् पनि आयोगले निरन्तर दबाब दिनुको साथै आफ्नो धारणा सार्वजनिक गर्दै आएको छ । यी उल्लिखित आयोगद्वारा सम्पादित कार्यहरूलाई आयोगले यस अवधिमा प्राप्त गरेका उपलब्धीको रूपमा लिन सकिन्छ ।

आयोगका चुनौतीहरूमा दण्डहीनताको अवस्था, सङ्क्रमणकालीन परिवेश, आयोगलाई सरकारबाट अपेक्षित सहयोगको अभाव, सिफारिस कार्यान्वयन नगर्ने पवृत्ति कायमै रहनु रहेका छन् । त्यस्तै मानवसंसाधनको व्यवस्थापन हुन नसक्नु, नयाँ ऐनमा कमजोर प्रावधान राखिनु, आन्तरिक समस्या कायमै रहनु, जीर्ण भौतिक संरचना एवम् पूर्वाधारको कमी पनि आयोगका प्रमुख चुनौती हुन् । यी चुनौतीहरूबाट पार पाउन आयोगले नेपाल सरकार र राजनीतिक दलहरूलाई सिफारिस एवम् सुझावहरू दिँदै आएको छ ।

# परिच्छेद–१

# सङ्गठन

## १.१. पृष्ठभूमि

मानवअधिकारको आधुनिक आन्दोलनको प्रारम्भ मुलतः दोस्रो विश्वयुद्धपछाडि भएको मानिन्छ । नेपालमा लामो समयसम्म आदेशात्मक शासनव्यवस्था प्रचलनमा रहेकोले हकअधिकारका सवालहरू उपर धेरै पछि मात्र ध्यान दिन थालिएको पाइन्छ । नागरिक अधिकारको रूपमा केही मानवअधिकारहरूलाई नागरिक अधिकार ऐन २०१२ अन्तर्गत सुरक्षित गरिएको पाइन्छ । यद्यपि मानवअधिकारसम्बन्धी संयन्त्रको अभावका कारण नागरिक अधिकार हननमा मुलतः न्यायिक उपचारको व्यवस्था गरिएको देखिन्छ । स्वतन्त्र न्यायपालिकाको विषय नै प्रश्नवाचक रहेको तात्कालीन अवस्थामा न्यायिक माध्यमबाट ती अधिकारहरूको अपेक्षितमात्रामा संरक्षण र सम्वर्द्धन गर्ने उपयुक्त वातावरण थिएन ।

नेपाल अधिराज्यको संविधान, २०१५ तथा नेपालको संविधान, २०१९ मा मौलिक हकको रूपमा मानवका आधारभूत अधिकारको व्यवस्था र तिनको संरक्षणसम्बन्धी प्रावधान राखिए पनि मानवअधिकारको प्रत्यक्ष संरक्षण र सम्वर्द्धन सम्बन्धमा स्पष्ट व्यवस्थाको अभाव महसुस गरिएको हो । नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा नै मानवअधिकारको विषयलाई समावेश गरी मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्नु राज्यको उद्देश्य भएको कुरालाई आत्मसात गरियो ।

संविधानको मौलिक हकसम्बन्धी अध्यायमा विगतका संविधानमा उल्लेख भएका अधिकारको अतिरिक्त नवोदित अन्य अधिकारलाई मौलिक हकमा समावेश गरी मानवका हकअधिकारलाई बिस्तार गरियो । यसअलावा सो संविधानमा मानवका हकअधिकारको संरक्षणको सुनिश्चितता गर्न कानुनी राजको मान्यताअनुरूप स्वतन्त्र न्यायपालिकाको अवधारणालाई स्वीकार गरी हकअधिकारको संरक्षणको मुल दायित्व न्यायपालिकालाई सुम्पिइयो ।

मानवअधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा भएका विकासको क्रममा भियना घोषणापत्र, १९९३ ले संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले स्वतन्त्र र स्वायत्त मानवअधिकारसम्बन्धी राष्ट्रिय निकाय स्थापना गर्न आव्हान गरेको थियो । विक्रम संवत २०४६ सालको राजनीतिक परिवर्तनसँगै मानवअधिकारको संरक्षण र सम्वर्द्धनलाई राज्यको महत्वपूर्ण नीतिको रूपमा स्वीकार गरियो । यद्यपि मानवअधिकारसम्बन्धी राष्ट्रिय निकायको स्थापना सहज रूपमा हुन सकेन ।

मानवअधिकारसम्बन्धी राष्ट्रिय निकायको स्थापनाको माग गर्दै अधिकारकर्मी, कानुनव्यवसायी, सञ्चारजगत, नागरिक समाज, वौद्धिक समुदाय तथा पेशागत सङ्घसङ्गठनहरू अगाडि बढ्न थाले । सरकारको तर्फबाट त्यस्तो निकाय स्थापनाको लागि विधेयक तयार गरी संसद्समक्ष पेश गर्ने काम तत्कालै नभएको कारण यस विषयलाई महत्व दिने सांसदहरूको प्रयासस्वरूप प्राइवेट विधेयकको रूपमा संसद्समक्ष पेश गरियो । फलतः मानवअधिकार आयोग ऐन, २०५३ जारी गरियो ।

ऐन जारी भएको करिब चार वर्षसम्म राष्ट्रिय मानवअधिकार आयोगको गठन हुन सकेन । यसै क्रममा भएको संसदको पहल, दवावमूलक शान्तिपूर्ण आन्दोलनहरू, अन्तर्राष्ट्रिय समुदायको चासो र सर्वोच्च अदालतको आदेशपश्चात् २०५७ साल जेठ १३ गते राष्ट्रिय मानवअधिकार आयोगको स्थापना भयो । ऐनद्वारा स्थापित आयोगलाईं नेपालको अन्तरिम संविधान, २०६३ द्वारा संवैधानिक अङ्गको रूपमा स्थापित गरियो ।

संविधानको धारा १३१ देखि धारा १३३ सम्म राष्ट्रिय मानवअधिकार आयोगको गठन तथा काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गरिएको छ । यसको अलावा अन्तरिम संविधानले राजनीतिक तथा नागरिक अधिकारका अतिरिक्त केही आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई पनि मौलिक हकको रूपमा मान्यता प्रदान गरी मानवअधिकारको अवधारणालाई थप बिस्तार गरेको पाइन्छ ।

## १.२. सङ्गठन

मानवअधिकारसम्बन्धी निकायहरूको स्वतन्त्रता तथा स्वायतत्ता सम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र (बोलीबालीको भाषामा पेरिस सिद्धान्त), १९९३ अनुरूप स्थापित राष्ट्रिय मानवअधिकार आयोग स्वतन्त्र र स्वायत्त संवैधानिक निकाय हो । आयोगमा अध्यक्ष र ४ जना सदस्यहरू गरी ५ जना पदाधिकारीहरू रहने प्रावधान छ । हाल आयोगको केन्द्रीय कार्यालय र त्यसको मातहत ५ क्षेत्रीय तथा ३ उपक्षेत्रीय कार्यालयहरू कार्यरत छन् । आयोगका सबै कार्यालयहरूका लागि ३०९ जना कर्मचारीको दरबन्दी रहेको छ । आयोगको साङ्गठनिक संरचना अनुसूची १ र आयोगमा कार्यरत पदाधिकारी र कर्मचारीहरूको नामावली अनुसूची १३ मा दिइएको छ ।

## १.३. आयोगको काम, कर्तव्य र अधिकार

आयोगको प्रमुख काम मानवअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनको लागि योगदान गर्नु हो । सिद्धान्ततः मानवअधिकारको सम्वर्द्धन र संरक्षण गर्नु राज्य/सरकारको प्राथमिक दायित्व मानिन्छ । राज्यले मानवअधिकार संरक्षण र सम्वर्द्धनको दायित्व सन्तोषजनक

रूपमा निर्वाह नगरेको अवस्थामा आयोगले मानवअधिकारको संरक्षण र सम्वर्द्धनको निमित्त राज्यव्यवस्थालाई सजग र उत्तरदायी बनाउने कार्य गर्दछ। यस प्रयोजनको लागि आयोगले उजुरी लिई सो उपर छानविन गर्ने, मानवअधिकार उल्लङ्घनको दोषीउपर कारबाही तथा मुद्दा चलाउन सिफारिस गर्ने लगायतका काम गर्दछ।

आयोगले मानवअधिकारको सम्वर्द्धनको सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने, तालिम/प्रशिक्षण दिने, गोष्ठी तथा सभासम्मेलनमार्फत वकालती कार्यक्रम आयोजना गर्ने, नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने समेतका काम गर्ने गर्दछ। यसैगरी आयोगले मानवअधिकारसँग सम्बन्धित कानुन निर्माण तथा संशोधन गर्न र अन्तर्राष्ट्रिय सन्धिसम्झौताको नेपाल पक्ष बन्नुपर्ने भए कारणसहित सरकारसमक्ष सिफारिस गर्दछ। आयोगले आयोगका सिफारिस कार्यान्वयन नगर्ने पदाधिकारी वा व्यक्तिको नाम सार्वजनिक गर्न सक्नेछ ।

संविधानतः आयोगले आफूले सालभरि गरेको कार्यप्रगति विवरणसहितको वार्षिक प्रतिवेदन नेपालका राष्ट्रपतिसमक्ष पेश गर्नुपर्दछ । नेपालका राष्ट्रपतिले सो प्रतिवेदन व्यवस्थापिका-संसद्समक्ष पेश गर्न प्रधानमन्त्रीलाई पठाउनुपर्ने प्रावधान छ । आयोगको वार्षिक प्रतिवेदनमा मुलतः वर्षभरि आयोगमा परेका उजुरी, उजुरीउपर गरिएका छानबिन र अनुसन्धानको विवरण उल्लेख गर्नुपर्ने प्रावधान रहेको छ । यसका अतिरिक्त सो प्रतिवेदनमा नेपाल सरकारलाई गरिएका सिफारिस, तथा मानवअधिकार उल्लङ्घन गर्ने व्यक्तिविरुद्ध दायर गरेको मुद्दाको विवरण, मानवअधिकारको संरक्षण र सम्वर्द्धनको सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारसम्बन्धी विवरणहरू समावेश गर्नुपर्ने व्यवस्था छ ।

# परिच्छेद–२

# मानवअधिकारको समग्र अवस्था

## २. नागरिक तथा राजनीतिक अधिकार

यस परिच्छेदमा यस आर्थिक वर्षमा मुलुकको मानव अधिकारको अवस्थाको सम्बन्धमा विश्लेषण गरिएको छ । विश्लेषणको क्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको सन्दर्भलाई समेत उल्लेख गरिएको छ । आर्थिक वर्ष २०६८/२०६९ मा नागरिक तथा राजनीतिक अधिकारअन्तर्गत विभिन्न अधिकारको समग्र अवस्था देहायबमोजिम रहेको पाइन्छः

## २.१. जीवन, सुरक्षा र स्वतन्त्रतासम्बन्धी अधिकार

जीवनको अधिकार मानिसको सबैभन्दा महत्वपूर्ण नैसर्गिक अधिकार हो । मर्यादित रूपमा बाँच्न पाउनु प्रत्येक व्यक्तिको अधिकार हो । शारीरिक तथा मानसिक रक्षाको सुनिश्चितता जीवनको अधिकारको संरक्षणको सार हो । जीवनबिना कुनै पनि अधिकारको उपभोग गर्न सम्भव छैन । अतः प्रत्येक व्यक्तिलाई आफ्नो पहिचान र आत्मसम्मानका साथ बाँच्न पाउने हकलाई सुनिश्चित गर्नु आवश्यक पर्दछ ।मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ मा प्रत्येक व्यक्तिलाई जीवनको अधिकार र वैयक्तिक स्वतन्त्रता प्रत्याभूत गरिएको छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को धारा ६ ले प्रत्येक व्यक्तिलाई जीवनको अधिकार प्रदान गरेको छ । सोही धारामा अभिसन्धिका पक्षराष्ट्रहरूले कानुन बनाइ यस अधिकारको संरक्षण गर्ने र स्वेच्छाचारी ढङ्गले कसैको पनि जीवनहरण नगर्ने व्यवस्था गर्न परोक्ष रूपमा निर्देश गरेको छ । सोही अभिसन्धिको दोस्रो ऐच्छिक अभिसन्धि १९८९ को धारा १ ले मृत्युदण्ड उन्मुलनको लागि प्रोत्साहन गरी जीवनको अधिकारलाई सुनिश्चित तुल्याएको छ । यसअतिरिक्त मृत्युदण्डसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था रहेका देशहरूलाई अपवादको रूपमा मात्र मृत्युदण्डको सजाय कार्यान्वयन गर्न मानवअधिकारसम्बन्धी संयन्त्रहरूले आव्हान गरेका छन् ।

## राष्ट्रिय मानवअधिकार आयोग

नेपालमा जीवनको अधिकारलाई मानिसको जन्मसिद्ध अधिकार रूपमा स्वीकार गरिएको छ । वर्तमान संविधानमा यस अधिकारलाई मौलिक अधिकारको रूपमा मान्यता प्रदान गरिएको छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को दोस्रो ऐच्छिक अभिसन्धि १९८९ को धारा १ ले मृत्युदण्ड उन्मुलनको लागि प्रोत्साहन गरेअनुसार नेपालमा २०४७ देखि मृत्युदण्डलाई संवैधानिक रूपमा अन्त्य गरिएको छ ।

उपरोक्त बमोजिम महत्वपूर्ण कानुनी व्यवस्थाको बाबजुद समग्रमा यो वर्ष पनि व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकारको उल्लघनको अवस्थामा अपेक्षित रूपमा सुधार भएको पाइएन । जीवनको अधिकार तथा वैयक्तिक स्वतन्त्रता हनन भएको विषयमा आयोगका विभिन्न कार्यालयहरूमा यथेष्ट उजुरीहरू पर्न आएका थिए । त्यस्ता उजुरीहरूमा सुरक्षाकर्मीबाट अत्याधिक बल प्रयोग गरी ज्यान गुमाउनुपरेको, थुनाको अवस्थामा रहेका व्यक्तिको हत्या भएको विषयसमेत सम्मिलित छन् । त्यस्ता कतिपय घट्नाको सरकारी तवरबाट छानवीन गरिए पनि छानविनको प्रतिवेदन सार्वजनिक नगरिएको अवस्था देखिन्छ । कतिपय घट्नामा पीडकलाई विभागीय कारबाही गरिएको पाइन्छ ।

सशस्त्र द्वन्द्वमा घटेका घट्नासम्बन्धी मुद्दाहरू फिर्ता लिने प्रचलनले मानवअधिकारको सम्मानको अवस्थालाई उत्साहजनक बनाउन सकेन । यसै गरी आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूलाई उन्मुक्ति दिई समाजमा फिर्ता पठाउने यस प्रचलनले दण्डहीनतालाई संस्कारको रूपमा विकास हुनमा सहयोग पुऱ्याएको देखिन्छ । यसको अलावा अधिकांश घटनाहरूमा कानुनी कारबाही हुन नसकेको अवस्थाको कारण दण्डहीनताले प्रश्रय पाएको देखिन्छ ।

मुद्दामामिला हेर्ने न्यायिक र अर्द्धन्यायिक निकायबाट समयमै मुद्दामामिलामा निर्णय हुन नसक्दा सर्वसाधारणको समयमै न्याय पाउने अधिकार तथा न्यायको पहुँचजस्ता न्यायप्रशासनसम्बन्धी अधिकार अपेक्षितमात्रामा सुनिश्चित हुन सकेको देखिँदैन । यसबाट कतिपय अवस्थामा अभियुक्तले लामो समयसम्म थुनामा बस्नुपर्ने अवस्था उत्पन्न भई निजले व्यक्तिगत स्वतन्त्रतालाई यथोचित रूपमा उपयोग गर्न नसकेको अवस्था पनि पाइएको छ ।

यस आर्थिक वर्षमा जीवनको अधिकारको उल्लङ्घनका प्रतिनिधि घट्नाको रूपमा सुनसरी जिल्लाको देवानगञ्जमा प्रहरी कर्मचारीले चलाएको गोली लागी सानु यादवको निधन भएको, सिरहा जिल्लामा रामस्वरूप पासवानको ज्यान गएको, सप्तरी जिल्लामा एक पूर्व सांसद्का अंगरक्षकको हत्या भएको र चितवन कारागारभित्र एकजना कैदीको हत्या भएको घट्नालाई लिन सकिन्छ । यसैगरी ललितपुर जिल्लामा अज्ञात व्यक्तिको गोली प्रहारबाट सर्वोच्च अदालतका न्यायधीशको हत्या, झापा जिल्लामा कार्यरत प्रहरी कर्मचारीले गोली चलाउदा एक महिला र एक बालक घाइते भएको घटनालाई पनि प्रतिनिधि घट्नाको रूपमा उल्लेख गरिएको छ । यसका अतिरिक्त आयोगको अनुगमनसमेतबाट प्राप्त सूचनाअनुसार रौतहट, धनुषा, सर्लाही र बारा जिल्लाहरूमा राज्यको तर्फबाट २ जना, तराई जनतान्त्रिक मुक्तिमोर्चा (गोइत समूह) बाट १ जना तथा अन्य/अज्ञात समूहको तर्फबाट १० गरी १३ जनाले ज्यान गुमाएको पाइन्छ ।

आयोगले गरेको कारागार, हिराशत कक्ष तथा थुनुवाकेन्द्रको अनुगमनको क्रममा कैदीबन्दीको वैयक्तिक स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको उपयुक्त रूपमा सम्मान हुन नसकेको पाइएको छ। कारागारमा कमजोर एवम् दुरावस्थामा रहेका भौतिक संरचना तथा खाद्यान्न एवम् स्वास्थ्यसम्बन्धी पर्याप्त र उचित व्यवस्था हुन नसक्दा उनीहरूको जीवन र स्वास्थ्यसम्बन्धी अधिकारको सम्मान भएको देखिँदैन

यस अवधिमा आयोगले मुलुकका विभिन्न स्थानमा रहेकामध्ये २५ हिराशत कक्ष र ११ कारागार अनुगमन गरेको थियो । आयोगको अनुगमनबाट धेरैजसो कारागारहरूमा कारागारको क्षमताभन्दा बढी बन्दीहरू रहेको पाइयो । उदाहरणको लागि १०० जनाको क्षमता भएको कैलाली कारागारमा २४५ जना कैदी/बन्दी राखिएको पाइयो । कतिपय कारागारमा बन्दीले कानुनबमोजिम पाउनुपर्ने सुविधाहरू (इन्धन, टेलिफोन र अन्य आवश्यक मसलन्द) बजेटको अभावमा पाएको देखिएन । बैतडी, दार्चुला, बाजुरा, डोटी जिल्लास्थित कारागारहरूमा खानेपानीको समेत अभाव देखियो ।

यस अवधिमा जीवनको अधिकारसँग गाँसिएका हत्यासम्बन्धी २९ ओटा उजुरीहरू आयोगमा दर्ता भएका थिए । जसमा राज्यपक्षबाट १९, तत्कालीन नेकपा (माओवादी) बाट ४ र अन्य पक्षद्वारा ६ हत्या गरेको भन्ने व्यहोराका थिए । यस अवधिमा हत्यासम्बन्धी ३ वटा घटनामा आयोगले अनुगमन गरेको थियो । आयोगमा प्राप्त उजुरी एवम् आयोगले गरेको अनुगमनबाट विगतमा झैँ हत्या, अपहरण, यातना, कुटपीट, धम्की, सम्पत्ति कब्जा, लुटपाट, जबरजस्ती चन्दा, व्यक्तिगत एवम् सरकारी सम्पत्तिमा आगजनी तथा तोडफोडजस्ता सुरक्षासम्बन्धी घट्नाहरूले निरन्तरता पाएको देखिन्छ ।

आयोगले सुरक्षाकर्मी तथा तत्कालीन नेकपा (माओवादी) द्वारा हत्या र बेवारिसे बम विष्फोटनबाट मृत्यु भएको भनिएका उजुरीमाथि अनुसन्धान गरी मानव अधिकार उल्लंघनकर्तालाई कानुनबमोजिम कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्दै आएको छ ।

## २.२. बलपूर्वक बेपत्ता तथा अपहरणविरुद्धको अधिकार

मानिसलाई बलपूर्वक बेपत्ता तुल्याउने कार्य मानव अधिकारको गम्भीर उल्लङ्घन हो । जबर्जस्ती बेपत्ताविरुद्धको महासन्धिले यस कार्यलाई मानव-प्रतिष्ठाविरुद्धको अपराध र अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोमविधानले बलपूर्वक बेपत्ता पार्ने कार्यलाई मानवताविरुद्वको अपराध मानेको छ । बलपूर्वक बेपत्ता पारिएका सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २००६ ले राज्यको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नतामा व्यक्तिहरूलाई बेपत्ता पार्ने कार्यलाई बलपूर्वक बेपत्ता पार्ने कार्यको रूपमा परिभाषित गरेको छ । बलपूर्वक बेपत्ता र अपहरणबाट पीडित व्यक्तिको जीवन, स्वतन्त्रता तथा सुरक्षा लगायतका अधिकारहरूको हनन हुने गर्दछ ।

बलपूर्वक बेपत्ता पार्ने र कब्जामा लिई स्थिति अज्ञात तुल्याउने कार्यबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन हुने गर्दछ । बलपूर्वक बेपत्तासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६, मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकार विषयक अभिसन्धि, १९६६ र सन् १९४९ का चार वटै जेनेभा

महासन्धिहरूले यस कार्यलाई निषेध गरेका छन् । जेनेभा महासन्धिहरूले त आन्तरिक सशस्त्र सङ्घर्षको क्रममा युद्धरत पक्षले कसैलाई पनि बन्धक बनाउन नपाइने स्पष्ट व्यवस्था गरेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को मौलिक हकअन्तर्गत धारा १२ (२) मा कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयत्तिक स्वतन्त्रता अपहरण हुने छैन भनी उल्लेख छ । धारा २४ मा कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन भनिएको छ । सोही संविधानको धारा ३३ (थ) मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारलाई राहत उपलब्ध गराउने कुरा उल्लेख छ । यी अधिकारको उल्लङ्घनबाट नागरिकका मौलिक हकहरू–जस्तै व्यक्तिलाई जीवन, स्वतन्त्रता तथा वैयक्तिक सुरक्षाको हक, यातना, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डरुिद्धको हक, स्वेच्छाचारी गिरफ्तारी तथा थुनाविरुद्वको हक, फौजदारी न्यायसम्बन्धी हक, तथा निष्पक्ष सुनुवाइको हक आदि माथि आघात पुग्ने देखिन्छ ।

नेपाल सरकार र तात्कालीन नेकपा (माओवादी) बीच २०६३ मंसिर ५ गते सम्पन्न भएको बिस्तृत शान्तिसम्झौतामा बेपत्ता पारिएका नागरिकहरूको अवस्था ६० दिनभित्र सार्वजनिक गर्ने प्रतिबद्धता दुबै पक्षबाट गरिएको थियो । हाल ६ वर्ष बितिसक्दा पनि बेपत्ता पारिएका व्यक्तिलाई सार्वजनिक गर्ने काम हुन सकेन । सर्वोच्च अदालतको २०६४ जेठ १८ को फैसलामा प्राथमिकताका साथ बेपत्तासम्बन्धी कानुन बनाउन, कानुनबाट व्यवस्था गरी छुट्टै र प्रभावकारी जाँचबुझ आयोग गठन गर्न एवम् आयोगको प्रतिवेदनको आधारमा फौजदारी अनुसन्धान गरी आवश्यकता र उपयुक्तताअनुसार सम्बन्धित व्यक्तिको हकमा अभियोजन गर्न गराउने विषय उल्लेख भएको छ । तर हालसम्म सो आयोग  गठन हुन सकेको छैन ।

नेपाल सरकारले सशस्त्र द्वन्द्वताकाका गम्भीर मानवअधिकार उल्लङ्घनका घटनाहरूलाईं सम्बोधन गर्न विगतमा व्यवस्थापिका संसद्मा सत्यनिरुपण तथा मेलमिलाप आयोग र व्यक्ति बेपत्ता पार्ने सम्बन्धमा छानवीन आयोगसम्बन्धी विधेयक पेश गरेको थियो । विधेयकमा राखिएका प्रावधानहरूको प्रतिकूल हुने गरी प्रस्तावित आयोगहरूलाई एउटै आयोग बनाउने र गम्भीर अपराधमा समेत आममाफी दिने तयारीले मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दायित्व, पीडितको न्याय प्राप्तिको अधिकार, बिस्तुत शान्तिसम्झौता एवम् अन्तरिम संविधान  भएका प्रावधानको उल्लङ्घन हुन जाने सङ्केत देखिन्छ ।

बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा आयोगले बेपत्ता एकाइ मार्फत कार्य गर्दै आएको छ । यस अवधिमा आयोगमा यस विषयसँग सम्बन्धित जम्मा १६ उजुरीहरू परेका छन् । ती उजुरीहरू विगत द्वन्द्वकालीन अवधिमा घटेका घट्नासँग सम्बन्धित छन् ।  यस वर्ष बलपूर्वक बेपत्ता बनाइएको भनी  आयोगसमक्ष कुनै उजुरीहरू परेनन् । यद्यपि विगतमा परेका   उजुरीउपर आयोगले अनुसन्धान र उजुरीहरूमा निर्णय गरी नेपाल सरकारलाई सिफारिस गरेको थियो । बेपत्ता पीरिएको भनिएको १ घटनामा अनुगमन गरेको थियो । यस अवधिमा बेपत्तासम्बन्धी ४ वटा संम्वर्द्धनात्मक गतिविधिहरू भएका थिए ।

आयोगमा उजुरीको रूपमा रहेका बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक हुन सकेको छैन । बेपत्ता पारिएका व्यक्तिका परिबारका सदस्यहरूले राहत प्राप्त गर्न नसकेको गुनासो आइरहेको छ । पहिचान गरिएका पीडकमाथि कानुनी कारबाही नभएको अवस्था छ । लामो समयसम्म आफन्तहरूको बारेमा अनविज्ञ रहनुले उनीहरूको आफन्तबारे सत्य थाहा पाउने अधिकार हनन भएको पाइन्छ । यसको अलावा परिबारका सदस्यहरूले सांस्कृतिक र धार्मिक विधिबमोजिम कार्य गर्न पाएका छैनन् ।

व्यक्ति अपहरण गरी स्थिति अज्ञात तुल्याउनु वा बन्धक बनाउनुलाई मानवीय कानुनमाथिको गम्भीर प्रहार मानिन्छ । यस प्रतिवेदन अवधिमा पनि अपहरण वा बन्धक बनाउने जस्ता घटनाहरू भएको पाइन्छ । मुलतः अपहरण कार्य आपराधिक समूह वा व्यक्तिबाट हुने गरेको देखिन्छ । सशस्त्र द्वन्द्वकालमा तत्कालीन नेकपा (माओवादी) बाट अपहरण गरी वा कब्जामा लिई अज्ञात तुल्याइएका व्यक्तिहरूको स्थिति सार्वजनिक हुन सकेको छैन । सरकार र माओवादीबीच भएको बिस्तृत सम्झौतामा उल्लेख भएबमोजिम कब्जामा रहेका व्यक्तिहरूको जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्ने भनी उल्लेख गरिएको थियो ।

द्वन्द्वकालमा माओवादीद्वारा बलपूर्वक कब्जामा लिई अवस्था अज्ञात पारिएको भनी आयोगमा उजुरी परेकोमा उनीहरूको अवस्था अझै अज्ञात छ । आयोगमा यस वर्ष यससम्बन्धी जम्मा १५ वटा उजुरी परेका थिए । जसको आरोपितमा तत्कालीन नेकपा ( माओवादी) ५, अन्य दल वा समूह २, अज्ञात समूह ८ रहेका छन् । यस अवधिमा आयोगले अवस्था अज्ञातसम्बन्धी ३ र बन्धक बनाइएका भनी २ अनुगमन सम्पन्न गऱ्यो ।

## २.३. यातनाविरुद्धको अधिकार

यातना मानव मर्यादा र गरिमाविरुद्धको अमानवीय अपराधजन्य कार्य हो । यातनालाई मानवअधिकारको गम्भीर उल्लङ्घनको रूपमा लिइन्छ । यातनाविरुद्धको महासन्धि, १९८४ ले यातनालाई पूर्णतः निषेध गरेको छ । यसको अलावा मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि, १९६६ ले पनि यातना, निर्दयी, अमानवीय वा अपमानजनक व्यवहार गर्न निषेध गरेको छ । सिद्धान्ततः यातनाविरुद्धको अधिकारलाई अहरणीय (Non-derogable) अथवा कुनै पनि अवस्थामा हनन वा उल्लङ्घन गर्न नसकिने अधिकारको रूपमा लिने गरिन्छ । व्यक्तिको आधारभूत अधिकारलाई सुरक्षित राख्न, राज्यलाई स्वेच्छाचारी हुन नदिन र राज्य वा यसका निकायहरूबाट थुनामा रहेको अवस्थामा यातना नदिने, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगर्ने विषयको कानुनी एवम् संवैधानिक प्रत्याभूतिलाई आवश्यक महसुस गर्ने गरिन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २६ ले अनुसन्धान, तहकीकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना नदिइने र निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भन्ने व्यवस्था गरी यातनाविरुद्धको हकलाई सुनिश्चित गरेको छ । सर्वोच्च अदालतले यातनालाई फौजदारी अपराधको दायरामा ल्याई कानुन बनाउन निर्देशन

गरेको छ । यद्यपि यातना दिने वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्ने कार्य नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०६९ व्यवस्थापिका/संसद्बाट पारित हुन सकेको छैन ।

आयोगले यातनाविरुद्धको अधिकारको विषयमा सो सम्बन्धी एकाइ मार्फत काम गर्दै आएको छ । आयोगको अनुगमनबाट अपराधको आशङ्कामा सत्यतथ्य बकाउने वा स्वीकार गराउने उद्देश्यबाट फौजदारी अपराधको अनुसन्धानको जिम्मेवारी पाएका कतिपय व्यक्तिहरूले यातना दिने गरेको पाइएको छ । यस वर्ष यातना तथा दुरव्यवहारबाट पीडित भएको भनी आयोगमा ४५ ओटा उजुरीहरू परेका थिए । ती उजुरीहरू सुरक्षाकर्मीसँग सम्बन्धित थिए । यस अवधिमा आयोगले यातना, दुरव्यवहारका सम्बन्धमा ४ पटक अनुगमन गरेको थियो । यस अवधिमा यातनाविरुद्ध १० वटा सम्वर्द्धनात्मक गतिविधिहरू भएका थिए ।

## २.४. आन्तरिक रूपमा विस्थापितहरूको अधिकार

मुलुकभित्र आफूले चाहेको स्थानमा बसोबास गर्न पाउने अधिकार सबैमा निहित रहन्छ । डरत्रासको वातावरण सिर्जना गरी कसैलाई पनि विस्थापित गर्नु कानुनसम्मत हुँदैन । आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूको हकअधिकारको संरक्षण गर्नु राज्यको दायित्व हुन्छ । नेपालको सन्दर्भमा विकास निर्माण, प्राकृतिक प्रकोप र सशस्त्र द्वन्द्वबाट धेरै मानिसहरूको विस्थापन भएको पाइन्छ ।

संयुक्त राष्ट्रसङ्घीय आन्तरिक विस्थापनसम्बन्धी निर्देशक सिद्धान्त, १९९८ को नेपाल पक्षराष्ट्र नभए पनि सो सिद्धान्तहरू अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुन अनुकूल भएका कारण तिनको पालना गर्नु आवश्यक हुन्छ । यसको साथै मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ लगायतका अन्तराष्ट्रिय कानुनी दस्तावेजहरूमा पनि परोक्ष रूपमा विस्थापितहरूका अधिकारलाई सम्बोधन गरिएको पाइन्छ ।

व्यक्ति विस्थापन हुने अवस्था उत्पन्न भएको खण्डमा राज्यले वैकल्पिक उपायबाट उनीहरूको संरक्षण गर्नुपर्ने हुन्छ । उनीहरूको सुरक्षाको अलावा आवास, स्वास्थ, पोषणयुक्तखाना, सरसफाइ, शिक्षालगायतका विषयलाई सम्बोधन गर्नुपर्ने हुन्छ । परिवारका सदस्यहरूलाई अलग हुनबाट संरक्षण प्रदान गर्नुको साथै विस्थापनका कारण र प्रक्रियाहरूका विषयमा जानकारी, पर्याप्त क्षतिपुर्ति साथै आवश्यक पुनःस्थापनाका लागि पर्याप्त उपाय अवलम्बन गर्नुपर्दछ । आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई बलजफ्ती बेपत्ता, अपहरण, गैरकानुनी थुना, धम्की, हत्या र स्वेच्छाचारी मृत्यु तथा बलात्कार, अङ्गभङ्ग, यातना, क्रुर, दासता, बेचबिखन, यौनशोषण, बालश्रमजस्ता अमानवीय अथवा अमर्यादित क्रियाकलापबाट संरक्षण गर्नुपर्दछ । घाइते, अपाङ्ग तथा अङ्गभङ्ग र अशक्त अवस्थाका विस्थापितहरूलाई अविलम्ब चिकित्सकीय सेवा उपलब्ध गराउनुपर्ने हुन्छ ।

विस्थापित व्यक्तिहरूलाई कानुनी संरक्षण प्रदान, उनीहरूको सम्पत्तिको संरक्षण, धर्म वा विश्वास, विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार प्राप्त हुनु पर्दछ । यस्तै उनीहरूको रोजगारीको अवसर र स्वतन्त्र तवरमा सङ्गठित हुन पाउने तथा सामुदायिक गतिविधिमा सङ्लग्न हुन पाउने अधिकार र मतदानको अधिकारलाई बिना भेदभाव उपभोग गर्न दिईनु पर्दछ । विस्थापित बालबालिकाको शिक्षा, पुनरागमन, पुनर्वास एवम् पुनर्मिलनको अधिकारको दायित्व राज्यले निर्वाह गर्नुपर्दछ ।

सशस्त्र द्वन्द्वको कारण विस्थापितहरूको समस्या समाधान गर्नका लागि सरकार र नेकपा (माओवादी) बीच विभिन्न सम्झौत एवम् पहल भए पनि समस्या सम्बोधन हुन सकेको छैन । द्वन्द्वबाट पीडित वास्तविक विस्थापितहरूको स्थिति पत्ता लगाई सुझाव दिन समिति गठनको लागि अदालतले दिएको आदेश पनि कार्यान्वयन हुन सकेको छैन

आयोगको अनुगमनबाट २०६९ बैशाख महिनामा सेती नदीमा आएको बाढीले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएको देखिन्छ । राज्यको तर्फबाट बाढीपीडितहरूको राहतको व्यवस्था र हराएका व्यक्तिहरूको पहिचानको लागि प्रर्याप्त कार्य भएको देखिएन ।

यस अवधिमा विस्थापितका हकअधिकारका सम्बन्धी १० उजुरीहरू आयोगमा दर्ता भएका थिए । जसमा तात्कालीन नेकपा (माओवादी) विरुद्ध ५, राज्यविरुद्ध २ र अन्य ३ रहेका छन् । यस अवधिमा विस्थापितका हकअधिकारका सम्बन्धमा आयोगले ३ पटक अनुगमन गरेको थियो ।

## २.५. कानुनको शासन, दण्डहीनता र सङ्क्रमणकालीन न्याय

सामान्यत कानुनसम्मत तरिकाले शासनव्यवस्था सञ्चालन गर्नुलाई कानुनको शासन भन्ने गरिन्छ । कानुनको शासनले कानुनको सर्वोच्चतालाई प्रधानता दिने हुँदा कुनै पनि व्यक्ति, संस्था वा सरकार कानुनभन्दा माथि हुन सक्दैन । कानुनी शासनको स्थापनाबाट राज्यमा शान्तिसुरक्षा र अमनचयन कायम भई न्यायको अनुभूति हुने मानिन्छ । दण्डहीनता कानुनी शासनको विपरीत अवस्था हो । सामान्यतया दण्डहीनताको अवस्थामा कानुनविपरीत कामहरू हुने गर्दछन् । मानवअधिकार एवम् मानवीय कानुनको गम्भीर उल्लडघन तथा अपराधमा संलग्न व्यक्तिलाई कानुनी दायरामा नल्याउनु, अनुसन्धान नगर्नु, अभियोजन नगर्नु र न्याय दिन नसक्नु वा न्याय दिन प्रत्यक्ष वा परोक्ष रूपमा इन्कार गर्नु दण्डहीनताको अवस्थाका केही सूचकहरू हुन् ।

जनताका अधिकार हनन हुन नदिनु, दोषी ठहर भएकालाई दण्डसजाय र पीडितलाई न्याय दिलाउनु राज्यको प्रमुख कर्तव्य हो । दण्डहीनताले पीडितको न्यायप्राप्तिको अधिकारलाई हनन गर्ने वातावरण सिर्जना गर्दछ । त्यसैले द्वन्द्वकालमा भएका मानवअधिकार उल्लघंनसम्बन्धी घटनाका पीडितहरूलाई उपयुक्त किसिमबाट न्याय प्रदान गर्न आवश्यक छ । पीडितलाई अबिलम्ब न्याय प्रदान गर्ने, दण्डहीनतालाई निरुत्साहित गर्ने तथा कानुनी राजको सम्वर्द्धन गर्ने भनी बिस्तृत शान्तिसम्झौतामार्फत प्रण गरियो तर हालसम्म पीडितहरूले सो को अनुभूति गर्न सकेको अवस्था छैन ।

संविधानसभामार्फत संविधान प्राप्त गर्ने नेपाली जनताको चाहना २०६८ जेठ १४ गते संविधानसभाको अवसान भएपछि पूरा हुन सकेन । समयमै संविधान निर्माण हुन सकेको भए कानुनको शासनलाई सो संविधानमार्फत स्थायी रूपमा प्रत्याभूत गर्न सकिने अवस्था सिर्जना हुन जाने थियो । यसको अलावा सो संविधानले मानवअधिकारको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा नयाँ आयाम थप्ने अपेक्षा गरिएको थियो । हालैका दिनहरूमा विकसित संवैधानिक र राजनीतिक जटिलताले कानुनी राज र मानवअधिकारको अवस्थालाई अनिश्चित तुल्याएको छ ।

बिस्तृत शान्तिसम्झौताको भावनाविपरीत यस अवधिमा पनि मानवअधिकार उल्लङ्घन/ज्यादतिका घटनाका दोषीहरूलाई कारबाही नगरी हत्या, जबरजस्ती करणी, व्यक्ति बेपत्ता गर्ने जस्ता गम्भीर प्रकृतिका फौजदारी अपराध सम्बन्धी अदालतमा विचाराधीन मुद्दा फिर्ता लिने कार्य गरियो । राजनीतिक अस्थिरता र प्रतिबद्धताको अभाव, अपराधमा राजनीतिकरण तथा राजनीतिमा अपराधिकरण, हतियारको बिगबिगी, सरकारी प्रतिवद्धताको अभाव, कानुनी अपर्याप्तता, आर्थिक, सामाजिक, सांस्कृति र धार्मिक संरचना, जनचेतनाको अभाव जस्ता कारण दण्डहीनताको अवस्था सक्रिय हुँदै गएको पाइन्छ । अतः दण्डहीनताको अन्त्यका लागि अपराधको जरोमा पुगी निदान खोज्नु आजको आवश्यकताको रूपमा देखापर्दछ ।

आयोगले यस विषयलाई महसुस गरी अदालतमा विचाराधीन मानवअधिकार उल्लघंनसम्बन्धी फौजदारी मुद्दा फिर्ता लिन नहुने लगायतका विषयमा प्रधानमन्त्री एवम् नेपाल सरकारसमक्ष पटक-पटक अनुरोध र सिफारिस गरेको थियो । त्यसका बाबजुद कतिपय त्यस्ता मुद्दाहरू फिर्ता लिन मन्त्रीपरिषदबाट निर्णय भएको विषय स्मरणीय र दुखदायी छ ।

सामान्यतया द्वन्द्वको समयमा भएका मानवअधिकारको उल्लघंनवापत उपचार प्रदान गर्ने प्रयोजनको लागि सङ्क्रमणकालीन न्यायको व्यवस्था गरिन्छ । यसको अलावा सत्यको खोजबिन गरी उल्लङ्घनकर्ताहरूलाई जवाफदेही बनाउन, पीडितलाइ क्षतिपूर्ति उपलब्ध गराउन र मेलमिलापको बाटो खोज्न सङ्क्रमणकालीन न्यायिक संयन्त्रलाई प्रयोगमा ल्याउने गरिन्छ । सत्यको खोजी, पीडकमाथि अभियोजन, पीडितलाई परिपुरण र भविष्यमा पुनः यस्ता घटनाहरू पुनरावृति नहुने सुनिश्चितता कायम गर्ने उद्देश्यबाट सङ्क्रमणकालीन न्यायको प्रबन्ध गरिएको हुन्छ । किनकि पीडितको मर्मलाई सम्बोधन नगरी दीर्घकालीन शान्तिको सम्भावना कठिन हुन जान्छ । बिस्तृत शान्तिसम्झौतामा द्वन्द्वकालमा भएका मानवअधिकारको उल्लघंनबाट पीडित वा तिनका परिबारलाई उपचार प्रदान गर्ने प्रयोजनको लागि सो सम्झौता भएको ६० दिनभित्र बेपत्ता छानविन आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोग गठन गर्ने प्रतिवद्धता व्यक्त गरी सङ्क्रमणकालीन न्यायको अवधारणालाई स्वीकार गरियो । तर हाल ६ वर्ष पुगिसक्दा पनि त्यो हुन सकेन ।

यस अवधिमा बिस्तृत शान्तिसम्झौताको अवस्था सम्बन्धमा आयोगले २ पटक अनुगमन गरेको थियो । दण्डहीनता सम्बन्धी ५ र सङ्क्रमणकालीन न्यायसम्बन्धी ११ कार्यक्रम सम्पन्न भएका थिए । दण्डहीनताको अवस्था नियन्त्रण गर्न समेत भनी आयोगका अध्यक्षबाट प्रधानमन्त्री तथा राजनीतिक दलहरूलाई प्रेषित पत्रहरू अनुसूची ८ मा राखिएको छ ।

## २.२. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### २.२.१. खाद्यसम्बन्धी अधिकार

व्यक्तिले उसको आवश्यकताअनुसार उचित, पोषणयुक्त र स्वच्छ खाना पाउने अधिकार खाद्यसम्बन्धी अधिकार हो । खाद्यान्नको अधिकारका आधारभूत तत्वका रूपमा व्यक्तिको आवश्यकताको आधारमा प्रयाप्त खाद्यान्न, पोषणयुक्त खाद्यान्न, त्यसको उपलब्धता, उपभोग गर्न योग्य साथै सुलभ र पहुँचयोग्य हुनुपर्दछ । एकातिर खाद्यान्न व्यक्तिको जीवनको अधिकारसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुनाले जीवनको अधिकारसँगै गाँसेर हेर्ने गरेको पनि पाइन्छ । अर्कोतिर यसलाई सैद्धान्तिक तवरमा अलग आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकारको रूपमा लिइन्छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २५ ले प्रत्येक व्यक्तिलाई आफू र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्नको अधिकार हुने व्यवस्था गरेको छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ११ ले भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको आधारभूत अधिकारलाई स्वीकार गर्दै प्रत्येक व्यक्तिको पर्याप्त भोजनको व्यवस्थाको लागि पक्ष राष्ट्रहरूले खाद्यान्नको उत्पादन, सञ्चय तथा वितरणमा सुधार गर्ने, आपुर्तिको समन्यायिक वितरण सुनिश्चित गर्ने दायित्व राज्यलाई सुम्पिएको छ । महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धिको धारा १२ ले महिलालाई गर्भवती, प्रसुति र प्रसुति पश्चातको अवधिमा पर्याप्त पोषणको सुविधा उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ । बालअधिकारसम्बन्धी महासन्धिको धारा २६ र २७ (३) ले पक्ष राष्ट्रहरूले बालबालिकाको पालनपोषणको लागि समुचित ध्यान दिनु पर्ने र पोषण सम्बन्धी सहयोग उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ मा सर्वप्रथम खाद्य सम्प्रभुताको व्यवस्था गरिएको छ । धारा १८ अन्तर्गत रहेको सो प्रावधानमा रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक अन्तर्गत उपधारा (३) मा प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम खाद्य सम्प्रभुत्ताको हक हुने व्यवस्था गरेको छ तर हालसम्म सो सम्बन्धी कानुन बन्न सकेको छैन ।

यस प्रतिवेदन अवधिमा आयोगले गरेको अनुगमन एवम् प्राप्त सूचनाको आधारमा खाद्यान्नको अधिकार आधारभूत अधिकारको रूपमा प्रत्याभूत गरिएको भएता पनि जनसङ्ख्याको ठूलो हिस्सा खाद्यान्नको अधिकारबाट वञ्चित अवस्थामा रहेको पाइएको छ । त्यसै गरी उपभोक्ताहरू उपभोग्य वस्तुहरूमा हुने गरेको मिसावट र त्यसबाट स्वास्थ्यमा पर्न सक्ने तत्कालीन र दीर्घकालीन असरले उनीहरूको स्वास्थ्यसम्बन्धी अधिकार तथा जीवनको अधिकारमाथि गम्भीर प्रहार हुन पुगेको अवस्था छ । आयोगले अनुगमनको क्रममा विशेषतः चाडपर्वताका दाल, चामल, तरकारी, फलपूल, तेल दूध, पानी, मिठाइ, मासु, ग्याँस, औषधीजस्ता दैनिक उपभोग्य वस्तुहरूमा मिसावट हुने गरेको छ । नापतौलमा कमी हुने गरेको, उपभोग्य वस्तुहरूको खरीद तथा विक्री मूल्य पारदर्शी नहुने, आपूर्ति व्यवस्था व्यवस्थित हुन नसकेको तथा प्रभावकारी अनुगमन र नियमन हुन नसक्दा आमनागरिकको खाद्य अधिकार प्रभावित अवस्थामा छ ।

खाद्य सम्बन्धी अधिकार व्यक्तिको आधारभूत एवम् मानवीय मर्यादासँग गाँसिएको अधिकार हो । यस अधिकारको संरक्षणविना व्यक्तिको जीवन नै जोखिममा पर्न जाने हुनाले उसका बाँकी राजनीतिक, नागरिक, आर्थिक, सामाजिक एवम् अन्य अधिकार पनि प्रभावित हुन्छन् । अतः यसको प्रभावकारी नियमन गर्ने समेतको व्यवस्था गर्ने दायित्व राज्यले निर्वाह गर्नुपर्दछ । यस अवधिमा आयोगबाट खाद्यअधिकारसम्बन्धी २ वटा सम्वर्द्धनात्मक कार्य भएका थिए ।

## २.२.२. शिक्षाको अधिकार

प्रत्येक व्यक्तिले ज्ञान प्राप्त गर्न पाउनु उसको आधारभूत एवम् मौलिक अधिकार हो । शिक्षाबाट उसमा ज्ञान, सीप, वुद्धि र विवेक अभिवृद्धि गराई व्यक्तित्व विकासमा सहयोग पुग्दछ । नागरिकलाई दिने शिक्षा आदि सम्बन्धित देशको परिवेशमा निर्भर हुने गर्दछ । प्रायः प्रजातान्त्रिक मुलुकका संविधानमा मौलिक हकअन्तर्गत आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क रूपमा व्यवस्था गर्ने गरेको पाइन्छ । शिक्षाको लागि साधनस्रोत उपलब्धि, शिक्षामा विनाभेदभाव पहुँच, शिक्षाको विषयवस्तु समाज सापेक्ष वा स्वीकार्य हुनुपर्दछ । त्यस्तै शिक्षा समाजमा आएको परिवर्तनलाई आत्मसात् गर्न सक्ने वा अनुकुल प्रकृतिको हुनुपर्दछ ।

शिक्षा प्राप्त गर्नु भनेको केवल साक्षर हुनु, प्रमाण पत्र हासिल गर्नु मात्र नभई सहज जीवनयापन, राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको प्रतिस्पर्धा गर्न सक्षम, नवीन ज्ञान, सीप र प्रविधिको विकासमा सहयोगी हुनु पनि हो । समग्र राष्ट्रिय विकासमा योगदानको लागि योग्य, सक्षम, दक्ष, प्रतिस्पर्धी, अनुशासित, व्यवसायीक, एवं मुलुकको हितप्रति समर्पित जनशक्ति तयार गर्न सक्ने शिक्षा प्रणाली नै वर्तमानको राष्ट्रिय आवश्यकता हो ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २६ ले प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार हुने व्यवस्था छ । जसमा कम्तिमा प्राथमिक तहसम्मको शिक्षा निःशुल्क उपलब्धता, प्रारम्भिक शिक्षा अनिवार्य, प्राविधिक तथा व्यवसायिक शिक्षामा सबैको पहुँचयोग्य हुनुपर्ने साथै बालबालिकालाई शिक्षाको छनौट गर्ने पूर्ण अधिकार हुने उल्लेख छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १३ मा मानवीय व्यक्तित्व तथा प्रतिष्ठाको विकासतर्फ शिक्षा निर्देशित हुने र शिक्षाले मानव अधिकार तथा मौलिक स्वतन्त्रताप्रतिको सम्मान सुदृढ गर्ने कुरामा पक्ष राष्ट्र सहमत हुँदै प्रत्येक पक्ष राष्ट्रले प्राथमिक शिक्षा अनिवार्य र सबैलाई निःशुल्क उपलब्ध हुनुपर्ने उल्लेख छ । जसमा माध्यमिक शिक्षामा पहुँच बिस्तार गरिने, क्षमताका आधारमा उच्च शिक्षालाई पहुँचयोग्य बनाउने कुरामा जोड दिएको छ ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको धारा १० र १४ ले जातजाति, वर्ण, लिङ्ग, राष्ट्रिय वा सामाजिक उत्पत्तिको भेदभाव बिना महिलालाई शिक्षा र तालीमको अवसर प्रदान गर्नुपर्ने उल्लेख छ । बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा २८ र २९ मा बालबालिकालाई शिक्षामा भेदभाव गर्न नहुने, प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क हुनु पर्ने र शिक्षामा पहुँच बिस्तारमा जोड दिएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७ मा शिक्षा तथा संस्कृतिसम्बन्धी हकको व्यवस्थामा प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम माध्यमिक

तहसम्म निःशुल्क शिक्षा पाउने हक हुने कुरा उल्लेख छ । यसैगरी प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने साथै नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्धन गर्ने हक हुनेछ भनी व्ययवस्था गरेको पाइन्छ ।

आयोगको अनुगमन एवम् प्राप्त सूचनाको आधारमा शिक्षामा लगानी निकै ठूलो भए पनि सो को अनुपातमा अहिले पनि जनसङ्ख्याको ठूलो हिस्साले शिक्षाबाट वञ्चित हुनुपरेको छ । त्यसैगरी विद्यालय जान नपाउने, गएकाले पनि बीचैमा अध्ययन छोड्नुपर्ने, बन्द, हड्तालजस्ता प्रवृत्ति शिक्षाको अधिकारमा बाधक बन्न पुगेका छन् । विद्यालय शान्तिक्षेत्र हो भन्ने मान्यता अहिले पनि पूर्णतः स्थापित हुन सकेको छैन । प्राप्त शिक्षा पनि जुनमात्रामा सहज, राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको प्रतिस्पर्धा गर्न सक्षम, नवीन ज्ञान, सीप र प्रविधिको विकासमा सहयोगी बन्नुपर्ने हो, सो अवस्था छैन । सहस्राब्दी विकस लक्ष्यअनुरूप सबैका लागि शिक्षामा पहुँच वृद्धि गर्न सन् २०१५को लक्ष्य राखिएको भएपनि सो लक्ष्य हासिल हुने सम्भावना कम देखिएको छ ।

शैक्षिक बेरोजगारको चित्रणले पनि यसको पुष्टि गर्दछ । सरकारी विद्यालयमा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क भनिए पनि निजी विद्यालय अविभावक र विद्यार्थीहरूको आकर्षण बन्न पुगेको छ । अतः शिक्षालाई क्रमशः पूर्णरूपमा निःशुल्क बनाउँदै लैजानुको साथै बहिष्करणमा परेका वर्ग, क्षेत्र, समुदायलाई आवश्यकताअनुसार विद्यालय पोशाक लगायतका अन्य पक्षमा पनि ध्यान दिनु आवश्यक छ । यसको साथै उच्च शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक र गुणस्तरीय बनाउनु आवश्यक छ । यस अवधिमा आयोगबाट शिक्षाको अधिकारसँग सम्बन्धित ३ वटा कार्यक्रम सम्पन्न भएका थिए ।

### २.२.३. आवासको अधिकार

आवासको अधिकारलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत मानव जीवन निर्वाहको आधारभूत अधिकारको रूपमा लिइन्छ । बस्ने बासको अभावमा गास, कपास, स्वास्थ्य, शिक्षा लगायतका अधिकार पनि सुरक्षित रहन सक्दैनन् । आवासको अधिकार मानिसको लागि सम्मानपूर्वक जीवनयापका लागि अत्यावश्यक पूर्वाधार पनि हो । आवासअन्तर्गतको अधिकारमा पूर्वाधारको उपलब्धता, पहुँचयोग्य, बसोबासयोग्य, उपयुक्त स्थान, सांस्कृतिक रूपमा उपयुक्त एवम् संरक्षण आवश्यक मानिन्छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २५(१) ले आवासको अधिकारको सम्बन्धमा उल्लेख गरेको छ । जसमा प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, लत्ताकपडा, आवास, औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवा लगायत जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार हुने भनिएको छ । त्यसै गरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा १२ (१) ले कुनै राष्ट्रको क्षेत्रभित्र कानूनी रूपमा रहेको प्रत्येक व्यक्तिलाई सो क्षेत्रभित्र आफ्नो आवास रोज्न पाउने स्वतन्त्रताको अधिकारसम्बन्धमा व्यवस्था गरेको छ ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा ११(१) ले आवासको अधिकार प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदम चाल्ने प्रावधान छ । त्यसै गरी सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा ५ (ङ) (३), महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको धारा १२ (२) (ज) र बालअधिकारसम्बन्धी महासन्धिको धारा २७ (३) मा पनि आवाससम्बन्धी प्रावधान राखिएको छ ।

नेपालको अन्तरिम संविधानको धारा ३५(१) ले राज्यका नीतिअन्तर्गत देशको सन्तुलित विकासका लागि आर्थिक लगानीको न्यायोचित वितरण गरी सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, यातायात, आवास र रोजगारीजस्ता आधारभूत कुराहरूको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने नीति अवलम्बन गर्ने व्यवस्था गरिएको पाइन्छ । संवैधानिक व्यवस्थाअनुसार नागरिकलाई नेपालभर आवतजावत र बसोबास गर्ने स्वतन्त्रतासम्बन्धी उल्लेख गरे पनि मौलिक हकको रूपमा हालसम्म आवासको हक प्रत्याभूत गरिएको पाइदैन ।

यस प्रतिवदेन अवधिमा आयोगले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत आवासको अधिकारसमेत अनुगमन गर्दै आएको छ । आयोगले बागमति नदीकिनारामा बसेकाहरूमध्ये सुकुम्वासीको वस्ती उठाएको विषयमा र मुक्त कमलरीको अधिकारको सम्बन्धमा अनुगमन गरेको थियो । अनुगमनको क्रममा हालसम्म पनि यस अधिकारलाई अधिकारको रूपमा व्यवहारतः राज्यले स्वीकार नगरेको अवस्था छ । नागरिकहरू आवासविहिन अवस्थामा बाँच्न बाध्य छन् । निर्माण भएका आवास पनि मापदण्डबमोजिम छैनन । आवासको अधिकारले कुनै भौतिक संरचना वा वस्तुको उपलब्धताको रूपमा मात्र नभई सम्मानपूर्वक बाँच्नका लागि आवश्यक शान्त, स्वस्थ, सुरक्षित र पूर्वाधारयुक्त आवास हुनुपर्ने मान्यता बोकेको पाइन्छ । जसबाट कानुनतः नागरिकलाई बसोबासको सुरक्षा प्रदान र आवास स्वयंमा स्वस्थकर, सहज, सुलभ र पहुँचयोग्य, पूर्वाधारयुक्त व्यवस्थालाई पनि सुनिश्चित गर्दछ ।

## २.२.४. रोजगारीको अधिकार

प्रत्येक व्यक्तिले सम्मानपूर्वक बाँच्नको लागि काम गर्न पाउने अधिकार रोजगारीको अधिकार हो । यसमा राज्य वा राज्यअन्तर्गत संगठित क्षेत्रका रोजगारदाता र रोजगारी पाउने व्यक्तिबीच सम्झौता भएको हुन्छ । यसको पछाडि प्रत्येक नागरिकले काम गर्न पाउने र सो अवस्था नरहेमा जीवयापनको लागि राज्यबाट सामाजिक सुरक्षाको प्रबन्ध गरिने गरिएको हुन्छ । यस अधिकारबाट वञ्चित रहनुपर्ने अवस्था सिर्जना भएको अवस्थामा रोजगारीमाथि नागरिकको पहुँच स्थापित नहुनुको साथै, बेरोजगार बस्नु पर्ने र रोजगारीका वातावरण निर्माण नहुँदासम्मका लागि जीवनयापनका लागि राज्यमाथि दायित्व थपिन जाने अवस्था रहन पुग्छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २३ मा प्रत्येक व्यक्तिलाई कामको, रोजगारी स्वतन्त्र छनौटको, कामका उपयुक्त र अनुकूल अवस्थाको र बेरोजगारी विरुद्ध संरक्षणको अधिकार सुनिश्चित गरिएको छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा २२ ले प्रत्येक व्यक्तिलाई आफ्नो हितको संरक्षणका लागि

ट्रेड युनियनहरू खोल्ने र त्यसमा सम्मिलित हुने अधिकार छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ६ देखि ९ सम्म कामको छनौट गर्ने अधिकार, उत्पादनमूलक रोजगारीको अवसर लगायतका अधिकारलाई सुनिश्चित गरेको छ ।

महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको धारा ११ मा पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा रोजगारीको छनौटको निमित्त समान मापदण्डको प्रयोग, रोजगारीका समान अवसरका अधिकार, रोजगारीको स्वतन्त्र रूपले छनौट गर्ने अधिकार बारेमा व्यवस्था गरेको छ । बालअधिकारसम्बन्धी महासन्धिको धारा ३२ को उपधारा (२) को खण्ड (क) र (ख) मा पक्ष राष्ट्रहरूले बालबालिकाहरूको रोजगारीमा प्रवेश गर्न न्यूनत्तम उमेर वा उमेरको हद, रोजगारीको समय र अवस्थाहरू सम्बन्धी उपयुक्त नियमहरूको व्यवस्था छ । सबै किसिमको जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा ५ अनुसार जातीय भेदभावविना पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको समानताको अधिकार प्रत्याभुत गर्नुपर्छ । सोही धाराको खण्ड (ङ) (१) मा प्रत्येक व्यक्तिलाई काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने, कामको उचित र अनुकूल अवस्था प्राप्त गर्ने, बेरोजगारी विरुद्ध संरक्षण पाउने, समान कामका लागि समान पारिश्रमिक पाउने अधिकारको सम्बन्धमा उल्लेख छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ (२) (च) ले प्रत्येक नागरिकलाई पेशा, रोजगारको स्वतन्त्रताको व्यवस्था गरेको छ । धारा १८ ले रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हकको व्यवस्था गर्दै प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम रोजगारीको हक हुने, महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरिएको छ । धारा ३० ले श्रम सम्बन्धी हक अन्तर्गत प्रत्येक कामदार र कर्मचारीलाई उचित श्रम अभ्यासको हक हुने, आ-आफ्नो हित रक्षाका लागि कामदार र कर्मचारीलाई ट्रेड युनियन खोल्ने, संगठित हुने र सामुहिक सौदावाजी गर्ने हक हुने व्यवस्था गरिएको छ ।

रोजगारीको हक नागरिकले आफ्नो योग्यता, चाहनाअनुसारको काम प्राप्तिको साथै सम्मानपूर्ण जीवनयापन गर्न पाउने आधारभूत अधिकार हो । हाम्रो परिवेशमा योग्यता, क्षमता, सीप र इच्छाका आधारमा नागरिकको ठूलो समूह मुलुकभित्र आफ्नो जीविकोपार्जनका लागि काम गर्न पाउने र कामको अवसरबाट वञ्चित अवस्थामा छ । कार्यरत कामदारहरू पनि अधिकारबाट वञ्चित हुन पुगेका छन् । फलतः वैदेशिक रोजगारीमा जाने नेपालीको सङ्ख्यामा दिनानुदिन वृद्धि भइरहेको अवस्था छ । जुन व्यवस्थित हुन सकेको छैन । अतः राज्यले जात जाति, क्षेत्र, वर्ण, लिङ्ग, वैचारिक आस्था, सामाजिक उत्पत्ति समेतका आधारमा कुनै पनि नागरिकमाथि भेदभाव नगरी समान रूपमा रोजगारीका अवसरमा पहुँचको सुनिश्चितता गर्नुपर्ने अवस्था छ ।

रोजगारीको अधिकारको प्रत्यभूति नभएको कारण हज्जारौं युवायुवतीहरू खाडीक्षेत्रलगायतका मुलुकहरूमा आप्रवासी कामदारको रूपमा जान बाध्य छन् । त्यसरी गएका आप्रवासी कामदारहरूको अधिकार उल्लङ्घन, दुर्व्यवहार र ज्यादतिका घटनाहरू

बढिरहेको अवस्था छ । यसको साथै विदेशी जेलहरूमा उनीहरूले यातना र दुर्व्यवहार खप्दै आएका छन् । राज्यबाट स्वदेशमा रोजगारी सिर्जना गर्न नसक्दा र विदेशमा जोखिममा रहेका कामदारहरूको हकअधिकारको उचित संरक्षणसमेत हुन नसकेको अवस्था छ । यस अवधिमा आयोगले रोजगारीको अधिकारसम्बन्धी २ वटा कार्यक्रम गरेको थियो ।

## २.२.५. उपभोक्ताको अधिकार

जीवन यापनका लागि वस्तु वा सेवा खरीद वा प्रयोगकर्तालाई उपभोक्ता भनिन्छ । प्रत्येक व्यक्तिले वस्तु वा सेवा उपभोग वा प्रयोग गर्नुपर्ने हुँदा प्रत्येक व्यक्ति उपभोक्ता मानिन्छन् । संयुक्त राष्ट्रसङ्घबाट पारित संयुक्त राष्ट्रसङ्घले उपभोक्ताको हित संरक्षण मार्गनिर्देशन १९८५ ले उपभोक्तालाई सुरक्षाको अधिकार, सुचित हुने अधिकार, छनौटको अधिकार, सुनुवाइको अधिकार, उपभोक्ता शिक्षाको अधिकार, क्षतिपूर्तिको अधिकार, आधारभूत आवश्यकतामा पहुँचको अधिकार, स्वच्छ तथा स्वस्थ्य वातावरणको अधिकार प्रदान गरेको पाइन्छ । उपभोक्ता संरक्षण ऐन २०५४ ले पनि यी अधिकारलाई संरक्षित गरेको छ ।

मानव अधिकार विश्वव्यापी घोषणापत्रको धारा २५ को (१) अनुसार प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार प्राप्त छन् । सो घोषणापत्रमा बेरोजगारी, विरामी, अशक्तता, विधवा, बुढेसकाल वा आफ्नो काबु बाहिरका परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार रहनेछ भनिएको छ । त्यस्तैं आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा ११(१) मा प्रत्येक व्यक्तिको पर्याप्त आर्जने, लुगा तथा आवास समेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको अधिकारको बारेमा उल्लेख छ

हरेक उपभोक्ताले अत्यावश्यक तथा गुणस्तरीय वस्तु वा सेवा प्राप्तिको अधिकार, जीउज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानीनोक्सानी पुऱ्याउने वस्तु वा सेवाको बिक्रीवितरणबाट सुरक्षित रहन पाउने अधिकारहरू आधारभूत मानव अधिकारसँग सम्बन्धित छन् ।

आयोगले उपभोक्ताको अधिकार संरक्षणको लागि समयसमयमा अनुगमन गर्दै आएको छ । अनुगमनको क्रममा हाल स्थिति अराजक अवस्थामा रहेको देखिन्छ । खाद्य तथा पेय पदार्थ जस्ता दैनिक उपभोग्य वस्तु तथा सेवा क्षेत्रमा अत्याधिक विकृति एवम् विसंगति भित्रिएको अवस्था छ । सहज आपूर्ति र खाद्य सुरक्षाको अभाव, अखाद्य वस्तु मिसावट, कृत्रिम मूल्य वृद्धि, गुणस्तर र नापतौलमा कमी, वस्तु वा उत्पादन संचय वा भण्डारण, ढुवानी, वस्तु सुरक्षित राख्न नसकिएको अवस्था छ । वस्तुको ओसारपसार, ग्राहकलाई पर्याप्त सूचना एवम् जानकारी र सतर्कताको लागि लेवलिङ आदिमा प्रशस्त कमिकमजोरी छन् । ग्राहकलाई दिग्भ्रमित पार्ने र गलत सूचना र प्रलोभनमा पार्ने विज्ञापन प्रचारप्रसार आदि मुख्य समस्याको रूपमा देखापरेका छन् ।

मौसमी सरकारी अनुगमन, कालाबजारीमाथि कारबाही नभइरहेको र भए पनि अनुभूति हुन नसकेको अवस्था विद्यमान छ । एकातिर बजार स्वच्छ र प्रतिस्पर्धात्मक हुन नसकेको स्थिति छ भने अर्कोतिर अनुगमन र नियमनको जिम्मेवारी बोकेर बसेका सरकारी निकाय पनि सकृय र पारदर्शी देखिँदैनन् । यसअलाला श्रोत र साधन एवम् समन्वयको अभाव, उच्च दक्षजनशक्ति, प्रविधि परीक्षण प्रयोगशालाको कमी र प्रभावकारी तथा अद्यावधिक नियम कानुनको अभाव पनि यसको लागि कारकतत्वको रूपमा रहेका छन् । अतः यी पक्षमा सरकार एवम् सरोकारवालाहरूबाट आआफ्नो भूमिका निर्वाह गर्नुपर्ने अवस्था छ । यस अवधिमा आयोगले उपभोक्ताको अधिकारसमेतलाई ध्यानमा राखी स्वास्थ्यसम्बन्धी ६ वटा र उपभोक्ता अधिकारमा २ वटा र सम्वर्द्धनात्मक कार्यक्रम ३ पटक अनुगमन गरेको थियो ।

## २.३. सामूहिक अधिकार

आयोगले सामूहिक अधिकारअन्तर्गत रहेका विभिन्न अधिकारहरूलाई सम्बोधन गर्ने पहलस्वरूप सामूहिक अधिकार महाशाखाको स्थापना गरेको छ । यस महाशाखाले बालअधिकार, महिला अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकार, ज्येष्ठ नागरिकहरूको मानवअधिकार, अल्पसंख्यक तथा आदिवासीहरूको अधिकार, मानसिक स्वास्थ, विकास तथा वातावरणजस्ता सवालहरूमा कार्य गर्दै आएको छ । यस अधिकारअन्तर्गत आयोगद्वारा सम्पन्न गरिएका कार्यहरूको सम्बन्धमा सङ्क्षेपमा तल उल्लेख गरिएको छ ।

### २.३.१. बालअधिकार

अन्तर्राष्ट्रिय रूपमा १८ वर्षमुनिका व्यक्तिहरूलाई बालबालिकाको रूपमा मान्यता दिइएको छ । बालअधिकारसम्बन्धी महासन्धिलगायतका प्रावधान हेर्दा बालबालिकाका अधिकारलाई बाल बचाउको अधिकार, बाल विकासको अधिकार, बाल संरक्षणको अधिकार र बाल सहभागिताको अधिकारको रूपमा वर्गीकरण गर्न सकिन्छ । जसभित्र उनीहरूको नामाकरण, पोषणयुक्त खाना, लत्ताकपडा, स्वास्थ्य, शिक्षा प्राप्तिको अधिकार पर्दछन् । त्यसै गरी दुर्व्यवहार तथा शोषणबाट मुक्त, मनोरञ्जन एवम् क्षमता विकास पनि बालअधिकारभित्रै पर्दछन् । अतः यी अधिकारहरू बलबालिकाको व्यक्तित्व विकासका लागि आवश्यक आधारभूत अधिकार मानिन्छन् ।

बालबालिकाको अधिकारका सम्बन्धमा सन् १९२४ मा भएको जेनेभा घोषणापत्र, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, बालबालिकाको अधिकारसम्बन्धी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि १९६६ समेतमा व्यवस्था गरिएको छ । यस अभिसन्धिको धारा २३ मा परिवारको संरक्षणसम्बन्धी अधिकार र सम्बन्ध विच्छेद भएको खण्डमा बालबालिकाको संरक्षण राज्यबाट हुने र धारा २४ ले जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा जन्मको आधारमा नाबालक भएको कारणले भेदभाव नगरिने, प्रत्येक बालकलाई जन्मेपछि तत्कालै दर्ता गर्ने र निजको नाम राखिने एवं बालबालिकालाई राष्ट्रियता प्राप्त गर्ने अधिकार हुने व्यवस्था छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा १० मा बालबालिका जन्मनु अघि र पछिको उचित

अवधिभर आमालाई विशेष संरक्षण गर्नु पर्ने, सो संरक्षण अन्तर्गत तलबी बिदा र पर्याप्त सामाजिक सुरक्षाको अधिकार, आर्थिक र सामाजिक शोषणबाट बालबालिका र युवाहरूको संरक्षण र सहायताका विशेष उपायहरू अपनाउनु पर्ने उल्लेख छ ।

संयुक्त राष्ट्रसङ्घले २० नोभेम्बर १९८९ मा बालअधिकारसम्बन्धी महासन्धि पारित गरी बालबालिकालाई भेदभाव गर्न नहुने, राज्यले बालबालिकाको उच्चतम् हितलाई ध्यान दिनुपर्ने, बालबालिकाको बाँच्न पाउने जन्मसिद्ध अधिकार र दीर्घ जीवन एवं विकासप्रति राज्यको दायित्व हुने जन्मेदेखि नामाकरण र राष्ट्रियताको अधिकार हुने, पारिवारिक विछोडको अवस्थामा राज्यले पुनर्मिलनको व्यवस्था गर्नु पर्ने लगायतका व्यवस्था गरेको छ । त्यस्तै बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेखमा बालबालिकाको बेचबिखन, यौन शोषण, बाल देहव्यापारलाई कानून बनाई नियन्त्रण गर्नुपर्ने व्यवस्था गरेको छ ।

नेपालको संविधानमा पहिलो पटक बालअधिकारलाई मौलिक अधिकारको रूपमा स्थापित गरिएको छ । अन्तरिम संविधान २०६३ को धारा २२ ले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुने, पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुने, शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक हुने, असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका र सडक बालबालिकालाई राज्यबाट विशेष सुविधा पाउने हक हुने, बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ ।

आयोगले बालअधिकार अनुगमनको क्रममा विद्यालयमा बालबालिका भर्ना हुन नसक्ने, भइहाले पनि बीचैमा विद्यालय छोडनुपर्ने, शिक्षक एवम् पाठ्यपुस्तक समयमा उपलब्ध हुन नसक्ने एवम् अझै पनि दुर्गम जिल्लाका बालबालिकाहरू शिक्षाको अधिकारबाट वञ्चित हुनुपरेको अवस्था पाएको छ । त्यसैगरी अल्पसङ्ख्यक बालबालिकाहरूमा अझै पनि बाल शिक्षा चेतना आउन सकेको देखिदैन । बालबालिकाहरू सामान्य खाद्यान्नको अधिकारबाट समेत वञ्चित भइरहेका छन् । पहाडी क्षेत्रमा बालभरिया, सहरी क्षेत्रमा बालश्रमिक र सडक बालबालिका, कम्लरी र घरेलु बालश्रम, बालविवाह, भेदभाव, छाउपडी, राजनीतिक कार्यक्रममा बालबालिकाको प्रयोग, फिरौतीका लागि अपहरण, हत्यालगायतका प्रवृत्तिहरू प्रचलनमा रहेको देखिन्छ ।

सरकारी तथा गैरसरकारी तहबाट बालसंरक्षण एवम् विकासको लागि खोलिएका केन्द्रहरूको उचित अनुगमन हुन सकेको छैन । बालसुधार गृहको अभाव हुनुको साथै भएका बालसुधारगृहहरूमा पनि व्यापक रूपमा अनियमितता भएको साथै यौन-दुर्व्यवहारका घटनाहरू बाहिर आइरहेका छन् । सशस्त्र द्वन्द्वको कारण पीडित बालबालिकाको पुनःस्थापना तथा उचित संरक्षण हुन नसकेको स्थिति छ । आयोगले सरकारलाई गरेका सिफारिसहरूको कार्यान्वयन नहुनु, भएका कार्यान्वयनहरूमा पनि क्षतिपूर्तिमात्र उपलब्ध गराइएको अवस्था छ । बालमनोविज्ञानलाई नबुझी निजी विद्यालयहरूको आवश्यकताभन्दा बढी पठनपाठन गराउने तथा अत्याधिक पुस्तकहरूको बोझ बोकाउने अवस्था विद्यमान छ ।

नेपाल सरकारले हालसम्म बालबालिकाको अधिकार संरक्षण नीति लागू नहुनको साथै अल्पसङ्ख्यक बालबालिकाको शिक्षा तथा सर्वाङ्गीर्ण विकासको लागि नेपाल सरकारबाट ठोस पहल हुन सकेको छैन । शहरी क्षेत्रमा खुला व्यापार, सार्वजनिक यातायातका साधन, होटल तथा रेष्टुरेन्टमा काम गर्ने बालबालिकाहरूको सङ्ख्या उल्लेखनीय रहेको छ । प्रायः कलकारखाना, उद्योग तथा व्यवसायमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा बालबालिका बालश्रमिकको रूपमा कार्यरत छन् । बालबालिका राष्ट्रका कर्णधार भएकाले मुलुकको भविष्य उनीहरूको गुण र क्षमतामा निर्भर गर्दछ ।

आयोगको अनुगमनको क्रममा मुस्ताङ जिल्लाका केही स्थानमा धर्म सस्कृतिको जगेर्ना गर्ने नाउँमा वालवालिकाहरूलाई जबजस्ती उनीहरूको इच्छा र चाहना विपरीत सरकारी विद्यालयवाट निकाली गुम्वामा अध्ययनको लागी पठाउने गरेको पाइएको छ । यस वर्ष आयोगमा बालअधिकारसम्बन्धी १२ ओटा उजुरीहरू दायर भएका थिए । यस अवधिमा आयोगले बालअधिकारसम्बन्धी १२ पटक अनुगमन र १६ वटा प्रवर्द्धनात्मक कार्यक्रम गरेको थियो ।

### २.३.२. महिलाअधिकार

महिला अधिकारअन्तर्गत महिलाहरूलाई निषेध, बहिष्कृत र विभेद नगर्ने एवम् महिलाहरूको समग्र विकासंग सम्बन्धित अधिकार सम्मिलित हुन्छन् । त्यसमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक लगायतका सबै अधिकारहरू पर्दछन् । यस्का अतिरिक्त निर्वाचनमा उमेदवार बन्ने, मतदान गर्ने, सार्वजनिक पद प्राप्त गर्ने अधिकार रहेका हुन्छ । त्यस्तै शारीरमाथि स्वामित्व, सम्पत्ति, शिक्षा, स्वास्थ्य, रोजगारको अधिकार, समान कामका लागि समान पारिश्रमिकको अधिकार, एवम् जैविक रूपले प्राप्त अधिकार समेत पर्दछन् ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ ले सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र र समान छन् भनेको छ । सोही घोषणापत्रको धारा २ मा उक्त घोषणामा उल्लिखित अधिकार बिना लैङ्गिक विभेद सबैलाई समान रूपमा प्राप्त हुने कुरामा जोड दिएको छ । महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धिको धारा २ ले महिलालाई पुरुषसरह राजनीतिक अधिकार प्रदान गर्दै मतदान गर्न पाउने, निर्वाचित हुन पाउने, सार्वजनिक पद धारण गर्न पाउने लगायतका अधिकारको सुनिश्चितता गरेको छ । नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा २ र ३ ले अभिसन्धिमा उल्लिखित अधिकार बिना लैङ्गिक विभेद सम्मान र सुनिश्चित गर्न राज्यपक्षलाई निर्देश गरेका छन् ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने अन्तर्राष्ट्रिय महासन्धिले लैङ्गिक विभेद अन्त्य गर्न राष्ट्रिय कानूनमा महिला अधिकारको संरक्षण गर्न, राष्ट्रिय कानूनमा रहेका विभेदकारी व्यवस्थाहरू खारेज गर्न, महिला अधिकारको संरक्षण र सम्वर्द्धनका लागि नयाँ कानूनहरूको निर्माण गर्न तथा महिला अधिकारको प्रभावकारी संरक्षणका लागि राष्ट्रिय संयन्त्रको निर्माण गर्न समेत राज्य पक्षको दायित्व निर्धारण गरेको छ ।

**राष्ट्रिय मानवअधिकार आयोग**

नेपालको अन्तरिम संविधानको धारा २० मा महिलाको हकअन्तर्गत महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने, महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हक हुने, महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने, पैत्रिक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने सम्बन्धमा उल्लेख गरिएको छ । त्यस्तै धारा २१ मा सामाजिक न्यायको हकमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक प्रदान गरेको छ ।

केही सार्वजनिक (अपराध र सजाय) ऐन , २०२७, गाली बेइज्जति ऐन, २०१६, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, मुलुकी ऐन कुटपिटको महल, अपराध संहिता तथा फौजदारी कार्यविधि संहिता मस्यौदा तथा प्रतिवेदन २०५८, घरेलु हिंसा (कसूर, सजाय) ऐन २०६६, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली २०६५ मा समेत कुनै न कुनै रूपमा महिला मानवअधिकारसम्बन्धी प्रावधानको व्यवस्था छ । महिला अधिकारसम्बन्धी प्रावधानको कार्यान्वयनको लागि सरकारी संयन्त्रको साथमा राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग लगायत संयन्त्रको स्थापना गरिएको छ ।

अनुगमनको क्रममा महिलाहरूको ठूलो हिस्साको जीवनस्तर अपेक्षितमात्रामा माथि उठ्न नसकेको पाइएको छ । महिलाहरू राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक लगायतका अधिकारबाट लाभाविन्त हुन सकेका छैनन् । राज्यको सबै तहमा महिलाको प्रतिनिधित्व ३३ प्रतिशत हुनुपर्ने व्यवस्था भएपनि निर्णय तहमा महिलाको सहभागिता न्यून रहेको छ । राजनैतिक र नीतिनिर्माण तहमा महिलाको पहुँच कम हुनु, केवल मतदाताको रूपमा सीमित रहनु, विविध कारणबाट उम्मेदवारी हुनबाट वञ्चित हुनु, राजनैतिक दलहरूले महिला अधिकारलाई नारामा मात्र सीमित गर्नु लगायतका कारण उनीहरूको अवस्था अपेक्षित मात्रामा सुध्रन सकेको छैन । आर्थिक रूपमा महिला केही मात्रामा समुन्नत भए पनि पुरुषमाथिको निर्भरता कायमै छ ।

महिलाहरूले धेरै योगदान गर्ने घरायसी कामलाई कामको रूपमा हेरिएको छैन । सम्पत्तिको अधिकारमा असमानता, पितृसत्तात्मक समाज, छोराले स्वर्ग तार्दछ भन्ने पुरातन मान्यता अझै पनि रहिआएको छ । सामाजिक कुप्रथारू, जस्तै–झुमा, देउकी, छाउपडी प्रचलनमा रहेका छन् । धर्म, राजनीति वा द्वन्द्व आदिको प्रहारबाट महिला नै बढी पीडित रहेका देखिन्छन् । पितृसत्तात्मक मूल्यमान्यता एवम् व्यवहारतः विभेद, दमन, शोषण, अन्याय, अत्याचार र बहिष्करण आदिको कारण नेपाली महिलाको अवस्था राष्ट्रिय जीवनका सबै क्षेत्रमा पुरुषको सरह हुन सकेको छैन । दाइजो, बालविवाह, मन्जुरीबिना विवाह, बोक्सीको आरोप जस्ता कार्यले नेपाली समाजमा महिलाहरू विभेदको शिकार भैरहेका छन् । विकासको चकसँगसँगै महिलामाथि हुने विभेद, हिंसाको प्रकार र रूप पनि फरक हुँदै गइरहेको छ ।

आधुनिक प्रविधिलाई दुरुपयोग गरी महिलामाथि हिंसा गर्ने प्रचलन पनि रहिआएको छ । भिडियो एक्सरेमार्फत भ्रूणको पहिचान गरी छोरी भएमा गर्भपतन गर्ने परिपाटीलाई यस रूपमा लिन सकिन्छ । त्यसैगरी बढ्दो बेरोजगारी र श्रमको उचित कदर नहुँदा

मानिसहरू देशबाहिर रोजगारको खोजीमा जाने क्रम बढ्दो छ र यसरी विदेशिनेहरूमा महिलाहरू अत्यन्त जोखिममा छन् । उनीहरूलाई यौनशोषण तथा देहव्यापारको लागि जबरजस्ती प्रयोग गरिने क्रम बिकसित हुँदै गएको छ, जसको प्रत्यक्ष, परोक्ष चपेटामा नेपाली महिलाहरू परिरहेका छन् । स्वास्थ्य र खासगरी प्रजनन स्वास्थ्यको दृष्टिले महिलाहरू अत्यन्त नाजुक अवस्थामा रहेका छन् । अतः सबै क्षेत्रमा महिला, पुरुष र तेस्रो लिङ्गीबीचको सबै प्रकारका लैङ्गिक विभेद, अन्याय, शोषण, बहिष्करण अन्त्य गरी महिलाहरूको स्थितिमा सुधार ल्याउनु आवश्यक छ ।

यस वर्ष आयोगमा महिला अधिकारसम्बन्धी १६ ओटा उजुरीहरू दायर भएका थिए । यस अवधिमा आयोगले महिला अधिकारमा ५ पटक अनुगमन र २५ वटा प्रर्वद्धनात्मक कार्यक्रम सम्पन्न गरेको थियो ।

### २.३.३. आदिवासी/जनजाति तथा अल्पसङ्ख्यकको अधिकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन-२०५८ ले "आदिवासी/जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदायलाई सम्झनुपर्दछ ।" भनी उल्लेख गरेको छ । नेपाल बहुजाति, बहुभाषी, बहुधार्मिक, एवम् बहुसांस्कृतिक मुलुक हुनाले आपसी पहिचान र विविधताप्रति सम्मानको अवधारणा क्रमशः विकसित हुँदै गएको अवस्था छ । आदिवासीसम्बन्धी आइएलओ महासन्धि १६९ लाई नेपालले २००७ को सेप्टेम्बरमा अनुमोदन गरेको थियो । यसमा भूमि अधिकार, प्राकृतिक साधनस्रोतमा पहुँच, शिक्षा, स्वास्थ्य, रोजगारीका लगायतका विषयलाई समेटेको छ ।

महासन्धिमा निर्णय प्रक्रियामा सहभागिताको अधिकारलाई जोड दिनुका साथै आदिवासीका अधिकार संरक्षण, सम्वर्द्धन गर्ने लगायतका विषय उल्लेख गरिएको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमाथिको अधिकार, उनीहरूलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने विकास योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कन प्रक्रियामा सहभागी हुने अधिकार पनि उनीहरूलाई हुन्छ । यस अलावा मानवअधिकारको विश्वव्यापी घोषणापत्र, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार लगायतका महासन्धिहरूमा पनि उनीहरूका अधिकारलाई परोक्ष रूपमा स्वीकार गरिएको छ ।

नेपालको अन्तरिम संविधान-२०६३ ले आदिवासी/जनजातिको अधिकारका सन्दर्भमा परोक्ष रूपमा उल्लेख गरेको छ । शिक्षा तथा संस्कृति सम्बन्धी हकअन्तर्गत प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृ भाषामा आधारभूत शिक्षा र आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धनको हक हुने व्यवस्था गरेको छ । मौलिक हकसम्बन्धी भागको धारा २१ मा सामाजिक न्यायको हकअन्तर्गत आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समु दाय, उत्पीडित वर्ग, गरीब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ भनी उल्लेख छ । राज्यको दीयत्व अन्तर्गत धारा ३३ को घ १ र शिक्षा, स्वास्थ्य, आवास, खाद्यसम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक

तथा सामाजिक रूपले पिछडिएका आदिवासी जनजातिको उत्थान गर्ने नीतिका साथै सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति उल्लेख गरिएको छ ।

नेपालको अन्तरिम संविधानको धारा ३५ (१०) अनुसार शिक्षा, स्वास्थ्य, आवास, खाद्यसम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी जनजाति, मधेशी, दलित लगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनीका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ । त्यसै गरी धारा ३५ अनुसार राज्यले महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम लगायत अल्पसंख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्वपीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने गर्दछ ।

विक्रम सम्वत् २०५८ सालमा स्वायत्त सरकारी निकायको रूपमा स्थापित आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले आदिवासी जनजातिहरूको उत्थान तथा सशक्तीकरण गर्ने उद्देश्यसहित कार्य गर्दै आएको छ । विभिन्न प्रावधान एवम् संयन्त्र भए पनि आदिवासी जनजातिको अधिकार सम्बन्धमा अपेक्षित मात्रामा कार्य हुन सकेको अवस्था छैन ।  यी समग्र पक्षमा सरकारी एवम् सरोकारवालाहरूबाट सम्बोधन हुनु आवश्यक छ । आयोगले आदिवासी तथा अल्पसङ्ख्यकको अधिकारको लागि सामूहिक अधिकार महाशाखामार्फत विभिन्न कार्यहरू गर्दै आएको छ ।

नेपालमा सङ्घीयताको स्वरूपसम्बन्धी छलफल, चर्चा तथा बहस भइरहँदा भविष्यमा अल्पसङसङ्ख्यक तथा आदिवासीहरूको अधिकार सुनिश्चित गर्ने सम्बन्धमा सरोकारवालाहरूको गम्भीर ध्यान पुग्नुपर्ने देखिन्छ । यस अवधिमा आयोगले आदिवासी/जनजातिका अधिकारसम्बन्धी ३ वटा प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न गरेको थियो । अल्पसङ्ख्यकको अधिकार विषयमा (एचआइभी/एड्स पीडितसमेत) ५ वटा कार्यक्रम भएका थिए ।

## २.३.४. जातीय भेदभावविरुद्धको अधिकार

जातविशेषको आधारमा गरिने निषेध बहिष्करण र विभेदजन्य कार्य नै जातीय भेदभाव हो । मानवअधिकार एवम् मौलिक अधिकारको सन्दर्भमा भेदभावलाई राज्यको कारबाहीसँग जोडेर हेरिने गरेको पाइन्छ । सरकारी कुनै पदाधिकारी वा निकायबाट सम्पादित कार्यहरूको कारण जातीय आधारमा भेदभाव भएको खण्डमा विभेदको अवस्था सिर्जन हुन पुग्छ । यसको अर्थ राज्यले कुनै पनि आधारमा नागरिककाबीच भेदभाव गर्न नपाइने अवस्था निर्माण गर्नु हो । यसमा राज्यले आफ्ना नागरिकबीच सामान्य कानूनको प्रयोगमा भेदभाव गर्न नपाउने र राज्यका कृयाकलापहरूमा समेत यस प्रकारको भेदभाव हुन नदिने भन्ने सिद्धान्तले काम गरेको हुन्छ ।

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा १ ले सबै व्यक्ति जन्मजात स्वतन्त्र र समान हुने, जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत लगायतका कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव गर्न नहुने उल्लेख छ । नागरिक तथा राजनीतिक

अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि १९६६ को धारा २ ले सबै व्यक्तिहरूलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभावबिना समान अधिकारको सुनिश्चितता गरेको छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा २ ले समानतासम्बन्धी व्यवस्था गरेको छ । त्यसै गरी सबै प्रकारका जातीय भेदभाव उन्मुलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा २, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने अन्तर्राष्ट्रिय महासन्धिको धारा २ ले पनि यस सम्बन्धी व्यवस्था गरेको छ ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ मा समानताको हकअर्न्तगत राज्यले नागरिकहरूबीच जातजातिको आधारमा भेदभाव नगरिने, दलित, जनजातिव्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरेकोछ । धारा १४ मा छुवाछुतथा जातीय भेदभावविरुद्धको हकमा कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव नगरिने, भेदभाव व्यवहार दण्डनीय हुने र पीडित व्यक्तिले कानुनले निर्धारण गरेअनुसार क्षतिपूर्ति पाउने प्रावधान छ । त्यस्तै कुनै पनि व्यक्तिलाई जातजातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वञ्चित नगरिने उल्लेख छ ।

कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिका व्यक्तिलाई मात्र बिक्रीवितरण नगरिने उल्लेख छ । त्यसैगरी कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरूको समूहको उचनीच दर्शाउने, जात जातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिले प्रोत्साहन गर्न नपाइने र गरिएको खण्डमा यस्ता कार्य कानुनबमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । यसको साथै जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय ऐन) २०६८ ले जातीय छुवाछुतलाई दण्डनीय मानेको छ । नेपाल सरकारले नेपाललाई २०६३ जेठ २१ गते छुवाछुत मुक्त राष्ट्र घोषणा गरिसकेको अवस्था छ ।

जातीय विभेदको अन्त्यका लागि नेपाल सरकारबाट दलित र गैरदलितबीच अन्तरजातीय विवाह प्रोत्साहन अनुदान वितरण कार्यविधि अनुसार २०६६ साउन १ पछि दलित र गैरदलितबीच अन्तरजातीय विवाह गर्ने नेपाली नागरिकता भएका जोडीलाई रु. एक लाख उपलब्ध गराउने व्यवस्था गरेको छ । शैक्षिक क्षेत्रमा दलित समुदायको उपस्थिति कम भएको तथ्यलाई ध्यानमा राखी सरकारले कक्षा १० सम्म निःशुल्क शिक्षा, उच्चमाध्यमिक विद्यालयमा छात्रवृत्ति कार्यक्रम र रोजगारीको क्षेत्रमा आरक्षण नीति अवलम्बन गरेको छ । भेदभावविरुद्धका प्रावधानको कार्यान्वयनका लागि सरकारी निकायका अलावा राष्ट्रिय रूपमा राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग लगायत राष्ट्रिय जनजाति प्रतिष्ठानजस्ता संयन्त्रहरूको स्थापना भएका छन् ।

आफ्नो स्थापनाकालदेखि नै आयोगले जातीय विभेदविरुद्धको अधिकार संरक्षण र सम्वर्द्धनको लागि विभिन्न कार्यहरू गर्दै आएको छ । आयोगको रणनीतिक योजना (२०६४-६५/२०६७-६८) अनुरूप आयोगको साङ्गठनिक पुनर्संरचना गर्ने क्रममा मानवअधिकारसम्बन्धी नौ मूल महासन्धिहरूलाई केन्द्रित गर्दै एकाइहरू स्थापना गरिएको छ । हाल जातीय विभेदविरुद्धको अधिकार विषयक एकाइले जातीय विभेदविरुद्धको अधिकार संरक्षण, सम्वर्द्धनसम्बन्धी कार्य गर्दै आएको छ । यस प्रतिवेदन अवधिमा अन्तरजातीय विवाह, छुवाछुत र दलितहरूमाथि हिंसा तथा दुर्व्यवहार भएका जस्ता भन्ने विषयमा आयोगमा उजुरी पर्न आएका छन् । आयोगको अनुगमनको क्रममा धार्मिक अन्धविश्वास, सामाजिक कुरीति, रुढीवादी संस्कार, अशिक्षा, चेतना र कानुनी ज्ञानको अभाव लगायतका कारण अहिले पनि जातीय विभेद तथा छुवाछुतका घट्नाहरू पूर्णतः रोकिन सकेको पाइएन । त्यसैगरी समाजमा दलित-दलितबीच, गैरदलित र दलितबीच भेदभाव गर्ने क्रम रोकिएको देखिदैन ।

दलित तथा पिछडिएका वर्गलाई मन्दिर प्रवेशमा रोक, विभेद, विद्यालय तथा सार्वजनिक स्थलमा छुवाछुतजन्य भेदभाव, जबरजस्ती श्रमशोषण, ज्यादतिका घट्नाहरू भइरहेका छन् । दलितउपर नाकाबन्दी, अपहेलना, सिनो नफालेको कारण किराना पसल तथा धान कुट्ने मिलमा जान प्रतिबन्ध, अन्तरजातीय विवाह गर्दा समाजबाट वहिस्कार, सार्वजनिक धारा तथा कुवाको पानी उपभोगमा अवरोध वा प्रतिबन्ध, कुटपीट जस्ता विभेद अझै विद्यमान रहेको पाइन्छ । मानिस जन्मसिद्धरूपमा स्वतन्त्र र समान भएकोले जात जाति, उत्पत्ति, धर्म, वर्ण, लिङ्ग, पेशाव्यवसाय लगायत कुनै पनि आधारमा भेदभाव स्वीकार्य हुन सक्तैन । यी कुनै पनि आधारमा गरिने व्यवहार सामाजिक रूपमा गलत, नैतिक रूपमा निन्दनीय र कानूनी रूपले गम्भीर अपराध हुन् । यसबाट मानिसका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायत मानव अधिकार र मौलिक हकको उल्लङ्घन हुन पुग्ने हुनाले यसको उन्मुलनको लागि प्रभावकारी कदम चाल्नु अत्यावश्यक छ ।

यस अवधिमा विट्रिस वेलफेयरको सहयोगमा सम्पन्न खानेपानी आयोजना उद्घाटन गर्ने क्रममा सहभोजसम्बन्धी विषयमा विवाद उत्पन्न भइ उग्ररूप लिएपछि ताल बाराही प्राथमिक विद्यालय घान्द्रुक कास्कीका शिक्षक कर्णबहादुर नेपालीलाई स्थानीय वासिन्दाले दुर्व्यवहार गरेको घटनाको आयोगले अनुसन्धान गरेको थियो । पछि गएर सो विवाद मेलमिलापमा टुङ्गिएको थियो । त्यस्तै वि.सं. २०६८ को दशैंताका बैतडी जिल्लाका विभिन्न शक्तिपीठहरूमा बली दिइएको राँगाको मासुलाई दलितहरूले प्रसादका रूपमा खानुपर्ने भनी गैरदलित समुदायका व्यक्तिहरूले भनेपछि विवाद भएको र आयोगले सो सम्बन्धमा सम्बन्धित निकायको ध्यानाकर्षण गराएको थियो । यस वर्ष आयोगमा जातीय विभेदका घट्ना सम्बन्धी ५ ओटा उजुरीहरू दायर भएका थिए । जातीय विभेदविरुद्ध १५ वटा सम्वर्द्धनात्मक कार्यक्रम सम्पन्न भएका थिए ।

## २.३.५. ज्येष्ठ नागरिकहरूको अधिकार

जेष्ठ नागरिक मापनको आधार शारीरिक वा सामाजिक/सांस्कृतिक अवस्थालाई मानिए पनि उमेरमा विशेष जोड दिइएको पाइन्छ । अतः यस आधारमा जेष्ठ नागरिक भन्नाले प्रौढ वा औसत उमेर नाघेका व्यक्तिलाई जनाउदछ । मानव अधिकारको विश्वव्यापी

घोषणापत्रमा सबै व्यक्तिहरूलाई बिना भेदभाव सो घोषणापत्रमा उल्लिखित अधिकार प्राप्त हुने उल्लेख गरेको छ । त्यसको धारा २५ (१) ले प्रौढावस्थामा समेत जीविकोपार्जनका लागि सामाजिक सुरक्षाको अधिकार हुने व्यवस्था गरेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा १० मा प्रत्येक व्यक्तिको सामाजिक सुरक्षाको अधिकारलाई राज्यले स्वीकार गर्नुपर्ने प्रावधान छ । डिसेम्बर १६, १९९१ मा संयुक्त राष्ट्रसङ्घको महासभाबाट पारित राष्ट्रसङ्घीय वृद्धवृद्धासम्बन्धी सिद्धान्तहरूमा सबै सदस्य राष्ट्रहरूले स्वाधीनता, सहभागिता, आत्मसम्मान लगायतका सिद्धान्तहरूलाई आफ्नो राष्ट्रिय कार्यक्रममा समावेश गर्नुपर्ने उल्लेख छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ मा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने गरी व्यवस्था गरेको छ । त्यसै गरी धारा १८ (२) मा महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था गर्न भनेको छ । यसैगरी धारा ३५ (९) मा राज्यले असहाय, वृद्ध, आदिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने भनिएको छ ।

जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले जेष्ठ नागरिकको हेरविचार, स्याहारसम्भार तथा सामाजिक सुरक्षासम्बन्धमा उल्लेख गरेको छ । जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ मा ६० वर्ष उमेर पुगेको नेपाली नागरिकलाई जेष्ठ नागरिक भनि परिभाषित गरेको छ । सवैधानिक एवम् कानुनी प्रावधान र अभ्यासलाई हेर्ने हो भने संवैधानिक अङ्गका पदाधिकारीहरू ६५ वर्षमा सेवानिवृत्त हुने व्यवस्था छ । न्यायाधीशको उमेरहद सर्वोच्च अदालतको लागि ६५ वर्ष र अन्यको लागि ६३ वर्ष कायम गरिएको छ । प्राध्यापकहरूले ६२, शिक्षकहरूले ६० र निजामती कर्मचारीले ५८ वर्षमा अवकाश पाउने व्यवस्था छ । राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीको हकमा उमेरको कुनै हद तोकिएको छैन ।

जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले जेष्ठ नागरिकको हेरविचार, स्याहारसम्भार तथा सामाजिक सुरक्षाको लागि केन्द्रीय जेष्ठ नागरिक कल्याण समितिको गठन र जेष्ठ नागरिक कल्याणकोषको व्यवस्था गरेको छ । सरकार र गैरसरकारी क्षेत्रले सरकारको स्वीकृति लिई हेरचाह तथा दिवा सेवाकेन्द्रको स्थापना र सञ्चालन गर्ने व्यवस्था गरिएको छ । हाल यस प्रकृतिका ३० भन्दा बढी केन्द्रहरू सञ्चालनमा रहेका छन् । सामाजिक सुरक्षाको अवधारणा अनुसार सरकारले २०५१ देखि जेष्ठ नागरिकलाई मासिक भत्ता प्रदान गर्दै आएको छ । सरकारले ज्येष्ठ नागरिकका लागि मनोरञ्जन तथा तोकिएका क्षेत्रहरूमा विशेष छुट प्रदान गर्न सेवाप्रदायकहरूलाई उत्प्रेरित गर्ने नीति लिएको छ । त्यसै गरी सर्वोच्च अदालतले ऐनअनुरूप ज्येष्ठ नागरिकहरूलाई सार्वजनिक तथा अन्य सेवामा ५० प्रतिशत छुट दिन सरकारका नाममा आदेशसमेत जारी गरेको छ ।

आयोगले अनुगमनको क्रममा ज्येष्ठ नागरिकको अवस्था दुखद रहेको पाएको छ । श्रम अभ्यासको हिसाबले वृद्धावस्था सकृय रूपमा रहन नसक्ने स्थिति हो । सो अवस्थामा विशेष गरी आराम, परिबारबाट माया, स्नेह, स्वास्थ्य स्याहारको आवश्यकता पर्दछ । ज्येष्ठ

नागरिकहरूको ठूलो हिस्सा यी सीमित अधिकारबाट पनि वञ्चित भएको अवस्था छ । यातायात एवम् स्वास्थ्य सेवामा पाउनुपर्ने सुविधाबाट उनीहरू वञ्चित हुनुपरेको अवस्था छ । सानो परिबारको अवधारणाबाट ज्येष्ठ नागरिकहरू परिबारबाट अलग हुने गरेका छन् । आयोगको अनुगमनबाट प्राप्त सूचनाको आधारमा ज्येष्ठ नागरिकहरूको लागि प्रर्याप्त पहल हुन नसकेको, विद्यमान कानुन र नीतिगत प्रावधानहरू एवम् सरकारबाट घोषित राहतका कार्यक्रमहरू व्यवहारतः पूर्णत लागू हुन नसकेको अवस्था छ । राहत कार्यक्रम सबै ज्येष्ठ नागरिकहरूबीच पुग्न नसकेको अवस्था छ । सामाजिक सुरक्षा सेवाअन्तर्गत ज्येष्ठ नागरिकहरूलाई गरिने भत्तावितरणमा पनि समस्या रहेको देखिन्छ ।

ज्येष्ठ नागरिक सम्बन्धि ऐन २०६३, ज्येष्ठ नागरिकको हक, अधिकार सम्बर्द्धन र संरक्षण गर्न सक्ने अवस्थाको छैन । ज्येष्ठ नागरिक प्रति हुने गरेको दुर्व्यवहार रोक्न, दुर्व्यवहार गर्ने व्यक्ति माथी कारवाही गरी ज्येष्ठ नागरिकलाई सुरक्ष प्रदान गर्ने गराउने व्यवस्था उक्त ऐनमा छैन । त्यसो हुनाले ज्येष्ठ नागरिक सम्बन्धि ऐन २०६३, ज्येष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ मा संशोधन गरी ऐन नियममा रहेको विभेद हटाई ऐन, नियममा संशोधन गरी समय सापेक्ष बनाउनु पर्ने कुरा आयोगले विभिन्न ठाउँमा गरेको ज्येष्ठ नागरिक सम्बन्धि कार्यक्रमका सहभागीहरूले उठाउने गरेको पाइएको छ ।

अतः उनीहरूप्रति सम्मानको संस्कारको विकासको साथसाथै सामाजिक सुरक्षा र जीविकोपार्जनका लागि आर्थिक पक्षमा विशेष ध्यान दिन आवश्यक छ । समानता, सामाजिक सुरक्षा, सामाजिक बीमा लगायतका पक्षमा कानुनी व्यवस्थाको साथै त्यसको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक संयन्त्रको व्यवस्था गर्न आवश्यक छ । यस वर्ष आयोगमा ज्येष्ठ नागरिकहरूको अधिकारसम्बन्धी एउटा उजुरी परेको थियो भने आयोगबाट ८ वटा प्रर्वद्धनात्मक कार्यक्रम सम्पन्न भएका थिए ।

## २.३.६. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ ले अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, वौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तताद्वारा सृजित विभिन्न अवरोधहरूको अन्तर्क्रियाको कारणले समाजमा अन्य व्यक्तिहरूसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्तिसमेतलाई जनाउदछ भनी परिभाषित गरेको छ । मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक अभिसन्धि, १९६६, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारविरुद्धको महासन्धि, १९८४, महिलामाथि सबै प्रकारका हिंसा उन्मूलन गर्ने महासन्धि १९७९, बालअधिकारसम्बन्धी महासन्धि १९८९, मृत्युदण्डको उन्मूलनसँग सम्बन्धित नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको दोस्रो ऐच्छिक अभिसन्धि, १९८९ र जेनेभा महासन्धि, १९४९ (युद्ध वा सशस्त्र द्वन्द्वकालमा मात्रै लागू हुने) लगायतका दस्तावेजहरूमा शारिरीक अवस्थाको आधारमा भेदभाव गर्न नहुने अधिकारको सुनिश्चित गरिएको छ । जसमा कानुनका अगाडि सबै समान लगायत कुनै विभेदविरुद्धको अधिकारलाई प्रत्याभूत गरिएको छ ।

नेपाल अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि एवम् इच्छाधीन आलेख २००६ ले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सुनिश्चितता गर्नुका साथै यस्ता अधिकारसम्बन्धी सामान्य सिद्धान्तहरूसमेत प्रतिपादन गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (CRPD) एवम् स्वेच्छिक अनुबन्ध २००६ को सामान्य सिद्धान्तअन्तर्गत नैसर्गिक मर्यादा, आफ्नो बारेमा आफैं निर्णय गर्न पाउने स्वतन्त्रतासमेतको वैयक्तिक स्वायत्तत्ता र व्यक्तिको स्वतन्त्रताको सम्मानलाई स्पष्टरूपले उल्लेख गर्नुका साथै समाजमा पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरणलाई सुनिश्चित गरेको छ । यसैगरी उक्त दस्तावेजहरूले मानवीय विविधता र मानवीयताको अङ्गका रूपमा अपाङ्गता भएका व्यक्तिहरूको भिन्नताको सम्मान र स्वीकार्यता, अवसरहरूमा समानता र पहुँचलाई जोड दिएको छ । यसैगरी अपाङ्गता भएका बालबालिकाको विकास भइरहेको क्षमता तथा आफ्नो पहिचानको संरक्षण गर्न पाउने त्यस्ता बालबालिकाको अधिकारको सम्मानको सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गरेको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि एवम् ऐच्छिक अनुबन्ध, २००६ ले व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार, समान अधिकारका साथै शोषण, हिंसा र दूराचारबाट स्वतन्त्रताजस्ता अधिकारहरू सुनिश्चित गरेको छ । जसमा शारीरिक तथा मानसिक अखण्डताको सम्मानको अधिकार, हिँडडुल र राष्ट्रियतको स्वतन्त्रता, समुदायमा बसोबास गर्न पाउने अधिकार, विचार तथा अभिव्यक्ति स्वतन्त्रता, गोपनीयताको सम्मान, परिवारको सम्मान, शिक्षा, स्वास्थ्य एवम् रोजगारीको अधिकारलाई विशेष स्थान दिइएको छ । यसअलावा महासन्धिमा राजनितिक तथा सार्वजनिक जीवनमा सहभागिताको अधिकार तथा सांस्कृतिक जीवनमा सहभागिताको अधिकार समेत सुनिश्चित गरिएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले समानता र अविभेदको सिद्धान्तलाई अवलम्बन गरी कुनै पनि आधारमा कसैलाई पनि भेदभाव नगरिने उल्लेख छ । अपाङ्गको हकमा पनि मौलिक हकमा विशेष व्यवस्था गरिएको छ । यसका साथै विभिन्न ऐनमा पनि अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण तथा कल्याणसँग सम्बन्धित व्यवस्था गरिएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकारको संरक्षण र सम्वर्द्धनको सम्बन्धमा विभिन्न कानून तथा नीति बनेको पाइन्छ । जस्को उदाहरणमा अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१, अपाङ्ग सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ , स्थानीय स्वायत्त शासन ऐन, २०५५, नगरपालिका अनुदान सञ्चालन कार्यविधि, २०६७ तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६५, अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका, २०६५, अपाङ्गता भएका व्यक्तिहरूलाई आन्तरिक हवाइयात्रामा दिइने छुट वा सहुलियतसम्बन्धी कार्यविधि, २०६३, नेपाल राष्ट्रिय भवन निर्माण आचारसंहिता, २०६० लाई लिन सकिन्छ ।

शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, विशेष शिक्षा नीति, २०५३, छात्रबृत्ती सम्बन्धी नियमावली,२०६० (चौथो संशोधन २०६७), निजामति सेवा ऐन, २०४९ (दोस्रो संशोधन, २०६४), निजामति सेवा नियमावली, २०५० (सातौं संशोधन, २०६४), नेपाल टेलिकम नियमावली, रेडियो नेपालको सेवा नियमावली, आयकर ऐन, २०५८, बालबालिका सम्बन्धी ऐन, २०४८, आदि ऐन, नियम तथा नियमावलीहरूमा समेत अपाङ्गता भएका व्यक्तिहरूको सुविधा र अधिकारको सम्बन्धमा उल्लेख छ ।

अपाङ्गता भएका व्यक्तिहरूको लागि नेपाल सरकारबाट मासिक रूपमा अपाङ्गताको वर्गीकरणको आधारमा जिल्लामा महिला तथा बालबालिका कार्यालयबाट पूर्णरूपमा अशक्त अपाङ्गता भएका व्यक्तिलाई मासिक रु.१००० र आंशिक रूपमा अशक्त र अपाङ्गता भएका व्यक्तिलाई मासिक रु.३०० भत्ता प्रदान गर्दै आएको छ । सरकारी विद्यालयहरूमा सुस्त श्रवण, दृष्टिविहिन र सुस्त मनस्थिति भएका विद्यार्थीहरूका लागि विशेष शिक्षा र छात्रवृत्ति लगायत निःशुल्क शिक्षाको व्यवस्था एवम् शैक्षिक सत्र २०६६/२०६७ का लागि शिक्षा विभागले श्रेणी विभाजन गरी कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरेको छ । निजामति सेवा ऐनअनुसार सरकारी सेवामा अपाङ्गता भएका व्यक्तिहरूका लागि ५ प्रतिशत सिट आरक्षण व्यवस्थाको साथै सीपमूलक तालिमको व्यवस्था, रेडियो टेलिभिजनहरूमा अपाङ्गतासम्बन्धी कार्यक्रम लगायत उनीहरूका लागि आवश्यक सामाग्री आयातमा भन्सार छुट आदि व्यवस्था गरेको छ ।

नेपाल प्रहरी सेवामा कार्यरत रहँदा रहँदैको अवस्थामा अपाङ्गता हुने व्यक्तिहरूलाई अशक्त-वृत्ति, सन्तति- वृत्ति, शैक्षिक भत्ता र आर्थिक सहायतासम्बन्धी व्यवस्था गरिएको छ । टेलिभिजनमा कार्यरत अपाङ्गता भएका व्यक्तिहरूका लागि छात्रवृत्ति, नेपाल टेलिकममा र शिक्षक सेवामा अपाङ्गता भएका व्यक्तिहरूको लागि रोजगारीमा, सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्तिमा र रेडियो नेपालको स्थायी सेवामा अपाङ्गता भएका व्यक्तिहरूको लागि ५ प्रतिशत आरक्षणको व्यवस्था छ ।

आयोगमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसँग सम्बन्धित अलग एकाइको व्यवस्था गरिएको छ । यस एकाइले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्न्धी महासन्धि एवम् ऐच्छिक अनुबन्ध, २००६ ले प्रत्याभूत गरेका मानवअधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र सुनिश्चितामा आफ्नो ध्यान केन्द्रित गरेको छ । यस्को अलावा आयोगका रणनीतिक योजनामा निर्धारण गरिएका कार्य गर्नुका साथै आयोगमा प्राप्त उजुरीहरूको सम्बन्धमा कारबाही प्रक्रिया अगाडि बढाउदै आएको पाइन्छ । आयोगले अपाङ्गता भएका व्यक्तिहरूका लागि सहज पहुँचको लागि अपाङ्गता संरचना निर्माण सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउदै आएको छ । त्यसै गरी आयोगको अनुगमनको क्रममा सरकारद्वारा गाविसस्तरमा अपाङ्गता भएका व्यक्तिहरूलाई छुट्याइएको बजेट दुरुपयोग भएको समेत पाइएको छ ।

परिवार समुदाय र राष्ट्रले अपाङ्गता भएका व्यक्तिहरूको विषयलाई अधिकारमुखी सोचबाट नहेरी पुरानो मूल्यमान्यताबाट हेर्ने परिपाटीको कारण उनीहरूका समस्या प्राथमिकतामा नपरेको अवस्था छ । अन्धविश्वास, अशिक्षा, हेलचेक्र्याइँ आदिको कारण उनीहरूले विभिन्न आक्षेपहरू सहनुको साथै कतिपय अवस्थामा अमानवीय व्यवहार भोग्नुपरेको छ । अपाङ्गता भएका व्यक्तिहरूको कारण आफ्नो र घरपरिवारको सामाजिक प्रतिष्ठामा माथि प्रश्न उठ्छ भन्ने नकारात्मक सोच र चिन्तनको कारण परिवारकै सदस्यबाट उनीहरूलाई घरभित्रै लुकाउने, गोठ, खोरमा बाँधेर राख्ने वा वास्ता नगर्ने लगायतका अमनवीय व्यवहार वा अन्य कष्ट सहनुपरेको छ ।

विद्यमान कानुन तथा नीतिहरूको पूर्ण कार्यान्वयन नहुनु साथै सार्वजनिक भौतिक संरचनाहरू, सवारी साधनहरू नहुनु, सवारी साधनमा आरक्षित कोटामा पहुँच नहुनु, शैक्षिक क्षेत्रमा समेत अपाङ्गमैत्री पूर्वाधारको विकास, रोजगारमा उचित व्यवस्था, शिक्षामा पहुँच पुग्न सकेको छैन । महिला र बालबालिकामाथि हुने हिंसा आदिको कारण मानसिक रूपमा अस्वस्थ हुने र दीर्घकालीन रूपमा मानसिक अपाङ्गता हुने क्रम वृद्धि हुँदै गएको छ । अपाङ्गता भएका व्यक्तिहरूको लागि अपाङ्गमैत्री भौतिक संरचना नभएको समेत कारण रोजगार, शिक्षा तथा न्यायको पहुँचमा व्यवधान रहेको पाइन्छ ।

विशेष शिक्षाअर्न्तगत अपाङ्गता भएका विद्यार्थीका बाबुआमाले विद्यार्थीलाई विद्यालयमा भर्ना गरेपछि बेवास्ता गर्ने प्रचलन विद्यमान छ । शिक्षकहरूलाई पर्याप्त तालिमहरू प्रदान गरिएको पाइदैंन । । अपाङ्गता भएका विद्यार्थीहरूमा छात्राको सङ्ख्या बढी भए पनि विद्यालयमा महिला शिक्षिका उपलव्ध नभएको साथै अपाङ्गमैत्री विद्यालयभवन नभएको कारण अध्ययनलाई निरन्तरता दिन कठिन भएको पाइन्छ । प्राथमिक शिक्षा पश्चात् अध्ययन गर्न अन्यत्त जानुपर्ने हुँदा ग्रामीण क्षेत्रका वासिन्दाले अध्ययनलाई निरन्तरता दिन नसकेको स्थिति छ ।

अतः अपाङ्गता भएका व्यक्तिहरूको हकअधिकार संरक्षणका लागि सबै क्षेत्रमा तहमा उनीहरूको पहिचान, पहुँच र सामर्थ्य वृद्धिका लागि प्रभावकारी कदमहरू चाल्न आवश्यक छ । विभेदकारी कानुनको खारेज, भएका कानुनको प्रभावकारी कार्यान्वयन, अपाङ्गमैत्री भौतिक संरचना तथा सार्वजनिक भवन निर्माण, अपाङ्गतासम्बन्धी सचेतना अभिवृद्धिजस्ता कार्यक्रमलाई सबैले आआफ्नो तहबाट गर्न सके उनीहरूको मानवअधिकार सुनिश्चित गर्न सकिन्छ । यस वर्ष आयोगमा अपाङ्गता भएका व्यक्तिहरूको हकअधिकारसम्बन्धी २ वटा उजुरीहरू दायर भएका थिए भने आयोगबाट ३ वटा प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न भएका थिए ।

## २.३.७. आप्रवासी कामदारहरूको अधिकार

प्रत्येक व्यक्तिले आफ्नो योग्यता र क्षमता अनुसार रोजगारी प्राप्त गर्नु उसको अधिकार हो । विश्वव्यापीकरणसँगसँगै विदेशमा काम गर्ने प्रचलन सामान्य हुँदै आएको छ । विभिन्न वर्ग, समूहको अधिकारजस्तै आप्रवासी कामदारहरूको अधिकारहरूको पक्षमा मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमा व्यवस्था गरिएको छ । सम्पूर्ण आप्रवासी कामदार र उनीहरूका परिबारका सदस्यहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० को धारा २ १) ले आफू नागरिक नरहेको राष्ट्रमा तलब पाउने क्रियाकलापमा लगाइने, वा लागेको वा लगाइएको व्यक्तिलाई सम्झनुपर्दछ भनी आप्रवासी कामदारको परिभाषा गरेको छ । सो महासन्धिले आप्रवासी कामदारलाई विभेदविरुद्धको अधिकार, राष्ट्रियताको अधिकार, यातना, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको अधिकार, दासत्व, दासव्यापार, बलयुक्त जबरजस्ती श्रमविरुद्धको अधिकार, गैरकानुनी प्रकाउविरुद्धको अधिकार, स्वच्छ, सुनुवाइ, स्वतन्त्रता र सुरक्षा वा थुनाविरुद्ध लगायतका अधिकारलाई सुरक्षित गरेको छ ।

आप्रवासी कामदारहरूको अधिकार लगायतका व्यवस्थालाई विभिन्न अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय दस्तावेजहरूमा प्रत्यक्ष/परोक्ष रूपमा समावेश गरेको पाइन्छ ।

मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ ले व्यक्तिको रोजगारको अधिकार, आवागमनको अधिकार लगायत आधारभूत मानवअधिकारको सम्बन्धमा उल्लेख गरेको छ । नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी महासन्धि, १९६६, आर्थिक,सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक अभिसन्धि, १९६६, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारविरुद्धको महासन्धि, १९८४ मा आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी उल्लेख छ ।
मृत्युदण्डको उन्मूलनसँग सम्बन्धित नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको दोस्रो ऐच्छिक अभिसन्धि, १९८९, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९, बालअधिकारसम्बन्धी महासन्धि १९८९ लगायतका प्रमुख मानवअधिकारसम्बन्धी महासन्धिहरूले समेत आप्रवासी कामदार र तिनका परिवारका अधिकारहरूको प्रत्याभूत गरेको छ । त्यसै गरी अन्तर्राष्ट्रिय श्रम सङ्गठनसँग सम्बन्धित अभिसन्धिहरूअन्तर्गत साप्ताहिक बिश्राम सम्बन्धी महासन्धि, १९२१ जबरजस्ती श्रमसम्बन्धी महासन्धि, १९३० संगठित हुने र सामूहिक सौदावाजी अधिकारसम्बन्धी महासन्धि, १९४९ लगायतका अभिसन्धिहरू रहेका छन् । यसअलावा समान पारिश्रमिक सम्बन्धी महासन्धि, १९५१ जबरजस्ती श्रम उन्मूलनसम्बन्धी महासन्धि, १९५७ पेशा र रोजगारी विभेदसम्बन्धी महासन्धि, १९५८ न्यूनतम पारिश्रमिक निर्धारणसम्बन्धी महासन्धि, १९७० न्यूनतम उमेरसम्बन्धी महासन्धि, १९७३ मा पनि यस सम्बन्धी व्यवस्था गरिएको छ ।
त्रि-पक्षीय परामर्श (अन्तर्राष्ट्रिय श्रम मापदण्ड) महासन्धि, १९७६, निकृष्ट बालश्रमसम्बन्धी महासन्धि, १९९९ आदिमा नेपालले अन्तर्राष्ट्रिय प्रतिबद्धता व्यक्त गरेको छ । आप्रवासी कामदार तथा तिनीहरूको परिवारको अधिकार संरक्षणसम्बन्धी महासन्धि सन् १९९० भने हालसम्म अनुमोदन हुन सकेको छैन ।
नेपालको अन्तरिम संविधान, २०६३ ले पनि मौलिक हकअन्तर्गत रोजगारीको सम्बन्धमा उल्लेख गरेको छ । यो प्रावधान अप्रत्यक्ष रूपमा नेपाली आप्रवासी कामदारहरूलाई लागू हुन्छ । संविधानद्वारा कामको अधिकार, शोषण र दासता वा बलात् श्रमविरुद्धको अधिकारलाई सुनिश्चित गरिएको छ । वैदेशिक रोजगारसँग सम्बन्धित अन्य कानुन तथा नियमावलीहरूमा, अध्यागमन ऐन, २०४९, अध्यागमन नियमावली, २०५१, राहदानी ऐन, २०२० राहदानी नियमावली २०६७, वैदेशिक रोजगारसम्बन्धी ऐन, २०६४, वैदेशिक रोजगार नीति २०६८, मानव बेचबिखन/ओसारपसार नियन्त्रण ऐन, २०६४ र मानव बेचबिखन/ओसारपसार नियन्त्रण नियमावली, २०६५ आदि रहेका छन् ।

उक्त कानूनहरूमा सरकारले कामदार पठाउन सक्ने, वैदेशिक रोजगार व्यवसायको नियमन, राष्ट्रिय विमानस्थलको प्रयोग, वैदेशिक रोजगारसम्बन्धी संयन्त्रको व्यवस्था, बर्हिक्षेत्रीय अधिकार,  अनुसन्धान तथा अभियोजनसम्बन्धी व्यवस्था गरिएको छ । त्यसै गरी वैदेशिक रोजगारसम्बन्धी न्यायाधीकरण, श्रम-सहचारीको व्यवस्था छ । यसबाहेक सरकारले वैदेशिक रोजगारका निमित्त कामदार पठाउने सम्बन्धमा रोजगारमूलक देशहरूमा सम्झौतामार्फत विशेष व्यवस्थासमेत गर्दै आएको छ । जसअनुरूप नेपाल सरकारले कोरियामा कामदार पठाउने उद्देश्यले EPS पद्दतिअन्तर्गत न्यूनत्तम शुल्कमा

औद्योगीक कामदार पठाउनको लागि सम्झौता गरेको छ । यस्तै जापान, यु.ए.ई. र बहराइनसँग द्विपक्षीय सम्झौता सम्पन्न भैसकेको छ ।

नेपालको अर्थतन्त्रको ठूलो हिस्सा आप्रवासी कामदारहरूले धानेका छन् । कुल गार्हस्थ उत्पादनको करिव २४ प्रतिशत हिस्सा विप्रेषणले ओगटेको अवस्था छ । वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण ग्रामीण अर्थतन्त्रको मेरुदण्ड बन्नुको साथै गरिवी निवारणमा समेत महत्वपूर्ण भूमिका खेल्दै आएको भए पनि राज्य र सरकारी तहबाट आप्रवासी कामदाररूको मानवअधिकार संरक्षण र सम्वर्द्धनको क्षेत्रमा अपेक्षित कार्य हुन नसकेको अवस्था छ । बढ्दो सङ्ख्यामा आप्रवासी कामदारहरू विदेशी मुलुकमा जाने क्रमसँगै ठगी, शोषण, परिवारको विखण्डन तथा रोजगारमा गएको देशबाट हुने यातना तथा अमानवीय व्यवहारका कारणबाट मानवअधिकार उल्लङ्घन तथा ज्यादतिबाट पीडित भैरहेका देखिन्छन् ।

विभिन्न ऐन, नियमावली भए पनि कामको लागि बाहिर जाने कामदारहरू मुलुकभित्रै ठगिदै आएको अवस्था छ । गैरकानुनी तवरमा भारतको बाटो हुँदै अवैध रूपमा वैदेशिक रोजगारमा जाने कामदारहरूको सङ्ख्या अत्यधिक रहेको देखिन्छ । यसबाट आप्रवासी कामदारहरूको वास्तविक तथ्याङ्क कति हो भन्ने यकिन भन्न सक्ने अवस्था छैन । यी सम्पूर्ण पक्षलाई मध्यनजर राखी राज्य एवम् सरोकारवालहरूबाट आप्रवासी कामदारहरूको अधिकार सम्बन्धमा थप कदम चाल्नु आवश्यक छ ।

आप्रवासी कामदारहरूका अधिकार संरक्षणको लागि आयोगले आप्रवासी कामदारहरूका अधिकार एकाइको व्यवस्था गरेको छ । वैदेशिक रोजगारमा जाने कामदारहरूको मानवअधिकार संरक्षण र सम्वर्द्धनको लागि सम्बन्धित मुलुकहरूमा राष्ट्रिय मानवअधिकार संस्थाहरू भए सो मार्फत कार्य गर्दै आएको छ । यसअलावा मानवअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू एवम् नेपालका परराष्ट्र मन्त्रालयमार्फत सम्बन्धित दुतावास, काउन्सिलरहरूसँग आयोगले समन्वय गर्दै आएको छ ।

शोषणमा र अलपत्र परेकाहरूको उद्दार, स्वदेश फिर्तिजस्ता कार्यहरू एवम् वैदेशिक रोजगारलाई नियमन गर्न, सुरक्षित वैदेशिक रोजगारीका उपायहरू अवलम्बन गर्ने जस्ता कार्यहरूमा अध्ययन अनुसन्धान गरी नीतिगत सिफारिसहरू गर्न, पीडितहरूलाई सम्बन्धित निकायहरूबाट उपचार लिनको लागि सहजीकरण गर्ने लगायतका कार्यहरूमा पनि जोड दिँदै आएको छ । यस अवधिमा आयोगमा आप्रवासीको कामदारहरूको अधिकारसम्बन्धी ३ वटा उजुरी परेका थिए भने एउटा प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न गरियो ।

# परिच्छेद–३

# आयोगद्वारा सम्पादित कार्यहरू

## ३.१ मानवअधिकार संरक्षणसम्बन्धी कार्यहरू

नेपालको अन्तरिम संबिधान, २०६३ को धारा १३२ को उपधारा १ बमोजिम मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हो । यो कुरा मानवअधिकार ऐन, २०६९ मा पनि उल्लेख भएको छ । यस वर्ष आयोगले मानवअधिकारको संरक्षणको क्षेत्रमा गरेका कार्यहरूको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ३.१.१ उजुरी दर्ता

आयोगले मानवअधिकार उल्लंघन एवम् ज्यादति भएको भनी घटनाहरूको पीडित वा पीडितका आफन्त आदिबाट लिखित, फोन, इमेल, फ्याक्सलगायतका माध्यमबाट उजुरी लिने गर्दछ । यसको साथै आयोगले आफैँले पनि स्वविवेक (Suo motto) मा उजुरी लिन्छ । यसरी प्राप्त मानवअधिकार हनन, उल्लङ्घन वा दुरुत्साहनसम्बन्धी उजुरीमाथि छानविन तथा अनुसन्धान गरी त्यसको आधारमा सरकारलाई सिफारिस गर्दछ ।

यस वर्ष आयोगका विभिन्न कार्यलयहरूमा जम्मा २७६ उजुरीहरू दर्ता भएका छन् । जसमा केही उजुरीहरूमा सरकारका निकाय र विद्रोही/अन्यबाट पीडित भनी उल्लेख छ । प्राप्त उजुरीहरूका मुख्य विषयहरूमा सुरक्षाकर्मी/हिराशतमा मृत्यु, बेपत्ता/अपहरण, यातना/दुव्यवहार गैरन्यायिक थुना, धम्की, आन्तरिक विस्थापन, सम्पत्ति कब्जा, क्षतिपूर्ति, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको हनन रहेका छन् । यसअलावा न्यायप्रशासन, महिला हिंसा, बालअधिकार, अपाङ्गता, आदिवासी तथा जनजातिका अधिकार, अप्रवासी कामदारका अधिकार लगायतका विषयमा उजुरीहरू दायर हुन आएका छन् । कतिपय उजुरीहरू सशस्त्र द्वन्द्वकालमा भएका घटनासँग सम्बन्धित रहेका छन् ।

### ३.१.२ क्षेत्रगत आधारमा उजुरी

यस अवधिमा परेका उजुरीमा सबैभन्दा बढी केन्द्रीय कार्यालयमा ९४ उजुरीहरू दर्ता भएका छन् भने । यसैगरी क्रमशः क्षेत्रीय कार्यालयहरूमा जनकपुरमा ४३, पोखरामा ३८, विराटनगरमा २८, नेपालगञ्जमा १५ र धनगढीमा ९ उजुरी परेका छन् । त्यसैगरी उपक्षेत्रीय कार्यालयहरूमा क्रमशः बुटवलमा ३१, खोटाङमा १५ र जुम्लामा ३ उजुरी परेका छन् । क्षेत्रगत रूपमा आयोगमा परेका उजुरीहरूको मासिक विवरण अनुसूची २ मा समावेश गरिएको छ ।

### ३.१.३ विषयगत आधारमा उजुरी

विषयगत आधारमा, यस अवधिमा आयोगमा सबैभन्दा बढी उजुरीहरू न्यायप्रशासनसँग सम्बन्धित छन्, जसको सङ्ख्या ४७ रहेको छ । यातना/दुर्व्यवहार सम्बन्धी विषयमा ४५ उजुरीहरू दायर भएका छन् । हत्यासम्बन्धमा २९ उजुरीहरू दर्ता भएकोमा सुरक्षाकर्मीद्वारा वा हिराशतमा मृत्यु १९, तत्कालीन नेकपा (माओवादी)द्वारा हत्यामा ४ र अन्य ६ रहेका छन् । राज्यपक्षबाट बेपत्ता पारिएको भनी १६ उजुरीहरू परेका छन् । तत्कालीन माओवादीबाट अपहरण भएको भनी ५, अन्य राजनीतिक दलबाट अपहरण भएको भनि २ र अज्ञात समूहबाट अपहरण भएको भनि ८ उजुरी परेको देखिन्छ ।

मानवअधिकार उल्लंघन हुने गरी भएका कुटपिटमा ११ उजुरीहरू दर्ता भएकोमा सुरक्षाकर्मी ८, तात्कालीन नेकपा (माओवादी) १ र अन्य २ रहेका छन् । कारागार/गैरन्यायिक थुना सम्बन्धी १४ उजुरी परेका छन् भने धम्कीमा १६ उजुरीमा परेकोमा तत्कालीन नेकपा (माओवादी) १ र अन्य ११ रहेका छन् । विस्थापित भएको भनी परेका १० उजुरीमा तत्कालीन नेकपा (माओवादी) ५, राज्य २ छन् । सम्पत्ति कब्जामा तात्कालीन नेकपा (माओवादी)द्वारा ४ र अन्य १ गरी ५ उजुरी दर्ता भएका छन् ।

त्यसैगरी क्षतिपूर्ति सम्बन्धी ६, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी २, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत १९ उजुरी छन् । बालअधिकारसम्बन्धी १२, महिला अधिकारसम्बन्धी १६, जातीय विभेदविरुद्धको अधिकारसम्बन्धी ५, आप्रवासी कामदारको अधिकारमा ३ र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारमा २ उजुरी परेका छन् भने ज्येष्ठ नागरिकका अधिकार र मृत्यु भनी १/१ वटा उजुरी दायर भएका छन् । विषयगत रूपमा आयोगमा परेका उजुरीहरूको मासिक विवरण अनुसूची ३ मा समावेश गरिएको छ ।

## ३.२. मानवअधिकार अनुगमन र अनुसन्धान

### ३.२.१. अनुगमन

आयोगले मानवअधिकारका घटनाहरूमा अनुगमन गर्दै आएको छ । यस अवधिमा आयोगले २१२ पटक अनुगमन गरेको थियो । यस वर्ष केन्द्रीय कार्यालयबाट ४७ पटक अनुगमन भएको थियो । क्षेत्रीय कार्यालयहरू क्रमशः विराटनगरबाट ३३ पटक,

जनकपुरबाट ३४ पटक, नेपालगञ्जबाट ३७ पटक, पोखराबाट २१ पटक र धनगढीबाट १० पटक अनुगमन भएको थियो । त्यसैगरी उपक्षेत्रीय कार्यालयहरू क्रमशः खोटाङबाट १२ पटक, बुटवल र जुम्लाबाट ९/९ पटक भएका छन् ।

यस अवधिमा आयोगले सबैभन्दा बढी ४५ पटक बन्दहड्तालमा मानवअधिकार अवस्था सम्बन्धमा अनुगमन गरेको थियो । हिराशत अनुगमन २५ पटक, कारागार अनुगमन ११ पटक गरेको थियो । यसैगरी बालअधिकार सम्बन्धमा १२ पटक, महिला अधिकार सम्बन्धमा ५ पटक, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा १ पटक, स्वास्थ्यको अधिकार सम्बन्धमा ६ पटक, उपभोक्ता अधिकार सम्बन्धमा ३ पटक अनुगमन भएको थियो ।

मानवअधिकारको समग्र अवस्था सम्बन्धमा ७ पटक, दुर्व्यवहार सम्बन्धमा ३ पटक, यातना सम्बन्धमा ४ पटक, हत्या सम्बन्धमा ३ पटक, मानवअधिकार उल्लघंनका घटनाका उजुरी सम्बन्धमा ३ पटक, अवस्था अज्ञात सम्बन्धमा ३ पटक, बन्धक सम्बन्धमा २ पटक, झडप, सम्पत्ति नष्ट, घाइते सम्बन्धमा २/२ पटक, प्रहरीबाट कुटपिट सम्बन्धमा १ पटक, विस्थापित सम्बन्धमा ३ पटक, बिस्तृत शान्तिसम्झौताको अवस्था सम्बन्धमा २ पटक, आवागमन सम्बन्धमा ३ पटक, अनशन सम्बन्धमा ६ पटक, धर्ना सम्बन्धमा ८ पटक, बमविष्फोटन सम्बन्धमा ५ पटक, धम्की सम्बन्धमा ४ पटक, शान्तिसुरक्षा सम्बन्धमा ३ पटक, प्रदर्शन सम्बन्धमा ६ पटक, परीक्षा सञ्चालन सम्बन्धमा ३ पटक, सूचनाको हक, सुरक्षित गृह र एचआइभी पीडितको अधिकार सम्बन्धमा २/२ पटक, सञ्चारगृह तोडफोड, आलगागी, बेपत्ता, जातीय विभेद, बाढीपीडितको अवस्था, प्रहरीमाथि गोलीप्रहार, द्वन्द्वपीडितको अधिकार, मुक्त कमलरीको अधिकार, मानवअधिकार लेखापरीक्षण सम्बन्धमा १/१ पटक अनुगमन गरेको थियो । अनुगमन सम्बन्धी विवरण अनुसूची ४ मा दिइएको छ ।

### ३.२.२ अनुसन्धान

आयोगले मानव अधिकार उल्लघंन तथा ज्यादति भएको भनी परेका उजुरीको आधारमा अनुसन्धान गरेको छ । यस वर्ष ३९४ वटा घटना उपर अनुसन्धान कार्य सम्पन्न भएको छ । कतिपय उजुरीहरू द्वन्द्वकालका घटनासँग सम्बन्धित छन् भने कतिपय त्यस पछाडिका घटना सम्बन्धी छन् । आयोगमा प्राप्त विवरणअनुसार यस वर्ष केन्द्रीय कार्यालयले १०० उजुरी, क्षेत्रीय कार्यालयहरू क्रमशः विराटनगरले ४१ वटा उजुरी, जनकपुरले ६० वटा उजुरी, पोखराले ५० वटा उजुरी नेपालगञ्जले ७१ वटा उजुरी, धनगढीले ४३ वटा उजुरी उजुरी उपर अनुसन्धान गरेका छन् । यसैगरी उपक्षेत्रीय कार्यालयहरूमा बुटवलले १९ वटा उजुरी, जुम्लाले १० वटा उजुरीमाथि अनुसन्धान गरेका छन् ।

अनुसन्धान गरिएका विषयमा हत्या, बेपत्ता, अपहरण, यातना, धम्की, सम्पत्ति कब्जा, विस्थापन रहेका छन् । त्यसैगरी आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार, न्यायप्रशासन, सामाजिक विभेद, घरेलु हिंसा लगायतका विषयमा अनुसन्धान गरिएको छ । अनुसन्धानसम्बन्धी विवरण अनुसूची ५ मा उल्लेख छ ।

### ३.२.३. उजुरी फछ्र्यौट र सिफारिसको अवस्था

यस अवधिमा आयोगले १०४ घटनाका सम्बन्धमा पीडितलाई क्षतिपूर्ति वा पीडकलाई कारवाहीको निमित्त नेपाल सरकार समक्ष सिफारिस गरेको छ । यसैगरी टुङ्ग्याउने, खारेजी र तामेली सम्बन्धी ३७० वटा निर्णय गरेको छ । जसमा ३२० वटा उजुरी टुङ्ग्याइएको, ४५ वटा खारेज र ५ वटालाई तामेलीमा राखिएको छ । १०४ वटामा सिफारिस भएको छ । टुङ्ग्याइएका र खारेज गरिएका उजुरीहरूमा बेपत्ता, सुरक्षाकर्मीबाट प्रकाउ, धम्की, सम्पत्ति क्षति, दुर्व्यवहार, जातीय विभेद, महिला अधिकार रहेका छन् ।

त्यसैगरी अन्य निर्णयहरूमा वैदेशिक रोजगार, स्वतन्त्रताको अधिकार, यातना, गैरकानुनी थुना, घरेलु हिंसा लगायतका विषय रहेका छन् । पुनः फलोअप गर्ने भनी धम्की सम्बन्धी १८ उजुरी रहेका छन् । यसका साथै ३५ वटा नीतिगत सिफारिस भएका छन् । आयोगद्वारा उजुरीउपर गरिएका सिफारिसको संक्षिप्त विवरण अनसूची ६ मा र आयोगको एकल बैठकबाट भएका निर्णयहरूको विवरण अनुसूची ७ मा दिइएको छ ।

# परिच्छेद–४

# सम्वर्द्धनात्मक कार्यहरू

आयोगले मानवअधिकारको सम्वर्द्धनको क्षेत्रमा मुख्यतः प्रवर्द्धन तथा वकालत महाशाखामार्फत आफ्ना गतिविधिहरूलाई केन्द्रित गर्दै आएको छ । यसका साथै अन्य महाशाखामार्फत पनि मानवअधिकार अनुगमन र अनुसन्धानका क्रममा सम्वर्द्धनसम्बन्धी कार्य गरिआएको छ । आयोगले आफैँ र सरोकारवाला सङ्घसंस्थाहरूको सहकार्यमा पनि सम्वर्द्धनात्मक गतिविधिहरूलाई अगाडि बढाउदै आएको छ । यस अवधिमा आयोगले ३१२ वटा कार्यक्रमहरू सम्पन्न गरेको छ । जसमा २४६ एकल र ६६ वटा सहकार्यमा गरिएका छन् । सम्पन्न कार्यक्रमहरूमा अन्तर्किया ७४, तालिम/प्रशिक्षण ५७, अभिमुखिकरण १८, दिवस १५, कार्यशाला/गोष्ठी २४, खेल ३, रक्तदान २ रहेका छन् । त्यसैगरी ऱ्याली/प्रभातफेरि ८, छलफल ३३, बैठक ६८ र अन्तरसम्वाद, सचेतना र निवन्ध प्रतियोगिता २/२ वटा रहेका छन् ।

केन्द्रीय कार्यालयबाट ९ वटा अन्तर्किया, १० वटा तालिम/प्रशिक्षण, ६ वटा अभिमुखिकरण, ४/४ वटा दिवस र कार्यशाला/गोष्ठी, २ वटा ऱ्याली/प्रभातफेरि र १ प्रर्दशनी स्टल सम्बन्धी कार्य सम्पन्न भएका छन् । क्षेत्रीय कार्यालय विराटनगरबाट ११ वटा अन्तर्किया, ६ वटा तालिम/प्रशिक्षण, ३ वटा दिवस, ५ वटा कार्यशाला/गोष्ठी, १ वटा ऱ्याली/प्रभातफेरि, ९ वटा छलफल, २ वटा बैठक, १/१ वटा सेमिनार र अन्तरसम्वाद सम्पन्न भएका छन् । क्षेत्रीय कार्यालय जनकपुरले २ वटा अन्तर्किया, ६ वटा तालिम/प्रशिक्षण, ३ वटा दिवस, १ वटा ऱ्याली/प्रभातफेरि, २ वटा छलफल, ४ वटा बैठक सम्पन्न गरेको छ । क्षेत्रीय कार्यालय नेपालगञ्जले ११ वटा अन्तर्किया, ५ वटा तालिम/प्रशिक्षण, ८ वटा अभिमुखिकरण, १ वटा दिवस, ३ वटा कार्यशाला/गोष्ठी, १९ वटा छलफल, ६० वटा बैठक र १ वटा निबन्ध प्रतियोगिता सम्पन्न गरेको छ ।

क्षेत्रीय कार्यालय पोखराबाट १६ वटा अन्तर्किया, १७ वटा तालिम/प्रशिक्षण, १ वटा कार्यशाला/गोष्ठी, २ वटा ऱ्याली/प्रभातफेरि, १ वटा बैठक र २ वटा सचेतना कार्यक्रम

सम्पन्न भएका छन् । क्षेत्रीय कार्यालय धनगढीले १३ वटा अन्तर्किया, ७ वटा तालिम/प्रशिक्षण, २ वटा दिवस र ५ वटा कार्यशाला/गोष्ठी सम्पन्न गरेको छ । त्यसैगरी उपक्षेत्रीय कार्यालय खोटाङबाट ३ वटा अन्तर्किया, १ वटा तालिम, १ वटा दिवस, २ वटा कार्यशाला गोष्ठी, १ वटा र्‍याली/प्रभातफेरि र ६ वटा छलफल कार्यक्रम भएको छ ।

उपक्षेत्रीय कार्यालय बुटवलले ७ वटा अन्तर्किया, ३ वटा तालिम/प्रशिक्षण, ४ वटा अभिमुखिकरण, ४ वटा कार्यशाला/गोष्ठी, २ वटा छलफल र १ वटा अन्तरसम्वाद कार्यक्रम सम्पन्न गरेको छ भने उपक्षेत्रीय कार्यालय जुम्लाले २ वटा अन्तर्किया, ३ वटा तालिम/प्रशिक्षण, १ वटा दिवस, १ वटा र्‍याली/प्रभातफेरि, १/१ बैठक र निबन्ध प्रतियोगिता सम्पन्न गरेको छ । आयोगले अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको उपलक्ष्यमा मानवअधिकार मैत्री खेलहरूको आयोजना गरेको थियो । जसमा केन्द्रीय कार्यालय ललितपुर र क्षेत्रीय कार्यालय जनकपुरमा फुटबल र उपक्षेत्रीय कार्यालय खोटाङमा व्याडमिन्टन खेलाइएको थियो । अन्तर्राष्ट्रिय मानवअधिकार दिवसकै अवसरमा केन्द्रीय कार्यालय र क्षेत्रीय कार्यालय जनकपुरले रक्तदान कार्यक्रमको आयोजना गरेको थियो ।

यस अवधिमा सहकार्यमा ६६ कार्यक्रमहरू गरिए । ती कार्यक्रमहरूमा केन्द्रीय कार्यालयले १२ वटा, क्षेत्रीय कार्यालय विराटनगरले २० वटा, क्षेत्रीय कार्यालय नेपालगञ्ज र पोखराले १६/१६ वटा, उपक्षेत्रीय कार्यालय बुटवलले १० वटा र उपक्षेत्रीय कार्यालय खोटाङले ६ वटा रहेका छन् । कार्यक्रमको अलावा मानवअधिकारका विषयलाई जनस्तरसम्म पुर्‍याउन आयोगले सार्वजनिक स्थल/सरकारी कार्यालयहरूमा एकल र सहकार्यमा सूचना र प्रसारात्मक सामग्रीहरू राखेको छ । यससम्बन्धी विवरण अनुसूची ९ मा उल्लेख गरिएको छ ।

आयोगले सरोकारवाला सङ्घसंस्थाहरूबाट आयोजित कार्यक्रमहरूमा श्रोत व्यक्ति र सहभागीको रूपमा उपस्थिति जनाउदै आएको छ । आयोगले १४३ पटक श्रोत व्यक्तिको रूपमा सहभागिता जनाएको देखिन्छ । जसमा केन्द्रीय कार्यालयले ६५, क्षेत्रीय कार्यालयहरू क्रमशः विराटनगरले २०, जनकपुरले ५, नेपालगञ्जले १३, पोखराले २०, धनगढीले ३ वटा कार्यक्रमहरूमा सो भूमिका निर्वाह गरेको छ । यसैगरी उपक्षेत्रीय कार्यालयहरू क्रमशः खोटाङले ३, बुटवलले १२ र जुम्लाले २ वटा कार्यक्रमा सो भूमिका निर्वाह गरेका छन् ।

आयोगका विभिन्न कार्यालयहरूले अन्य निकाय वा संस्थाबाट आयोजित ५०१ कार्यक्रमहरूमा सहभागिता जनाएको छ । जसमा केन्द्रीय कार्यालयले ७२ वटा, क्षेत्रीय कार्यालयहरू क्रमशः विराटनगरले ५१, जनकपुरले १५, नेपालगञ्जले १५९, पोखराले १०६, धनगढीले ४५ वटा कार्यक्रममा भाग लिएका छन् । यस्तै उपक्षेत्रीय कार्यालयहरू क्रमशः खोटाङले २२, बुटवलले १३ र जुम्लाले १८ वटा कार्यक्रमा भाग लिएका छन् । सहकार्य गरिएका संस्थाहरूमा गैसस महासङ्घ, मानवअधिकार सञ्जाल, आइसीआरसी, रेडक्रस, कोशिश, पहल, इन्सेक, सिविन, नेपाल मानवअधिकार सङ्गठन, ज्येष्ठ नागरिक महासङ्घ, ओरेक, पूर्वाञ्चल मानवअधिकार सञ्जाल आदि रहेका छन् ।

यस्तै उपभोक्ता मञ्च, एपीटी, वकालत मञ्च, निगरानी समिति, मधेश मानवअधिकार गृह, जनजातिको अधिकारसम्बन्धी राष्ट्रिय सञ्जाल, पीपीआर नेपाल, राष्ट्रिय अपाङ्ग महासङ्घ, फोरिड, मानवअधिकार प्रतिष्ठान, ओएचसीएचआर, एपीएफ आर.एन.एच.आर.आइ., एपीएफ लगायतका संस्थाहरूसँग पनि आयोगले सहकार्य गर्दै आएको छ । यस अलावा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, जिविसहरू, महिला तथा बालबालिका कार्यालयहरू, खेलकुद विकास समिति लगायतका निकाय सङ्घसस्थाहरूसँग पनि सहकार्य गरिएको छ । यस सम्बन्धी विवरण अनुसूची ७ मा समावेश गरिएको छ ।

## ४.१. स्रोतकेन्द्र

आयोग मानवअधिकार स्रोत केन्द्रमा पुस्तकालय र इन्टरनेट सुविधा प्रयोग गर्न चाहने जोकोहीका लागि विदाको दिनबाहेक अन्य दिन कार्यालय समयमा खुला रहँदै आएको छ । यस केन्द्रमा विशेषतः आयोगबाट प्रकाशित/उत्पादित सामाग्रीहरू, मानवअधिकारका विविध विषयसँग सम्बन्धित पुस्तक, जर्नल, दैनिक पत्रपत्रिका आदि रहँदै आएका छन् । वर्ष आयोगले मानवअधिकारसँग सम्बन्धित ३५७ प्रति पुस्तकहरू खरीद गर्नुको साथै २३८ प्रति पुस्तक र एवम् पत्रपत्रिकाहरू विभिन्न सङ्घसंस्थाहरूमार्फत उपहारस्वरूप प्राप्त गरेको थियो ।

आयोगले आफ्ना प्रकाशनहरू श्रोतकेन्द्रमार्फत वितरण गर्दै आएको छ । यस वर्ष आयोगले आफ्ना प्रकाशित र उत्पादित सामग्रीहरू वितरण गरेको छ । आयोगले सबै क्षेत्रीय कार्यालयहरू र उपक्षेत्रीय कार्यालय बुटवलमा आगामी आ.व.को प्रारम्भमा स्रोतकेन्द्रको स्थापना गर्नेछ । सो सम्बन्धी कार्य अन्तिम चरणमा रहेको छ ।

## ४.२. प्रकाशन/प्रशारण/वितरण

आयोगले मानवअधिकारका विविध विषयलाई समेटी प्रकाशन गरी तिनलाई मुलुकका विभिन्न भागमा वितरण गर्दै आएको छ । यस वर्ष आयोगले प्रतिवेदन अलावा विषयगत पुस्तिकाहरू प्रकाशनमा ल्यायो । आयोगले मानव अधिकारसम्बन्धी मुख्य नौ वटा सन्धिहरू सम्बन्धमा आयोगले गरेका काम र योगदान समेत उल्लेख गरी पृथक पृथक नौ वटा प्रतिवेदन प्रकाशित गरेको छ । यस अवधिमा प्रतिवेदन, विषयगत पुस्तिका, सन्धि सम्झौता आदि ३६ वटा प्रकाशन गरेको छ ।

यस अलावा आयोगको केन्द्रीय कार्यालयले आयोगको चिनारी एवम् गतिविधि झल्कने पुस्तिका एवम् पोष्टरहरू, मासिक रूपमा अंग्रेजी र नेपालीमा न्यूज बुलेटिन र मानव अधिकारपत्र प्रकाशन गरेको छ । यसका अतिरिक्त क्षेत्रीय कार्यालयहरू क्रमशः बिराटनगर, नेपालगञ्ज, पोखरा, धनगढी र उपक्षेत्रीय कार्यालय बुटवलले विभिन्न प्रकाशन गरेका छन् । रेडियो, टिभीबाट पनि आयोगले आफ्ना गतिविधि एवम् सन्देशहरू प्रशारण गरेको थियो । आयोगका प्रकाशनहरूको विवरण अनुसूची १० मा उल्लेख गरिएको छ ।

# परिच्छेद–५

# विभाग तथा महाशाखा सम्बन्धित विषयगत कार्यहरू

## ५.१. कानुन र अन्तर्राष्ट्रिय सन्धिसम्झौता सम्बन्धी

यस अवधिमा आयोगले ज्येष्ठ नागरिकसम्बन्धी ऐन तथा नियममा पुनरालोकन गरेको छ । मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा नेपाल सरकारलाई सिफारिस गर्ने र पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी सोको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने कार्यलाई निरन्तरता दिँदै आएको छ ।

यस वर्ष आयोगले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र बालअधिकारसम्बन्धी आवधिक प्रतिवेदन सम्बन्धी सुझाव नेपाल सरकारलाई पठाएको थियो । आयोगले त्यसै गरी विश्वव्यापी आवधिक प्रतिवेदन (UPR) को एक वर्ष पुगेको सन्दर्भमा प्राप्त सिफारिसहरूको कार्यान्वयसम्बन्धमा नेपाल सरकार, मानवअधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरू, मानवअधिकार संस्थाहरूबीच समीक्षाको लागि राष्ट्रिय भेला सम्पन्न गरेको थियो ।

मानवअधिकारसँग सम्बन्धित ऐनकानुन एवम् नीति निर्देशकको मस्यौदा तयारीको क्रममा आयोगले समय समयमा नेपाल सरकारलाई राय सुझाव उपलब्ध गराएको थियो । जसमा पुनर्स्थापना केन्द्र निर्देशिका, २०६८, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनत्तम मापदण्ड, २०६८, बालबालिका खोजतलास समन्वय केन्द्र निर्देशिका, २०६८ रहेका छन् ।

त्यसैगरी अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर सजाय (निर्धारण तथा कार्यान्वयन), संयुक्त राष्टसङ्घको प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन कार्ययोजना सम्बन्धमा भएको कानुनहरूको पुनरावलोकन सम्बन्धी प्रतिवदेन सम्बन्धमा नेपाल सरकार समक्ष रायसुझाव पेश गरेको थियो । राष्ट्रिय मानवअधिकार ऐन, २०६८ ले आयोगका कर्मचारीहरूको सम्बन्धमा कुनै पनि व्यवस्था नगरेकोले राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारीहरूको सेवा, शर्त र सुविधा सम्बन्धी अध्यादेश, २०६९ को मस्यौदा नेपाल सरकारलाई सिफारिस गरेको थियो ।

यस अवधिमा मानसिक स्वास्थ्यसम्बन्धी, ज्येष्ठ नागरिक सम्बन्धी, मानवअधिकारसम्बन्धी विधेयक, त्रिवर्षीय मानवअधिकार कार्ययोजना, विश्वव्यापी आवधिक समीक्षा लगायतका विषयहरूमा १० वटा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । आयोगलाई प्रतिवादी बनाई परेका चार मुद्दाहरूमा आयोगको तर्फबाट लिखित जवाफ दर्ता गरियो । आयोगलाई बालअधिकारसम्बन्धी महासन्धिको उजुरी प्रक्रियासम्बन्धी तेस्रो इच्छाधीन आलेखको नेपाल पक्ष बन्ने वा नबन्ने सम्बन्धमा अध्ययन प्रतिवेदन बुझाएको थियो । यसअलावा विभिन्न मानवअधिकार र कानुनसँग सम्बन्धित कार्यक्रमहरूमा सहभागिता जनाइएको थियो ।

## ५.२. नीति तथा योजना सम्बन्धी

आयोगको रणनीतिक योजना तर्जुमा र रणनीतिक योजनामा लेखिएका लक्ष्य तथा प्रगति हासिल गर्नको लागि नीति तथा योजना महाशाखाले काम गर्दै आएको छ । यस अवधिमा आ.व. २०६७-०६८ को वार्षिक कार्य प्रगती समिक्षा गोष्ठी, आ.व. २०६८-०६९ को वार्षिक कार्ययोजना तयारी गोष्ठीको आयोजना गरियो । यसैगरी आयोगको प्रथम चौमासिक र दोस्रो चौमासिक प्रगति समिक्षा गरियो । विभिन्न परियोजनासँग समन्वय गरी कार्यक्रमहरू तय गर्ने क्रममा सेभ द चिल्ड्रेन परियोजनाको कार्ययोजना निर्माणमा सहयोग तथा समन्वय गरियो । यस्तै आयोगको रणनीतिक योजना २०११-२०१४ को तर्जुमाको लागि सबै क्षेत्रीय र केन्द्रीय स्तरमा रणनीतिक योजना कार्यशाला गरी रणनीतिक योजनाको तयारी गरी प्रकाशन गरियो ।

रणनीतिक योजना तर्जुमा, लक्ष्य प्राप्ति लगायतका विषयमा क्षेत्रीय कार्यालयहरूमा भ्रमण गरी प्रगति विवरण लिइएको थियो । विभागहरू, महाशाखाहरू, तथा एकाइहरूसँगको परामर्शपछि आर्थिक व्यवस्थापन महाशाखावाट आ.व..२०६९-२०७० को लागि प्रस्तावित कार्यक्रम र वजेट निर्माण गरियो । आ.व. २०७०/२०७१–२०७१/२०७२ को वजेट प्रक्षेपण तथा राष्ट्रिय योजना आयोगले तयार गरेको तीन वर्षे आधारपत्रमा विकास र मानव अधिकारबीच समन्वय गर्ने सम्बन्धमा सहकार्य गरियो । त्यस्तै संक्षिप्त प्रतिवेदन तयारी एवम् आ.व. २०६७/२०६८ को केन्द्रीय कार्यालयको लक्ष्य प्रगति विवरणको तयारीको काम गरिएको थियो ।

## ५.३. अन्तर्राष्ट्रिय सम्बन्ध

मानवअधिकारको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय निकायहरू, मित्रराष्ट्रका दूतावासहरू तथा अन्य मुलुकका राष्ट्रिय मानवअधिकार आयोगहरूसँग आयोगले आवश्यकता अनुसार समन्वय गर्ने गर्दछ । आयोगले संयुक्त राष्ट्रसङ्घ अन्तर्गतका निकायहरूको साथमा

मानव अधिकार आयोगहरूको छाता सगंठन इन्टरनेशनल कोर्डिनेशन कमिटी (International Coordination Committee-ICC), मानव अधिकार आयोगहरूको एसिया प्रशान्त मन्च (Asia Pacific Forum of NHRIs) लगायत अन्तर्राष्ट्रिय निकायहरूसंग समन्वय गरियो । आयोगले विभिन्न तह र चरणमा मानव अधिकार तथा विकाससँग सम्बन्धित अन्तर्राष्ट्रिय निकाय,, मित्र राष्ट्रका राजदूताबास, दातृ निकायहरू लगायत मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्ने सङ्घसंस्था एवम् विशिष्ट कुटनैतिक तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूसँग व्यवसायिक सम्बन्धलाई निरन्तरता दिएको छ ।

संयुक्त राष्ट्रसङ्घीय निकायहरू, एपीएफ र आईसीसीसंग सूचना आदान प्रदान गरियो । समयसमयमा आयोगका अन्तर्राष्ट्रिय साभ्रेदारी सङ्घसंस्थाहरूवाट आयोगमा प्राप्त हुन आएका विभिन्न प्रश्नावली, एसेसमेन्टको सम्बन्धमा आफ्नो धारणा व्यक्त गरेको थियो ।

## ५.४. प्रशासन सम्बन्धी

आयोगको दैनिक एवम् आयोगसँग सम्बन्धित कार्यहरू सम्पन्न गर्नको लागि व्यवस्थापन गर्नु प्रशासन महाशाखाको प्रमुख कार्य रहेको छ । प्रशासनिक कार्यहरू जस्तैः हाजिरी व्यवस्थापन, कार्यालयसँग सम्बन्धित आवश्यकीय सामाग्रीहरूको व्यवस्थापन जस्ता कार्य गर्ने गरेको छ । मानवअधिकारको संरक्षण र सम्वर्द्धनसम्बन्धी कार्यहरूको लागि आवश्यक सम्पतिको व्यवस्थापन, मानव संशाधन व्यवस्थापन, कार्यकमहरूको लागि बजेट व्यवस्थापन गरि आएको छ ।

आयोगको कार्यालय मर्मतसम्भार, सरसफाइ, बगैँचा व्यवस्थापन, शिशुस्याहार केन्द्रका लागि आवश्यक सामग्रीहरूको व्यवस्थापन, चमेनागृह सुधारजस्ता कार्यहरू गरेको छ । आयोगको वार्षिक दिवस, अन्तर्राष्ट्रिय मानवअधिकार दिवस, आयोगसँग सम्बन्धित वा आयोजित दिवस एवम् कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्थापन गरेको थियो । यसै गरी मानवअधिकारको संरक्षण र सम्वर्द्धनसँग सम्बन्धित विभिन्न कार्यहरूसँग सम्पन्न गर्नमा सहयोग गरेको थियो । केही क्षेत्रीय र उपक्षेत्रीय कार्यालयको प्रशासनिक अनुगमन गरिएको छ । यस अवधिमा पनि आवधिक आपूर्ति तथा मर्मत सम्भार करारअन्तर्गत आ.व. ०६८/०६९ को लागि आयोगलाई आवश्यक पर्ने वस्तु खरिद गर्न आपूर्तिकर्ताहरूको सूचिकृत गरेको छ ।

कर्मचारीहरूका लागि "Training on Mediation Skills on Human Rights Issues", "Team Excellence through Appreciate Inquiry" लगायतका तालिमको आयोजना गरियो । आयोगका पदाधिकारी तथा कर्मचारीहरूलाई विभिन्न घरेलु एवम् बाह्य तालिममा मनोनयनको लागि सहयोग पुऱ्याउदै आएको छ ।

सूचना प्रविधिलाई आधुनीकीकरण गर्ने सम्वन्धमा आयोगको केन्द्रिय कार्यालय र क्षेत्रिय तथा उप-क्षेत्रिय कार्यालयहरूको डाटा केन्द्रीकृत गर्ने सन्दर्भमा कार्य भइरहेको छ । इन्टरनेट मार्फत WAN Connections भएकामा त्यसलाइ नयाँ प्रविधि विभिन्न Lease Line or VSAT र राउटर तथा मोडेम मार्फत WAN Connections गर्ने तर्फ पहल भएको छ । यसबाट आयोगमा भएका विभिन्न सफ्टवेयरहरूबाट तथ्याङ्क राख्न र त्यसलाई केन्द्रीकृत गर्नको लागि धेरै सहयोग पुग्न गएको छ ।

आयोगको कर्मचारीहरूको लेखाजोखा राख्ने उद्देश्यले बनाइएको PIS (Personnel Information System) Software पनि चालु छ । यस्तै आर्थिक प्रशासन शाखालाई पनि व्यवस्थित गर्न लेखासम्वन्धी Acct 2000 Software पनि संचालन भइरहेको छ । सुरक्षा शाखाले मानवअधिकार उल्लङ्घन, हनन एवम् ज्यादतिका घट्नाहरूलाई दैनिक, साप्ताहिक र मासिक रूपमा दस्तावेजीकरण गर्दै आएको छ । आयोगका कार्यालयहरूको सुरक्षास्थिति, भौतिक अवस्था निरीक्षण गरी सुझाव दिने जस्ता कार्य पनि भइरहेको छ । वैदेशिक कार्यक्रमहरूमा आयोगको सहभागितासम्बन्धी विवरण अनुसूची १२ मा दिइएको छ ।

## ५.५. महिला र बालबालिका सम्बन्धी

महिला र बालबालिका बेचविखनविरुद्ध विशेष समाधीक्षकको कार्यालयले मूलतः महिला र बालबालिका बेचविखनविरुद्ध कार्य गर्ने गर्दछ । यस कार्यालयले आ.व.२०६८/२०६९ मा महिला बालबालिका बेचबिखनरोकथाम तथा नियन्त्रणका लागि विभिन्न गतिविधिहरू सम्पन्न गरेको छ । महिला तथा बालबालिका समाज कल्याण मन्त्रालयको संयोजकत्वमा २०६८ भदौ २० गते सम्पन्न पाँचौ मानव बेचविखनविरुद्धको राष्ट्रिय दिवसमा सहभागिता जनाएको थियो । कार्यालयका कामकारबाहीलाई अझ प्रभावकारी रूपमा अगाडि बढाउन गठित प्राविधिक समितिको ३ वटा बैठक सम्पन्न गऱ्यो ।

समाधीक्षकको कार्यालयलेसन् २००९–२०१० को मानब बेचविखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन तयार गरी प्रकाशन गरेको थियो । सो प्रतिवेदन ६३ औं अन्तर्राष्ट्रिय मानब अधिकार दिवस (१० डिसेम्बर, २०११) मा आयोगद्धारा आयोजित औपचारिक कार्यक्रममा प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईज्यूबाट सार्वजनिक गरिएको थियो । कार्यालयले बेचविखनमा परी प्रभावित बन्न पुगेकाहरूको संरक्षणको लागि उद्दार, स्वदेश फिर्ति, पुनःस्थापना, पुनःएकीकरण सम्बन्धी राष्ट्रिय नीतिको आवश्यकता महसुस गरी व्यापक छलफलपश्चात् सो को मस्यौदा तयार गरेको थियो । सो मस्यौदालाई लागू गर्न २०६८/१०/११ मा आयोगले नेपाल सरकारलाई नीतिगत सिफारिस गरी सिफारिससहित पत्राचार गरेको थियो ।

आप्रवासनका विषयमा सबै सरोकारवालाहरूको एकीकृत धारणा बनाउनको लागी साथै आप्रवासन सम्बन्धी अन्तराष्ट्रिय सम्मेलनको पूर्व तयारीको लागि २०६८ चैत्र ६-७ मा २ दिने राष्ट्रिय कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । कार्यशालामा वैदेशिक रोजगारमा रहेका नेपालीहरूको अवस्था, राष्ट्रिय नीति ,नियम र आगामी दिनमा चाल्नुपर्ने कदमहरूलगायतका विषयमा छलफल केन्द्रित रहेको थियो ।

समाधीक्षकका कार्यालयले नेपाल सरकार महिला बालबालीका तथा समाज कल्याण मन्त्रालयद्धारा मस्यौदा गरिएको मानब बेचबिखनबिरुद्धको राष्ट्रिय कार्ययोजना २०६८ र मानब बेचविखन तथा ओसारपसारबाट पीडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणको लागी राष्ट्रिय न्युनत्तम मापदण्ड २०६८ मा कानून माहाशाखासग परामर्श गरी नेपाल सरकारलाई सुझाव पठाएको थियो । यसको साथै सन् २०११ को मानब बेचविखन

सम्बन्धी राष्ट्रिय प्रतिवेदन तयारीमा संलग्न रहेको छ । महिला तथा बालबालिका बेचविखन,रोकथाम, दमन र सजायसम्बन्धी संयुक्त राष्ट्रसंघिय इच्छाधीन आलेख, २००० हस्ताक्षर तथा अनुमोदनको लागि पहल भइरहेको छ ।

## ५.६. सूचना तथा सञ्चार सम्बन्धी

सूचना तथा सञ्चार शाखाले समय-समयमा विषयवस्तु, त्यसको सान्दर्भिकता, गाम्भिर्यता एवम् आवश्यकताको आधारमा यस वर्ष पनि प्रेस विज्ञप्ति/प्रेस नोट जारी गर्नुको साथै पत्रकार सम्मेलन गरेको थियो । यस वर्ष आयोगबाट ३१ वटा प्रेस विज्ञप्ति जारी भएका छन् भने ४ वटा प्रेस नोट जारी भएको छ र जसमा केन्दीय कार्यालयबाट २१ प्रेस विज्ञप्ति र ४ प्रेस नोट रहेका छन् भने क्षेत्रीय कार्यालयहरू क्रमशः विराटनगर, जनकपुर र नेपालगञ्जबाट २/२ वटा, पोखराबाट १ वटा र उपक्षेत्रीय कार्यालय जुम्लाले १ वटा, खोटाङ्गले १ वटा प्रेस विज्ञप्ति जारी गरेका छन् । यस अवधिमा जम्मा २ वटा पत्रकार सम्मेलन गरियो । यससम्बन्धी विवरण अनुसूची ११ मा उल्लेख गरिएको छ ।

## ५.७. आर्थिक प्रशासन सम्बन्धी

यससम्बन्धी पूर्ण विवरण अनुसूची १४ मा उल्लेख गरिएको छ ।

# परिच्छेद– ६

# आयोग र सरोकारवाला निकायहरूबीच सम्बन्ध

## ६.१. राष्ट्रिय स्तरमा सम्बन्ध

### ६.१.१. आयोग र राजनीतिक दल

आयोग र राजनीतिक दलहरूबीच आयोगको स्थापनाकालदेखि नै सम्बन्ध रहँदै आएको छ । आयोगले आफ्ना कार्यक्रमहरूमा राजनीतिक दलका नेताहरूलाई आमन्त्रण गर्ने, विषयवस्तु वा मुद्दामाथि आधिकारिक धारणा माग गर्ने गर्दै आएको छ । आयोगबाट दलहरूद्वारा आयोजित बन्द, हड्ताल, विरोध लगायतका कार्यक्रमहरूको अनुगमन गर्ने, घटनाविशेषमा अनुसन्धान गर्ने लगायतका कार्यहरू हुँदै आएका छन् । आयोगले मानवअधिकार उल्लङ्घन एवम् ज्यादतिका घट्नाविशेषमा छलफल, सिफारिस, पत्रकार सम्मेलन, पेस-विज्ञप्ति, पत्राचार एवम् विभिन्न कार्यक्रममार्फत दलहरूको ध्यानकर्षण गराउदै आएको छ ।

### ६.१.२. आयोग र व्यवस्थापिका/संसद्

विगतदेखि नै आयोग र व्यवस्थापिका/संसद्बीचको सम्बन्ध सुमधुर रहदै आएको छ । आयोग र मानव अधिकारसँग सम्बन्धित विषयमा छलफल एवम् पत्राचार हुँदै आएको अवस्था छ । मानवअधिकार आयोग ऐन २०६९ जारी हुनुपूर्व आयोगले संसदको उपसमितिको बैठकमा आफ्नो धारणा राखेको थियो । यसैगरी आयोगभित्र उठेका कतिपय विषयवस्तु एवम् मानवअधिकारका मुद्दामा आयोग र व्यवस्थापिका संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानव अधिकार समितिबीच छलफल भएको थियो ।

### ६.१.३. आयोग र नेपाल सरकार

आयोगको स्थापनाकालदेखि नै आयोग र नेपाल सरकारका बीच समन्वय र सहकार्य रहँदै आएको छ । आयोगको दैनिक कार्य संचालनको लागि आवश्यक पर्ने बजेट, कर्मचारीको तलब, कार्यकक्ष लगायत आधारभुत सुविधाहरू उपलब्ध गराउने दायित्व सरकारमा रहेको हुन्छ । त्यसै गरी मानव अधिकारको संरक्षण र प्रवर्द्धन एवम् आयोगका सिफारिस कार्यान्वयन गर्ने निकायको रूपमा सरकार रहेको हुनाले पनि सम्बन्ध रहनु स्वाभाविकै हो ।

यसै सन्दर्भमा आयोगले आवश्यकता, विषयवस्तुको गाम्भीयर्तलाई मध्यनर राखी समयसमयमा नेपाल सरकार, उच्चपदस्थ अधिकृतहरूलाई आमन्त्रण गरी मुलुकको मानव अधिकारको अवस्था, घटनाविशेष आदिको सम्बन्धमा छलफल एवम् आवश्यक निर्देशन दिँदै आएको छ । सिफारिस, पत्रकार सम्मेलन, पेस-विज्ञप्ति, पत्राचार एवम् विभिन्न कार्यकमममार्फत आयोगले सरकारलाई घच्घच्याउदै आएको छ ।

### ६.१.४. आयोग र अन्य आयोगहरू

आयोगले राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग लगायतका आयोगहरूसँग सहकार्य र समन्वय गरी आएको छ । आयोगले आफ्ना कार्यक्रमहरूमा अन्य आयोगका पदाधिकारीहरूलाई आमन्त्रण गर्ने, विषयवस्तु वा मुद्दामाथि आधिकारिक धारणा लिने, आवश्यक सहयोग गर्ने, आफू पनि आमन्त्रित कार्यक्रममा सहभागी हुने परिपाटी कायम छ । यसको साथै संयुक्त रूपमा कार्यक्रमहरू पनि हुँदै आएका छन् ।

### ६.१.५. आयोग र नागरिक समाज/गैरसरकारी संस्था/पेशागत सङ्घ-सङ्गठनहरू

नगरिक समाजलाई आयोगले मानवअधिकारको महत्वपूर्ण पहरेदारको रूपमा लिएको छ । मानव अधिकारको संरक्षण एवम् सम्वर्द्धन, संस्कृति विकासको लागि आयोगले नागरिक समाज, गैसस एवम् पेशागत सङ्घसङ्गठनहरूसँग विगतदेखिको सहकार्यलाई निरन्तरता दिँदै आएको छ । मानव अधिकारका विषयहरूमा विभिन्न संस्थाहरूसंग छलफल गर्ने, सहकार्यमा अनुगमन एवम् प्रवर्द्धन लगायतका कार्यहरू गर्दै आएको छ ।

विभिन्न सङ्घसंस्थाहरूबाट आयोगमा मानवअधिकार उल्लङ्घन एवम् ज्यादतिसँग सम्बन्धित उजुरी एवम् ज्ञापनपत्र दिने, आयोगद्वारा आयोजित कार्यक्रममा आमन्त्रण गर्ने, आफ्नो धारणा राख्न दिने, विभिन्न सुझावहरू लिने र आफू पनि आमन्त्रित कार्यक्रमहरूमा सहभागी भई आयोगको धारणा राख्ने जस्ता कार्यहरू हुँदै आएका छन् । यस बर्ष पनि आयोगले नागरिक समाज/गैरसरकारी संस्था/पेशागत सङ्घ-सङ्गठनहरूसँग मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यक्रमहरूमा सहकार्य गरेको थियो ।

### ६.१.६. अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू

मानवअधिकारको संरक्षण एवम् सम्वर्द्धनको लागि आयोगले आफ्नो सम्बन्ध अन्तर्राष्ट्रिय तहमा पनि बिस्तार गरेको छ । आयोग र संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय, आयोग र मानव अधिकार संस्थाहरूको एसिया प्रान्त मञ्च, आयोग र अन्य अन्तर्राष्ट्रिय सङ्घसस्था एवम् आयोग र अन्य देशका मानवअधिकार आयोगबीच सम्बन्ध कायम गरी अगाडि बढ्दै आएको छ ।

### ६.१.७. आयोग र संयुक्त राष्ट्रसङ्घीय उच्च आयुक्तको कार्यालय

संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्च आयोगको कार्यालय जेनेभाले आयोगको स्थापना कालदेखि नै आयोगलाई मानव अधिकार संरक्षण, सर्वद्धन तथा क्षमता अभिवृद्धिको लागि विभिन्न सहयोग गर्दै आएको छ । तत्कालिक द्वन्दको समयमा नेपाल सरकार र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्च आयोग सगं सन २००५ मा भएको सम्झौता बमोजिम उच्च आयोगको कार्यालय नेपालमा नै स्थापना भए पश्चात दुवै आयोगले मानव अधिकार उल्लंघनका घटनाहरूमा संयुक्त रूपमा अनुसन्धान तथा अनुगमन गर्ने तथा मानव अधिकारको वकालत तथा सर्वर्द्धनको निमित्त संयुक्त रूपमा विविध कार्यकमहरू संचालन गर्ने तथा प्रेस विज्ञप्तीहरू निकाली नेपाल सरकार र सम्बन्धित निकायहरूको ध्यानकर्षणको कार्य निरन्तर रूपमा गर्दै आईरहेका छन ।

आपसी सम्बन्धलाई सुदृढ बनाउन २००९ मा एक सहमति पत्रमा समेत हस्ताक्षर भई मानव अधिकार संरक्षण र संर्वद्धनको कार्यमा सहकार्य गर्ने प्रतिवद्धता समेत उल्लेख भएको थियो । हाल संयुक्त राष्ट्र संघिय मानव अधिकार उच्चआयुक्तको नेपाल स्थित कार्यालयको पदावधी समाप्त भई कार्यालय बन्द भएको अवस्थामा उच्चआयुक्तको जेनेभा स्थित कार्यालयसंग आयोग सम्पर्कमा रहि मानव अधिकार संरक्षण तथा सर्म्बद्धनको लागि उच्चआयुक्तले तयार गर्ने विभिन्न मानव अधिकारका दस्तावेजहरूमा मानव अधिकार संस्था NHRIs को तर्फवाट विभिन्न योगदानहरू गरिरहेको छ ।

### ६.१.८. आयोग र राष्ट्रिय मानवअधिकार संस्थाहरूको एसिया प्रान्त मञ्च

राष्ट्रिय मानव अधिकार संस्थाहरूको एशिया प्रशान्त मञ्चको सदस्यता प्राप्त गरेदेखि नै आयोगले एसिया प्रसान्त मञ्चद्वारा संचालित गतिविधिहरूमा प्रभावकारी र सकिय भूमिका निर्वाह गदै आएको छ । संयुक्त राष्ट्रसङ्घको साधारण सभाद्वारा पारित पेरिस सिद्धान्तअनुरूप स्थापना भएका स्वतन्त्र राष्ट्रिय मानव अधिकार संस्थाहरू सदस्य रहने यस मञ्चमा हालसम्म एशिया प्रशान्त क्षेत्रका मानव अधिकार आयोगहरू सदस्य रहेका छन् । यस संस्थाले क्षेत्रीय साझेदारी एवम् मानव अधिकारको संरक्षण र सम्वर्द्धनका निमित्त राष्ट्रिय संयन्त्रको स्थापना र विकासमा सहयोग पुऱ्याउँछ ।

गत बर्ष मन्चसगं आयोगले एक सहमती पत्रमा हस्ताक्षर गरी काठमाण्डौमा अर्न्तराष्ट्रिय स्तरको दक्षिण एसियाली मानव अधिकार आयोगहरूको सहभागितामा यातना विरुद्धको तालिमको आयोजना सफलतापुर्वक गरेको थियो । यस मन्चको सवै बैठक तथा बार्षिक सम्मेलनमा आयोगले सकियतापुर्वक आफनो धारणा राख्दै आएको छ । आयोगले यस मन्चको सन् २००४ मा एक बर्षको लागि अध्यक्ष भई सफलतापुर्वक अध्यक्षको पदभार पनि सम्हालेको थियो ।

### ६.१.९. आयोग र अन्य देशका आयोग

विदेशमा नेपाली नागरिकको मानव अधिकार उल्लंघन भएमा आयोगको क्षेत्राधिकार भित्र नपर्ने हुन्छ । यद्यपि मानव अधिकारको दृष्टिकोणवाट महत्वपुर्ण मानिएको उजुरीहरू उपर कारवाही गरी नेपाली नागरिकको मानव अधिकार संरक्षण गर्नको निमित्त त्यस्ता उजुरीहरूलाई कारवाही गरि नेपाली नागरिकको मानव अधिकार संरक्षण गराई पाउन

सम्बन्धित राष्ट्रको मानव अधिकार आयोगलाई अनुरोध गरी पठाउने गरेको छ । पठाईएका केही उजुरी र अनुरोधहरूमा सफलता समेत पाप्त भएको छ ।

### ६.१.१०. आयोग र अन्य अन्तर्राष्ट्रिय सङ्घसंस्था

आयोग गठन भएदेखि नै मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूबाट आयोगले विभिन्न सहयोग पाउदै आएको छ । मानव अधिकार संरक्षण र प्रबर्द्धन निमित्त बिभिन्न अन्तराष्ट्रिय सँघ संस्थाहरूसँग आयोगले सुसम्वन्ध कायम गर्दै आएको छ । एमनेष्टी इन्टरनेसनल, रेडक्रसको अन्तर्राष्ट्रिय समिती, यूरोपिएन कमिसन, सेभ द चिल्ड्रेन, एपीटी, द एसिया फाउण्डेशन, यूनिसेफ लगाएत अन्य विभिन्न अन्तर्राष्ट्रिय सँघ संस्थाहरूसँग मानव अधिकार संरक्षण, प्रबर्द्धन, अध्ययन लगायतका क्षेत्रमा आयोगले कार्य गर्दै आएको छ ।

आयोगले मानव अधिकार संरक्षणमा गरेका पहलहरूलाई मानव अधिकार आयोगहरूको छाता सगंठन एसिया प्यासिफिक फोरम, इन्टनेश्नल कोर्डिनेशन कमिटी तथा ओएचसिएचआर जेनभा लगातयका संस्थाहरूबाट समय समयमा सराहना व्यक्त गरिनुका साथै आयोगलाई सुदृढ गर्ने कार्यमा सहयोग पुऱ्याउने प्रतिवद्धता समेत ब्यक्त गर्दै आएका छन् ।

# परिच्छेद–७

# परियोजनाहरू

आयोगकका कामकारबाहीलाई प्रभावकारी रूपमा अगाडि बढाउन विभिन्न दातृ निकायहरूले परियोजनामार्फत सहयोग गर्दै आएका छन् । परियोजनाबाट विभिन्न तालिम तथा गोष्ठी, छलफल लगायतका कार्यमा सहयोग हुँदै आएको छ । मानव अधिकारको अनुगमन, अनुसन्धान, प्रकाशन, एवम् भौतिक साधन, उपकरण आदिमा पनि सहयोग उपलब्ध हुँदै आएको छ । परियोजना मार्फत यस वर्ष गरिएका कामको संक्षिप्त विवरण निम्न अनुसार छ ।

### ७.१. राष्ट्रिय मानवअधिकार आयोग क्षमता सवलीकरण परियोजना

यो परियोजना यूएनडीपीको सहयोगमा सञ्चालन हुँदै आएको छ । मानव अधिकारको संरक्षण एवम् सम्वर्द्धनको क्षेत्रमा आयोगद्वारा सञ्चालित कार्यक्रमहरू–अनुगमन, अनुसन्धान, सम्वर्द्धन, प्रकाशन एवम् प्रशारण लगायतका कार्यमा  यस परियोजनाले पनि सहयोग पुऱ्याउदै आएको छ । यस अवधिमा यस परियोजनाको सहयोगमा मानवअधिकारको संरक्षण एवम् सम्वर्द्धनसम्बन्धी कार्यक्रमहरू–कार्यशाला गोष्ठी, तालिम, छलफल, अन्तर्कियालगायतका कार्यक्रम सम्पन्न गरेको छ ।

परियोजनाको सहयोगमा नौ विषयगत पुस्तिका, मुख्य महासन्धिअन्तर्गतका अभिसन्धि, ऐच्छिक प्रलेख लगायतका सामग्रीहरू प्रकाशन भएका छन् । यसअलावा  रेडियो सगरमाथामामार्फत साप्ताहिक सचेतना रेडियो कार्यक्रम तथा नेपाल टेलिभिजन, कान्तिपुर, एभीन्यूज, सगरमाथा लगायत विभिन्न टेलीभिजन च्यानलहरूमार्फत मानव अधिकारमैत्री संविधान निर्माणका लागि सन्देशमूलक सूचनाहरू प्रवाह भएका थिए । मानवअधिकारसँग सम्बन्धित वृत्तचित्र निर्माण भएका छन् । परियोजनाकै सहयोगमा आयोगका कार्यालयहरूमा मानव अधिकार स्रोत केन्द्र खोली सो को लागि आवश्यक विद्युतीय लगायतका सामग्रीहरूको साथै पुस्तकहरूको व्यवस्था गरिएको छ ।

## ७.२. बालअधिकार परियोजना

सेभ द चिल्ड्रेनको सहयोगमा यो परियोजना सञ्चालित छ । परियोजनाको सहयोगमा आयोगले बालअधिकारसम्बन्धी कार्यशाला, गोष्ठी, तालीम, छलफल, अन्तरक्रिया लगायतका सम्वर्द्धनात्मक कार्यहरू गर्दै आएको छ । बालअधिकार अनुगमन एवम् बालअधिकार हननसम्बन्धी मुद्दामा आयोगले परियोजनाको सहयोगमा अनुसन्धान सम्बन्धी कार्यलाई पनि निरन्तर रूपमा अगाडि बढाउदै आएको छ । बालअधिकारको क्षेत्रमा आयोगद्वारा सम्पादित कार्यहरूलाई समेटी आयोगले नेपालमा बालअधिकारको अवस्थासम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशनलाई निरन्तरता दिँदै आएको छ ।

## ७.३ फिनल्याण्ड सरकारको सहयोगमा सञ्चालित परियोजना

आयोगका सम्वर्द्धनसम्बन्धी कार्यलाई अगाडि बढाउन यस परियोजनाले भूमिका खेल्दै आएको छ । विशेषतः सङ्क्रमणकालीन न्याय, आर्थिक तथा सामाजिक अधिकार, सुरक्षाकर्मीहरूलाई मानव अधिकारको क्षेत्रमा परियोजनाको सहयोग रहेको छ । कार्यशाला, गोष्ठी, तालीम, छलफल, अन्तरक्रिया आदि कार्यक्रममार्फत सम्वर्द्धनात्मक कार्यहरू गर्दै आएको छ । यस अवधिमा परियोजनामार्फत मानवअधिकार रक्षक, सङ्क्रमणकालीन न्याय र ज्येष्ठ नागरिकको अधिकारसम्बन्धी २/२ वटा तालिम सम्पन्न भएका छन् भने एउटा मानवअधिकारमुखी पद्दति सम्बन्धी तालिम सम्पन्न भएको छ ।

## ७.४. एसिया फाउण्डेशन परियोजना

यस परियोजनाले यस वर्ष सूचना प्रविधिमा सहयोग पुऱ्याउदै छ । एसिया फाउण्डेशनको सहयोगमा VMWare को Virtualization system Installed गरि Data/Files केन्द्रीकृत गरिएको छ । आयोगमा पर्ने उजुरीहरूलाई व्यवस्थित गर्नको लागि यस परियोजनाको सहयोगमा यस आर्थिक वर्षमा उजुरीहरूलाई System मा हाल्न बनाइएको CMRS (Complaint Management & Reporting System) मा सुधार गरिएको छ । त्यस्तै Thin Client System को Computers जसलाई Solar बाट चल्न सक्ने खालको IT सामग्री जडान गरिएको छ ।

# परिच्छेद–८

# समस्या र सुझावहरू

विगत वर्षमाझैं यस वर्ष आयोगले केही उपलब्धी हासिल गरेको छ भने कतिपय चुनौतीबाट गुज्रनुपरेको अवस्था रहचो । आयोगले गरेका प्रमुख उपलब्धि र व्यहोरेका चुनौतीहरूलाई संक्षेपमा देहाय अनुसार प्रस्तुत गरिएको छ ।

## ८.१ उपलब्धीहरू

मानवअधिकारको संरक्षण, सम्वर्द्धन एवम् परिपालनको क्षेत्रमा मानवअधिकार उल्लङ्घन एवम् ज्यादतिसम्बन्धी उजुरी ग्रहण, ती उजुरीउपर कारबाही प्रक्रिया अगाडि बढाउने क्रममा अनुगमन र अनुसन्धान गरी तथ्यको आधारमा आयोगले सम्बन्धित निकायलाई सिफारिस गर्दै आएको छ । आयोगमा परेका उजुरीउपर फछ्र्यौट कार्यलाई थप तीब्रताका साथ अगाडि बढाएको छ ।

मानवअधिकार सम्वर्द्धनको लागि एकल वा सहकार्यमा विभिन्न तालिम, गोष्ठी, अन्तर्क्रिया, छलफल लगायतका सम्वर्द्धनसम्बन्धी कार्यलाई पनि निरन्तरता दिँदै आएको छ । त्यसै गरी प्रतिवेदनमार्फत आयोगका गतिविधिहरू बाहिर ल्याउनुको साथै पहिलो पटक मानवअधिकारका नौ महत्वपूर्ण महासन्धिमा आधारित रही विषयगत पुस्तिका प्रकाशन गरेको छ । राजनीतिक आवरणमा आपराधिक प्रकृतिका मुद्दा फिर्ता, दण्डहीनताविरुद्ध, आयोगका सिफारिस कार्यान्वयन, मानवअधिकार आयोग ऐन २०६९ जारी हुनुपूर्व र तत्पश्चात् पनि आयोगले निरन्तर दबाब दिनुको साथै आफ्नो धारणा सार्वजनिक गर्दै आएको छ । यी उल्लिखित आयोगद्वारा सम्पादित कार्यहरूलाई आयोगले यस अवधिमा प्राप्त गरेका उपलब्धीको रूपमा लिन सकिन्छ ।

## ८.२ प्रमुख चुनौतीहरू

### ८.२.१. दण्डहीनताको अवस्था

दण्डहीनता कानुनी शासनको विपरीत अवस्था हो । दण्डहीनतामा कानुनले गर्नुभनेको कार्य नगर्ने र नगर्नु भनेको कार्य हुन्छ । मानवअधिकार एवम् मानवीय कानुनको गम्भीर उल्लडघनकर्तालाई कानुनी दायरामा नल्याउनु, अनुसन्धान नगर्नु, अभियोजन नगर्नु, एवम् र पीडितहरूलाई न्याय दिन नसक्नु वा इन्कार गर्नुलाई पनि दण्डहीनताको रूपमा लिइन्छ ।

१. बालबालिकाको दिर्घ जीवन, संरक्षण तथा विकासका अधिकारको दृष्टिकोणबाट नेपालगञ्ज स्थित भेरी अञ्चल अस्पतालमा उपचार गरिरहेकी रुकुम जिल्लाको विकट क्षेत्र काँडा गा.वि.स. वडा नं. ५ सेरावाङ घर भएकी १२ बर्षकी जमुना बुढामगरको स्वास्थ्य स्थिति अनुगमन गरिंदा उनको कुपोषणको समस्या गम्भिर अवस्था रहेको देखिन्छ । विकट क्षेत्रमा परिवार स्वास्थ्य तथा जनचेतनाको कमी, अत्याधिक गरिवी तथा अशिक्षा आदि कारणले यस्ता समस्या देखिने गरेका छन् । तथापी जमुना बुढामगरको कुपोषणको विशेष दुरावस्था असामान्य रहेको देखिएको छ । नियमित रूपमा निजको स्वास्थ्य पृष्ठभूमि र हालको स्वास्थ्य अवस्था सम्बन्धमा जानकारी लिने, निजको उपचार के कसरी भइरहेको भन्ने वारेमा जानकारी लिने, बालअधिकारको संरक्षणको लागि सम्बन्धित निकायलाई सुझाव दिने कार्य समेत आयोगले गरी रहेको थियो ।

निजको उपचारमा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी तथा घरपरिवारका सदस्यहरूसँगको छलफलबाट निजको अवस्थामा सुधार भइरहेको, राज्यले प्रदान गरेको निःशुल्क स्वास्थ्य सेवाको उपभोग गर्न पाईरहेको भएतापनि जमुना बुढामगर मात्र वर्तमान नेपालमा बालबालिकाको कुपोषणको ज्वलन्त प्रतिनिधि पात्रको रूपमा रहेको आयोगको जानकारीमा आएको देखिन्छ । नेपाल सरकार, संयुक्त राष्ट्र निकाय तथा बालअधिकार र स्वास्थ्यको क्षेत्रमा कार्यरत गैससका लागि यस किसिमका समस्याले उनीहरूको लगानी कार्यक्रम तथा कार्य पद्धतिलाई प्रश्न चिन्ह लगाउने सम्भावना रहेको हुँदा बालबालिकाको सन्दर्भ सबैभन्दा पहिले घरपरिवार, अभिभावक र त्यसपछि सबैको जिम्मेवारी रहेकोले यसका लागि सबैले आ-आफ्नो क्षेत्रबाट काम गर्नुपर्ने, जनचेतनाको विस्तार व्यापक रूपमा गरिनुपर्ने समेत देखिन्छ । तसर्थ निज बालिकाको स्वास्थ्यलाभ तथा पोषण पुर्नस्थापनाको लागि र देशभर कुपोषणबाट पीडित तथा प्रभावित बालबालिकाहरूका हकहीत संरक्षणको निम्ति आयोगको प्रारम्भिक अनुसन्धान प्रतिवेदन सहित निम्न सुझावहरू कार्यान्वयानार्थ नेपाल सरकारमा सिफारिश गर्नेः

(क) पीडित बालिकाको उपचारमा लाग्ने खर्च तथा परिवारको जीवनयापनको लागि बिशेष सहयोग गर्नुपर्ने ।

(ख) सरकारको निःशुल्क स्वास्थ्य नीति तथा बालबालिकाको स्वास्थ्य सम्बन्धी विशेष कार्यक्रमहरू भएतापनि विगत ८ बर्षदेखि उपचार नपाई कुपोषण लगायत अन्य रोगबाट निज ग्रसित हुनपरेको स्थितिमा नेपाल सरकारले उच्च पहाडी, हिमाली क्षेत्र तथा ग्रामीण क्षेत्रमा अनुगमन गरी त्यस्ता बालबालिकाहरूको लागि स्वास्थ्य उपचार र पोषण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।

(ग) ग्रामीण क्षेत्रमा कार्यरत स्वास्थ्य निकायका कार्यालय, तथा त्यस क्षेत्रमा कार्य गर्ने गैसस समेतलाई सक्रीय गराई समन्वयात्मक रूपमा काम गर्न गराउन र जनचेतनाको विस्तार व्यापक रूपमा गरिनु पर्ने ।

(घ) प्रत्येक जिल्लामा नेपाल सरकारले गम्भीर रूपमा कुपोषित बालबालिकाहरूको निम्ति पोषण पुर्नस्थापना केन्द्रहरूको स्थापना गर्नुपर्ने ।

(ङ) सहस्राब्दी विकास लक्ष्यको प्रथम लक्ष्य नै गरिवी र भोकमरीको उन्मूलन गर्ने रहेको छ । बालबालिकाका लागि १० वर्षीय राष्ट्रिय कार्ययोजना (२०६१/०६२–२०७१/०७२) ले शिक्षा, स्वास्थ्य र पोषणयुक्त खानेकुरा र अन्य क्षेत्रमा बालमैत्री वातावरणको निर्माण गर्ने प्रावधान रहेको छ । सहस्राब्दी विकास लक्ष्यहरूमा विश्वव्यापी प्राथमिक शिक्षा प्राप्त गर्ने, बाल मृत्युदर न्यूनीकरण गर्ने लगायत रहेको छ । तसर्थ ती राष्ट्रिय नीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी बालबालिकाको हकहीत संरक्षण गर्नु राज्यको दायित्व भएको हुँदा बाल कुपोषण न्यूनीकरण गर्न कार्यान्वयनको अवस्था के कस्तो रहेको छ, त्यसबारे नेपाल सरकारको प्रतिवेदन माग गर्ने ।

२. कपिलबस्तु जिल्ला शिवपुर गा.वि.स. बडा नं. ९ घर भई जिल्ला बाग्लुङ्ग नगरपालिका वडा नं. २ बस्ने एड्भोकेसी फोरम नेपाल, धौलागिरी कार्यालय, बाग्लुङ्गका कानुन अधिकृत बावुराम अधिकारीलाई मिति २०६६/३/८ गते प्रहरीले अमानविय तरिकाले कुटपिट गरी घाइते बनाएको भन्ने सम्बन्धमा दोषी प्रहरी

उपर आवश्यक कारबाही गरी उचित क्षतिपूर्ति दिलाउनको लागि आवश्यक पहल गरी पाउँ भनी मिति २०६६/३/१४ मा यस आयोगमा उजुरी दर्ता हुन आएकोमा आयोगको अनुसन्धानबाट उल्लेखित घटनामा प्रहरीको कुटपीट तथा यातनाबाट गहिरो शारीरिक चोट पुगेको, सोहि चोट कै कारण निजको विग्रदै गएको शारीरिक तथा मानसिक अवस्थाले आश्रित परिवारको पालन पोषणमा असर पर्न गएको र पीडितलाई थप उपचारको आवश्यकता देखिएको । अतः कुटपीटमा संलग्न प्रहरी उपर विभागीय कारबाही गर्न, घटनालाई ढाकछोप गर्न सहयोग गरि धम्की तथा विभिन्न प्रलोभन देखाउने तत्कालिन जिल्ला प्रहरी कार्यालय प्रमुखलाई समेत विभागीय कारबाही गर्न र पीडितलाई क्षतिपूर्ती स्वरूप रू. १ लाख उपलब्ध गराउन र सोहि घटनाको चोटबाट पीडितलाई पर्न गएको शारीरिक तथा मानसिक प्रभावको सम्बन्धमा उपचारको व्यवस्था मिलाउन नेपाल सरकारलाई लेखि पठाउने ठर्हछ ।

३. नेपाल पत्रकार महासङ्घ दैलेख शाखाका अध्यक्ष पुष्कर थापा, एभिन्युज टि.भी. का संवाददाता भूपेन्द्र शाही र हिमालयन टि.भी. का संवाददाता रत्न शाही र जि.वि.स. दैलेखका ना.सु. खगेन्द्र थापालाई मिति २०६८/०७/०१ गते राती अन्दाजी ९ बजेको समयमा प्रहरीद्धारा कुटपीट भएको भन्ने घटना सम्बन्धमा आवश्यक अनुसन्धान गरि दोषीलाई कारबाही गरीपाऊ भन्ने सम्बन्धमा मिति २०६८/६/२९ मा आयोगमा उजुरी प्राप्त हुन आएकोमा आयोगको अनुसन्धानबाट पत्रकार लगायतको व्यक्तिहरूलाई कुटपीट गरेको पाइएकोले घटनामा संलग्न नाम खुल्न आएका प्रहरी नायब निरिक्षकद्धय हरिबोल के.सी., सोभन राणा, प्रहरी सहायक निरिक्षक ईन्द्रबहादुर मल्ल, हवल्दार हरिलाल थापा मगर, प्रहरी जवान रन्जित खड्का लाई विभागिय कारबाही गर्न र पीडितहरूलाई जनही रू. २५ हजार क्षतीपुर्ती उपलब्ध गराउन नेपाल सरकारलाई लेखि पठाउने ठहर्छ ।

४. रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ५ बस्ने किरण शाहको स्थानीय गुड्डु शाहसँग २०६७ जेष्ठ १५ गते विवाह भएको निजको पति लगायत परिवारका सदस्यले विवाह पश्चात दाईजो नल्याएको भन्ने निहुँमा मानसिक यातना दिई आएको कारण मिति २०६८/४/१ मा आफ्नै घरभित्र निज किरण शाह भुण्डिएर आत्महत्या गरेको भनिएको घटनामा मिति २०६८/०४/१५ मा आयोगमा निष्पक्ष छानविनको विषयमा अनुगमन गरिदिने सम्बन्धमा उजुरी दर्ता हुन आएकोमा आयोगबाट अनुसन्धान भएको, यस मृत्युको घटना सम्बन्धमा प्रहरीद्धारा आवश्यक अनुसन्धान भई अदालतमा मुद्दा दायर भै विचाराधिन रहेकोले केहि गरिरहनु परेन तर दाईजो प्रथाको सामाजिक प्रभाव र विद्यमान कानुनी व्यवस्थाको विषयमा यस आयोगका सम्बन्धित महाशाखाहरू – अनुसन्धान महाशाखाको सहकार्यमा विधीविषय परामर्श महाशाखाबाट अनुसन्धान (Research) गरि राय सहित प्रतिवेदन आयोग समक्ष पेश गर्ने ।

५. काठमाडौं कुलेश्वरका प्रज्जवल बस्नेतले नेपाली सेनामा कार्यरत रहँदा नेपालमै पहिलो पटक मिति २०५७/११/४ गते Tandem Free Fall Jump गरेको कार्यलाई आधिकारीक रूपमा पुष्टि गराउन नेपाली सेनाभित्र रहेको कानुनी कार्यविधि बमोजिम नेपाली सेनाका परमाधिपति समक्ष निवेदन गर्दा सेनाको निकायहरूबाट निवेदन सुन्नुको सट्टा ७० दिनसम्म थुनामा राखी मानसिक रूपमा यातना समेत दिई प्रतिष्ठा माथि नै आँच आउने गरी व्यावसायीक र व्यक्तिगत मर्यादामा समेत आघात पुऱ्याउने कार्य भएको । राजिनामा दिँदा दिँदै राजिनामा स्वीकृत नगरी बर्खास्त गरी सेवा गर्नबाट वन्चित गरियो । छानविन समिति तथा जनरल सैनिक अदलात समक्ष वयान दिएकोमा प्रधान सेनापति महारथी प्यारजंग थापा तथा उक्त अदालतबाट कुनै सुनुवाई नभएको हुँदा विगत ५ वर्षदेखि इज्जत प्रतिष्ठा साथ बाँच्न पाउने अधिकारको हनन् भएकाले परमाधिपति अतिरथि परम सेनाधिपति, प्रधान सेनापति, जनरल सैनिक अदालत तथा छानविन समिति, नेपाली सेनाका विभिन्न अधिकृत तथा निकाय समक्ष पेश गरेको निवेदन र वयान उपर छानविन गरी आवश्यक कारबाही गरी पाउन तथा दोषी प्रधान सेनापति महारथी प्याजंग थापा लगायत निवर्तमान प्रधान सेनापति प्रज्वल शमशेर ज.व.रा., उपरथी गोविन्द वहादुर गुरुङ्ग, सहायक रथी विप्लव गुरुङ्ग र प्रमुख सेनानी राजु देवकोटा उपर सैनिक अदालतद्वारा कानुनबमोजिम आवश्यक कारबाही समेत गरी पाउँ भनि मिति २०६३/१/३१ गते आयोगमा उजुरी दर्ता भएको देखियो । उजुरीको अन्य व्यहोरा र मूल विषय सम्बन्धमा समेत विचार गर्दा सैनिक अदालतद्वारा कानुनबमोजिम कारबाही गरी पाउँ भन्ने कुरा आयोगको क्षेत्राधिकार भित्रको नदेखिदा केही गरिरहनु परेन । उजुरी टुंग्याउने निर्णय भयो ।

६. काभ्रेपलाञ्चोक जिल्ला उग्रचण्डी नाला गा.वि.स.वडा नं. ४, लगनटोल बस्ने लक्ष्मीलाल पोडेलाई मिति २०६२/७/१५ गते ने.क.पा.(माओवादी) का १०/१५ जनाको समूहमा रहेका व्यक्तिहरूले कन्चटमा

गोली हानी घाइते बनाएकोले उपचारको लागि बनेपा स्थित शीर मेमोरियल अस्पतालमा लगिएकोमा उपचारको क्रममा सोही राती मृत्यु भएकोले दोषीलाई कारबाही गरी पीडित परिवारलाई क्षतिपूर्ति दिलाउनको लागि आवश्यक पहल गरी पाउँ भनी मिति २०६२/७/२९ गते आयोगमा उजुरी दर्ता हुन आएकोमा आयोगको अनुसन्धानबाट उल्लेखित घटनामा तत्कालीन ने.क.पा.(माओवादी) का कार्यकर्ताहरूले सशस्त्र द्वन्द्वमा पालना गर्नुपर्ने जेनेभा महासन्धी र नेपाल कानुन समेतको उल्लंघन गरी लक्ष्मीलाल पोडेको हत्या गरेको देखियो । घटनामा संलग्न रहेका तत्कालीन ने.क.पा. (माओवादी) का कार्यकर्ताको पहिचान गरी कानुनबमोजिम कार्वाही गर्न र मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षँतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रू. तीनलाख क्षतिपूर्ति रकम उपलब्ध गराउन र निजका दुईजना नाबालिका छोरीहरूलाई निःशुल्क शिक्षाको समेत व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

७. काभ्रेपलान्चोक जिल्ला, रयाले गा.वि.स. वडा नं. ३ बस्ने राकेश भनिने जीवन रञ्जितकारलाई सुरक्षाफौजले पक्राउ गरी मिति २०६०/९/१ मा भूमिडाँडा गा.वि.स.को अमिलचौर इलाकामा लगि गोली हानी हत्या गरेको र लास बेपत्ता पारेकोले घटनाको यथार्थ छानविन गरी आफ्नो संस्कार अनुरूप लासको सदगत गर्न पाउँ भन्ने समेतको व्यहोरा उल्लेख गरी मिति २०६०/९/२१ गते आयोगमा उजुरी दर्ता हुन आएकोमा आयोगको कारबाही तथा अनुसन्धानबाट सेनाद्वारा जीवन रञ्जितकार र निजसंगै काभ्रेपलाञ्चोक जिल्ला, श्यामपाटी गा.वि.स. वडा नं. ९ बस्ने बालिका आरती भन्ने प्रेमकुमारी तामाङ्ग (लामा) लाई समेत ढुंखर्क गा.वि.स. स्थित यज्ञ प्रसाद तिमल्सिनाको घरबाट पक्राउ गरी यातना दिई डोरीले हात बाँधेर भूमीडाँडा गा.वि.स.को अमिलचौर इलाकाको जंगलमा लगि गोली हानी मारी दोहोरो भीडन्त भनी झुठो समाचार प्रचार प्रसार गरी गराई निजहरूको गैर न्यायिक हत्या गरेको पाइयो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कार्वाही गर्न तथा पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम मृतकद्वयहरूका हकवालाहरूलाई जनही रू. तीनलाखका दरले क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

८. रसुवा जिल्ला भोर्ले गा.वि.स. वडा नं. ५, ठूलोभोर्ले बस्ने कमान सिंह मोक्तानलाई मिति २०६०/१२/२५ गते राती ८:३० वजेको समयमा सोही स्थान बस्ने प्रेम तामाङ्ग, दमाई सिंह तामाङ्ग, हिरा लामा, हर्के तामाङ्ग (लाङदुङ), काले तामाङ्ग, बहिदार तामाङ्ग, सोही गा.वि.स. वडा नं. ७ बस्ने रेनुका मगर समेत १५/२० जनाका सङ्ख्यामा रहेका नेकपा माओवादी कार्यकर्ताहरूले कुटपीट गरी हत्या गरेकाले दोषीहरू माथि कार्वाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६३/१२/२० गते आयोगमा उजुरी दर्ता हुन आएकोमा आयोगबाट उक्त घटनाको अनुसन्धान हुँदा उल्लेखित घटनामा कमानसिंह मोक्तानको उल्लेखित तत्कालीन ने.क.पा. (माओवादी) का कार्यकर्ताहरूद्वारा कुटपीट गरी हत्या गरेको पाइएकोले हत्यामा संलग्न उल्लेखित ने.क.पा. माओवादी कार्यकर्ताहरूलाई मुलुकी ऐन ज्यान सम्बन्धि महलबमोजिम मुद्दा चलाई कार्वाही गर्न तथा पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिमका हकवालालाई रु तीनलाख क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

९. काभ्रेपलान्चोक जिल्ला होक्से गा.वि.स. वडा नं. ५, भँगेरी बस्ने सरला भन्ने चिनीमाया लामालाई मिति २०५५/१२/५ मा काभ्रेपलाञ्चोक जिल्लाको अनेकोट गा.वि.स. वडा नं. १ स्थित अर्जुन प्रसाद दाहालको घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीहरूले घरमा आगो लगाई गोली हानी मारेको, नीजसँगै अन्य ६ जना नेकपा माओवादी कलाकारहरूलाई पनि गोली हानी हत्या गरी सातैजना व्यक्तिहरूको लाशलाई पाँचखाल प्रहरी चौकीमा ल्याएकोले घटनाको छानविन गरी दोषीलाई कारबाही र पीडितका परिवारहरूलाई क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनि मिति २०६४/२/१६ गते आयोगमा उजुरी दर्ता हुन आएकोमा आयोगबाट अनुसन्धान हुँदा तत्कालीन ने.क.पा. (माओवादी) को सांस्कृतिक समूहमा कार्यरत काभ्रेपलान्चोक जिल्ला होक्से गा.वि.स.की चिनीमाया लामा, मेच्छे गा.वि.स.का च्याङ्वा लामा, सिन्धुपाल्चोक जिल्लाका डम्बर श्रेष्ठ, निर्मला देवकोटा, शुभद्रा सापकोटा, काभ्रेपलान्चोक अनेकोट गा.वि.स. का गुम्बासिं तामांङ र ठेगाना खुल्न नसकेकी मञ्जु कुँवर अनेकोट गा.वि.स. को मिठाराम दाहालको घरमा गई बसिरहेको अवस्थामा प्रहरीले निजहरू बसिरहेको घरमा आगो लगाएको । निजहरूले हात उठाई घरबाट बाहिर निस्कने क्रममा प्रहरीले पक्राउ गर्न सक्ने अवस्था हुँदा हुँदै पक्राउ

नगरी गोली हानि गैरन्यायिक हत्या गरेको पाइयो । घटनामा संलग्न दोषी प्रहरीहरू पत्ता लगाई कानुनबमोजिम कारबाही गर्न तथा पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम मृतकद्वयका कानुनबमोजिमका हकवालाहरूलाई जनही रू. तीनलाखका दरले क्षतिपूर्ति रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

१०. नुवाकोट जिल्ला कुमरी गाबिस वडा नं ६ बस्ने पार्वती पौडेललाई मिति २०६२/११/१६ गते गस्तीमा गएको सुरक्षाफौजबाट सोही जिल्लाको बेल्कोट गाबिस वडा नं ९ बाट लखेट्दै बेल्कोट वडा नं ५ ढुङ्गेनी भन्ने ठाउँमा पुऱ्याई पक्राउ पश्चात गोली हानी मारिएकोले निष्पक्ष छानवीन गरी पीडितलाई उचित क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६२/११/२८ गते आयोगमा उजुरी दर्ता हुन आएकोमा उक्त घटनाको आयोगबाट अनुसन्धान हुँदा सुरक्षाफौजले पक्राउ गर्न सक्ने अवस्था विद्यमान रहँदा रहँदै ५ महिनाकी गर्भिणी समेत रहेकी पार्वती पौडेललाई गोली हानी गैर न्यायीक हत्या गरेको पाइयो । घटनामा दोषी देखिएका तत्कालिन शाही नेपाली सेनाका उ.से. अजित प्रताप सिंह र प्र.ना.नि. मिनवहादुर तामाङ्गलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम मुद्दा चलाई कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम तीनलाख क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

११. सोलुखुम्बुमा चुनावी सभामा झडप, एक माओवादीको मृत्यु शीर्षकमा सोलुखुम्बु जिल्लाका तत्कालिन नेकपा (माओवादी) का भातृ संगठन वाई.सी.एल.का सदस्य गजेन्द्र भनिने गंगा वहादुर भुजेलको मृत्यु भएको भनि कान्तिपुर अनलाइन लगायत विभिन्न समाचार माध्यममा मिति २०६५/१/१८ गते प्रकाशित समाचारको आधारमा आयोगले आफ्नै स्वविवेकमा मिति २०६४/१/१८ गते उजुरी दर्ता गरी आयोगबाट उक्त घटनाको अनुसन्धान हुँदा सम्बन्धित निकायले समयमै आवश्यक सम्पूर्ण उपायहरू र सावधानी नअपनाएको कारण झडप हुन गई मिति २०६४/१२/१३ गते गंगा वहादुर भुजेलको प्रहरीको गोली लागि मृत्यु भएकोले निजको बाँच्न पाउने अधिकारको उल्लंघन भएको र नेपाली काँग्रेसका उम्मेदवार बलबहादुर केसी घाइते भएको पाइयो । उक्त घटनामा गोली चलाउन के कस्तो परिस्थितिको सिर्जना भएको हो सोको एकिन गरी दोषी पत्ता लगाई कानुनबमोजिम कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम तीनलाख क्षतिपूर्ति रकम उपलब्ध गराउन र घाइते भएका व्यक्तिलाई यथोचित उपचार खर्च भराई दिन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

१२. चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. २ हाँडी निवासी समन बहादुर वि.क.लाई मिति २०६२/५/३१ गते सुरक्षाकर्मीले पक्राउ गरी लगेकोमा मिति २०६२/६/१ गते जिल्ला प्रहरी कार्यालयबाट फोन आई सम्पर्क राख्न जाँदा चितवन राष्ट्रिय निकुञ्जमा सोधपुछका लागि लगिएको र मिति २०६२/५/३१ गते घाँटीमा पासो लगाई आत्महत्या गरेको भनि परिवारलाई मौखिक जानकारी दिएकाले घटनाको छानविन गरी पाउँ भनि मिति २०६२/६/११ गते आयोगमा उजुरी दर्ता भएको । यसमा चितवन राष्ट्रिय निकुञ्जमा रहेका समन वहादुर वि.क.लाई पालो पहरामा वसेका राष्ट्रिय निकुञ्जका कर्मचारीहरूले वा अरु कसैबाट यातना दिएको भन्ने कुरा वा निजको गैरन्यायिक हत्या भएको भन्ने निजसँग थुनामा रहेका अन्य व्यक्तिहरूको भनाईबाट नदेखिएको र निज हिरासतमा रहेको कोठामा रहेको शौचालयमा झुण्डि मरेको पोष्टमार्टम प्रतिवेदनबाट समेत देखियो । आफ्नो हिरासतमा रहेको व्यक्तिको सम्बन्धमा पर्याप्त निगरानी राख्नुपर्ने, समयमै आवश्यक सतर्कता अपनाउनुपर्ने सो नगरेकाले आफै झुण्डी निजको मृत्यु हुन गएको देखियो । सम्बन्धित पालो पहरामा रहेका व्यक्तिलाई विभागिय कारबाही गर्न तथा मृतक पुपर्क्षको लागि हिरासतमा रहेको अवस्था भएको हुँदा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु १ लाख क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

१३. जिल्ला चितवन जगतपुर गा.वि.स. ७ बस्ने झाक्री माइला भन्ने लालबहादुर तामाङ्गलाई गैडा मारेको अभियोगमा मिति २०६३/७/२५ गते चितवन राष्ट्रिय निकुञ्ज कसरामा थुनामा राखेको र मिति २०६३/७/२८ गते निकुञ्जका कर्मचारीहरूले यातना दिएका कारण मृत्यु भएकोमा आत्महत्या गरेको

भनि झुठो व्यहोरा वनाएकाले उक्त घटनाको छानविन गरी पाउँ भनि मिति २०६३/८/४ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट चितवन राष्ट्रिय निकुञ्ज कसरामा रहेका लालबहादुर तामाङ्गलाई पालो पहरामा वसेका राष्ट्रिय निकुञ्जका कर्मचारीहरूले अरु कसैबाट यातना दिएको भन्ने कुरा वा निजको गैरन्यायिक हत्या भएको भन्ने निजसँग थुनामा रहेका अन्य व्यक्तिहरूको भनाईबाट नदेखिएको र निज हिरासतमा रहेको कोठामा रहेको शौचालयमा झुण्डि मरेको पोष्टमार्टम प्रतिवेदनबाट समेत देखियो । आफ्नो हिरासतमा रहेको व्यक्तिको सम्बन्धमा पर्याप्त निगरानी राख्नुपर्ने, समयमै आवश्यक सतर्कता अपनाउनुपर्ने सो अपनाउन नसकेको देखिएकोले आफै झुण्डी निजको मृत्यु हुन गएको देखियो । सम्बन्धित पालो पहरामा रहेका व्यक्तिलाई विभागिय कारबाही गर्न तथा मृतक पुपर्क्षका लागि हिरासतमा रहेको अवस्था देखिदा निजको कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रु १ लाख क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

१४. भारतको उडिसा राज्यमा वसोवास भै काठमाडौंमा रहेका आफन्तलाई भेट गर्न आएका आदर्शमन्यू रायलाई ५ जून, २००१ मा कर्फ्यू लगाएको समयमा विदेशी भई थाहा नपाई निर्दोष व्यक्तिको प्रहरीको गोलीबाट मृत्यू भएको देखियो । प्रहरीबाट गोली चलाउनु पूर्व कुनै चेतावनी दिएको भन्ने समेत पुष्टि नभएकाले मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु तीन लाख क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो । निर्णयको जानकारी भारतको उडिसा मानव अधिकार आयोग र भारतीय राजदुतावासलाई दिनु ।

१५. मिति २०६८/३/१२ गते काठमाडौं शंकरदेव क्याम्पसमा प्रहरीद्वारा प्रवेश गरी अत्यधिक बल प्रयोग गरी क्याम्पसका विद्यार्थी तथा कर्मचारीहरूलाई कुटपिट तथा भौतिक सम्पति क्षति भएको भन्ने घटनाको सम्बन्धमा घाइतेहरूको घाउ जाँच फाराम माग गरी प्राप्त भएपछि पुनः पेश गर्न ।

१६. सिन्धुली जिल्ला डाडी गुराँसे गा.वि.स. २ गुराँसे बस्ने रुपेश भण्डारीको १४ वर्षको हुँदा पत्रकार बलराम वानियाँले ललाई फकाई गरी भारत लगि जवरजस्ती किड्नी झिकी आफ्नो दाई रामबहादुर वानियाँलाई हालि दिएको हुनाले अस्वस्थ बनेकाले क्षतिपूर्ति तथा दोषीलाई कारबाही गरी पाउँ भनि मिति २०६६/५/२१ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा निजले राजीखुशीका साथ शरीरको मिर्गौला थान १ दान स्वरूप रामबहादुर वानियाँलाई प्रदान गरेको भनि सहिछाप गरेको कागज र निवेदकले नै मिति २०६६/५/२१ मा आयोग समक्ष दर्ता गरेको उजुरीमा कुनै कारबाही अगाडी नवढाई दिनुहुन भनि मिति २०६६/७/२० मा निवेदन दर्ता गराएको मिशिल संलग्न कागजातबाट देखिदा प्रस्तुत उजुरीमा केही गरिरहनु परेन । उजुरी टुंग्याउने निर्णय गरियो ।

१७. वर्दिया जिल्ला देउडाकला गा.वि.स. ९ ककौरा बस्ने धमेन्द्र कुमार अधिकारी तत्कालीन ने.क.पा. माओवादी र नेपाली सेना विच मिति २०६१/९/७ गते कर्णाली चिसापानीमा भएको दोहोरो भीडन्तमा परी बेपत्ता भएकाले खोजतलाश गरी पाउँ भनि मिति २०६२/३/१४ गते आयोगमा उजुरी दर्ता भएको । यसमा आयोगको अनुसन्धानबाट निजको हालसम्म अवस्था अज्ञात देखिदा अनुसन्धान जारी राखी निजका कानुनबमोजिमका हकवालालाई रु १ लाख अन्तरिम राहत स्वरूप उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

१८. चितवन जिल्ला पदमपुर २ बस्ने टंक चौधरीलाई मिति २०५९/३/१ गते राष्ट्रिय निकुञ्ज चिवतनका सुरक्षाकर्मीले पक्राउ गरी गोली हानि हत्या गरेकाले घटनाको छानविन गरी दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६३/५/१ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज चौधरीलाई घरबाट सुरक्षा निकायका नेपाली सेनाले पक्राउ गरी लगेको पुष्टि भएको । निज मुठभेडमा मारिएको भनि सेनाले जानकारी गराएको भएपनि सो पुष्टि हुने कुनै आधार प्रमाण नरहेको, गैर कानुनी तरिकाले पक्राउ गरेको, भीडन्तमा मरेको भए परिवारलाई सद्गतको लागि लाश बुझाउनुपर्ने सो पनि गरेको नदेखिएकोले सुरक्षा निकायका व्यक्तिले लापरवाहीपूर्वक नागरिकको बाँच्न पाउने अधिकार हरण गरेकाले त्यसरी हत्या गर्ने सुरक्षा निकायका व्यक्ति माथि कानुनबमोजिम कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को

नियम १७ बमोजिम रु तीनलाख क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

१९. चितवन जिल्ला जुटपानी ६ बस्ने अनिल घिसिङ्गको मिति २०५९/३/१ गते राष्ट्रिय निकुञ्ज चितवनका सुरक्षाकर्मीले पक्राउ गरी गोली हानि हत्या गरेकाले घटनाको छानविन गरी पाउँ भनि मिति २०६३/५/१ गते आयोगेमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज घिसिङ्गलाई घरबाट सुरक्षा निकायका नेपाली सेनाले पक्राउ गरी लगेको कुरा पुष्टि भएको । निज मुठभेडमा मारिएको भन्ने सेनाले जानकारी गराएको भनि चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले जानकारी गराएको भएपनि सो पुष्टि हुने प्रमाण नरहेको, गैरकानुनी पक्राउ गरेको, भीडन्तमा मरेको भए परिवारलाई सदगतका लागि लाश बुझाउनुपर्नेमा जवरजस्ती जंगलमा खाल्डो खन्न लगाई लाश पुर्न लगाएकोले सुरक्षा निकायका व्यक्तिले लापरवाहीपूर्वक नागरिकको बाँच्न पाउने अधिकार हरण गरेकाले त्यसरी हत्या गर्ने सुरक्षा निकायका व्यक्ति माथि कानुनबमोजिम कारबाही गर्न तथा पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम कानुनबमोजिमका हकवालालाई क्षतिपूर्ति वापत रु. तीनलाख क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

२०. चितवन जिल्ला रत्ननगर बस्ने प्रेमवहादुर लामालाई २०५९/५/१० गते राष्ट्रिय निकुञ्ज चितवनका सुरक्षाकर्मीले पक्राउ गरी गोली हानि हत्या गरेकाले घटनाको छानविन गरी दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६३/५/१ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निजलाई घरबाट सुरक्षा निकायका नेपाली सेनाले पक्राउ गरी लगेको कुरा पुष्टि भएको । निज मेठभेडमा मारिएको भनि सेनाले जानकारी गराएको भएपनि सो पुष्टि हुने कुनै आधार प्रमाण नरहेको, गैरकानुनी तरिकाले पक्राउ गरेको, भीडन्तमा मरेको भए परिवारलाई सदगतको लागि लाश बुझाउनुपर्ने सो पनि गरेको नदेखिएकोले सुरक्षा निकायका व्यक्तिले लापरवाहीपूर्वक नागरिकको बाँच्न पाउने अधिकार हरण गरेकाले त्यसरी हत्या गर्ने सुरक्षा निकायका व्यक्ति माथि कानुनबमोजिम कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रु तीनलाख क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

२१. जिल्ला चितवन पदमपुर गा.वि.स. २ जितपुर बस्ने धनवहादुर वाइवालाई मिति २०५९/५/९ गते चितवन राष्ट्रिय निकुञ्ज कसरा तथा नेपाली सेना देवीदत्त गणबाट आएका सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेकाले खोजतलाश गरी पाउँ भनि मिति २०६३/५/२८ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निजलाई घरबाट सुरक्षा निकायका नेपाली सेनाले पक्राउ गरी लगेको कुरा पुष्टि भएको । निजको सुरक्षाको कारबाहीमा मारिएको भन्ने सेनाले जानकारी गराएको भनि चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले जानकारी गराएको भएपनि सो पुष्टि हुने कुनै आधार प्रमाण नरहेको, गैरकानुनी तरिकाले पक्राउ गरेको, सुरक्षा कारबाहीमा मरेको भए परिवारलाई सदगतको लागि लाश बुझाउनुपर्ने सो पनि गरेको नदेखिएकोले सुरक्षा निकायका व्यक्तिले लापरवाहीपूर्वक नागरिकको बाँचन पाउने अधिकार हरण गरेकाले त्यसरी हत्या गर्ने सुरक्षा निकायका व्यक्ति माथि कानुनबमोजिम कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली, २०५७ को नियम १७ बमोजिम रु तीनलाख क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

२२. चितवन जिल्ला पदमपुर गा.वि.स. वडा नं. १ जितपुर स्थायी घर भएका श्यामबहादुर लोप्चालाई मिति २०५९/५/९ गते चितवन राष्ट्रिय निकुञ्ज र देवीदत्त गण नेपाली सेनाका सुरक्षाकर्मीका व्यक्तिहरूले पक्राउ गरी लगेकाले घटनाको छानविन गरी दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६३/५/२८ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निजलाई सुरक्षा निकायका नेपाली सेनाले पक्राउ गरी लगेको कुरा पुष्टि भएको । निजको मुठभेडमा परी मारिएको भनि सेनाले जानकारी गराएको भनि चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट जानकारी गराएको भएपनि सो पुष्टि हुने कुनै आधार प्रमाण नरहेको, गैरकानुनी तरिकाले पक्राउ गरेको, भिडन्तमा मरेको भए परिवारलाई सदगतको लागि लाश बुझाउनुपर्ने सो पनि गरेको नदेखिएकोले सुरक्षा निकायका व्यक्तिले लापरवाहीपूर्वक नागरिकको बाँच्न पाउने अधिकार हरण गरेकाले

त्यसरी हत्या गर्ने सुरक्षा निकायका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रु तीनलाख क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

२३. चितवन जिल्ला पदमपुर गा.वि.स. १ जितपुर बस्ने रामवहादुर प्रजालाई मिति २०५९/२/२९ गते चितवन राष्ट्रिय निकुञ्ज र नेपाली सेना देवीदत्त गणका सुरक्षाकर्मीले पक्राउ गरी लगेकाले खोजतलाश गरी पाउँ भनि मिति २०६३/५/२८ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निजलाई घरबाट सुरक्षा निकायका नेपाली सेनाले पक्राउ गरी लगेको कुरा पुष्टि भएको । निजको दोहोरो मुठभेडमा मारिएको भन्ने सेनाले जानकारी गराएको भनि चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले जानकारी गराएको भएपनि सो पुष्टि हुने कुनै आधार प्रमाण नरहेको, गैरकानुनी तरिकाले पक्राउ गरेको, भीडन्तमा मरेको भए परिवारलाई सदगतको लागि लाश बुझाउनुपर्ने सो पनि गरेको नदेदिएकोले सुरक्षा निकायका व्यक्तिले लापरवाहीपूर्वक नागरिकको बाँच्न पाउने अधिकार हरण गरेकाले त्यसरी हत्या गर्ने सुरक्षा निकायका व्यक्ति माथि कानुनबमोजिम कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रु तीनलाख क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

२४. जिल्ला चितवन पदमपुर २ जितपुर बस्ने झलेन्द्र गुरुङ्गलाई मिति २०५९/५/९ गते सुरक्षाकर्मीले पक्राउ गरी लगेको हालसम्म कुनै जानकारी नदिएकाले खोजतलाश गरी पाउँ भनि मिति २०६३/५/२८ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निजलाई घरबाट सुरक्षा निकायका नेपाली सेनाले पक्राउ गरी लगेको कुरा पुष्टि भएको । निजको मुठभेडमा मारिएको भनि सेनाले जानकारी गराएको भनि चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले जानकारी गराएको भएपनि सो पुष्टि हुने कुनै आधार प्रमाण नरहेको, गैरकानुनी तरिकाले पक्राउ गरेको, भीडन्तमा मरेको भए परिवारलाई लाश सदगतका लागि बुझाउनुपर्नेमा सो पनि गरेको नदेखिएकोले सुरक्षा निकायका व्यक्तिले लापरवाहीपूर्वक नागरिकको बाँच्न पाउने अधिकार हरण गरेकाले त्यसरी हत्या गर्ने सुरक्षा निकायका व्यक्ति माथि कानुनबमोजिम कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम रु तीनलाख क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

२५. जिल्ला रामेछाप वाम्ती भण्डार गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई काठमाडौं नयाँ बानेश्वर बस्ने वर्ष २२ का शुसिल (कुमार) बस्नेत मिति २०६०/९/२ गते विहान कलेज गएपछि फर्केर नआएकाले खोजतलाश गरी पाउँ भनि मिति २०६०/९/१५ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज सुशिल (कुमार) बस्नेत भन्ने व्यक्तिको बाबुले छोरा कलेज गएपछि फर्केर नआउकाले निजको खोजतलाश गरी पाउन आयोगमा निवेदन दिएकोमा निजको लाश काठमाडौंको चन्द्रगिरीमा भेटी त्रि.वि. अस्पतालमा ल्याई परिवारलाई लाश जिम्मा दिएको देखियो । निजलाई तत्कालीन ने.क.पा. माओवादी वा नेपाल सरकारका सुरक्षाकर्मीले बेपत्ता पारी हत्या गरिएको भनि कहि कर्तबाट प्रमाणित हुन नआएको र निजले विष सेवज गरी मृत्यु भएको भन्ने देखिदा यस उजुरी उपर केही गरिरहनु परेन । उजुरी टुंग्याउने निर्णय गरियो ।

२६. जिल्ला मुगु गाविस सेरी–९ बस्ने नन्दादेवी शाही मल्ल मिति २०५९/२/२१ गते सोही जिल्लाको कालिका मावि श्रीकोट बुगामा पढाउन जान लगेको समयमा नेकपा माओवादीका कार्यकर्ता र सुरक्षाकर्मीवीच भिडन्त हुँदा सुरक्षाकर्मीको गोली लागी घाइते भई क्षतिपूर्तिका लागि जिल्ला प्रशासन कार्यालय, मुगुमा गएकोमा कुनै कारबाही नभएकाले आवश्यक पहल गरी पाउँ भनी मिति २०६१/८/२२ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा नेपाली सेनाले नेकपा माओवादीका कार्यकर्ता माथि गोली चलाउँदा स्कुल गइरहेकी शिक्षिका निज नन्दादेवी शाहीलाई गोली लागी घाईते हुन गएकोले निर्दोष व्यक्ति परेको हुनाले निजलाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम २० बमोजिम रू. एक लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

२७. जिल्ला जुम्ला तलिउम गाविस–१ श्रीदुस्का बस्ने मनप्रसाद उपाध्यायलाई मिति २०६०/११/१९ गते नेकपा माओवादीको समूहले अपहरण गरी हत्या गरेकोले दोषीलाई कारबाही तथा पीडित परिवारलाई

क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६१/७/२२ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज मनप्रसाद उपाध्यायको नेकपा माओवादीका एरिया इञ्चार्ज प्रविणको नेतृत्वमा आएका समुहले मिति २०६०/११/१९ गते अपहरण गरी मिति २०६०/११/२२ गते सोही जिल्लाको रारालिही गाविसको सेरीभिरबाट तिला नदीमा खसाली हत्या गरेको देखिंदा घटनामा संलग्न दोषी तत्कालिन नेकपा माओवादीका एरिया इञ्चार्ज प्रविण र घटनामा संलग्न रहेका अन्य व्यक्तिहरूको नाउँ निजबाट खोलाई उनीहरू मसेत माथि मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम कानुनबमोजिमका हकवालालाई रू. तीन लाख क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

२८. जिल्ला जुम्ला हाँकु गाविस वडा नं. ७ घर भएका जयलक्ष्मी भन्ने सरस्वती पाण्डेलाई मिति २०५९/५/२९ गते नेकपा माओवादीका हिमाल भन्ने गणेश गौतम, पर्वत भन्ने मनिकेश गौतमले कुटपीट गरेको सोही कुटपीटबाट मिति २०५९/५/२९ गते निजको मृत्यु हुन गएकाले घटनाको छानवीन गरी दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३/६/५ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज पाण्डेलाई नेकपा माओवादीका कार्यकर्ताहरू हिमाल भन्ने हिमाल भन्ने गणेश गौतम र मनिकेश गौतमले मिति २०५९/५/२७ गते घरबाट नियन्त्रणमा लिई कुटपीट गरेको, सोही कुटपीटबाट अशक्त भई मिति २०५९/५/२९ गते निज जयलक्ष्मी भन्ने सरस्वती पाण्डेको मृत्यु हुन गएको देखिंदा घटनामा संलग्न उल्लेखित नेकपा माओवादीका कार्यकर्ताहरूमाथि मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु तीन लाख क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन र निजको नावालक छोरालाई पठनपाठनको निःशुल्क व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

२९. जिल्ला जुम्ला तातोपानी गाविस ३ वाइरा बस्ने वर्ष २९ का हरिभक्त नेपाली र निजको साला नाता पर्ने कालीकोट जिल्ला मान्मा गाविस ४ ओखरभिट्टा घर भएका वर्ष १९ का दले नेपालीलाई मिति २०५४/१/१८ गते सामान किनेर घर फर्कदै गर्दा स्थानिय निर्वाचनको सुरक्षाका लागि वसेको प्रहरीको टोलीले गोली हानी हत्या गरेकाले छानवीन गरी क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६४/१/२३ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा नेकपा माओवादीले प्रहरी पोष्टमा सुतली बम पड्काएको हुनाले प्रहरी तनावपूर्ण अवस्थामा रहेको । यी दुवै जना रक्सी खाई हल्ला गर्दै आईरहेको अवस्थामा पुनः हमला गर्न आईरहेको हुन की भनि अनुमान गरी प्रहरीले गोली चलाउँदा निजहरूको मृत्यु हुन गएकोले मृतकद्वयका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ (३) बमोजिम जनही रू. तीन लाखका दरले क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

३०. जुम्ला जिल्ला कडारी गाविस वडा नं. ४ का धनजीत सुनार र परिमल सुनारलाई मिति २०५९/७/२४ गते बोहरा गाउँबाट सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेकाले खोजतलाश गरी पाउँ भनी मिति २०६३/२/७ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा निजहरू धनजीत सुनार र परिमल सुनारलाई प्रहरीले पक्राउ गरी तत्कालिन शाही नेपाली सेनालाई बुझाएकोमा हालसम्म निजहरूको स्थिति अज्ञात रहेकाले निजहरूको हकमा अनुसन्धान जारी राखी पीडितहरूका कानुनबमोजिमका हकवालालाई जनही रू. १ लाखका दरले अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

३१. नेपालगंज, उजुरी नं. ६८३, जिल्ला बाँके फत्तेपुर गाविस वडा नं. १ बस्ने पाटनदिन लोहारलाई मिति २०५८/८/१३ गते जिल्ला प्रहरी कार्यालय, बांकेबाट गएका प्रहरी सुरक्षाकर्मीले गोली हानी हत्या गरेकाले दोषीलाई कारबाही गरी क्षतिपूर्ति दिलाई पाउं भनी मिति २०६२/१०/३० गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज पाटनदीन लोहार घरमा फलाम सम्बन्धी काम गरिरहेकोमा दिशा गर्न गएको अवस्थामा सुरक्षाकर्मिले घेरा हाली गोली चलाई हत्या गरी लास लिएर गएको देखियो । यस घटनामा संलग्न दोषी सुरक्षाकर्मिको पहिचान गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव

अधिकार आयोग ऐन, २०६८ को दफा १६ (५) बमोजिम रू.तीन लाख क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

३२. जुम्ला, उजुरी नं. ४, जुम्ला जिल्ला तातोपानी गाविस वडा नं. २ राँका बस्ने मनिराम धरालालाई मिति २०६१/५/१७ गते आफ्नै घरको छतमाथि जौ चुटीरहेको बेला संयुक्त सुरक्षाफौजले पक्राउ गरी कुटपीट गर्दै लाम्रा गाविस ७ बांजारावलामा लगि गोली हानी हत्या गरेकाले घटनाको छानवीन गरी पीडकलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउं भनी मिति २०६२/१०/१२ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा निज मनिराम धरालाले सुरक्षाकर्मी माथि सकेट बम फाली भाग्न लाग्दा सुरक्षाफौजको कारबाहीमा परी मृत्यु भएको भन्ने सेनाको भनाई पुष्टि हुने आधारप्रमाण
देखिएन । निज धरालालाई सुरक्षाकर्मीले पक्राउ गरीसकेपछि कानुनबमोजिम कारबाही गर्नुपर्नेमा सो नगरी आफ्नो नियन्त्रणमा लिई गोली हानी गैरन्यायिक हत्या गरेको देखिन आएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मिको पहिचान गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (५) बमोजिम रू.तीन लाख क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

३३. नेपालगंज, उजुरी नं. ४९, जिल्ला रोल्पा कोटगाउँ गाविस-४ गैरावारी बस्ने लाटा दमाईलाई मिति २०५९/२/१६ गते नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी लगेकोमा सफाया गरिसकेका छौं भनेको तर लाश नदिएकाले घटनाको छानवीन गरी दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३/५/३० गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज लाटा दमाईलाई नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी बेपत्ता पारी हालसम्म निजको अवस्था अज्ञात रहेको देखियो । निजको हकमा अनुसन्धान कारबाही जारी राखी नेकपा माओवादीका कार्यकर्ताहरू नेत्र बहादुर विक र भुन्टे बाठासगँ थप तथ्य बुझ्ने तथा निज लाटा दमाईको कानुनबमोजिमका हकवालालाई रू. एकलाख अन्तरिम राहत बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

३४. धनगढी, उजरी नं. ४८७, कन्चनपुर जिल्ला रैकवार विचवा गाविस-७ राजघाट बस्ने तपराज जोशीलाई मिति २०५९/१/११ गते गस्तीमा आएको सशस्त्र प्रहरीले गोली हानी हत्या गरेकाले दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३/१०/५ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज तपराज जोशीलाई कञ्चनपुर सशस्त्र वेश क्याम्पका सुरक्षाकर्मीले पक्राउ गरी कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानी गैरन्यायिक हत्या गरेको देखिंदा घटनामा संलग्न दोषी सुरक्षाकर्मिको पहिचान गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(५) बमोजिम रू.तीन लाख क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन र निजका बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

३५. नेपालगजं, उजुरी नं. ७०, जिल्ला सल्यान शिवरथ गाविस-१ लौराबाङ्ग बस्ने एकैघरका सदस्य झलकमान पुन, लक्ष्मी पुन र चेतना पुनलाई मिति २०६१/६/१६ गते सुरक्षाफौजले घर घेराहाली पक्राउ गरी घरदेखि १०० मिटर पर बिच बाटोमा खुकुरी प्रहार गरीसकेपछि गोली हानी हत्या गरेकाले घटनाको छानवीन गरी पाउँ भनी मिति २०६१/१०/११ गते आयोगमा निवेदन दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज मृतकहरू झलकमान पुन, लक्ष्मी पुन, चेतना पुन सुरक्षाफौजको घेरा तोडी भाग्न लाग्दा गोली चलाउँदा निजको मृत्यु भएको भन्ने सेनाको भनाई पुष्टि हुने आधार प्रमाण देखिएन । निजहरू एकै घर परिवारका रहेका र पारिवारिक भेटघाटमा रहेको अवस्थामा निजहरूलाई सुरक्षाकर्मीले पक्राउ गरीसकेपछि कानुनबमोजिम कारबाही गर्नुको सट्टा कानुन आफ्नो हातमा लिई आफ्नो नियन्त्रणमा रहेको व्यक्तिहरूलाई गोली हानी गैरन्यायिक हत्या गरेको देखिएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मिको पहिचान गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(५) बमोजिम रू.तीन लाख क्षतिपूर्ति बापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

३६. धनगढी, उजुरी नं. ५८९, जिल्ला बझाङ्ग खिरातडी गाविस वडा नं. ७ घर भई इलाका प्रहरी कार्यालय, ढोढरी बर्दियामा कार्यरत प्रहरी हवल्दार मिनबहादुर सिंहलाई कामको सिलसिलामा बर्दियाको ताराताल गैरहेको अवस्थामा मिति २०५८/१२/२४ गते नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी मिति २०५९/३/१३ गते बझाङ्गको बाँफ गाविसको निजार भन्ने खोलामा हत्या गरेकाले दोषीलाई कारबाही तथा राज्यबाट पाउनुपर्ने सुविधा उपलव्ध गराई पाउँ भनी मिति २०६४/११/१ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज मिनबहादुर सिंह नेपाल प्रहरीको सेवामा रहेको र कार्यालयको कामको सिलसिलामा गई रहेको अवस्थामा बर्दियाबाट नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी बझाङ्गको बाँफ गाविसको निजार भन्ने खोलामा लगी हत्या गरेको देखिंदा घटनामा संलग्न नेकपा माओवादीका स्थानिय कार्यकर्ताहरू धनवहादुर मल्ल, दिपक केसी, प्रकाश स्याडा, हरि कुँवर र उक्त घटनामा सलंग्न अन्यलाई उल्लेखित व्यक्तिहरूबाटै नाम खुलाउन लगाई उनीहरूलाई समेत मुलुकी ऐन, ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका परिवारले नेपाल प्रहरीवाट पाउनुपर्ने क्षतिपूर्ति रकम अघि नपाएको भए राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(५) बमोजिम मृतकका कानुनबमोजिमका हकवालालाई रू.तीन लाख क्षतिपूर्ति बापत रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

३७. नेपालगंज, उजुरी नं.४४७, जिल्ला बाँके कोहलपुर गाविस वडा नं. ६ जमुनी घर भई जय जनता निम्न मा. वि. नयाँवस्ती थपुवा, बाँकेमा कक्षा ७ मा अध्ययनरत १४ वर्षिय नन्दराम घर्तीलाई मिति २०५९/२/२७ गते सुरक्षाकर्मीले पक्राउ गरी इलाका प्रहरी कार्यालयमा २ घण्टा राखी चिसापानी स्थित सेनाको व्यारेकमा लगी यातना दिई सकेपछि कोहलपुर इलाका प्रहरी कार्यालयमा ल्याई १०/१५ दिन राखी जैसपुर प्रहरी चौकीमा लगिएकोमा जैसपुर चौकीमै निजको मृत्यु भयो भनी जानकारी दिइयो । निर्दोष व्यक्तिलाई पक्राउ गरी गैरकानुनी रूपमा थुनामा राखेको अवस्थामा के-कसरी निजको मृत्यु भएको हो घटनाको छानवीन गरी दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलव्ध गराई पाउँ भनी मिति २०६३/१०/२ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज नन्दराम घर्तीलाई सुरक्षाकर्मीले पक्राउ गरी कानुनबमोजिम कारबाही गर्नुको सट्टा गैरकानुनी रूपमा थुनामा राखिएको अवस्थामा निजको मृत्यु भएको देखियो । हिरासतमा रहेको व्यक्तिको सुरक्षाको सम्पूर्ण जिम्मेवारी हिरासतमा राख्ने निकायकै हुने भएकोले कसको लापरवाहीले त्यस्तो हुन गएको हो, त्यसमा संलग्न इलाका प्रहरी कार्यालय, कोहलपुरका तत्कालिन प्रमुख धर्म सुनार, चिसापानी सैनिक व्यारेकका तत्कालिन प्रमुख, जैसपुर प्रहरी चौकीका तत्कालिन प्रमुख र अन्य दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(५) बमोजिम रू.तीन लाख क्षतिपूर्ति बापत रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

३८. धनगढी, उजुरी नं. ५८८, जिल्ला बझाङ्ग रायल गाविस वडा नं. १ बस्ने बमबहादुर मल्ललाई मिति २०५९/२/३० गते सुरक्षाफौजले पक्राउ गरी गोली हानी हत्या गरेकाले दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति र नाबालक छोराछोरीलाई निःशुल्क शिक्षाको व्यवस्था गरी पाउँ भनी मिति २०६४/११/१ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज बमबहादुर मल्ल सुरक्षा घेरा तोडी भाग्ने क्रममा सुरक्षाकर्मीले चलाएको गोली लागी मृत्यु भएको भनी जिल्ला प्रशासन कार्यालय बझाङ्गको जवाफ पुष्टि हुने आधार प्रमाण देखिएन । निजलाई सुरक्षाकर्मीले पक्राउ गरी कानुनबमोजिम कारबाही गर्नुको सट्टा आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई गोली हानी गैरन्यायिक हत्या गरेको देखिंदा घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(५) बमोजिम रू.तीन लाख क्षतिपूर्ति बापत रकम उपलव्ध गराउन र निजका बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

३९. धनगढी, उजुरी नं.३९५, जिल्ला अछाम वीरपथ गाविस वडा नं. ५ बस्ने प्रेमबहादुर शाहीलाई मिति २०६३/६/१३ गते नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी मिति २०६३/६/१६ गते हत्या गरेकाले दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलव्ध गराई पाउँ भनी मिति २०६३/४/२३ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज प्रेमबहादुर शाहीलाई नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी कालागाउँ भन्ने ठाउँमा लगी हत्या गरेको देखिंदा घटनामा संलग्न नेकपा माओवादीका दोषी कार्यकर्ताहरूको पहिचान गरी मुलुकी

ऐन, ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (५) बमोजिम रू.तीन लाख क्षतिपूर्ति बापत रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

४०. धनगढी, उजुरी नं.३१७, जिल्ला बझाङ्ग रिणपाटा-६ चौडका ज्ञानबहादुर रसाईलीलाई मिति २०५८/९/१ गते घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले जिल्ला प्रहरी कार्यालय, बझाङ्गमा बोलाएको छ भनी पक्राउ गरी लगेकोमा मिति २०५८/९/२ गते निज ज्ञानबहादुर रसाईली विरामी छ भेट्न आउनु भनी खवर आई भेट्न जाँदा लाश बुझ्न भनेकाले निर्दोष व्यक्तिलाई सुरक्षाफौजले हत्या गरेकाले दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलव्ध गराई पाउँ भनी मिति २०६२/४/१२ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा मृतक ज्ञानबहादुर रसाईलीको परिवारको भनाई अनुसार सुरक्षाकर्मिले निजलाई समातेर लगेको भन्ने देखिन्छ । मृतक सशस्त्र द्वन्दको कममा सुरक्षाकर्मीबाट मारिएको सुचीमा रहेको भन्ने जिल्ला प्रशासन कार्यालय, बझाङ्गको जवाफ । हिरासतवाट भाग्न लाग्दा सुरक्षाकर्मीले चलाएको गोली लागी घाइते भएकाले उपचारको क्रममा मृत्यु भएको भनी जिल्ला प्रहरी कार्यालय, बझाङ्गले पठाएको पत्रमा उल्लेख भएको देखियो । जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयले पठाएको जवाफ तथ्यपरक रूपमा पुष्टि हुने आधार प्रमाण देखिएन । तसर्थ निज ज्ञानबहादुर रसाईलीलाई सुरक्षाकर्मीले पक्राउ गरी आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई गोली हानी गैरन्यायिक हत्या गरेको देखिएकोले घटनामा संलग्न दोषी सुरक्षाकर्मिको पहिचान गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (५) बमोजिम रू.तीन लाख क्षतिपूर्ति बापत रकम उपलव्ध गराउन र निजका बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

४१. जिल्ला रोल्पा जेलवाङका वर्ष १८ का विना रोका, वर्ष १७ का सुवानी पुन, ऐ. जिल्ला सिर्प ३ जुतुङखोलाका १७ वर्षिया देवीकला परियार, वर्ष १७ का श्याम वि.क, ऐ. जिल्ला तेवाङका वर्ष १५ का समुन्द्रा घर्ती, वर्ष १४ का पाक्ती परियार, वर्ष १६ को पुने विष्ट, वर्ष १६ को गोविन्द विक, वर्ष १८ को बालसरी रोका, ऐ. जिल्ला गुम्चाल ५ का वर्ष १८ को लालमती पुन, वर्ष १६ को जिउरा पुन, वर्ष १८ को तुमे वुढाथोकी, वर्ष १६ को कामे पुन र वर्ष १७ को रत्ना गुरूङलाई मिति २०५८/१२/४ गते रोल्पा गुम्चाल गाविस -५ पाटेगुम्चालको काप्रा भन्ने स्थानमा सुरक्षाफौजले गोली हानी सामुहिक हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलव्ध गराई पाउँ भनी मिति २०६५/१/१५ गते आयोगमा निवेदन दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट नेकपा माओवादीले आयोजना गरेको कार्यक्रममा निशस्त्र रूपमा भाग लिईरहेको सर्वसाधारण व्यक्तिहरूलाई सूरक्षाकर्मीहरूले घेरा हाली आफ्नो नियन्त्रणमा लिएको अवस्थामा गोली हान्दा मृत्यु हुन गएको देखिन्छ । वैचारिक आस्थाको कारणले कसैमाथि कानुनबमोजिम कारवाई गर्नु पऱ्यो भने हिरासतमा लिई कानुनी कारवाई गर्नुको सट्टा आफ्नो घेराभित्र पारीसकेको निशस्त्र व्यक्तिलाई गोली हानी हत्या गर्ने अधिकार सुरक्षाकर्मीलाई नभएकोले सुरक्षाकर्मीले गरेको कारवाईबाट निशस्त्र सर्वसाधारण व्यक्तिहरूको गैरन्यायिक हत्या हुन गएको देखियो । उक्त कारवाईमा रोल्पा जिल्लाको तेवाङ र गुम्चाल गाविसका समुन्द्रा घर्ती, पुने विष्ट, गोविन्द वि.क., बालसरी रोका, खोपीराम महरा, रत्ना गुरूङ, कामे पुन, तुमे बुढाथोकी, जिउरा पुन, लालमती पुन, झमक गुरूङ्ग, ज्ञानबहादुर पुन मगर, आईते बुढा, गण पुन, बलबहादुर पुन, खगे पुन, खिमे थापा, जंगविर पुन, पूर्णे पुन, सेरे पुन, भिमु पुन, बलजित बुढाथोकी, पाक्ती भन्ने पार्वती परियार समेत २३ जना निशस्त्र सर्वसाधारण व्यक्तिहरूको मृत्यु हुन गएको अनुसन्धानबाट देखियो । त्यसो हुनालेयस घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकहरूका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(५) बमोजिम जनही रू.तीन लाख क्षतिपूर्ति बापत रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

४२. जिल्ला सुर्खेत विरेन्द्र नगरपालिका वडा नं. ५ चिसापानी कारागार शाखाका प्रहरी हवल्दार गणेश कुम्भकारले सोही जिल्ला विरेन्द्र नगरपालिका वडा नं. ५ चिसापानी बस्ने गोपाल पुरीको छोरी टिका पुरीलाई भगाई लगेको विषयमा निजहरू बीच भनाभन भएकोमा निजले व्यक्तिगत रिसइवि लिई निज प्रहरी हवल्दार गणेश कुम्भकार, कारागार शाखाका इन्चार्ज केशवबहादुर बोहरा नाम नखुलेका अन्य २ जना प्रहरीहरू समेत भै मिति २०६२/७/२६ गते निज गोपाल पुरीको घरमा गई गोपाल पुरी र निजको छोरा दिनेश पुरीलाई गोली हान्दा दिनेश पुरीको घटनास्थलमै मृत्यु भएको र गोपाल पुरी घाईते भएकाले

घटनाको छानवीन गरी क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६२/८/९ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा मिशिल संलग्न कागजातबाट प्रस्तुत विषयमा सुर्खेत जिल्ला अदालतबाट निर्णय भईसकेकाले केही गरिरहनु परेन उजुरी टुंग्याउने निर्णय गरियो ।

४३. जिल्ला सल्यान खलंगा गाविस वडा नं. ३ बस्ने वर्ष ४४ का प्रेमबहादुर भडेललाई मिति २०५८/१२/१९ गते सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेको हुँदा निजको अवस्था सार्वजनिक गरी पाउँ भनी आयोग समक्ष मिति २०६३/७/१४ गते आयोगमा उजुरी पर्न आएको देखियो । यसमा निज प्रेम भडेललाई अनुसन्धान तहकिकातको सिलसिलामा मिति २०५८/१२/१४ गते सेनाको गुल्ममा लगी मिति २०५८/१२/१५ गते निजलाई सुराकीको रूपमा सुरक्षाफौजले लिई गएकोमा सल्यान जिल्ला डाँडागाउँ-६ स्थित जोली पिपलको ईलाकामा पुग्दा निजले सुरक्षाफौजको घेरा तोडी भाग्न लाग्दा निज उपर कार्वाही गर्दा गोली लागी मृत्यु भएको भन्ने सेनाको भनाई रहेको देखिन्छ । सशस्त्र सुरक्षाफौजको घेरा तोडी एउटा निशस्त्र एक्लो व्यक्ति भाग्न सक्ने भरपर्दो र विश्वासिलो आधार, अवस्था सुरक्षाफौजले देखाउन नसकेकोले हचुवा भनाइलाई विश्वास गरी सुरक्षाफौजको घेरा तोडी भाग्दा लाग्दा निज उपर कारवाई गर्दा मृत्यु भएको भन्ने भनाई पुष्टि हुने आधार प्रमाण देखिएन । निज प्रेमबहादुर भडेललाई सुरक्षाकर्मीले पक्राउ गरीसकेपछि कानुनबमोजिम कारबाही गर्नुको सट्टा कानुन आफ्नो हातमा लिई आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई गोली हानी गैरन्यायिक हत्या गरेको देखियो । आफनो हिरासतमा रहेको व्यक्तिको सुरक्षाको सम्पूर्ण जिम्मेवारी हिरासतमा राख्ने निकाय र सुरक्षाकर्मीकै हुने भएकोले कसको लापरवाहीले त्यस्तो हुन गएको हो, घटनामा संलग्न दोषी सुरक्षाकर्मिको पहिचान गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(५) बमोजिम रू.तीन लाख क्षतिपूर्ति बापत रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

४४. जिल्ला बर्दिया बेलुवा गाविस वडा नं. ४ लगनागाउँ बस्ने गोवरा भन्ने सन्तराम थारूलाई मिति २०५८/१२/१० गते सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले खोजतलाश गरी पाउँ भनी मिति २०५९/११/१५ गते आयोग समक्ष उजुरी पर्न आएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज सन्तराम थारूलाई सुरक्षाकर्मीले पक्राउ गरी  बेपत्ता पारेकोले हालसम्म निजको अवस्था अज्ञात रहेको देखियो । निजको हकमा अनुसन्धान कारबाही जारी राखी निज थारूको कानुनबमोजिमका हकवालालाई रू. एकलाख अन्तरिम राहत बापत रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

४५. जिल्ला बर्दिया गुलरिया नगरपालिका वार्ड नं. ४ खैरापुर सिरकोहिया बस्ने मोहरसिंह बन्जारलाई मिति २०६२/२/१४ गते सेनाले पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले अवस्था सार्वजनिक गरी पाउँ भनी मिति २०६४/६/२७ गते आयोग समक्ष उजुरी पर्न आएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज मोहरसिंह बन्जारलाई सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारी हालसम्म निजको अवस्था अज्ञात रहेको देखियो । निजको हकमा अनुसन्धान कारबाही जारी राखी निज बन्जारको कानुनबमोजिमका हकवालालाई रू. एकलाख अन्तरिम राहत बापत रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

४६. जिल्ला बर्दिया ताराताल गाविस-७ बस्ने वर्ष २९ का दिपक रोका क्षेत्रीलाई मिति २०५९/२/१३ गते गस्तीमा गएका प्रहरीले पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले अवस्था सार्वजनिक गरी पाउँ भनी मिति २०६३/२/३१ गते आयोग समक्ष उजुरी पर्न आएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज दिपक रोका क्षेत्रीलाई प्रहरीले पक्राउ गरी बेपत्ता पारी हालसम्म निजको अवस्था अज्ञात रहेको देखियो । निजको हकमा अनुसन्धान कारबाही जारी राखी निज दिपक रोका क्षेत्रीको कानुनबमोजिमका हकवालालाई रू. एकलाख अन्तरिम राहत बापत रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

४७. रौतहट जिल्ला डुमरीया मटिऔन गा.वि.स. वडा नं. २ का २४ वर्षिय सुरेन्द्र ठाकुर हजाम मिति २०६२/११/२५ गते कनकपुर गा.वि.स. ५ वलुवा गाउँको जन सामुदायिक प्राथमिक विद्यालयको चउरमा बसिरहेको अवस्थामा तत्कालीन ने.क.पा. (माओवादी) का कार्यकर्ताहरूले माओवादी आधार इलाकामा विना अनुमती आएको भनी नियन्त्रणमा लिएर राखेको अवस्थामा चन्द्रनिगाहपुर र गरूडाबाट खटिएका संयुक्त सुरक्षाफौजले चारैतिर घेरा हाली एक्कासी फायरिंग गर्न लाग्दा नेकपा माओवादी कार्यकर्ताहरू गाउँतर्फ भाग्न लागेका र निज सुरेन्द्र ठाकुरले सेना समक्ष हात उठाई नेकपा

माओवादीसँग आवद्ध नभएको भनी आत्मसमर्पण गरेकोमा गोली हानी घाइते बनाएको । केही समयपछि कन्चटमा गोली हानी हत्या गरेकोले घटनाको छानविन गरी हत्यामा संलग्न सुरक्षाकर्मीहरूलाई कारबाही गरी पीडीत परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६२।१२।३ गते आयोगमा उजुरी दर्ता भएको देखियो । सुरक्षाफौजको जवाफी कारबाहीमा परी मृत्यु भएको भनी प्रहरी प्रधान कार्यालय, मानव अधिकार सेलको जानकारी पत्रमा उल्लेख भएको कुरा पुष्टि हुने आधार प्रमाण देखिएन । निज सुरेन्द्र ठाकुर हजाम, तत्कालीन नेकपा माओवादीका कार्यकताहरू कमलदेव महतो, दिपेन्द्र साह, भोला यादव र नेकपा माओवादीकै नाम नखुलेका एकजना कार्यकर्तालाई सुरक्षाफौजद्धारा आफनो नियन्त्रणमा लिइसकेपछि कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानी गैर-न्यायिक हत्या गरेको आयोगको अनुसन्धानबाट देखियो । उक्त घटनाको घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्कामा समेत सुरक्षाकर्मीहरूले सर्वसाधारणहरूलाई जवरजस्ती सहीछाप गर्न लगाईएको तथ्यको क्रममा खुल्न आएकोले सुरक्षाकर्मीहरूले यी व्यक्तिहरूलाई नियन्त्रणमा लिई गोली हानी हत्या गरेको पुष्टि आयोगको अनुसन्धानबाट हुन आउँछ । घटनामा संलग्न तत्कालीन सह-सेनानी प्रदीपकुमार श्रेष्ठ लगायत अन्य दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कार्वाही गर्न तथा मृतक सुरेन्द्र ठाकुर हजाम, कमलदेव महतो, दिपेन्द्र साह, भोला यादवका कानुनबमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो । उल्लेखित नाम नखुलेको व्यक्तिको हकमा उजुर गरेका बखत हेर्ने गरी निजको हकमा मुल्तवी राख्ने ।

४८. धनुषा जिल्ला सिंग्यानी मडान गा.वि.स. वडा नं. ८ स्थायी घर भै सीप विकास तालिम केन्द्र बुटवलमा कार्यरत अशोककुमार महतोलाई मिति २०६०/७/९ गते नवलपरासी स्थित सुनवलमा तत्कालीन नेकपा माओवादी समूहले गोली हानी हत्या गरेकाले घटनाको छानवीन गरी पाउँ भनी मिति २०६१/४/६ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज अशोककुमार महतो र नवलपरासी जिल्ला सुनवल १ बस्ने वर्ष ६० को भोजराज ज्ञवालीलाई तत्कालिन नेकपा माओवादीका कार्यकर्ताबाट चलाइएको गोली लागी मृत्यु भएको पाईएकोले घटनामा संलग्न तत्कालिन नेकपा माओवादीका कार्यकर्ताहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कार्वाही गर्न तथा मृतकद्वयका कानुनबमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

४९. मकवानपुर जिल्लाको फापरबारी गाविस वडा नं.५ मा मिति २०६२/१०/८ गते सुरक्षाफौज र तत्कालिन ने.क.पा. (माओवादी) बिच दोहोरो भिडन्त हुँदा १७ जना तत्कालिन माओवादीका कार्यकर्ता, ६ जना सुरक्षाकर्मी र २ जना सर्वसाधारण व्यक्ति तथा १ जना बालक समेत सुरक्षाकर्मीको बम प्रहारबाट मृत्यु भएको भन्ने घटनाको सम्बन्धमा आयोगको आफ्नै सक्रियतामा मिति २०६२/११/१७ गते उजुरी दर्ता गरी कारबाही अगाडी बढाएको देखियो । यसमा आयोगको अनुसन्धानबाट सर्वसाधारण व्यक्तिहरूको बस्तीमा नेपाली सेना तथा तत्कालीन ने.क.पा.(माओवादी) का कार्यकर्ताहरू बीच भीडन्त हुँदा सर्वसाधारण व्यक्तिहरू रेशम व्लोन, मानबहादुर बजु र प्रतापसिं बजुको मृत्यु भएको । साथै सर्वसाधारणहरूको घर, गोठ तथा पशुहरूको समेत क्षति भएको पाइएकोले द्वन्द्वरत दुवै पक्षले जेनेभा महासन्धिको साझा धारा ३ को उल्लंघन गरेको पाइयो । घटनामा संलग्न सेनाका कमाण्डर र ने.क.पा. (माओवादी) का जिम्मेवार व्यक्तिलाई सचेत गराउन तथा उल्लेखित मृतकहरूका कानुनबमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

५०. लमजुङ्ग जिल्ला, चन्द्रेश्वर गा.वि.स.वडा नं. ६ घर भई सोही जिल्लाको पाणिनी संस्कृत मा.वि., दुराडाँडामा अध्यापन गराइरहेका शिक्षक मुक्तिनाथ अधिकारीलाई मिति २०५८/१०/३ गते दिउँसो करिव १:३० बजेको समयमा हतियारसहित आएका तत्कालीन ने.क.पा. (माओवादी) का ८–१० जना कार्यकर्ताहरूले अपहरण गरी सोही गा.वि.स.वडा नं. ४ स्थित खजेगाउँमा उत्तीसको रूखमा डोरी र

गलवन्दीले बाँधी गोली र चुप्पी प्रहार गरी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६७/१०/२० गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट युद्धमा संलग्न नभएको एवम् निशस्त्र व्यक्ति निज मुक्तिनाथ अधिकारीलाई तत्कालिन नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी हत्या गरेको पाइयो । घटनामा संलग्न दोषी तत्कालिन ने.क.पा. (माओवादी) का कार्यकर्ताको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

५१. सुनसरी जिल्ला धरान नगरपालिका वडा नं. १६ स्थायी घर भई ललितपुर जिल्ला सैंबु वडा नं. ४ बस्ने नारायण साहलाई मिति २०६५/३/२१ गते पत्थरीको उपचार गराउने क्रममा एभरेष्ट नर्सिंग होमका डाक्टरको लापरवाहीले मृत्यु हुन गएको र नेपाल सरकारका कुनैपनि निकाय तथा कुनैपनि राजनीतिक पार्टीले पिडीत परिवारलाई कुनै किसिमको न्याय नदिएको साथै सुरक्षाकर्मीले पिडीतलाई न्याय दिनुको सट्टा आरोपित चिकित्सकको पक्षमा रही सुरक्षा प्रदान गरिरहेको तथा पिडीत परिवारलाई दमन गरेको, चिकित्सकको पक्षबाट पिडीत परिवारलाई ज्यान मार्ने धम्की समेत दिएको भनी मिति २०६५/३/२६ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा नेपाल मेडिकल काउन्सिलको प्रतिवेदन अनुसार लापरवाही गरी उपचार गरेको पुष्टि हुने आधारप्रमाण देखिएन । नेपाल मेडिकल काउन्सिलले गठन गरेको चिकित्साशास्त्रका विशेषज्ञहरूको टोलीले छानवीन गरी पेश गरेको निष्कर्ष रिर्पोटलाई अन्यथा प्रमाणित हुने आधारप्रमाण पेश हुन नआएकोले चिकित्सकको लापरवाहीबाट मृत्यु हुन गएको भन्न सक्ने अवस्था नदेखिएकोले उजुरी उपर थप केही गरीरहनु परेन । उजुरी टुंग्याइदिने ठहर छ । साथै नेपाल मेडिकल काउन्सिलको छानविन समितिको मिति २०६५/६/३ गतेको प्रतिवेदनमा उल्लेख भएको सुझाव र अन्य राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा अपनाउने गरेको स्वास्थ्य सम्बन्धी मापदण्ड अपनाई लागु गर्न नेपाल सरकारलाई नीतिगत सिफारिश गर्ने निर्णय भयो ।

५२. काभ्रेपलाञ्चोक जिल्ला पोखरीचौरी गा.वि.स.वडा नं. ३ बस्ने पुन्यप्रसाद गौतमलाई हातहतियार सहित आएका सेनाले मिति २०६०/२/२५ गते पक्राउ गरी अमानवीय तरीकाले यातना दिई गोली हानी हत्या गरेकोले दोषीलाई कारबाही गरी पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६४/२/६ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज पुन्यप्रसाद गौतम तत्कालिन नेकपा माओवादीको कार्यकर्ता रहेको देखियो । निज गौतमलाई सुरक्षाकर्मीद्वारा पक्राउ गरी आफ्नो नियन्त्रणमा लिइसकेपछि कानुनबमोजिम कारबाही गर्नुको सट्टा निजलाई डोरीले बाँधी घिसार्दै लगी गोली हानी गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन । साथै रक्षा मन्त्रालयको प.सं. कानुन । ०६८/६९ मिति २०६८/४/८ को पत्र मार्फत कार्यरथी विभाग मानव अधिकार निर्देशनालयको प.सं. १४६४४।३। ए। ०६८/६९/०१/२० मिति २०६८/०४/३ को पत्रलाई उद्दृत गर्दै "सेना तैनाथी रहेको स्थान, परिचालित फौज, सेनाको अपरेशन आदेश र सो सम्बन्धी ब्रिफिङ्ग, डिब्रिफिङ्ग खटिएका कमाण्डर सम्बन्धी सूचना अति संवेदशिल मानी त्यस सम्बन्धी सूचना आवश्यक संस्था तथा पदाधिकारीहरूलाई मात्रै उपलब्ध गराउने विश्वका विकसित तथा प्रजातान्त्रिक राष्ट्रहरूमा समेत प्रचलनमा रहेको" भनी पत्रबाट जवाफ दिएको देखिन्छ । शान्ति कायम गर्नका लागि गोली समेत हान्ने अधिकार देशको कानुनले सुरक्षाकर्मीहरूलाई अधिकार प्रदान गरेको हुन्छ । सुरक्षाकर्मीहरूले कानुनले दिएको अधिकार प्रयोग गरी कारबाही गर्दा नागरिकको "बाँच्न पाउने" मानव अधिकार हनन् हुन गएको हो होइन ? त्यसको छानवीन गर्न, उल्लंघन भएको देखिन आएमा त्यस्ता सुरक्षाकर्मी माथि कारबाही गर्न सिफारिश गर्न संवैधानिक आयोगको रूपमा राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको सर्वविदितै छ । मानव अधिकारको हनन् भए नभएको छानवीन गरी सिफारिश गर्ने एक मात्र अधिकार सम्पन्न निकाय यो आयोग नै रहेको थाहा पाउँदा पाउँदै "खटिएका कमाण्डर" सम्बन्धी सूचना अति संवेदनशील मानी त्यस सूचना आवश्यक संस्था तथा पदाधिकारीहरूलाई मात्रै उपलब्ध गराउने प्रचलन रहेको भनी पत्रमा व्यहोरा उल्लेख गरी जवाफ दिनु

गैर जिम्मेवारीपूर्ण कार्य देखियो । मानव अधिकारको हनन् भएको घटनाको छानवीनमा सहयोग नगर्ने संस्था वा पदाधिकारीको नाम मानवअधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गर्ने अधिकार पनि संविधानको धारा १३२ को उपधारा २ (१) को देहाय (ज) मा र आयोगलाई सहयोग नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गरिनेछ भनी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७ (१) मा उल्लेख भएकोले ध्यानाकार्षण गराएको छ । अतः आयोगलाई गैर जिम्मेवारपूर्ण जवाफ लेख्ने सेनाका मानव अधिकार निर्देशनालयका तत्कालिन प्रमुख तथा जिम्मेवार सेनाका अधिकारीको नाम रेकर्ड राख्न समेत नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

५३. काभ्रेपलाञ्चोक जिल्ला मादन कुडारी गा.वि.स.वडा नं. ६ बस्ने पञ्जाबहादुर लामालाई २०६१ असोज १३ गते हातहतियार सहित आएका सेनाले घरमा घेरा हाली गोली हानी हत्या गरेकाले दोषीलाई कारबाही गरी पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६४।२।६ गते आयोगमा उजुरी दर्ता हुन आएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज पञ्जावहादुर लामा ने.क.पा. ( माओवादी) का कार्यकर्ता रहेको देखियो । निजलाई नेपाली सेनाले निजको घरमा घेरा हाली गोली हानी घाइते बनाएको र आफ्नो नियन्त्रणमा लिइसकेको व्यक्तिलाई पुनः गोली हानी गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन र रक्षा मन्त्रालयको प.सं. कानुन । ०६८/६९ मिति २०६८/४/८ को पत्र मार्फत कार्यरथी विभाग मानव अधिकार निर्देशनालयको प.सं. १४६४४/३ ।ए। ०६८/६९/०१/२० मिति २०६८/०४/३ को पत्रलाई उधृत गर्दै "सेना तैनाथी रहेको स्थान, परिचालित फौज, सेनाको अपरेशन आदेश र सो सम्बन्धी ब्रिफिङ्ग, डिब्रिफिङ्ग खटिएका कमाण्डर सम्बन्धी सूचना अति संवेदशिल मानी त्यस सम्बन्धी सूचना आवश्यक संस्था तथा पदाधिकारीहरूलाई मात्रै उपलब्ध गराउने विश्वका विकसित तथा प्रजातान्त्रिक राष्ट्रहरूमा समेत प्रचलनमा रहेको" भनी पत्रबाट जवाफ दिएको देखिन्छ । शान्ति कायम गर्नका लागि गोली समेत हान्ने अधिकार देशको कानुनले सुरक्षाकर्मीहरूलाई अधिकार प्रदान गरेको हुन्छ । सुरक्षाकर्मीहरूले कानुनले दिएको अधिकार प्रयोग गरी कारबाही गर्दा नागरिकको "बाँच्न पाउने" मानव अधिकार हनन् हुन गएको हो होइन ? त्यसको छानवीन गर्न, उल्लंघन भएको देखिन आएमा त्यस्ता सुरक्षाकर्मी माथि कारबाही गर्न सिफारिश गर्न संवैधानिक आयोगको रूपमा राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको सर्वविदितै छ । मानव अधिकारको हनन् भए नभएको छानवीन गरी सिफारिश गर्ने एक मात्र अधिकार सम्पन्न निकाय यो आयोग नै रहेको थाहा पाउँदा पाउँदै "खटिएका कमाण्डर" सम्बन्धी सूचना अति संवेदनशील मानी त्यस सूचना आवश्यक संस्था तथा पदाधिकारीहरूलाई मात्रै उपलब्ध गराउने प्रचलन रहेको भनी पत्रमा व्यहोरा उल्लेख गरी जवाफ दिनु गैर जिम्मेवारीपूर्ण कार्य देखियो । मानव अधिकारको हनन् भएको घटनाको छानवीनमा सहयोग नगर्ने संस्था वा पदाधिकारीको नाम मानवअधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गर्ने अधिकार पनि संविधानको धारा १३२ को उपधारा २ (१) को देहाय (ज) मा र आयोगलाई सहयोग नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गरिनेछ भनी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७(१) मा उल्लेख भएकोले ध्यानाकर्षण गराइएको छ । अतः आयोगलाई गैर जिम्मेवारपूर्ण जवाफ लेख्ने तत्कालीन मानव अधिकार निर्देशनालयका प्रमुख तथा जिम्मेवार सेनाका अधिकारीको नाम रेर्कड राख्न समेत नेपाल सरकारलाइ सिफारिश गर्ने निर्णय भयो ।

५४. काभ्रेपलाञ्चोक जिल्ला कोलाँती भुम्लु गा.वि.स.वडा नं. ४ बस्ने शिव बहादुर पहरी र श्यामकाजी पहरीलाई हातहतियार सहित आएका सेनाले मिति २०६०/९/२० गते पक्राउ गरी मिति २०६०/९/२८ गते गोठपानी गा.वि.स.को ढाँडखर्क भञ्ज्यांगमा लगी गोली हानी हत्या गरेकोले दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६४/२/६ गते आयोगमा उजुरीहरू दर्ता हुन आएको देखियो । यसमा आयोगमा अनुसन्धानबाट निज शिव वहादुर पहरी र श्यामकाजी पहरीलाई सुरक्षाकर्मीले पक्राउ गरी आफ्नो नियन्त्रणमा लिईसकेपछि कानुनबमोजिम कारबाही गर्नुको सट्टा पक्राउ गरेको ८ दिनपछि काभ्रेपलान्चोक जिल्लाको धुसेनी शिवालयको ढाँडखर्क भन्ने स्थानमा लगी गोली हानी गैरन्यायिक हत्या गरेकाले निजहरूको बाँच्न पाउने मानव अधिकार उल्लंघन भएको देखियो । घटनामा

संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकद्वयका कानुनबमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन । साथै रक्षा मन्त्रालयको प.सं. कानुन ।०६८/६९ मिति २०६८/४/८ को पत्र मार्फत कार्यरथी विभाग मानव अधिकार निर्देशनालयको प.सं. १४६४४।३ ।ए। ०६८/६९/०१/२० मिति २०६८/०४/३ को पत्रलाई उधृत गर्दै "सेना तैनाथी रहेको स्थान, परिचालित फौज, सेनाको अपरेशन आदेश र सो सम्बन्धी ब्रिफिङ्ग, डिब्रिफिङ्ग खटिएका कमाण्डर सम्बन्धी सूचना अति संवेदशिल मानी त्यस सम्बन्धी सूचना आवश्यक संस्था तथा पदाधिकारीहरूलाई मात्रै उपलब्ध गराउने विश्वका विकसित तथा प्रजातान्त्रिक राष्ट्रहरूमा समेत प्रचलनमा रहेको" भनी पत्रबाट जवाफ दिएको देखिन्छ । शान्ति कायम गर्नका लागि गोली समेत हान्ने अधिकार देशको कानुनले सुरक्षाकर्मीहरूलाई अधिकार प्रदान गरेको हुन्छ । सुरक्षाकर्मीहरूले कानुनले दिएको अधिकार प्रयोग गरी कारबाही गर्दा नागरिकको "बाँच्न पाउने" मानव अधिकार हनन् हुन गएको हो होइन ? त्यसको छानवीन गर्न, उल्लंघन भएको देखिन आएमा त्यस्ता सुरक्षाकर्मी माथि कारबाही गर्न सिफारिश गर्न संवैधानिक आयोगको रूपमा राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको सर्वविदितै छ । मानव अधिकारको हनन् भए नभएको छानवीन गरी सिफारिश गर्ने एक मात्र अधिकार सम्पन्न निकाय यो आयोग नै रहेको थाहा पाउँदा पाउँदै "खटिएका कमाण्डर" सम्बन्धी सूचना अति संवेदनशील मानी त्यस सूचना आवश्यक संस्था तथा पदाधिकारीहरूलाई मात्रै उपलब्ध गराउने प्रचलन रहेको भनी पत्रमा व्यहोरा उल्लेख गरी जवाफ दिनु गैरजिम्मेवारीपूर्ण कार्य देखियो । मानव अधिकारको हनन् भएको घटनाको छानवीनमा सहयोग नगर्ने संस्था वा पदाधिकारीको नाम मानवअधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गर्ने अधिकार पनि संविधानको धारा १३२ को उपधारा २ (१) को देहाय (ज) मा र आयोगलाई सहयोग नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गरिनेछ भनी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७(१) मा उल्लेख भएको हुँदा त्यसतर्फ ध्यानाकर्षण गराइएको छ । अतः आयोगलाई गैरजिम्मेवारपूर्ण जवाफ लेख्ने सेनाका मानव अधिकार निर्देशनालयका तत्कालिन प्रमुख तथा जिम्मेवार सेनाका अधिकारीको नाम रेर्कड राख्न समेत नेपाल सरकारलाइ सिफारिश गर्ने निर्णय भयो ।

५५. काभ्रेपलाञ्चोक जिल्ला मादन कुडारी गा.वि.स.वडा नं. ६ बस्ने टसी लामालाई मिति २०६०/११/१ गते हतियार सहित आएका सेनाले पक्राउ गरी गोली हानी हत्या गरेकोले दोषीलाई कारबाही गरी पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६४/२/६ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज टसी लामा ने.क.पा.(माओवादी) का कार्यकर्ता रहेको देखियो । निजलाई सेनाले पक्राउ गरी आफ्नो नियन्त्रणमा लिईसकेपछि कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानी गैरन्यायिक हत्या गरेकोले निजको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न तत्कालीन शेर गणका गणपति कर्मेन्द्र लिम्बु, सहायक गणपति शेर सिंह विष्ट, टोली कमाण्डर उपसेनानी सरोज बस्नेत, जम. देवान थापामगर, हु. शेर बहादुर रानाभाट, अम. काजी बहादुर कार्की, प्युठहरू बल बहादुर श्रेष्ठ, जगेन्द्र प्याकुरेल, सिपाहीहरू खेटराज तामाङ्ग, दिपक नेपाली र लिला प्रसाद विकलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा (३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन । साथै रक्षा मन्त्रालयको प.सं. कानुन । ०६८/६९ मिति २०६८/४/८ को पत्र मार्फत कार्यरथी विभाग मानव अधिकार निर्देशनालयको प.सं. १४६४४।३ ।ए। ०६८/६९/०१/२० मिति २०६८/०४/३ को पत्रलाई उधृत गर्दै "सेना तैनाथी रहेको स्थान, परिचालित फौज, सेनाको अपरेशन आदेश र सो सम्बन्धी ब्रिफिङ्ग, डिब्रिफिङ्ग खटिएका कमाण्डर सम्बन्धी सूचना अति संवेदशिल मानी त्यस सम्बन्धी सूचना आवश्यक संस्था तथा पदाधिकारीहरूलाई मात्रै उपलब्ध गराउने विश्वका विकसित तथा प्रजातान्त्रिक राष्ट्रहरूमा समेत प्रचलनमा रहेको" भनी पत्रबाट जवाफ दिएको देखिन्छ । शान्ति कायम गर्नका लागि गोली समेत हान्ने अधिकार देशको कानुनले सुरक्षाकर्मीहरूलाई अधिकार प्रदान गरेको हुन्छ । सुरक्षाकर्मीहरूले कानुनले दिएको अधिकार प्रयोग गरी कारबाही गर्दा नागरिकको "बाँच्न पाउने" मानव अधिकार हनन् हुन गएको हो होइन ? त्यसको छानवीन गर्न, उल्लंघन भएको देखिन आएमा त्यस्ता सुरक्षाकर्मी माथि कारबाही गर्न सिफारिश गर्न

संवैधानिक आयोगको रूपमा राष्ट्रिय मानव अधिकार आयोगको गठन भएको सर्वविदितै छ । मानव अधिकारको हनन् भए नभएको छानवीन गरी सिफारिश गर्ने एक मात्र अधिकार सम्पन्न निकाय यो आयोग नै रहेको थाहा पाउँदा पाउँदै "खटिएको कमाण्डर" सम्बन्धी सूचना अति संवेदनशील मानी त्यस्तो सूचना आवश्यक संस्था तथा पदाधिकारीहरूलाई मात्रै उपलव्ध गराउने प्रचलन रहेको भनी पत्रमा व्यहोरा उल्लेख गरी जवाफ दिनु गैर जिम्मेवारीपूर्ण कार्य देखियो । मानव अधिकारको हनन् भएको घटनाको छानवीनमा सहयोग नगर्ने संस्था वा पदाधिकारीको नाम मानवअधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गर्ने अधिकार पनि संविधानको धारा १३२ को उपधारा २ (१) को देहाय (ज) मा र आयोगलाई सहयोग नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लंघनकर्ताको रूपमा सार्वजनिक गरिनेछ भनी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७ (१) मा उल्लेख भएको हुँदा त्यसतर्फ ध्यानाकर्षण गराइएको छ । अतः आयोगलाई गैर जिम्मेवारपूर्ण जवाफ लेख्ने सेनाका मानव अधिकार निर्देशनालयका तत्कालीन प्रमुख तथा जिम्मेवार सेनाका अधिकारीको नाम रेर्कड राख्न समेत नेपाल सरकारलाइ सिफारिश गर्ने निर्णय भयो ।

५६. जिल्ला रामेछाप बेथान गाविस ५ घर भई कारागार शाखा नख्खु ललितपुरमा थुनामा रहेको अवस्थामा मिति २०६६/१२/२० गते भक्तबहादुर लामाको मृत्यु भएकोले घटनाको छानविन गरी दोषीलाई कार्वाही र पिडीत परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन पहल गरीपाउँ भनी मिति २०६६/१२/२२ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट उक्त कारागारमा रहेका अर्का मानसिक स्वास्थ्य उपचार गराइरहेका व्यक्तिले ईटा प्रहार गर्दा निज लामा घाइते भई उपचारकै क्रममा मृत्यु भएको देखियो । आफ्नो नियन्त्रणमा रहेको व्यक्तिको हेरविचार, सुरक्षाको जिम्मेवारी सम्बन्धित निकायकै हुन्छ । कारागार भित्र मानसिक रोगको उपचार गराइरहेको व्यक्ति अन्य बन्दीहरूसँगै रहेको देखियो । यस्तो अवस्थामा वस्तुस्थितको हेक्का राखी आन्तरिक सुरक्षाको बन्दोबस्त मिलाउनुपर्नेमा सो गरिएको नपाइएकोले मृतक व्यक्तिको बाँच्न पाउने अधिकारको उल्लंघन भएको देखियो । मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन र कारागारको सुरक्षाको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो । ४६) बारा जिल्ला इनरूवासिरा गाविस वडा नं. ८ बसडिलवा स्थायी घर भै प्रेस चौतारी नेपालका केन्द्रिय सदस्य पत्रकार वीरेन्द्रकुमार साहलाई मिति २०६४/६/१८ गते बारा जिल्ला उमजन गा.वि.स. वडा नं. १ बाट तत्कालिन ने.क.पा.( माओवादी) का कार्यकर्ता कुन्दन फौज्दार र राम एकवाल सहनीको टोलीले अपहरण गरेको भनी मिति २०६४/६/२० गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट तत्कालीन ने.क.पा. (माओवादी) का कार्यकर्ताहरू कुन्दन भनिने नरेन्द्र फौज्दार, लाल बहादुर चौधरी, मनेजर गिरी, राम एकबाल सहनी र हरेराम पटेल समेत ५ जना व्यक्तिहरूले पत्रकार विरेन्द्र साहलाई अपहरणपछि हत्या गरेको देखियो । घटनामा संलग्न तत्कालिन नेकपा माओवादीका उल्लेखित कार्यकर्ताहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाइ सिफारिश गर्ने निर्णय भयो ।

५७. फाईल नं. ४२५८, बारा जिल्ला इनरूवासिरा गाविस वडा नं. ८ बसडिलवा स्थायी घर भै प्रेस चौतारी नेपालका केन्द्रिय सदस्य पत्रकार वीरेन्द्रकुमार साहलाई मिति २०६४/६/१८ गते बारा जिल्ला उमजन गा.वि.स. वडा नं. १ बाट तत्कालिन ने.क.पा.(माओवादी) का कार्यकर्ता कुन्दन फौज्दार र राम एकवाल सहनीको टोलीले अपहरण गरेको भनी मिति २०६४/६/२० गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट तत्कालीन ने.क.पा. (माओवादी) का कार्यकर्ताहरू कुन्दन भनिने नरेन्द्र फौज्दार, लाल बहादुर चौधरी, मनेजर गिरी, राम एकबाल सहनी र हरेराम पटेल समेत ५ जना व्यक्तिहरूले पत्रकार विरेन्द्र साहलाई अपहरणपछि हत्या गरेको देखियो । घटनामा संलग्न तत्कालिन नेकपा माओवादीका उल्लेखित कार्यकर्ताहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाइ सिफारिश गर्ने निर्णय भयो ।

५८. नवलपरासी जिल्ला रजहर गाविस वडा नं. ८ बरटाँडीबाट मिति २०६१/१/२६ गते गायत्री खनाल, रोशनी भण्डारी, रोमा गुरूङ्ग र रमा रानामगरलाई नेपाली सेनाले पक्राउ गरी नियन्त्रणमा लिई आँखामा पट्टी लगाई हात पछाडी बाँधी सामुदायिक नर्सरी वनमा लगि बलात्कारपछि हत्या गरेको भनी मिति २०६१/२/२१ गते आयोगमा उजुरी दर्ता हुन आएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निजहरूलाई सेनाले पक्राउ गरी आफ्नो नियन्त्रणमा लिइसकेको व्यक्तिहरूलाई कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानी गैरन्यायिक हत्या गरेको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकहरूका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

५९. महोत्तरी, सप्तरी जिल्ला वमनगामा गापीन गाविस वडा नं ५ घर भै हाल कारागार शाखा कार्यालय, महोत्तरीमा रहेकी बर्ष ४५ की सरोजि सिंह, धनुषा जिल्ला भोयल गाविस वडा नं. ३ महुवा घर भई हाल कारागार शाखा कार्यालय, महोत्तरीमा रहेकी बर्ष ६० की श्रीवति मण्डल, भारत सितामढि जिल्ला मिठ्ठामोड पञ्चायत टोल हनुमानगर घर भई हाल कारागार शाखा कार्यालय, महोत्तरीमा रहेकी बर्ष ४५ की निर्मला झा, सिरहा जिल्ला महेशपुर पिप्रा गाविस वडा नं ४ पिप्रा घर भई हाल महोत्तरी कारागारमा रहेकी बर्ष ३७ की ललिता सिंह, धनुषा जिल्ला लक्ष्मीपुरवगेवा गाविस वडा नं ५ कुम्रौरा घर भई हाल महोत्तरी कारागारमा रहेकी बर्ष ३६ की उषा झा, धनुषा जिल्ला भरतपुर गाविस वडा नं २ बिरेन्द्रबजार घर भई हाल कारागार शाखा कार्यालय महोत्तरीमा रहेकी बर्ष ३१ की अमरिका पासवानलाई कारागार कार्यालय, महोत्तरीमा मिति २०६८/१२/१० गते राति १० वजे महिला गृहमा महिला थुनुवाहरू बीच आपसी झडप हुँदा कारागारका जेलर शोभेन्द्र ठाकुर लगायत महिला प्रहरी समेतले अमानवीय तरिकाले कुटपीट गरी यातना दिएकोले घटनाका छानवीन गरी दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपुर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६८/१२/१५ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट कारागार प्रशासन प्रमुख जेलर शोभेन्द्र ठाकुर, कारागार सुरक्षा प्रमुख प्रनानि सत्यनारायण यादव, कारागार पीयन नुनु पाण्डे, पुरूष चौकिदार विक्कु मिजारको सहयोगमा महिला प्रहरी जवानहरू हिराकुमारी चौधरी र भगवती राना मगरले महिला बन्दिहरू निर्मला झा, उषा झा, ललिता सिंह, सरोजि सिंह, श्रीवती मण्डल र अमरिका पासवानलाई पालैपालो मुल गेटमा ल्याई लठ्ठीले कम्मरदेखि पाइतालासम्मको भाग- पुठो, तिघ्रा, घुडाँ, खुट्टामा पिट्ने कार्य गरी शारीरिक तथा मानसिक यातना दिई शरीरका विभिन्न भागमा निलडाम समेत भएको देखियो । कारागारमा आदेशानुसार थुनामा रहेका कैदीहरूको ज्यूज्यान, आत्मसम्मानको संरक्षण र संवर्द्धन गर्ने सम्पूर्ण जिम्मेवारी कारागार प्रशासन कै हुन्छ । थुनामा रहेका कैदीहरूले आपसमा कुटपीट गरेको भए कानुनले निर्दिष्ट गरे अनुसार कानुनी कारबाही गर्नुको सट्टा नीजहरूलाई शारीरिक र मानसिक यातना दिने अधिकार कारागार सुरक्षाका लागि खटिएका प्रहरी कर्मचारीलाई कानुनले प्रदान गरेको छैन । त्यसरी कुटपिट गर्ने प्रहरीले अनाधिकृत कार्य गरेकाले त्यसका लीगि कुटपीट गर्ने प्रहरी व्यक्तिगत रूपमा जिम्मेवार हुन्छ । यसरी कुटपीट गरी यातना दिने महिला प्रहरीहरू हीराकुमारी चौधरी र भगवती राना मगर देखिन आएकाले नीजहरूबाट राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ को उपदफा ७ बमोजिम पीडितहरूलाई जनही रू. १०,०००/- का दरले क्षतिपूर्ति रकम भराई दिन तथा कारागारमा थुनुवा बन्दीहरू बीच झै-झगडा हुन नदिने, झै- झगडा हुँदा मेलमिलापको बातावरण तयार गर्नुपर्नेमा सो नगरी कुटपीट गरी यातना दिने कार्यमा सहयोग गर्ने कारागार प्रशासन प्रमुख जेलर शोभेन्द्र ठाकुर, कारागार सुरक्षा प्रमुख प्रनानि सत्यनारायण यादव, कारागार पीयन नुनु पाण्डेलाई विभागिय कारबाही गर्न र पुरुष चौकिदार विक्कु मिजारलाई सचेत गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

६०. पर्सा जिल्ला गम्हरिया गाविस वडा नं. ३ बस्ने बर्ष ४५ को अमरिका प्रसाद यादवलाई मिति २०६८/०३/२४ गते महुवन प्रहरी चौकिबाट आएका प्रहरीले पकाउ गरि चौकीमा लगी चौकीका असई गोविन्द कुश्वाहाले चरम यातना दिने काम गरेको । सोही दिन राति उक्त चौकीबाट ईलाका प्रहरी कार्यालय, पोखरियाका ईन्चार्ज प्रहरी नीरिक्षक सन्तु जयसवालले आफनो गाडीमा हालि आफु कार्यरत रहेको ईप्रकामा लगि बास, प्लाष्टिकको लठ्ठि, बुट र हातले शरीरको विभिन्न भागमा कुटपिट गरी अमानवीय यातना दिने काम गरे । सोही राति १.३० वजे जिल्ला प्रहरी कार्यालय, पर्सा पुऱ्याएपछि

यातना नदिई मिति २०६८/३/२६ गते रिहा गरिएकाले निजलाई पक्राउ गरि अमानवीय यातना दिने प्रहरी महुवन चौकी पर्साका इन्चार्ज असई गोविन्द कुश्वाह र इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी निरीक्षक सन्तु जयसवाललाई कारबाही गरी पीडितलाई क्षतिपुर्ति दिलाई भराई पाउँ भनी मिति २०६८/४/११ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज अमरिका राउत अहिरलाई मिति २०६८/३/२४ गते मधुवन चौकी ईन्चार्ज प्रहरी सहायक निरीक्षक गोविन्द महत्तो कोइरीले साविति बयान गराई गलत सुचना संकलन गरी गैरकानुनी उद्देश्य पूर्ति गर्न पक्राउ गरी चौकीको हिरासत कक्षमा थुनामा राखी शारीरिक तथा मानसिक यातना दिई अपमानजक व्यवहार गरेको देखियो । ईलाका प्रहरी कार्यालय, पोखरीयाका ईन्चार्ज प्रहरी निरीक्षक सन्तु जयसवालले यातना दिएको आधार प्रमाण देखिएन । यातना दिने कार्य गर्ने तत्कालिन महुवन प्रहरी चौकीका ईन्चार्ज प्रसनि गोविन्द महत्तो कोइरीबाट राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ को उपदफा ७ बमोजिम पीडितलाई रू. १०,०००/- क्षतिपूर्ति रकम भराई दिन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

६१. धनुषा जिल्ला मखनाहा गाविस वडा नं. ८ मटही बस्ने वर्ष २७ का मदन यादवलाई मिति २०६७/३/२० गते जिप्रका धनुषाको मातहतको कार्यालय ईलाका प्रहरी कार्यालय सवैलाबाट खटि गएको प्रहरी टोलीले पक्राउ गरी सोही गाविसमा पर्ने बालुवाधार नदीमा लगी गोली हानी हत्या गरेको भन्ने घटनाको सम्बन्धमा आयोगले आफ्नै सक्रियतामा मिति २०६७/३/२३ गते उजुरी दर्ता गरी कारबाही अगाडी बढाएको देखियो । यसमा मिति २०६७/३/२० गते धनुषा मखनाहा गाविस वडा नं. ८ बस्ने मदन यादवको घर प्रहरी टोलीले घेरी घरमा प्रवेश गरी विना पक्राउ पूर्जि निजलाई समाती गाडीमा राखी लगेको कुरा चश्मदिद साक्षीहरूको बयानबाट पुष्टि भएको छ । बलेरो जीप बालुवाहरी जाने सडकमा पुगी गाडी रोकी आफ्नो हिरासतमा रहेको मदन यादवलाई गाडीबाट बाहिर निकाली कुटपीट गरी प्रनि रमेशवहादुर सिंहले दिएको आदेशानुसार प्रनानि कुमारराज पौडेलले नजिकबाट नै मदन यादवको दाहिने खुट्टामा गोली हानी घाइते बनाएको कुरा गोली लागेको ठाउँ गन पाउडरबाट कालो भएबाट पुष्टि हुन्छ । घाइते बनाई गाडीमा राखी जनकपुर अञ्चल अस्पतालमा ल्याएको । अत्याधिक रगत श्रावका कारण नीज मदन यादवको मृत्यु हुन गएको कुरा पोष्टमार्टम रिर्पोट र चश्मादिद गवाहहरूको बयानबाट पुष्टि भएको देखियो । सवैला इलाका प्रहरी कार्यालय, धनुषाबाट प्रनि रमेश वहादुर सिंहको नेत्रृत्वमा खटि गएको प्रहरी टोलीले निज यादवलाई पक्राउ गरी आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानी ढिलो गरी उपचारको लागि लग्दा अत्यधिक रक्त श्रावको कारण मृत्यु हुन गएकोले निजको बाँच्न पाउने अधिकारको उल्लघंन भएको देखियो । घटनामा संलग्न सवैला ईलाका प्रहरी कार्यालय, धनुषाका प्रनि रमेश वहादुर सिंहले गोली हान्ने आदेश दिने र निजको गैरकानुनी आदेशलाई मानि गोली हान्ने प्रनानि कुमारराज पौडेललाई मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकको कानुनबमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) अनुसार रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

६२. धनुषा जिल्ला मुखियापट्टी मुसहरनिया गाविस वडा नं. २ बस्ने ४१ बर्षिय फुलझारी मुखियालाई मिति २०६८/६/१९ गते जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरीले गोली हानी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलव्ध गराई पाउँ भनी मिति २०६८/६/२६ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा फुलझारी मुखियासँग मिति २०६८/६/१६ गते असई जयनारायण यादवको कमाण्डमा खटि गएको प्रहरी टोलीले दशैं खर्च भनी १०,००० रूपैया मागेको नदिएमा मार्ने धम्की समेत दिएको भनी प्रत्यक्षदर्शीको भनाईबाट देखियो । निज फुलझारी मुखियालाई मिति २०६८/६/१९ गते प्रहरी चौकी मुसहरनियाका प्रहरीहरूले पक्राउ गरी मोटरसाइकलमा राखी प्रहरी चौकी लैजाँदै गर्दा निज मुखियाले मोटरसाइकल धकेली भाग्न लाग्दा रोक भन्दा नरोकेकोले गोली हानी घाइते बनाएको र उपचारका लागि अस्पताल लैजाने क्रममा मृत्यु भएको भन्ने प्रहरीको भनाई पुष्टि हुने आधार प्रमाण देखिएन । किनभने प्रहरीहरूको नियन्त्रणमा हतकडी लगाइएको अवस्थामा रहेको व्यक्ति भाग्न सक्ने अवस्था रहँदैन । प्र.स.नि. जयनारायण यादवले घाइते भएका प्रहरी जवान उपेन्द्र यादवलाई उपचारको लागि जिल्ला प्रहरी कार्यालयबाट गाडी झिकाएको तर घाइते अवस्थामा रहेका फुलझारी मुखियालाई सोही गाडीमा पठाउन सक्ने विद्यमान अवस्था हुँदा-हुँदै उपचारको लागि समेत पठाएको देखिएन । निज फुलझारी मुखियालाई प्रहरीले पक्राउ गरी आफ्नो

नियन्त्रणमा रहेको व्यक्तिलाई कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानी हत्या गरेको देखिंदा घटनामा संलग्न प्रहरी चौकी मुसहरनियाका प्र.स.नि. जयनारायण यादवलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न, प्र.ज.उपेन्द्र यादव र प्र.ज.रामदिनेश यादवलाई विभागीय कार्वाही गर्न, प्रहरी जवानहरू दिनेश साह र दिलिप साफीलाई सचेत गराउन, त्यस्तै आयोगको अनुसन्धान कार्यमा असहयोग गर्ने प्र.ना.उ. टेक बहादुर गुरूङ्गलाई विभागीय कार्वाही गर्न तथा मृतकको कानुनबमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

६३. बारा जिल्ला हर्दिया गा.वि.स वडा नं. ८ बस्ने जमुना सिंहलाई मिति २०६४/५/१३ गते राति छिमेकी हितलाल सिंहको घरमा सुतिरहेको अवस्थामा प्रनाउ रण वहादुर रायमाझीको कमाण्डमा खटि गएको सुरक्षाकर्मीहरूले पक्राउ गरी गोली हानी हत्या गरेकाले घटनाको अनुसन्धान गरी दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपुर्ति दिलाई पाउँ भनि मिति २०६४/६/३० गते आयोगमा उजुरी दर्ता भएको देखियो । दोहोरो भिडन्तमा प्रहरीको कारबाहीमा निज जमुना सिंहलाई गोली लागी घाईते भई उपचारको क्रममा निजको मृत्यु भएको भन्ने प्रहरीको भनाई पुष्टि हुने आधार प्रमाण देखिएन । बारा हर्दिया गाविस वडा नं. २ स्थित चरमोहना टोलमा मिति २०६४/५/१३ गते प्रनाउ रणवहादुर रायमाझीको नेतृत्वमा प्रहरी टोली पुगी जमुना सिंहको घरमा खानतलाशी गरी निज सिंहको छोरा र ज्वाईलाई पक्राउ गरेको । त्यसपछि हितलाल महत्तोको घर खानतलाशी गरी निज जमुना सिंह, नागेन्द्र पनिट र शशी भुषण सिंहलाई पक्राउ गरी नागेन्द्र पनिट र शशि भुषण सिंहलाई हितलाल महत्तोको घरमै राखी जमुना सिंहलाई हितलाल महत्तोको घर भन्दा पर लिएर गएको ५/१० मिनेटपछि गोलीको आवाज पड्केको सुनेको भनी प्रत्यक्षदर्शीको बयानबाट खुल्न आउँछ । निज जमुना सिंहको टाउकोमा गोली प्रवेश गर्दा वनेको आकार १.५ इन्चको बृताकार रहेको शव परीक्षण प्रतिवेदनबाट देखिन्छ । गोली टाढाबाट लागेको भए ठुलो आकार लिदैन तर नजिकबाट लागेको हुनाले १.५ ईन्चको बृताकारको गोली प्रवेश विन्दुले समेत निजको मृत्यु दोहोरो भिडन्तमा भएको पुष्टि हुने आधार देखिएन । प्रहरीले निजलाई पक्राउ गरी आफनो नियन्त्रणमा लिई सकेको व्यक्तिलाई कानुनबमोजिम कारबाही गर्नुपर्नेमा सो नगरी गोली हानी हत्या गरेकाले निज जमुना सिंहको बाँच्न पाउने मानव अधिकारको उल्लघंन भएको देखियो । घटनामा संलग्न प्रनाउ रणवहादुर रायमाझी, स.प्र.नि. श्यामवहादुर कार्की र प्रहरी उपरीक्षक श्यामवहादुर खत्रीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न, पीडित परिवारको तर्फबाट प्रेमचन्द्र सिंहले हुलाक मार्फत जिल्ला प्रहरी कार्यालयमा पठाएको जाहेरी दर्ता गरी कारबाही अगाडी बढाउन तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाइ सिफारिश गर्ने निर्णय भयो ।

६४. काठमाडौं जिल्लाको बागमती किनार लगायत मुलुकका विभिन्न स्थानमा बसोबास गरेका सुकुम्वासीहरूको घर टहरा हटाउने सरकारको निर्णयले आर्थिक, सामाजिक अधिकारमा आघात पुग्न गएकोले न्योचित बैकल्पिक व्यवस्था गरी मानव अधिकारको संरक्षण गरी पाउँ भनी आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा बागमती करिडोरका सरकारी जग्गामा घर टहरा बनाई बसोबास गरेका सुकुम्वासीहरूलाई हटाउने क्रममा प्रहरीले अपनाएका तरीकाबाट त्यहाँ बसोबास गरी रहेका सुकुम्वासीहरू विशेष गरी बालबालिका, गर्भवती महिला, जेष्ठ नागरिक, अशक्त व्यक्तिहरूप्रति ज्यादती भएको आयोगको टोलीले दिएको अनुगमन रिपोर्टबाट देखियो । बागमती नदी किनारमा सकुम्वासीहरूले लामो समयदेखि बसोबास गरिरहेको भएतापनि कानुनी रूपमा उक्त स्थानका उनीहरू स्वामित्व प्राप्त कर्ता व्यक्ति हुन नसक्ने र राज्यले कुनै पनि समयमा उक्त बसोबास गर्दै आएका सुकुम्वासीहरूले बनाएको घर टहरा हटाउन सक्दछ । तर सुकुम्वासीहरूले घर टहरा बनाउन शुरु गरेकै बेला सम्बन्धित अधिकारीले रोकथनाम गर्नुपर्ने सो नगर्नु सम्बन्धित पदाधिकारीकै गल्ती देखिन्छ । घर टहरा बनेका यतिका दिनपछि घर टहरा भत्काउनु पूर्व मानवीय मूल्य मान्यताका संवेदनशिलताको विचार गरी मानव अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय कानुनको मापदण्डलाई पालना गर्दै घर टहरा भत्काउनुपर्नेमा सो गरेको देखिन आएन । घर टहरा भत्काइएकोले विस्थापित भएका सुकुम्वासीहरूको पहिचान गरी निजहरूको वसोवासको वैकल्पिक व्यवस्था मिलाएर मात्र निजहरू वसोवास गरेको सरकारी स्वामितवमा रहेको जग्गा खाली गराउनुपर्ने तथा घर टहरा भत्काउँदा उनीहरूलाई हुन गएको क्षतिको उचित मूल्याङ्कन

गरी क्षतिपूर्ति दिन र अन्य ठाउँको अतिक्रमित सरकारी जग्गा खाली गराउँदा माथि उल्लेख गरिएका मापदण्ड अपनाई मात्र अतिक्रमित जग्गा खाली गराउने तर्फ कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

६५. शान्ति सेवा गृहमा आश्रित रूपमा रहेका शोभित बुढाथोकीलाई मिति २०६३/४/२५ गते सोही गृहको इन्चार्जले कुटपिट गरी बेहोस बनाएकोले दोषीलाई कारबाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३/३/३२ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा निज शोभित बुढाथोकीले रक्सी सेवन गरी होहल्ला गरेकाले होस्टेल इन्चार्ज नवराज खरेलले निजलाई कुटपीट गरेको आयोगको अनुगमन प्रतिवेदनबाट देखियो । शान्ति गृहमा आश्रित भइ बसेका विरामी शोभित बुढाथोकीलाई संझाइ बुझाई गर्नुपर्नेमा कुटपीट गर्ने होस्टेल ईन्चार्ज नवराज खरेललाई सचेत गराउन कारबाही अगाडी बढाउन तथा यस्ता सामाजिक सङ्घसंस्थाको नियमित अनुगमन गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

६६. जिल्ला स्वास्थ्य कार्यालय रामेछापको गाडीमा मिति २०६२/११/१७ गते तत्कालिन ने.क.पा माओवादीका कार्यकर्ताहरूले आगो लगाएकोले स्वास्थ्य अधिकारमा आघात पुगेको भनी मिति २०६२/११/२४ गते आयोगमा उजुरी दर्ता भएको देखियो । उजुरीमा माग भए बमोजिम तत्कालिन नेकपा माओवादीहरूले माफी मागीसकेका, गाडी मर्मत संभारको लागि स्वास्थ्य सेवा विभाग काठमाडौंमा पठाइएको, हाल स्वास्थ्यकर्मीहरूलाई आफ्नो कार्य गर्न अवरोध नभएको भनी आयोगको अनुसन्धान टोलीको प्रतिवेदन देखियो । प्रस्तुत उजुरीउपर थप कारबाही गरिरहनु परेन । उजुरी टुंग्याउने निर्णय भयो ।

६७. सिन्धुपाल्चोक बाह्रविशे गा.वि.स वडा नं ९ बस्ने याङ्ग दोर्जे तामाङ्गलाई निजको भिन्न बसेका छोराले चाइनिज पसलेको पैसा तिर्न बाँकी रहेकोले सो तिर्न र तोकिएको समयमा नतिरेमा निजको सम्पत्तिबाट तिर्ने गरी प्रहरीबाट जवरजस्ती कागज गर्न लगाइएकोले न्याय पाउँ भनी मिति २०६३/९/३० गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आर्थिक लेनदेन कारोवार सम्बन्धी विवाद भएको र प्रहरीबाट जवरजस्ती कागज गराएको भन्ने सम्बन्धामा प्रहरीबाट सो नभएको भनी आयोगको अनुगमन प्रतिवेदनबाट देखियो । लेनदेनको विषय भएको विवादको निपटारा कानुनबमोजिम हुने भएकाले आयोगको क्षेत्राधिकारको अभावमा प्रस्तुत उजुरी उपर थप केही गरिरहनु परेन । उजुरी टुंग्याउने ठहर छ

६८. आयोग स्थापनाकालदेखि आयोगमा उजुरीहरू दर्ता हुँदै आएका छन् । आयोगमा दर्ता हुन आएका उजुरीहरूमा कुनै एक व्यक्तिको मानव अधिकार उल्लंघन भयो भनी उल्लेख भई आएकोमा उक्त घटनाको अनुसन्धान, तहकीकात हुँदै जाँदा सोही घटनामा अन्य व्यक्ति, समूह वा समूदायहरूको समेत मानव अधिकार उल्लंघन भएको पाइन्छ । यसैगरी कुनै उजुरीहरूमा एक भन्दा बढी व्यक्तिहरूको मानव अधिकार उल्लंघन भएकोमा एक जना व्यक्तिको नाम उल्लेख गरी बाँकी पीडीतहरूलाई "समेत" भनी नाम, ठेगाना नखुलाइएको पाइन्छ । यसरी प्राप्त भएका उजुरीहरू उजुरी दर्ता कितावमा अभिलेखीकरण गर्दा उजुरीमा उल्लेख भएको व्यहोरा अनुसार नै दर्ता हुनु पर्दछ । आयोगको अनुसन्धानबाट मानव अधिकार उल्लंघन भएका थप व्यक्तिहरूको उजुरी दर्ता कितावमा अभिलेखीकरण हुने गरेको पाइएन । यसबाट आयोगबाट सिफारिस भैसकेका पीडीत व्यक्तिहरूको तर्फबाट पुनः उजुरी पर्न सक्ने र दोस्रो पटक पनि निर्णय हुन सक्ने र आयोगबाट सिफारिस गरिएका व्यक्तिहरूको तथ्यांक समेत फरक पर्न सक्ने देखिंदा आयोगबाट नीतिगत निर्णय हुनपर्ने भनि पेश भएको प्रस्तुत विषयमा देहाय बमोजिमको नीतिगत निर्णय भयो ।

क) कुनै उजुरीको अनुसन्धानका क्रममा थप व्यक्ति, समुह वा समुदायको मानव अधिकार उल्लंघन हुन गएको पाइएमा त्यस्ता व्यक्ति, समुह वा समुदायको मानव अधिकार उल्लंघन भएको विषय समाविष्ट गरी अनुसन्धान टोलीले आयोगमा प्रतिवेदन पेश गर्नुपर्ने । उक्त प्रतिवेदनका आधारमा आयोगले स्वविवेकीय अधिकार प्रयोग गरी मानव अधिकार उल्लंघन हुन गएका प्रत्येक व्यक्तिको व्यक्तिगत उजुरी फाइल तयार गरी उजुरी दर्ता कितावमा दर्ता गर्नुपर्ने । उजुरी दर्ता कितावमा दर्ता भैसके पश्चात मात्र शुरुमा दर्ता भएको उजुरी र यसको अनुसन्धान प्रतिवेदन साथ राखी दुवै उजुरी आयोगमा निर्णयको/छलफलको लागि साथै पेश गर्नु ।

ख) आयोगमा दर्ता हुन आएको कुनै पीडीत व्यक्तिको नाममा "समेत" जोडिएर आएको उजुरीको सम्बन्धमा उक्त उजुरी फाइल तथा उजुरी दर्ता कितावमा मानव अधिकार उल्लंघन भएका प्रत्येक

व्यक्तिको नाम उल्लेख गर्नुपर्ने वा "समेत" उल्लेख भई दर्ता हुन आएको उजुरीमा मानव अधिकार उल्लंघन भएका प्रत्येक व्यक्तिहरूको हकमा अनुसन्धान गरी क कसको मानव अधिकार हनन् भए नभएको व्यहोरा अलग अलग उल्लेख गरी छुट्टाछुट्टै उजुरी फाइल बनाई उजुरी दर्ता किताबमा अभिलेखीकरण गरी कार्वाही प्रकृया अगाडी बढाउनुपर्ने ।

ग) आयोगमा दर्ता भएका स्थानमा आधारित वा घटनामा आधारीत उजुरीहरू (जस्तै : चितवनको बाँदरमुढे घटना, काभ्रेको नार्के घटना, रामेछापको दोरम्बा घटना जस्ता प्रकृतीका उजुरीहरू) मा अनुसन्धान हुँदा अनुसन्धान प्रतिवेदनमा मानव अधिकार उल्लंघन हुने प्रत्येक व्यक्तिहरूको नाम उल्लेख गरी कारबाही प्रक्रिया अगाडी वढाउनु ।

घ) यो नीतिगत निर्णय अनुसार उजुरी दर्ता गर्न, अनुसन्धान गर्न र कारबाही अगाडी वढाउन सवै महाशाखा, क्षेत्रिय, उप क्षेत्रिय कार्यालय तथा केन्द्रमा उजुरी दर्ता गर्ने शाखालाई निर्णयको प्रति जानकारीका लागि अविलम्ब पठाउनु ।

६९. रोल्पा जिल्ला धवाङ गाविस वडा नं. ७ भनभनेका सेते वलीलाई मिति २०५७/७/४ गते घरमै बसिरहेको अवस्थामा प्रहरीले गोली हानी हत्या गरेकाले दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलव्ध गराई पाउँ भनी मिति २०६४/६/१५ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज सेते वलीलाई प्रहरीले पक्राउ गरी नियन्त्रणमा लिन सकिने अवस्था रहँदा-रहँदै गोली हानी गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकको कानुनबमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

७०. जिल्ला रोल्पा खुमेल गाविस वडा नं. ६ घर भै तुल्सीपुर कारागार शाखा दाङ्गमा नजरवन्दमा रहेकी १७ वर्षिया मिना घर्तीमगरले सुरक्षाकर्मीको दुर्व्यवहार र यातनाका कारण कारागारभित्रै शरीरमा मट्टितेल खनाई आत्महत्या गर्ने प्रयास गरेको र उपचारको क्रममा मिति २०६२/१२/३ गते भेरी अञ्चल अस्पतालमा मृत्यु भएको भनी समाचार प्रकाशित भएको घटनाको सम्बन्धमा आयोगको ध्यानाकर्षण भई आयोगले आफ्नै सक्रियतामा मिति २०६२/१२/३ गते उजुरी ग्रहण गरी कारबाही अगाडी बढाइएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज मिना घर्ती मगरले मिति २०६२/११/१४ गते रातीको समयमा आफ्नो शरीरमा मट्टितेल खन्याई आत्महत्या गर्ने प्रयास गरेकी । नेपालगंज भेरी अञ्चल अस्पतालमा मिति २०६२/१२/३ गते उपचारको क्रममा मृत्यु भएको देखियो । उमेर नपुगेको नाबालकलाई बालसुधार गृहमा राख्ने, कारागारमा शारीरिक वा मानसिक यातना दिन नहुने, कारागारभित्र रहेका सवैको जीवन रक्षा गर्ने अभिभारा कारागार प्रशासनकै भएकोले त्यसतर्फ लापरवाही भएको देखिंदा कारागार प्रशासकलाई सचेत गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

७१. बर्दिया जिल्ला बगनाह गाविस -३ मिरचहिया निवासी स्थानीय बखतपुर सामुदायिक बनको चौकीदार मुक्त कमैया २८ वर्षिय शिवप्रसाद थारूलाई मिति २०६१/३/२७ गते बन चौकीदारी गर्न गएको अवस्थामा सुरक्षाफौजले गाली हानी हत्या गरेकाले दोषी उपर कारबाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलव्ध गराई पाउँ भनि २०६१/३/३१ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज शिवप्रसाद थारूलाई सुरक्षाकर्मीले पक्राउ गरी आफ्नो नियन्त्रणमा लिईसकेपछि कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानी गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकार उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकको कानुनबमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

७२. जिल्ला बर्दिया बगनाह गाविस वडा नं. ६ तकिया बस्ने घोगुवा थारू भन्ने दशराम थारूलाई मिति २०५८/९/३ गते विहान ६ बजे सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म निजको अवस्था सार्वजनिक नगरेकाले स्थिति सार्वजनिक गराई पाउँ भनी २०६४/६/२७ गते आयोगमा उजुरी दर्ता भएको देखियो ।

यसमा आयोगको अनुसन्धानबाट निज घोगुवा थारू भन्ने दशराम थारूलाई मिति २०५८/९/३ गते मोतिपुर गाविस अर्न्तगत दक्षिणभकारीमा पर्ने नयाँबस्तीबाट पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, बर्दियाको हिरासतमा राखीएको । त्यसपछि जिल्ला कारागार शाखा बर्दियामा मिति २०५९/१/१९ गतेसम्म थुनामा राखी जिल्ला प्रहरी कार्यालय बर्दियाका तत्कालिन इन्सपेक्टर गणेशविक्रम शाह र मुद्दा फाँटको नायव निरीक्षक नेत्रप्रसाद पोखेल समेतका सुरक्षाकर्मीको संलग्नतामा कारागार शाखा बर्दियाबाट बेपत्ता पारी हालसम्म निजको स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानुनबमोजिमका हकवालालाई रू. १ लाख अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो

७३. सर्लाही जिल्ला अचलगढ गाविस वडा नं ५ निवासी रामइश्वर सहनी र ऐ.ऐ. वार्ड नं ८ बस्ने शंकर सहनीलाई मिति २०६०/६/२५ गते सुदामा व्यारेकका प्रहरीहरूले पकाउ गरी गोली हानी हत्या गरेको भनी मिति २०६०/१०/२९ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा जिल्ला प्रशासन कार्यालयले जानकारी गराएको, दोहोरो भीडन्त भएको भन्ने गृह मन्त्रालयको पत्रमा व्यहोरा उल्लेख भएको देखिन्छ । प्रहरी प्रधान कार्यालयले पनि दोहोरो भिडन्त भएको जानकारी गराए पनि चश्मादिद् व्यक्तिहरूको भनाईबाट दोहोरो भिडन्त भएको पुष्टि भएको देखिएन । प्रहरीले गोली हानी गैरन्यायिक हत्या गरेका हुन भनी बयानमा उल्लेख गरेको देखिन्छ । निजहरू रामईश्वर सहनी र शंकर सहनीलाई स्थानिय व्यक्तिहरूले तत्कालिन नेकपा माओवादीको आरोपमा नियन्त्रणमा लिई कुटपिट गरी प्रहरी समक्ष बुझाएको र प्रहरीले निजहरूलाई हिरासतमा राखी कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानी गैरन्यायिक हत्या गरेकाले निजहरूको बाँच्न पाउने मानव अधिकार उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कार्वाही गर्न तथा मृतकद्वयका कानुनबमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

७४. दाङ जिल्ला हेकुली गाविस वडा नं. ४ मौली बस्ने युवराज शर्मालाई मिति २०५८/१०/१५ गते राती तत्कालिन नेकपा माओवादीका समूहले अपहरण गरी लगेकोमा हालसम्म स्थिति पत्ता नलागेकाले खोजतलाश गरी पाउँ भनी मिति २०६३/३/७ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज युवराज शर्मालाई तत्कालिन नेकपा माओवादीका कार्यकर्ताहरू जनअदालत प्रमुख रामबहादुर थापा (शुन्दर), वकिल भिमबहादुर चौधरी (भिम) तथा तत्कालिन पार्टीको नाम जेहेन्दार नाम गरेका कार्यकर्ताहरूले अपहरण गरी लगेकोमा निज युवराज शर्माको हालसम्म स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानुनबमोजिमका हकवालालाई रू. १ लाख अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

७५. जिल्ला रोल्पा धवाङ- ८ बस्ने निवर्तमान जिल्ला विकास समितिका क्षेत्रिय सदस्य खिमलाल वलीका छोरा डोरबहादुर वलीलाई मिति २०६०/६/८ गते तत्कालिन नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी लगेकाले निजको रिहाईका लागि पहल गरी पाउँ भनी मिति २०६०/७/२४ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज डोरबहादुर वलीलाई तत्कालिन नेकपा माओवादीका कार्यकर्ताहरू धवाङ गाविस ८ बस्ने प्रज्वल भन्ने कैले रोका र ऐ. वडा नं. ७ बस्ने विश्लेषण भन्ने धनबहादुर थापाले मिति २०६०/६/८ गते घरैबाट अपहरण गरी लगेकोमा मिति २०६१/२/२३ गते हत्या गरेको देखियो । घटनामा संलग्न तत्कालिन नेकपा माओवादीका कार्यकर्ताहरू धवाङ गाविस ८ बस्ने प्रज्वल भन्ने कैले रोका र ऐ. वडा नं. ७ बस्ने विश्लेषण भन्ने धनबहादुर थापालाई मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये रू. पचहत्तर हजार क्षतिपूर्ति वापत रकम मृतकका आफन्तले बुझिसकेको भनी जिल्ला प्रशासन कार्यालय, रोल्पाको मिति २०६४/१२/१ गतेको पत्रबाट देखिंदा सो रकम कट्टा गरी सिफारिश भए बमोजिम क्षतिपूर्तिका बाँकी रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

७६. जिल्ला दैलेख भैरिकालिका गाविस ३ बस्ने लक्ष्मी रिजाल र ऐ. वडा नं. १ बस्ने लक्ष्मी शाहीलाई मिति २०५९/२/१९ गते तत्कालिन शाही नेपाली सेनाले दैलेख बजारबाट पक्राउ गरी बडलम्जी गाविसको उत्तरतर्फको खोलामा लगी गोली हानी हत्या गरेकाले दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६०/४/१२ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा जिल्ला प्रशासन कार्यालय, दैलेखले आयोगलाई जानकारी गराएको पत्रबाट निजहरूको दोहोरो मुठभेडमा मारिएको बुझिएको भन्ने जवाफ पुष्टि हुने आधार प्रमाण देखिएन । निजहरू लक्ष्मी शर्मा रिजाल र लक्ष्मी शाहीलाई तत्कालिन शाही नेपाली सेनाले मिति २०५९/२/५ गते पक्राउ गरी आफ्नो नियन्त्रणमा लिई थुनामा राखी मिति २०५९/२/१८ गते राती व्यारेकबाट लिएर गई मिति २०५९/२/१९ गते बिहान बडलम्जी गाविसको छड्ने भन्ने उत्तरतिरको खोलामा लगी गोली हानी गैरन्यायिक हत्या गरेकाले निजहरूको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । निजहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी आफ्नो नियन्त्रणमा लिएको व्यक्तिहरूलाई कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानी गैरन्यायिक हत्या गरेको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कार्वाही गर्न तथा मृतकद्वयका कानुनबमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

७७. जिल्ला दैलेख नारायण नगरपालिका वडा नं. ३ खुर्सानीबारी बस्ने उदय रेग्मी र सुकुल सिंहलाई मिति २०६२/५/२० गते नेपाली सेनाका सुरक्षाकर्मीले पक्राउ गरी गोली हानी हत्या गरेकाले दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३/२/१६ गते आयोगमा उजुरी दर्ता भएको देखियो । निजहरू उदय रेग्मी र सुकुल सिंहको दोहोरो भिडन्तमा परी मृत्यु भएको, घटनास्थल टाढा भएकाले पोष्टमार्टम गर्न सक्ने अवस्था नभएकाले गाउँ सर्जमिन मुचुल्का खडा गरी लाशको घटनास्थलमै दाहसंस्कार गरिएको भन्ने सेनाको जवाफ पुष्टि हुने आधार प्रमाण देखिएन । निजहरू उदयराज रेग्मी र सुकुल सिंह तत्कालिन नेकपा माओवादी पार्टीमा आवद्ध रहेका । निजहरूलाई मिति २०६३/५/२० गते मयाराम कटुवालको घरमा निशस्त्र वसिरहेको अवस्थामा नेपाली सेनाले संचालन गरेको टाइगर ग्रुपका भुवनसिंह थापा र हरिबहादुर चन्दको संलग्नतामा तत्कालिन शाही नेपाली सेना भवानी वक्स गण दैलेखका गणपती नयनराज दाहालको निर्देशनमा पक्राउ गरी नियन्त्रणमा लिई सकेपछि गोली हानी गैरन्यायिक हत्या गरी लाशहरू छोडी गएको र भोलीपल्ट स्थानिय व्यक्तिहरूलाई जवरजस्ती लाशहरू बोक्न लगाई घटनास्थलभन्दा दक्षिणतर्फ रहेको पिउँसे पखेरामा लगी गाड्न लगाएको भनी प्रत्यक्षदर्शीहरूले बयान देखियो । दुवै मृतकहरूको छात्तीमा गोली लागेको भनी घटनास्थल जाँच मुचुल्का प्रतिवेदनबाट देखिन्छ । घटनामा संलग्न तत्कालिन शाही नेपाली सेनाले संचालन गरेको टाइगर ग्रुपका भुवनसिंह थापा र हरिबहादुर चन्द, तत्कालिन शाही नेपाली सेना भवानी वक्स गण दैलेखका गणपती नयनराज दाहाल र अन्य दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकद्वयका कानुनबमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

७८. जिल्ला बर्दिया मोतीपुर गाविस १ हावापुर बस्ने अमरप्रसाद आचार्यलाई मिति २०६१/९/१८ गते सशस्त्र प्रहरीका सुरक्षाकर्मीहरूले गोली हानी घाईते बनाएको हुँदा घटनाको छानवीन गरी दोषीलाई कारबाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३/३/७ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज अमरप्रसाद आचार्यलाई सशस्त्र प्रहरीका सुरक्षाकर्मीबाट चलाइएको गोली लागी घाईते भएको । निजको भेरी अञ्चल अस्पतालमा उपचार भएको र उपचारको क्रममा निजको १५०००/- खर्च भएको । हालसम्म निजले कहीं कतैबाट क्षतिपूर्ति नपाएको भन्ने देखिंदा निजको उपचार गर्दा लागेको रू. १५०००/ क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

७९. जिल्ला बाँके नौवस्ता गाविस वार्ड नं. ८ बस्ने फुलराज चौधरी र राजबहादुर चौधरीलाई मिति २०५९/५/१३ गते चिसापानी व्यारेक बाँकेबाट आएका गणपति अजीत थापा समेत रहेको नेपाली

सेनाका सुरक्षाकर्मीले घरमा सुतिरहेको अवस्थामा पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले निजहरूको स्थिति सार्वजनिक गरी पाउँ भनी मिति २०६२/१०/२७ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निजहरू फुलराज चौधरी र राजबहादुर चौधरीलाई मिति २०५९/५/१३ गते चिसापानी व्यारेकबाट आएका गणपती अजीत थापा र रमेश स्वाँरले घरमा सुतिरहेको समयमा पक्राउ गरी चिसापानी व्यारेकमा लगी तहाँबाट हालसम्म बेपत्ता पारेको देखियो । निजहरू फुलराज चौधरी र राजबहादुर चौधरीको हालसम्म स्थिति अज्ञात देखिँदा निजहरूको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितहरूका कानुनबमोजिमका हकवालाहरूलाई जनही रू. १ लाख अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

८०. जिल्ला बाँके नौवस्ता गाविस वार्ड नं. ८ बस्ने कर्णबहादुर थारूलाई मिति २०५९/४/२९ गते चिसापानी व्यारेक बाँकेबाट आएका नेपाली सेनाका सुरक्षाकर्मीले घरैबाट पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले निजको स्थिति सार्वजनिक गर्न पहल गरी पाउँ भनी मिति २०५९/५/३ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज कर्णबहादुर थारूलाई मिति २०५९/४/२९ गते चिसापानी व्यारेबाट आएका क्याप्टेन रमेश स्वाँर सहितको सुरक्षाकर्मीको टोलीले घरैबाट पक्राउ गरी चिसापानी व्यारेकमा लगी तहाँबाट हालसम्म बेपत्ता पारेको देखियो । निज कर्णबहादुर थारूको हालसम्म स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानुनबमोजिमका हकवालालाई रू. १ लाख अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

८१. जिल्ला बाँके कोहलपुर ४ मुसुरीखेत बस्ने जीतवहादुर पुन र चन्द्रबहादुर विकलाई मिति २०५९/१/२९ गते सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले निजहरूको स्थिति सार्वजनिक गरी पाउँ भनी मिति २०६२/९/१५ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निजहरू जीतवहादुर पुन र चन्द्रबहादुर विकलाई मिति २०५९/१/२९ गते ईलाका प्रहरी कार्यालय, कोहलपुरका इन्चार्ज प्रहरी निरीक्षक धर्मराज सुनार र गोविन्द थपलिया समेत रहेको प्रहरी टोलीले पक्राउ गरी ईलाका प्रहरी कार्यालय, कोहलपुरमा थुनामा राखी तत्पश्चात हालसम्म बेपत्ता पारेको देखियो । निजहरू जीतवहादुर पुन र चन्द्रबहादुर विकको हालसम्म स्थिति अज्ञात देखिँदा निजहरूको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितहरूका कानुनबमोजिमका हकवालाहरूलाई जनही रू. १ लाख अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

८२. जिल्ला सल्यान थारमारे गाविस ७ बस्ने वर्ष २० को विजय भण्डारीलाई मिति २०५६/४/१३ गते प्रहरी सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले निजको स्थिति सार्वजनिक गर्न पहल गरी पाउँ भनी मिति २०६३/७/१३ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज विजय भण्डारीलाई मिति २०५६/४/१३ गते एसएलसीको सर्टिफिकेट लिन जनकल्याण उच्च माविमा गएको अवस्थामा तत्कालिन सल्यान थारमारे प्रहरी चौकीका इन्चार्ज अभी के.सी.को नेतृत्व तथा निर्देशनमा सादा पोशाकमा आएका प्रहरी सुरक्षाकर्मीले विद्यालय हाताबाटै पक्राउ गरी हालसम्म बेपत्ता पारेको

देखियो । निज भण्डारीको हालसम्म स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानुनबमोजिमका हकवालालाई रू. १ लाख अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

८३. दाङ्ग गडवा गाविस ९ सुकैला बस्ने गिता घर्तीमगर र सोही गाविसको वडा नं. ९ बस्ने नन्द केसीलाई मिति २०५८/१०/११ गते सोही गाविसको चन्दनपुर भन्ने स्थानबाट सुरक्षाकर्मीले पक्राउ गरी लगेर कारागार शाखा, तुल्सीपुरमा राखिएको । मिति २०५९/२/३ गते कारागार शाखा तुल्सीपुरमा आफन्तले भेटघाट गरेको तत्पश्चात हालसम्म बेपत्ता पारेकाले निजहरूको स्थिति सार्वजनिक गरी पाउँ भनी मिति २०६३/४/१६ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा जिल्ला प्रशासन कार्यालयको च.नं. ४५५ मिति २०६३/५/१२ गतेको पत्रानुसार मिति २०५९/२/९ गते गिता घर्ती मगर र नन्द केसीलाई छाडी दिएको व्यहोरा उल्लेख भएपनि उक्त कुरा पुष्टि हुने कुनै आधार प्रमाण देखिदैन । मिति २०५८/१०/११ गते चन्दनपुर भन्ने स्थानबाट सुरक्षाकर्मीले गिता घर्ती मगर र नन्द केसीलाई पक्राउ

गरी लगेको । लमही वेश क्याम्पमा एकदिन हिरासतमा राखी प्रहरी हिरासतमा पठाई दिएको, दुवैजनालाई जिल्ला कारागार शाखा तुल्सीपुरमा थुनामा राखिएको अवस्थामा नीजहरूको आफन्तहरूसित मिति २०५९/२/३ गतेसम्म कारागारमा भेटघाट भएको देखियो । तत्पश्चात हालसम्म दुवैजना कारागारबाट बेपत्ता रहेको भन्ने आयोगको अनुसन्धान प्रतिवेदनबाट देखियो । निजहरू गिता घर्तीमगर र नन्द केसीको हालसम्म स्थिति अज्ञात देखिँदा निजहरूको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितहरूका कानुनबमोजिमका हकवालाहरूलाई जनही रू. १ लाखका दरले अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

८४. नेपालगंज, फाइल नं. १२७६,जिल्ला सुर्खेत छिन्चु गाविस वडा नं. १ ववई गोरूपानी बस्ने वर्ष २८ को गंगाराम वली, वर्ष २० को दुर्गबहादुर वली र वर्ष २६ को दलविर परियारलाई मिति २०५९/६/१२ गते चिसापानी व्यारेकबाट आएको संयुक्त सुरक्षाफौजले घरैबाट पक्राउ गरी हालसम्म बेपत्ता पारेको भनी मिति २०६३/११/१० गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट मिति २०५९/६/१२ गते राती अन्दाजी १ बजेको समयमा तत्कालिन भिमकाली गुल्म चिसापानी व्यारेक, बाँकेबाट आएका मेजर अजित थापाको नेतृत्वमा आएको नेपाली सेनाका सुरक्षाकर्मीहरूले गंगाराम वली, दुर्गबहादुर वली र दलविर परियारलाई घरबाट पक्राउ गरी लगेकोमा मिति २०५९/६/१३ गते विहान ८ बजेसम्म व्यारेकमा थुनामा राखीएकोमा हालसम्म पनि नीजहरूको बारेमा सार्वजनिक जानकारी प्रकाशन नगरी अवस्था बेपत्ता नै रहेको देखियो । निजहरू गंगाराम वली, दुर्गबहादुर वली र दलविर परियारको हालसम्म स्थिति अज्ञात देखिँदा निजहरूको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितहरूका कानुनबमोजिमका हकवालाहरूलाई जनही रू. १ लाखका दरले अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

८५. नेपालगंज, फाइल नं. ७५४,जिल्ला बर्दिया डेउडाकला गाविस ३ खैरेनीटोल बस्ने जनकप्रसाद उपाध्यायलाई मिति २०५९/३/४ गते सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेको भनी मिति २०६२/११/२७ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज जनकप्रसाद उपाध्यायलाई मिति २०५९/३/४ गते रातीको समयमा नेपाली सेना रम्भापुर व्यारेकबाट आएका सुरक्षाकर्मीहरूले घरैबाट पक्राउ गरी हालसम्म बेपत्ता पारेको देखियो । निज उपाध्यायको हालसम्म स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानुनबमोजिमका हकवालालाई रू. १ लाख अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

८६. नेपालगंज, फाइल नं. ९४३,जिल्ला बर्दिया धधवार गाविस ८ बस्ने जनसेवा माविका शिक्षक सगुनलाल चौधरीलाई मिति २०५८/९/१२ गते चिसापानी व्यारेकका तत्कालिन क्याप्टेन रमेश स्वाँरको टोलीले पक्राउ गरी हालसम्म बेपत्ता पारेको भनी मिति २०६३/३/२१ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज शिक्षक सगुनलाल चौधरीलाई मिति २०५८/९/१२ गते चिसापानी व्यारेकका तत्कालिन क्याप्टेन रमेश स्वाँरको टोलीले पक्राउ गरी मिति २०५८/१२/२२ सम्म भिमकाली गुल्म चिसापानी व्यारेकमा हिरासतमा राखिएको तत्पश्चात कुनै जानकारी नदिई बेपत्ता पारेको देखियो । निज चौधरीको हालसम्म स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानुनबमोजिमका हकवालालाई रू. १ लाखका अन्तरिम राहत स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

८७. नेपालगंज, फाईल नं १८६८ (क), जाजरकोट जिल्ला दह गाविस २ जुर्क बस्ने रामबहादुर बुढा, हर्कबहादुर बुढा, हस्तबहादुर बुढा, भावल बुढा, खडगबहादु बुढा, पूर्णबहादुर घर्ती, ऐ. गर्खाकोट गाविस ९ बस्ने टसी दमाई र ऐ.ऐ. वडा नं. ७ का हर्क रावत गरी जम्मा ८ जनालाई मिति २०५५/३/३ गते सुरक्षाकर्मीले पक्राउ गरी गोली हानी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६५/७/२५ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट इलाका प्रहरी चौकी गर्खाकोटबाट गएका करीव १०० जनाको संख्यामा रहेका प्रहरी सुरक्षाकर्मीहरूले हर्कबहादुर बुढा, रामबहादुर बुढा, हस्तबहादुर बुढा, भावल बुढा, खडगबहादुर बुढा, पूर्णबहादुर घर्ती, टसी दमाई र हर्क रावतलाई तत्कालिन नेकपा

माओवादीको आरोपमा पक्राउ गरी आफ्नो नियन्त्रणमा रहेका व्यक्तिहरूलाई कानुनबमोजिम कारबाही गर्नुको सट्टा सबै व्यक्तिहरूको हात पछाडी बाँधी आफुसँगै हिडाई कोर्ताङ गाविसको साँधलाग्ने लेकमा लगी गोली हानी सामुहिक गैरन्यायिक हत्या गरेकोले निजहरूको बाँच्न पाउने मानव अधिकार उल्लंघन भएको देखियो । घटनामा संलग्न दोषी ईलाका प्रहरी चौकी गर्खाकोटका प्रहरी सुरक्षाकर्मीहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कार्वाही गर्न तथा मृतकहरूका कानुनबमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

८८. पोखरा, फाईल नं ४८८, कास्की जिल्ला कास्कीकोट गाविस वडा नं. ४ रईकर बस्ने बर्ष ४८ को नेत्रपाणी सुवेदीलाई २०६२/६३ को जनआन्दोलनको क्रममा मिति २०६३/१/५ गते पोखरा सभागृह चोकमा प्रहरीबाट कुटपीट भएकाले उपचारको लागि आवश्यक पहल गरी पाउँ भनी मिति २०६८/३/१२ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा जनआन्दोलनको क्रममा प्रहरीको लाठी प्रहारबाट गम्भीर घाईते भई मेरूदण्डमा चोट लाग्न गई स्वदेश तथा छिमेकी मुलुक भारतमा समेत उपचार गराएको देखिन्छ । भारतको एपोलो अस्पतालबाट अमेरिकामा उपचार हुन सक्ने भनी रिफर गरेको देखिन्छ । जनआन्दोलनको क्रममा प्रहरीको लाठी चार्जबाट घाईते भएका निजको स्वास्थ्यको अधिकार संरक्षणका लागि आवश्यक प्रवन्ध मिलाउन, सुविधा सम्पन्न ठाउँमा प्रभावकारी उपचारको व्यवस्था गर्न गराउन नेपाल सरकारबाट जे-जो गर्नुपर्ने आवश्यक पहल गर्न जिल्ला प्रशासन कार्यालय, कास्कीको च.नं. १२७८९ मिति २०६८/३/२९ गतेको पत्रबाट समेत जानकारी गराएको देखियो । निजले हालसम्म कहीकतैबाट क्षतिपूर्ति रकम नपाएको देखिंदा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. एक लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन र उपयुक्त अस्पतालमा निजको उपचार गराईदिन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

८९. बर्दिया जिल्ला मोतिपुर गाविस ५ निवासी वर्ष २६ को दरवारी थारू र वर्ष २८ को लक्ष्मीराम थारू मिति २०५८/१०/१२ गते, ऐ.ऐ. बस्ने वर्ष २८ को बाबुराम थारू, बाघुराम थारूलाई मिति २०५९/६/१६ गते, ऐ.ऐ. बस्ने तुल्सीराम थारू, कालीराम थारूलाई मिति २०५९/३/१२ गते सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेको भनी मिति २०६०/४/२० गते आयोगमा उजुरी दर्ता भई अनुसन्धान पुरा गरी आयोगको वैठकमा निर्णयका लागि पेश हुन आएको देखियो । यसमा उल्लेखित व्यक्तिहरूको हकमा आयोगको मिति २०६६/८/८ गतेको बैठकबाट अघि नै निर्णय भैसकेको देखिएकाले सोही बमोजिम हुने हुँदा यसमा पुनः निर्णय सिफारिश गरिरहनु परेन ।

९०. दैलेख जिल्ला डाँडापराजुल वडा नं. ५ पाङ्गकोट बस्ने अमर हमालको मिति २०६२/१०/८ गते लाकुरी गाविस ५ मा तत्कालिन शाही नेपाली सेना र सेनाले भिजिलान्तेको रूपमा नियुक्त गरेका स्थानिय व्यक्ति यमबहादुर शाही समेतले निज हमाललाई गोली हानि हत्या गरेकाले घटनाको अनुसन्धान गरी पाउँ भनि मिति २०६२/११/२ गते आयोगमा उजुरी दर्ता हुन आएको देखियो । यसमा आयोगको अनुसन्धानबाट मिति २०६२/९/२६ गते निज अमर हमाल घरमा बसिरहेको समयमा चारजना सादा पोशाकमा आएका मानिसहरूले घरबाट लाकुरी गाविस वार्ड नं. १ र ४ मा पर्ने माईपुजे डाँडामा लगी गोली हानी मारेको देखियो । आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानी गैरन्यायिक हत्या गरेकोले निजको बाँच्न पाउने मानव अधिकार उल्लंघन भएको देखियो । घटनामा संलग्न गोली हान्न आदेश दिने तत्कालिन दैलेखका भवानी बक्स गणको गणपति नयनसिंह दाहाल र आदेश मानी गोली हान्ने यमबहादुर शाही समेतलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कार्वाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

९१. जिल्ला बर्दिया गुलरिया नगरपालिका वार्ड नं. २ जैनपुर बस्ने शम्सेर यादवको छोरो वर्ष २० को निरज यादव भनिने रमेश यादवलाई मिति २०६१/७/१२ गते नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी बेपत्ता पारेको हुँदा निजको स्थिति सार्वजनिक गरी दोषी माथि कारबाही गरी पीडित परिवारलाई

उचित क्षतिपूर्ति दिलाई पाउँ भनी मिति २०६३/७/२३ गते आयोगमा उजुरी दर्ता हुन आएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज यादवलाई मोटरसाईकल सहित मिति २०६१/७/१२ गते तत्कालिन नेकपा माओवादीका कार्यकर्ता लक्षीराम यादव, प्रमोद खड्का, प्रतिभा, गुरूङ थरका एकजना र जीवन सहित ५ जनाले ताराताल-७ चौराहबाट अपहरण गरी लगेकोमा निजको स्थिति सार्वजनिक नगरी हालसम्म बेपत्ता पारेको देखियो । निज निरज यादव भनिने रमेश यादवको हालसम्म स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानुनबमोजिमका हकवालालाई रू. १ लाख अन्तरिम राहत स्वरूप रकम अघि नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

९२. जिल्ला बर्दिया मोतिपुर गाविस वार्ड नं. ७ बस्ने लक्ष्मण गिरीको छोरा वर्ष २४ को त्रिभुवन गिरीलाई मिति २०५८/९/३ गते बाँकेको कोहलपुरबाट प्रहरीले पक्राउ गरी बेपत्ता पारेको थियो । मिति २०५९/१/१९ गते जिल्ला प्रशासन कार्यालय, बर्दियाको आदेशानुसार निजलाई छाडिएको भनिएपनि उक्त व्यहोरा झुठ्ा भएको र निज गिरीलाई मिति २०५९/१/१९ गते कारागार शाखा बर्दियाबाट राती १२.०० बजे तत्कालीन शाही नेपाली सेनाले लगेकाले घटनाको बारेमा बुझि उचित न्याय दिलाई पाउँ भनि मिति २०६०/५/१९ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज त्रिभुवन गिरीलाई मिति २०५८/९/३ गते थुनामुक्त गरेको भनिएतापनि कसको रोहवरमा छोडिएको भन्ने जानकारी नदिई निज गिरीलाई मिति २०५९/१/१९ गतेसम्म बर्दिया कारागारमा राखी तत्पश्चात जिल्ला प्रहरी कार्यालय, बर्दियामा ल्याई जिल्ला प्रहरी कार्यालयबाटै सोही राती निकाली गाडीमा राखी लगी बेपत्ता पारेको भन्ने देखियो । निज त्रिभुवन गिरीको हालसम्म स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानुनबमोजिमका हकवालालाई रू. १ लाख अन्तरिम राहत स्वरूप रकम अघि नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

९३. नेपालगंज, फाईल नं. १४६, दाङ्ग जिल्ला बेला गाविस दाङ्ग देउखुरी बस्ने हरिलाल चौधरी, खिमबहादुर पुन, उदयराम चौधरी, भिमबहादुर चौधरी, केदारनाथ चौधरी, प्रेमबहादुर नेपाली, धनीराम चौधरी, छटकबहादुर चौधरीलाई मिति २०५९/१/६ गते सोही जिल्लाको वेला गाविस वडा नं. २ कटवेरूवा बस्ने जंजिरू चौधरीको घरको छाना बनाइरहेको बेला सुरक्षाकर्मीले गोली हानी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६०/१/२२ गते आयोगमा उजुरी दर्ता हुन आएको देखियो । यसमा आयोगको अनुसन्धानबाट छटकबहादुर चौधरीलाई सेनाले सोधपुछ गरी घटनास्थलमै गोली हानी हत्या गरी लाश त्यही छाडेर गएको । त्यस्तै अन्य व्यक्तिहरू १५ वर्षिय हरिलाल चौधरी, केदारनाथ चौधरी, उदयराम चौधरी, खिमबहादुर पुन, भिमबहादुर चौधरी, धनिराम चौधरी र प्रेमबहादुर नेपालीलाई पक्राउ गरी दाङ्ग घोराही जाने बाटो लक्ष्मीपुर गाविसको मसौट खोला नजिकै बेलुका करिव ६-७ बजे प्रेमबहादुर नेपाली बाहेक ६ जनालाई गोली हानी हत्या गरी लाश त्यही छोडेर गई भोलिपल्ट दिउँसो सुरक्षाकर्मीहरू आई कलभटको खाडलमा हाली माथिबाट ढुंगाले पुरेको भन्ने प्रत्यक्षदर्शीहरूको भनाई रहेको पाइयो । प्रेमबहादुर नेपालीलाई तत्कालिन नेकपा माओवादीका कार्यकर्ता देखाउन भनि केही समय आफ्नो नियन्त्रणमा राखी पछि कारागारमा राखिएकोमा गोविया गाउँमा लगी हत्या गरेको भन्ने देखियो । छटकलाल चौधरीलाई सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा लिन सक्ने विद्यमान अवस्था हुँदाहुँदै गोली हानी गैरन्यायिक हत्या गरेको र अन्य व्यक्तिहरू हरिलाल चौधरी, केदारनाथ चौधरी, उदयराम चौधरी, खिमबहादुर पुन, भिमबहादुर चौधरी, धनिराम चौधरी, प्रेमबहादुर नेपालीलाई आफ्नो नियन्त्रणमा लिईसकेको व्यक्तिलाई कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानी गैरन्यायिक हत्या गरेकाले निजहरूको बाँच्न पाउने मानव अधिकार उल्लंघन भएको देखियो । घटनामा संलग्न तत्कालिन शाही नेपाली सेना, बरखगण, दाङ्गका गणपति र मार्नमा सहयोग गर्ने अन्य सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कार्वाही गर्न तथा उल्लेखित मृतकहरूका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

९४. जिल्ला डेउडाकला गाउँ विकास समिति वार्ड नं. ९ ककौरा बस्ने उत्तमकुमार थारू र प्रेमबहादुर थारूलाई मिति २०६१/१२/३ गते राती नेकपा माओवादी कार्यकर्ताहरूले घरैबाट अपहरण गरी लगी

स्थिति अज्ञात पारेको भनि २०६२/३/६ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निजहरू उत्तम थारू र प्रेमबहादुर थारूलाई मिति २०६१/१२/३ गते तत्कालिन नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी लगेकोमा निजको स्थिति सार्वजनिक नगरी हालसम्म बेपत्ता पारेको देखियो । निजहरू उत्तम थारू र प्रेमबहादुर थारूको हालसम्म स्थिति अज्ञात देखिँदा निजहरूको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितहरूका कानुनबमोजिमका हकवालालाई जनही रू. १ लाखका दरले अन्तरिम राहत स्वरूप रकम अघि नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

९५. जिल्ला बर्दिया सुर्यपटुवा गाउँ विकास समिति वडा नं. ४ बस्ने रूपलाल थारू, ऐ. बस्ने खड्गबहादुर सापकोटा, ऐ. बस्ने हरिप्रसाद थारू, ऐ. बस्ने दुर्गबहादुर सापकोटालाई मिति २०५९/१/७ गते सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले सत्यतथ्य पत्ता लगाई स्थिति सार्वजनिक गराई बेपत्ता पार्ने दोषीलाई कारबाही गरी पाउँ भनि मिति २०६४/६/२७ मा आयोगमा उजुरी दर्ता हुन आएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निजहरू रूपलाल थारू, खड्गबहादुर सापकोटा, हरिप्रसाद थारू, दुर्गबहादुर सापकोटालाई मिति २०५९/१/७ गते दिउँसो अन्दाजी ३:०० बजेको समयमा तत्कालिन ठाकुरद्वार व्यारेकबाट २ वटा गाडी तथा २ वटा मोटरसाईकलमा आएका नेपाली सेनाले घरैबाट पक्राउ गरी ठाकुरद्धार व्यारेकमा लगेर गएका र हालसम्म निजहरूको अवस्था सार्वजनिक नगरी बेपत्ता पारेको देखियो । निजहरू रूपलाल थारू, खड्गबहादुर सापकोटा, हरिप्रसाद थारू, दुर्गबहादुर सापकोटाको हालसम्म स्थिति अज्ञात देखिँदा निजहरूको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितहरूका कानुनबमोजिमका हकवालालाई जनही रू. १ लाखका दरले अन्तरिम राहत स्वरूप रकम अघि नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

९६. बाँके जिल्ला शम्सेशगञ्ज गाविस वडा नं. ४ चन्नहवा बस्ने भगौतीप्रसाद थारू, ऐ. बस्ने राजकुमार थारू र ऐ. बस्ने पहारी थारूलाई सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेको भनी मिति २०६४/२/१३ गते आयोगको आफ्नै सक्रियतामा निवेदन दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निजहरू भगौतीप्रसाद थारू, राजकुमार थारू र पहारी थारूलाई मिति २०५९/१/४ गते विहान अन्दाजी ५/६ बजेको समयमा एउटा जिपमा सेनाको ड्रेसमा हतियार सहित रहेको १०/१२ जना सेनाहरूले घरैबाट पक्राउ गरी गाउँको चोकमा ल्याई रंवितलाचोकमा रहेका अन्य तीनओटा गाडी मगाई मदनचोक तर्फ लिएर गएको र हालसम्म निजहरूको अवस्था सार्वजनिक नगरी बेपत्ता पारेको देखियो । निजहरू भगौतीप्रसाद थारू, राजकुमार थारू र पहारी थारूको हालसम्म स्थिति अज्ञात देखिँदा निजहरूको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितहरूका कानुनबमोजिमका हकवालालाई जनही रू. १ लाखका दरले अन्तरिम राहत स्वरूप रकम अघि नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

९७. जिल्ला बर्दिया बानियाभार गाविस वार्ड नं. १ जमुनी बस्ने सुरेशकुमार ओलीलाई मिति २०५९/९/७ गते सुरक्षाकर्मीहरूले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय गुलरिया लिएर गएको, मिति २०५९/९/१९ गतेसम्म जिल्ला प्रहरी कार्यालय, गुलरियामा परिवारले भेट गरेको, पुस २२ गते परिवारले भेट्न जाँदा सुर्यपटुवा गाविसको जंगलमा पुस २१ गत्ते दिउँसो ४:३० बजे माओवादी सेल्टर देखाउन लगेको बेला जंगलमा सुरक्षाफौजको घेरा तोडी भागेकोले १३ राउण्ड गोली चलाएको जिउँदो बाँचेको थाहा नभएको भनी प्रहरीले जानकारी गराएकोले घटनाको छानवीन गरी पाउँ भनी मिति २०५९/९/२९ गते आयोगमा उजुरी दर्ता हुन आएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज सुरेश वलीलाई मिति २०५९/९/७ गते इलाका प्रहरी कार्यालय, नेउलापुरका सुरक्षाकर्मीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, बर्दिया हिरासतमा थुनामा राखिएको । उक्त हिरासतबाट मिति २०५९/९/२१ गते सर्च अप्रेशन कार्यको लागि निजलाई लिएर गएकोमा सुरक्षाफौजको घेरा तोडी भागेकोले १३ राउण्ड गोली फायर भएको । निज मरे या बाँचेको केही थाहा हुन नसकेको भनी जिल्ला प्रशासन कार्यालय, गुलरिया र जिल्ला प्रहरी कार्यालय, बर्दियाको जानकारी पत्र देखियो । तत्कालिन प्रहरी प्रमुख एसपी रविप्रताप राणा, डिएसपी रणबहादुर गौतम र इन्सपेक्टर केदार कोइरालाले निज सुरेश वलीलाई बेपत्ता पारी निजको अवस्था हालसम्म सार्वजनिक नगरी निजको अवस्था बेपत्ता नै रहेको देखियो । निजको हालसम्म स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानुनबमोजिमका हकवालालाई रू. १ लाख अन्तरिम राहत स्वरूप

रकम अघि नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

९८. जिल्ला बर्दिया वानियाभार गाविस वार्ड नं. १ जमुनी बस्ने पदमबहादुर वलीलाई मिति २०५९/९/७ गते जिल्ला प्रहरी कार्यालय, बर्दिया प्रहरीले थुनामा राखी यातना दिएको भनी २०६३/२/१५ गते आयोगमा उजुरी दर्ता हुन आएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज पदमबहादुर वली र निजको छोरा सुरेश वली सहित निजहरूको मोटरसाईकल वा१२प९८१८ वाई वि एक्स समेत पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, बर्दियामा हिरासतमा पाँच दिन थुनामा राखी उक्त कार्यालयका तत्कालिन एसपी रविप्रताप राणा, डिएसपी रणबहादुर गौतम र इन्सपेक्टर केदार कोईरालाको प्रत्यक्ष संलग्नतामा कुटपीट गरी शारीरिक यातना दिएको र निजको छोरा सुरेश वलीलाई हालसम्म बेपत्ता पारेको, निजको मोटरसाईकल समेत फिर्ता नगरेको देखियो । यातना दिने कार्यमा संलग्न तत्कालिन एसपी रविप्रताप राणा, डिएसपी रणबहादुर गौतम र इन्सपेक्टर केदार कोइरालालाई विभागिय कारबाही गर्न, पीडित पदमबहादुर वलीलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १३ (३) तथा राष्ट्रिय मानव अधिकार आयोग, क्षतिपूर्ति निर्धारण नियमावली, २०५७ को नियम १८ बमोजिम रू. ५०,०००/- क्षतिपूर्ति बापत रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन, निजको मोटरसाईकल समेत फिर्ता गर्न गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

९९. जिल्ला बर्दिया नेउलापुर गाविस वडा नं. ४ घर भई सामुदायिक जागरण स्वास्थ्य केन्द्र भुरीगाउँ बजारमा लेखापालको काम गर्ने केशरबहादुर बस्नेत र जिल्ला रूपन्देही मोतिपुर गाविस वडा नं. ८ रानीवारी घर भै जिल्ला बर्दिया नेउलापुर गाविस भुरीगाउँ बजारमा हार्डवयरको पसल गरी बस्ने शालिकराम अर्याललाई मिति २०५८/११/२७ गते तत्कालिन शाही नेपाली सेनाले पक्राउ गरी लगेकोमा हालसम्म स्थिति सार्वजनिक नगरेकाले अवस्थाको बारेमा जानकारी लिई रिहाईका लागि पहल गरी पाउँ भनी मिति २०६९/४/३० र मिति २०६४/१०/१३ गते यस आयोगमा उजुरी दर्ता हुन आएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज केशरबहादुर बस्नेत र शालिकराम अर्याललाई तत्कालिन ठाकुरद्वारमा कार्यरत बरख गुल्म, नेपाली सेनाका सुरक्षाकर्मीले पक्राउ गरी लगेको र केशरवहादुर बस्नेतलाई गोली हानी गैरन्यायिक हत्या गरेको र शालिकराम अर्यालको स्थिति सार्वजनिक नगरी बेपत्ता पारेको देखियो । आफ्नो नियन्त्रणमा रहेको केशरबहादुर बस्नेतलाई गोली हानी गैरन्यायिक हत्या गरेको र शालिकराम अर्यालको स्थिति सार्वजनिक नगरी बेपत्ता पारेको देखियो । आफ्नो नियन्त्रणमा रहेको केशरवहादुर बस्नेतलाई कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानि गैर न्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने अधिकार उल्लंन भएको देखियो । त्यस्तै शालिकराम अर्याललाई पक्राउ गरी आफ्नो जिम्मामा रहेको व्यक्तिलाई कानुनबमोजिम कारवाही गर्नुपर्नेमा सो नगरी निजको स्थिति हालसम्म सार्वजनिक नगरी निजको अवस्था बेपत्ता रहेको पाइयो । घटनामा संलग्न ठाकुरद्धार व्यारेकका तत्कालिन प्रमुख लवकुमार रायमाझी, पक्राउ गर्न नेतृत्व गर्ने रमेश स्वाँर र अन्य सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न, मृतक केशरबहादुर बस्नेतको कानुन बमोजिका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६३ को दफा १३(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन साथै निज शालिकराम अर्यालको हालसम्म स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानुनबमोजिमका हकवालालाई रू. १ लाख अन्तरिम राहत स्वरूप रकम अघि नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन समेत नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

१००. नेपालगंज, फाईल नं. १९२६, जिल्ला बाँके बागेश्वरी गाउँ विकास समिति वडा नं. २ बस्ने वर्ष २९ का पिताम्वर लामिछानेलाई मिति २०६५/१२/२० गते अन्दाजी ६/७ बजेको समयमा इलाका प्रहरी कार्यालय, धनौलका प्रहरी निरीक्षक विनोद निरौला र प्रहरी नायव रासबहादुर थापा सहितको टोलीले पक्राउ गरी कार्यालयमा लगी प्रहरी नायव निरीक्षक रासबहादुर थापाले बाँसको लठीले शरीरको विभिन्न भागमा कुटपीट गरी हिरासत कक्षमा राखी शारीरिक र मानसिक यातना दिएकाले दोषी सुरक्षाकर्मीलाई कारबाही तथा पीडितलाई क्षतिपुर्ति उपलब्ध गराई पाउँ भनि मिति २०६५/१२/२३ गते आयोगमा उजुरी दर्ता हुन आएको देखियो । यसमा आयोगको अनुसन्धानबाट जेठी श्रीमती छदाँछँदै पिताम्वर लामिछानेले दोश्रो विवाह गरेको आरोमा निजलाई पक्राउ गरी प्रहरी कार्यालयको प्राङ्गनमा प्रहरी नायव

निरीक्षक रासबहादुर थापाले बाँसको लठीले शारीरको विभिन्न भागमा कुटपीट गरी हिरासत कक्षमा लगी चरम शारीरिक यातना दिएको कुरा पुष्टि भएको देखिएकाले घटनामा संलग्न दोषी प्रहरीलाई कानुनबमोजिम विभागिय कारबाही गर्न, पीडित पिताम्वर लामिछानेलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १३(३) तथा राष्ट्रिय मानव अधिकार आयोग (क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १८ बमोजिम रू. ५०,०००/- क्षतिपूर्ति बापत रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

१०१. दैलेख जिल्ला विन्धयावासिनी गाविस ८ जुँफियाका वर्ष २२ का कमलबहादुर तिरूवालाई मिति २०६१/९/४ गते सुर्खेतबाट सशस्त्र प्रहरीमा भर्ती हुन गई आफ्नै घर फर्कने क्रममा रानिमत्ता बेशक्याम्पबाट पक्राउ गरेकोमा दैलेख भवानी वक्स गणमा परिवारले बुझ्न जाँदा त्यही व्यारेकमा छ भनेको, मिति २०६१/९/२८ गते परिवारले पुनः भेट्न जाँदा छैन भन्ने जानकारी दिएकाले निजको बारेमा जानकारी लिई परिवारलाई जानकारी उपलब्ध गराई पाउँ भनी मिति २०६२/३/२४ गते यस आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज कमलबहादुर तिरूवालाई मिति २०६१/९/४ गते दिनको ११.०० बजेको समयमा दैलेख फर्कने क्रममा दैलेखमा रहेको सिमामा रहेको नेपाली सेनाको रानीमत्ता सुरक्षा चेकपोष्टले पक्राउ गरी दैलेख स्थित तत्कालिन भवानी बक्स गणमा पठाई मिति २०६१/९/१० गतेसम्म उक्त गणमा राखी तत्पश्चात निजलाई बेपत्ता पारेको देखियो । आफ्नो जिम्मामा रहेको व्यक्तिलाई कानुनबमोजिम कारबाही गर्नुपर्नेमा सो नगरी निजको अवस्था सार्वजनिक नगरी निजको अवस्था हालसम्म बेपत्ता रहेको पाइयो । निज कमलबहादुर तिरूवाको हालसम्म स्थिति अज्ञात देखिँदा निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितका कानुनबमोजिमका हकवालालाई रू. १ लाख अन्तरिम राहत स्वरूप रकम अघि नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन समेत नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय भयो ।

१०२. जिल्ला बर्दिया ठाकुरद्वारा गाविस वार्ड नं. ३ चिड्कैया बस्ने वर्ष ३४ को शालीकराम भुसाललाई मिति २०६३/१/७ गते नेपाली सेनाका सुरक्षाकर्मीले गोली हानी घाईते बनाएकाले न्याय दिलाई पाउँ भनी मिति २०६३/२/२३ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज शालीकराम भुसालको जनआन्दोलनको सिलसिलामा मिति २०६३/७/१ गते बर्दिया जिल्लाको गुलरियामा नेपाली सेनाका सुरक्षाकर्मीले चलाएको गोली लागी घाईते भएको देखियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न, निज शालीकराम भुसालले कुनै क्षतिपूर्ति तथा राहत नपाएको भन्ने देखिंदा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. ५०,०००/- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

१०३. जिल्ला दोलखा मेलुङ्ग गाविस वडा नं. ७ बस्ने हरिशंकर भण्डारीलाई मिति २०६०/८/३ गते घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरेकाले दोषीलाई कारबाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६०/८/२९ गते आयोगमा उजुरी दर्ता हुन आएको देखियो । यसमा निज हरिशंकर भण्डारीको दोहोरो भिडन्तमा परी मृत्यु भएको भन्ने प्रहरी प्रधान कार्यालय, मानव अधिकार ईकाइ तथा गृह मन्त्रालय, शान्ति सुरक्षा शाखाले उपलब्ध गराएको जानकारी पुष्टि हुने आधार प्रमाण देखिएन । निज हरिशंकर भण्डारीलाई सुरक्षाकर्मीले पक्राउ गरी कानुनबमोजिम कारबाही गर्नुपर्नेमा सो नगरी सुरक्षाकर्मीले निजलाई पक्राउ गर्न सक्ने विद्यमान अवस्था हुँदा-हुँदै गोली हानी गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकार उल्लंघन भएको देखियो । घटनामा संलग्न दोलखाका तत्कालिन शेरगणका प्रमुख तथा अन्य सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न, जिल्ला प्रहरी कार्यालय, दोलखाका तत्कालिन प्रमुखलाई उक्त घटनासँग सम्वन्धित कागजात तथा मुचुल्काहरू कानुनबमोजिम तयार गर्नुपर्ने कार्यहरू गरेको नदेखिएकाले सचेत गराउन, जिल्ला प्रशासन कार्यालय, दोलखाका तत्कालिन प्रमुख जिल्ला अधिकारी चण्डेश्वर आचार्यले उक्त घटनाको बारेमा अनुसन्धानका लागि तद्रूकता देखाउनुपर्नेमा सो नगरेकाले सचेत गराउन र मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

१०४. काभ्रेपलाञ्चोक जिल्ला सुंगुरे गाविस वडा नं. ८ घर भई गोठपानी गाविसस्थित सरस्वती मा.वि.मा कक्षा १० मा अध्ययरत सरला अधिकारीलाई मिति २०५५/७/१२ गते ईलाका प्रहरी कार्यालय, कात्तिके देउराली गएको अवस्थामा पक्राउ गरी मिति २०५५/७/१९ गत्ते बलात्कारपछि गोली हानी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कारबाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६४/२/६ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज सरला अधिकारीलाई मिति २०५५/७/१२ गते इलाका प्रहरी कार्यालय, कात्तिके देउरालीमा कुमार चौलागाई र ताराचन्द्र चौलागाईलाई खाना लिएर गएको समयमा प्रहरीले पक्राउ गरी थुनामा राखी मिति २०५५/७/१९ गते धुसेनी शिवालयमा लगी गोली हानी गैरन्यायिक हत्या गरेको देखियो । प्रहरीले निज अधिकारीलाई पक्राउ गरी आफ्नो जिम्मामा रहेको व्यक्तिलाई कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानी गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न तत्कालिन प्रहरी निरीक्षक तेजबहादुर केसी तथा अन्य दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न र मृतकको कानुनबमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

१०५. काभ्रेपलाञ्चोक जिल्ला भुम्लु सल्ले गाविस वडा नं. ९ बस्ने कुमार चौलागाईलाई मिति २०५५/७/१९ गते कात्तिके देउराली गाविसका प्रहरीले गिरफ्तार गरी यातना दिई हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कारबाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनि २०६४/२/६ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट मिति २०५५/७/९ गते काभ्रेपलाञ्चोक जिल्लाको फलाटेस्थित प्रहरी चौकीमा तत्कालिन नेकपा माओवादी कार्यकर्ताहरूले आक्रमण गरी हतियार लुटेको, सोही दिन राती स्थानिय ताराचन्द्र चौलागाईको घरमा नेकपा माओवादी कार्यकर्ताहरू खाना खाई बास बसेको अवस्थामा मिति २०६६/७/१० गते ताराचन्द्र चौलागाई र कुमार चौलागाईलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय, कात्तिके देउरालीमा थुनामा राखेको, मिति २०५५/७/१२ गते निजहरूलाई खाना लिएर गएको समयमा सरला अधिकारी समेतलाई प्रहरीले पक्राउ गरी थुनामा राखको, हिरासतमा रहँदा तिनैजनालाई प्रहरीले यातना दिएको । जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोक लैजाने भनी मिति २०५५/७/१८ गते राती प्रहरी कार्यालयको सवारी साधनमा कुमार चौलागाई र सरला अधिकारीलाई प्रहरीले लिएर गई मिति २०५५/७/१९ गते विहान निजहरूलाई धुसेनी शिवालयमा लगी गोली हानी गैरन्यायिक हत्या गरी सोही दिन दिउँसो ४ बजे उक्त लाश देखाउन ताराचन्द्र चौलागाईलाई प्रहरीले लिएर गएको, निजले लाश पहिचान गरेपछि प्रहरीले दुव जनाको लाशलाई खाल्टो खनी पुरेको र ताराचन्द्र चौलागाईलाई मिति २०५५/८/२ गते प्रहरी कार्यालयमा उपस्थित हुने गरी रिहा गरेको देखियो । तत्कालिन इलाका प्रहरी कार्यालय, कात्तिके देउरालीका प्रहरी सुरक्षाकर्मीले प्रहरीले निजहरू कुमार चौलागाई र सरला अधिकारीलाई पक्राउ गरी आफ्नो जिम्मामा रहेको व्यक्तिलाई कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानी गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकार उल्लंघन भएको देखियो । घटनामा संलग्न तत्कालिन प्रहरी निरीक्षक तेजबहादुर केसी तथा अन्य दोषी सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न र मृतकको कानुनबमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

१०६. केन्द्रिय कार्यालय, फाईल नं. ४११३/९१९/२४३, काभ्रेपलाञ्चोक जिल्ला पोखरीचौरी गाविस वडा नं. ७ बस्ने विन्दा चौलागाईलाई मिति २०५३/१/३ गते घरमा बसिरहेको अवस्थामा इलाका प्रहरी कार्यालय, कात्तिके देउरालीबाट आएका प्रहरीले पक्राउ गरी कुटपीट गरी हत्या गरेकाले दोषी माथि कारबाही गरी पीडित परिवारलाई क्षतिपुर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६४/२/६ गते आयोगमा उजुरी दर्ता हुन आएको देखियो । यसमा मानव अधिकार आयोग ऐन, २०५३/९/२४ लागु भएको तर यो घटना मिति २०५३/१/१२ गते भएको देखिएकाले कारबाही गर्न मिलेन । उजुरी खारेज हुने ठहर छ ।

१०७. रामेछाप जिल्ला भलुवाजोर गाविस वडा नं. ५ बस्ने राजु पौडेललाई मिति २०५९/१/१६ गते तत्कालिन नारायण दल गुल्म रामेछापबाट खटिई गएका सुरक्षाकर्मीले पक्राउ गरी गोली हानी हत्या

गरेकाले छानवीन गरी दोषीलाई कारबाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६३/९/१६ गते आयोगमा उजुरी हुन आएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज राजु पौडेललाई मिति २०५९/१/१६ गते बारीमा मकै छरिरहेको अवस्थामा सादा पोशाकमा आएका हतियार सहितका व्यक्तिहरूले राजु कमरेड हामी सिन्धुलीबाट आएका कमाण्डरहरू हौं यतातिरको गतिविधि के छ भनी सोधेको, निजले कमरेड भनेको थाहा छैन भनी जवाफ दिएपछि निजलाई पक्राउ गरी कुटपीट गरी करीव २०० सय मिटर उकालोतर्फ रहेको कच्ची बाटोतर्फ लिएर गएको, बाटोमा ढुंगा, पेस्तोलको कुन्दाले कुटपीट गर्दै लिएर गएको अवस्थामा निज राजु पौडेल बेहोस भई ढलेपछि सेनाले बोकेर लिएर गएको, कच्ची सडकबाट करिव ५० मिटर उकालोमा रहेको सल्लाको रूखनेर लगी गोली हानी गैरन्यायिक हत्या गरेको । हत्या पश्चात मृतकको हातमा बन्दुक, बम र तारहरू राखी फोटो खिचेको, स्थानिय व्यक्तिहरूलाई जवरजस्ती बोलाई सहीछाप गराई लाश बुझ्न लगाएको, मृतकको आमालाई मिति २०६५/११/१ गते द्वन्द्वपीडित राहत रकम रू.एक लाख प्रदान गरिएको देखियो । नेपाली सेनाका सुरक्षाकर्मीले निज राजु पौडेललाई पक्राउ गरी आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानी गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकारको उल्लंघन भएको देखियो । घटनामा संलग्न तत्कालिन नारायण दल गुल्मका गणपति र अन्य सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न, घटनाको बारेमा प्रहरीलाई घटना भएको भोलीपल्टै जानकारी दिएको भनिएपनि प्रहरी कार्यालयले कुनै अनुसन्धान कार्य नगरेकाले तत्कालिन जिल्ला प्रहरी कार्यालय, रामेछापका प्रहरी प्रमुखलाई सचेत गराउन र मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

१०८. दोलखा जिल्ला नाम्दु गाविस वडा नं. १ बस्ने राजकुमार उप्रेतीलाई मिति २०६१/५/२९ गते सोही गाविसको वडा नं. ८ स्थित कान्लेभीरमा नेकपा माओवादीका कार्यकर्ताहरूले हत्या गरेकाले दोषीलाई कारबाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलव्ध गराई पाउँ भनी मिति २०६३/८/१६ गते आयोगमा उजुरी दर्ता हुन आएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज राजकुमार उप्रेती केही समय तत्कालिन नेकपा माओवादी पार्टीमा आवद्ध भई हिडेको, मिति २०६१/५/२८ गते मासु लिन भनी नाम्दु बजारतर्फ गएको, मिति २०६१/५/२९ गते नेकपा माओवादीका कार्यकर्ताहरूले नियन्त्रणमा लिई हत्या गरेको, मृतकका परिवारले जिल्ला प्रशासनबाट रू. १ लाख राहत रकम बुझेको समेत देखियो । घटनामा संलग्न तत्कालिन नेकपा माओवादीका कार्यकर्ता किरण दाहाल (टहलबहादुर दाहाल) तथा अन्य कार्यकर्ताको पचिहान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न, घटनाको बारेमा प्रहरीलाई जानकारी दिएको भनिएपनि प्रहरी कार्यालयले कुनै अनुसन्धान कार्य नगरेकाले तत्कालिन जिल्ला प्रहरी कार्यालय, रामेछापका प्रहरी प्रमुखलाई सचेत गराउन र मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

१०९. ताप्लेजुङ्ग जिल्ला ढुंगेसाँगु गाविस वडा नं. ३ तेलावुङ्ग बस्ने वर्ष २६ को लक्ष्मीप्रसाद पौडेललाई मिति २०५९/८/६ गते राती १० बजे सोही गाविसको डाँडा गाउँ स्कुलको क्षेत्रभित्र तत्कालिन नेकपा माओवदीद्वारा हत्या गरेकाले दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलव्ध गराई पाउँ भनी मिति २०६२/२/२० गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट मिति २०५९/८/६ गते लक्ष्मीप्रसाद पौडेलको घरमा नेकपा माओवादीका कार्यकर्ताहरू आई घरबाट नगदी जिन्सी सामानहरू लगेको, निज लक्ष्मीप्रसाद पौडेललाई घरबाट निकाली डाँडागाउँ स्थित जनकल्याण निमावीतर्फ लगी धारीलो हतियारले घाँटी काटेर हत्या गरेको, उक्त घटनाका जाहेरी मिति २०५९/८/८ गते जिल्ला प्रहरी कार्यालय, ताप्लेजङ्गमा दर्ता भई घटनासँग सम्वन्धित मुचुल्का तथा कागजातहरू उक्त कार्यालयमा रहेको, मृतकका परिवारले जिल्ला प्रशासन कार्यालय, झापाबाट रू. ७५,०००/- राहत बुझिलिएको देखियो । निज लक्ष्मीप्रसाद पौडेलको तत्कालिन नेकपा माओवादी कार्यकर्ताबाट हत्या भएको देखिंदा घटनामा संलग्न दोषीको पचिहान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न र मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८

को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

११०. जिल्ला ताप्लेजङ्ग ढुंगेसाँगु गाविस वडा नं. २ बस्ने श्रीप्रसाद बेनमलाई मिति २०५९/८/६ गते तत्कालिन नेकपा माओवदीद्वारा हत्या गरेको भन्ने विषयमा आयोगको अनुसन्धानबाट निज श्रीप्रसाद बेनमको तत्कालिन नेकपा माओवादीका कार्यकर्ताबाट हत्या भएको देखिंदा घटनामा संलग्न दोषीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न र मृतकका कानुनबमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

१११. चितवन जिल्ला धरमपुर गाविस स्थायी घर भई ललितपुर टिकाथली बस्ने पारस पौडेललाई मिति २०६१/९/१९ गते तत्कालिन नेकपा माओवादीका कार्यकर्ताले सप्तगण्डकी मल्टिपल कलेज भरतपुरमा विहानको सिफ्ट् पढाई सकेर निस्कन लाग्दा मोटरसाईलकलमा हालेर लिएर गई कलेजको ३ किमि पर लगी गोली हानी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलव्ध गराई पाउँ भनी मिति २०६२/१२/१४ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट मिति २०६१/९/१९ गते निज पारस पौडेललाई तत्कालिन नेकपा माओवादीका कार्यकर्ताले भरतपुर नगरपालिका ९ सदरपुरमा गोली हानी हत्या गरेको, घटनाको बारेमा जिल्ला प्रहरी कार्यालय चितवनमा मुद्दा दर्ता भई अनुसन्धान भैरहेको, नेपाल सरकारको निर्णय अनुसार नेकपा माओवादीका नेता तथा कार्यकर्ता तथा आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अर्न्तगत नेपाल सरकारबादी भई विभिन्न अदालतमा दायर मुद्दाहरू फिर्ता लिने र मुद्दा नचलाउने भनी लिखित आदेश प्राप्त भएकाले पुनरावेदन सरकारी वकीलको कार्यालय, चितवनले मुद्दा नचलाइएको देखियो । निज पारस पौडेलको तत्कालिन नेकपा माओवादी कार्यकर्ताबाट हत्या भएको देखिंदा घटनामा संलग्न दोषीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न र मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिश भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

११२. जिल्ला रामेछाप साँघुटार गाविस वडा नं. १ बस्ने गणेशकुमार श्रेष्ठलाई मिति २०५९/८/६ गते धान काटिरहेको अवस्थामा नेकपा माओवादीका कार्यकर्ताहरू गोली हानी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कारबाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलव्ध गराई पाउँ भनी मिति २०६३/६/७ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज गणेश कुमार श्रेष्ठलाई मिति २०५९/८/६ गते नेकपा माओवादीका कार्यकर्ताहरूले हत्या गरेको, मृतकका आफन्तले १,५०,०००/- बुझिसकेको देखियो । निज श्रेष्ठको तत्कालिन नेकप माओवादी कार्यकर्ताबाट हत्या भएको देखिंदा घटनामा संलग्न दोषीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न र मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम मध्ये १,५०,०००/- हजार क्षतिपूर्ति वापत रकम मृतकका आफन्तले बुझिसकेको भन्ने देखिंदा सो कट्टा गरी बाँकी रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

## अनुसूची ७

## आयोगको एकल बैठकबाट भएका निर्णयहरूको विवरण

### (क) टुङ्ग्याउने निर्णय भएका उजुरीहरूको विवरण

| क्र.सं | पीडितको नाम, थर, वतन | विषय |
|---|---|---|
| १ | सहदेव यादव, धनुषा | सुरक्षाकर्मीद्धारा बेपत्ता |
| २ | विश्वनाथ न्यौपाने, नुवाकोट | सुरक्षाकर्मीद्धारा बेपत्ता |
| ३ | राधाकृष्ण यादव, धनुषा | सेनाद्धारा पकाउ |
| ४ | जैलुन अन्सारी, महोत्तरी | बेपत्ता |
| ५ | मिरा अधिकारी, नुवाकोट | बेपत्ता |
| ६ | उत्तम अधिकारी, नुवाकोट | बेपत्ता |
| ७ | गोकुल परियार, खोठाङ | अपहरण |
| ८ | दिपक लामा, काठमाण्डौ | धम्की (प्रहरी) |
| ९ | सुर्य घलान समेत ६ जना, मकवानपूर | धम्की (माओवादी) |
| १० | मकवानपूर, आग्रा गाविसका सम्पूर्ण जनता | धम्की (माओवादी) |
| ११ | लक्ष्मण न्यौपाने, नुवाकोट | धम्की (सुरक्षाफौज) |
| १२ | किशोर सिलवाल, ललितपूर | धम्की |
| १३ | सुजिन्द्र महर्जन,किर्तीपुर | धम्की (सुरक्षाफौज) |
| १४ | श्री  बहादुर तामाङ्ग सहित गाउँबासी,धादीङ | धम्की (माओवादी) |
| १५ | मसाज केन्द्रका कामदार,काठमाण्डौ | धम्की (प्रहरी) |
| १६ | साङ्गे शेर्पा,काठमाण्डौ | धम्की |
| १७ | गोकर्ण प्रसाद ज्ञवाली,ललितपुर | धम्की |
| १८ | लेखनाथ भण्डारी,काठमाण्डौ | धम्की |
| १९ | राजु मिश्र समेत, रौतहठ | धम्की |
| २० | किशोर श्रेष्ठ,जनआस्था साप्ताहिक | सम्पत्ती क्षती /धम्की |
| २१ | ईश्वर प्रसाद ढकाल, काठमाण्डौ | धम्की |
| २२ | परमानन्द झा, महोत्तरी | धम्की |
| २३ | श्रीजना कार्की, भोजपुर | छानविन गरीपाउँ |
| २४ | सितल लामा, काभ्रे | धम्की |
| २५ | ग्रामीण स्वयंम सेवक सुरक्षा समुह एवम् शान्ति सुव्यवस्था समिति | नीतिगत विषय |
| २६ | आतंक विडित टुहुरा समाज, काठमाण्डौ | भेदभाव |
| २७ | भिमबहादुर परियार, काठमाण्डौ | जातिय विभेद |
| २८ | खेमराज भण्डारी, काठमाण्डौ | धम्की |
| २९ | राजमान घोले, काठमाण्डौ | बेपत्ता पार्ने सम्भावना |
| ३० | रामकृष्ण श्रेष्ठ,काठमाण्डौ | धम्की |
| ३१ | रविन पौडेल समेत | दुर्व्यवहार |
| ३२ | श्रीरामचन्द्र (वि.एस.सी.) | सुरक्षाकर्मीबाट दुःख दिएको |
| ३३ | भागवत प्रसाद महतो | सुरक्षाकर्मीबाट दुःख दिएको |

| क्र.सं | पीडितको नाम, थर, वतन | विषय |
|---|---|---|
| ३४ | कृष्ण बहादुर मगर, रामेछाप | जीवन रक्षा सम्बन्धमा |
| ३५ | शंखलाल तामाङ्ग, काभ्रेपलान्चोक | धम्की (माओवादी) |
| ३६ | एडभोकेसी फोरम | जेल निरीक्षण गरीदिने सम्बन्धमा |
| ३७ | केशव प्रसाद सिटौला, काभ्रे | पक्राउ गर्न सक्ने आशंका |
| ३८ | मैयाँ दुलाल/शर्मिला तिमल्सिना, ललितपुर | धम्की |
| ३९ | नवराज न्यौपाने, नुवाकोट | धम्की |
| ४० | सीता सुवेदी,/मुक्तीनाथ सुवेदी,काठमाण्डौ | बेपत्ता |
| ४१ | विष्णु बुढाथोकी, ताप्लेजुङ | धम्की |
| ४२ | गोपाल कार्की, मकवानपुर | धम्की |
| ४३ | कालु ढकाल, मकवानपुर | धम्की |
| ४४ | लक्ष्मण ढकाल, ओखलढुंगा | धम्की |
| ४५ | दिलहरी श्रेष्ठ, काभ्रे | आमा-छोरी भेट |
| ४६ | जसबहादुर विश्वकर्मा | जातिय भेदभाव |
| ४७ | बन्धु सिंह, नुवाकोट | दलित अधिकार (Sumoto) |
| ४८ | विन्दु रैदास,नेपालगन्ज | बालिका बेचबिखन (Sumoto) |
| ४९ | ४३ जना वैदेशिक रोजगारीमा गएका व्यक्ति | बन्दि बनाइएका |
| ५० | Pro-public | महिला विरुद्ध भेदभाव |
| ५१ | गीता श्रेष्ठ, बाँके | न्याय प्रशासन |
| ५२ | देवु विक, सम्झना अड्का, काठमाण्डौ | प्रेम विवाह/प्रहरीद्धारा थुना |
| ५३ | तेज सुनार | जातिय विभेद |
| ५४ | शम्शेर बहादुर | वैदेशिक रोजगार |
| ५५ | ईसशर अहमद हल्वाई, बाँके | यातना |
| ५६ | मेनका चौधरी, बर्दिया | गैरकानुनी थुना |
| ५७ | सुशान्त सिं ठकुरी,बाँके | यातना (शिक्षकद्धारा) |
| ५८ | मिना परियार, बर्दिया | वैदेशिक रोजगार |
| ५९ | खड्ग बहादुर मन्दिल,सुर्खेत | यातना |
| ६० | जगदम्बा प्र. लोनिया, बाँके | सम्पत्ती लुटपाट |
| ६१ | पुष्पा कु.बर्मा,बाँके | जवरजस्ति करणी |
| ६२ | फुलमती चौधरी,बर्दिया | मा.बाल सैन्य |
| ६३ | सोहनलाल लोनिया,बाँके | यातना |
| ६४ | शिव न्यौपाने,बाँके | बेपत्ता |
| ६५ | सावित्री कुमार यादव,दाङ्ग | यातना |
| ६६ | विरेन्द्र कुमार बर्मा, बाँके | गैरकानुनी थुना |
| ६७ | ईश्वरी प्रसाद रावल,ददिराम न्यौपाने | कुटपीट |
| ६८ | रिचर्ड राई, रेजिना राई, धनबहादुर राई , बाँके | धम्की |
| ६९ | कृष्ण बहादुर वली, रोल्पा | धम्की |
| ७० | मालती खटिक, नरेश खटिक, बर्दिया | सामाजिक वहिष्कार |
| ७१ | अकलीम खान,कल्लन खान | धम्की |
| ७२ | सुल्तान सिद्रिकी,बाँके | कुटपीट |

## राष्ट्रिय मानवअधिकार आयोग

| क्र.सं | पीडितको नाम, थर, वतन | विषय |
|---|---|---|
| ७३ | विरेन्द्र पुन, बाँके | दुव्यवहार |
| ७४ | शर्मिला बिष्ट, बाँके | नागरीकता दिलाई पाउँ |
| ७५ | रानी सरदार, बाँके | यातना |
| ७६ | जशुदा शरु र बाल कुमारी शरु, सुर्खेत | बलात्कार |
| ७७ | पप्पु लोनिया, बाँके | यातना |
| ७८ | ईजलाल खान, बाँके | कुटपीट |
| ७९ | मुनिजर लोनिया,बाँके | गैरकानुनी थुना |
| ८० | नानीसरा थापा,बाँके | घरेलु हिंसा |
| ८१ | गिता शाही, बाँके | धम्की |
| ८२ | पुटैना गाविस बासी, बाँके | गाविस भवन सुचारु नभएको |
| ८३ | ओम प्रकाश गुरुङ समेत, बाँके | प्रहरीद्धारा यातना |
| ८४ | मायाँ तामाङ्ग, काभ्रेपलान्चोक | बोक्सीको आरोप |
| ८५ | गुञ्जबहादुर डाँगी, रोल्पा | घर कब्जा |
| ८६ | विष्णु भगवान कुर्मि | यातना |
| ८७ | राकेश सन्यासी,बर्दिया | अपहरण |
| ८८ | विश्व आचार्य,दाङ | बेपत्ता |
| ८९ | परमानन्द बर्मा, बाँके | बेपत्ता |
| ९० | हिरा सिंह थापा, दैलेख | गैर न्यायीक थुना |
| ९१ | देव चन्द (नेपाली), रोल्पा | यातना |
| ९२ | खड्ग खरेल, ललितपुर | शिक्षण पेशा |
| ९३ | तपस्थली बृद्धाश्रम, काठमाडौं | बृद्धबृद्धाको अधिकार |
| ९४ | होटल याक एण्ड यतिका सम्पूर्ण कर्मचारीहरू, काठमाडौं | कामको अधिकार |
| ९५ | नुर्व शेर्पा लगायत बौद्ध धर्मावलम्बीहरू, काठमाडौं | साँस्कृतिक अधिकार |
| ९६ | कुमार योन्जन, भोजपुर | स्वतन्त्र पेश ागर्न पाउने |
| ९७ | झम्कनाथ ढकाल, काठमाडौं | सम्पतिको अधिकार |
| ९८ | गणेश वहादुर बोहरा, रामेछाप | पुजा गर्न नपाएको |
| ९९ | कृष्ण वहादुर गिरी, सिन्धुपाल्चोक | अपाङ्गता भएको व्यक्ति, न्याय प्रशासन |
| १०० | रामशोभित महरा, जनकपुर | दलितलाई भेदभाव |
| १०१ | चितवन जिल्ला, चितवन | स्वास्थ्यको अधिकार |
| १०२ | ज्याम्बे लामा, जनकपुर | आवश्यक सहयोग गरिदिने |
| १०३ | दलितहरू मन्दिर पस्न नपाएको, जनकपुर | दलितहरू मन्दिर पस्न नपाएको |
| १०४ | पर्वत जिल्लाको पहिरोले वसोवासमा असर, पर्वत | वसोवासको अधिकार |
| १०५ | अर्जुन कुमार श्रेष्ठ, पर्वत | जीप कब्जामा |
| १०६ | जोखिम पण्डित, बारा | अपहरण |
| १०७ | नरवहादुर स्याङ्गताङ्ग | कब्जा (माओवादी) |
| १०८ | रन्जित कुमार कर्ण र डाँ अर्चना यादव | वैवाहिक अधिकार |
| १०९ | टिउकी तामाङ | कुटपिट |
| ११० | वेली भुजेल, सिता भुजेल | यातना |
| १११ | टंकदेवी थपलिया | यातना |

| क्र.सं | पीडितको नाम, थर, वतन | विषय |
|---|---|---|
| ११२ | शिव प्रसाद खतिवडा | यातना |
| ११३ | चोला प्रसाद ढकाल | यातना |
| ११४ | नरेन्द्र वहादुर बुढाथोकी | यातना |
| ११५ | खड्क कुमारी खड्का | यातना |
| ११६ | सुरेश महेश्वरी | यातना |
| ११७ | सन्त कुमारी नगरकोटी समेत | यातना |
| ११८ | उमा राई | यातना |
| ११९ | कुमार श्रेष्ठ | यातना |
| १२० | दल वहादुर लामा | यातना |
| १२१ | तेज प्रसाद गौतम | यातना |
| १२२ | भुपेन्द्र प्रसाद खनाल | यातना |
| १२३ | उमेश लामा | यातना |
| १२४ | पार्वती खड्का | यातना |
| १२५ | राजकुमार राई | यातना |
| १२६ | बालकुमार देवकोटा | यातना |
| १२७ | माधव सिलवाल | यातना |
| १२८ | रामशुभक्त महतो | यातना |
| १२९ | राम वहादुर वि.क. समेत | यातना |
| १३० | चितवनका महिला | कुटपिट |
| १३१ | माधव प्रसाद पाण्डे | यातना |
| १३२ | अच्यूत प्रसाद पौडेल | यातना |
| १३३ | प्रकाश भण्डारी | यातना |
| १३४ | जीत वहादुर देउजा | यातना |
| १३५ | राजकुमार श्रेष्ठ | यातना |
| १३६ | भाइकाजी घिमिरे | यातना |
| १३७ | शालिकराम पौडेल | यातना |
| १३८ | पुष्पराज थपलिया | यातना |
| १३९ | भैरवनाथ गणको यातना | यातना |
| १४० | त्रिचन मानन्धर | न्यायमा ढिलाई |
| १४१ | इन्द्र वहादुर भारती | न्यायमा ढिलाई |
| १४२ | रेवती रमण पौडेल | धम्की माओवादी |
| १४३ | सीता उप्रेती प्रसाई | धम्की |
| १४४ | मदन वहादुर दुलाल, सिन्धुपाल्चोक | न्याय प्रशासन |
| १४५ | मिननाथ देवकोटा, रसुवा | न्याय प्रशासन |
| १४६ | नारायण कृष्ण श्रेष्ठ, काठमाडौं | न्याय प्रशासन |
| १४७ | रामनारायण यादव, भक्तपुर | न्याय प्रशासन |
| १४८ | प्रभावकुमार गुप्ता, पर्सा | न्याय प्रशासन |
| १४९ | महेश वहादुर घर्ती, अछाम | न्याय प्रशासन |
| १५० | अमृतनाथ घिमिरे, ललितपुर | धम्की |

## राष्ट्रिय मानवअधिकार आयोग

| क्र.सं | पीडितको नाम, थर, वतन | विषय |
|---|---|---|
| १५१ | भक्तिप्रसाद शिवाकोटी, झाप | न्याय प्रशासन |
| १५२ | सृजना लामा, झापा | न्याय प्रशासन |
| १५३ | भरत चौलागाई, काठमाडौं | न्याय प्रशासन |
| १५४ | केशवप्रसाद सिटौला, काभ्रे | पक्राउ गर्न सक्ने आशंका |
| १५५ | धर्मराज दुलाल, किर्तिपुर | गैरकानुनी थुना |
| १५६ | गोविन्द भण्डारी, धादिङ्ग | गैरकानुनी थुना |
| १५७ | सानुकाजी शाक्य | धम्की |
| १५८ | रोशन तामाङ | धम्की |
| १५९ | प्रकाश खड्गी समेत २ जना | गैरकानुनी थुना |
| १६० | मधुसुदन पुरी, महाराजगन्ज | वन्दीको अधिकार |
| १६१ | अरविन कुमार ठाकुर, काठमाडौं | न्यायिक ढिलाई |
| १६२ | मित्रलाल न्यौपाने, पर्वत | गैरकानुनी थुना |
| १६३ | सुमित लामा, काठमाडौं | यातना |
| १६४ | सज्जन वहादुर शाही, काठमाडौं | प्रहरीद्धारा कुटपिट |
| १६५ | कल्याण बुढाथोकी, काठमाडौं | प्रहरीद्धारा कुटपिट |
| १६६ | विना अधिकारी, काठमाडौं | प्रहरीद्धारा कुटपिट |
| १६७ | डिल्ली वहादुर खड्का, काठमाडौं | प्रहरीद्धारा कुटपिट |
| १६८ | सुनिता भण्डारी, काठमाडौं | प्रहरीद्धारा कुटपिट |
| १६९ | खडानन्द दाहाल, काठमाडौं | प्रहरीद्धारा कुटपिट |
| १७० | चिनीमाया कार्की, काठमाडौं | प्रहरीद्धारा कुटपिट |
| १७१ | राजेन्द्र घिमिरे, काठमाडौं | प्रहरीद्धारा कुटपिट |
| १७२ | ऋषि धमला, किर्तिपुर १४ | प्रहरीद्वारा यातना |
| १७३ | अनवेष डंगोल, पुजन श्रेष्ठ, ज्याठा मार्ग | प्रहरीद्वारा कुटपिट |
| १७४ | राजेन्द्र भट्टराई, अर्घाखाँची हाल काठमाडौं | प्रहरीद्वारा यातना |
| १७५ | जनक नेपाली, दाङ्ग हाल काठमाडौं | प्रहरीद्धारा कुटपिट, यातना |
| १७६ | प्रहरी हवल्दार एकवहादुर क्षेत्री, वडा प्रहरी कार्यालय स्वयम्भु | प्रहरी उपरिक्षक गणेश राज राईले कुटपिट |
| १७७ | बल बहादुर गुरुङ्ग, गोरखा हाल काठमाडौं | वाइसेलद्वारा समेत कुटपिट |
| १७८ | टेक्सु राई, धनकुटा हाल काठमाडौं | प्रहरीद्वारा यातना |
| १७९ | सुभद्रा लामा, धादिङ्ग हाल काठमाडौं | प्रहरीद्वारा यातना |
| १८० | शिवधन राई, खोटाङ हाल काठमाडौं | प्रहरीद्वारा यातना |
| १८१ | अमर ओली, रमेश क्षेत्री समेत भू.पू. सेना सुरक्षाकर्मीहरू, काठमाडौं | प्रहरीद्वारा यातना |
| १८२ | गणेश प्रसाद देवकोटा | प्रहरीद्वारा यातना |
| १८३ | फुर्वा तामाङ्ग, कपन काठमाडौं | पेशा सम्बन्धमा |
| १८४ | भेष वहादुर खड्का | आर्थिक, सामाजिक अधिकार |
| १८५ | फलाम तथा काठको काम गर्ने विश्वकर्मा मूलका लोहारहरू | विभेद |
| १८६ | मायादेवी मन्दिर प्रवेश, लुम्बिनी | धर्म सम्बन्धी अधिकार |
| १८७ | रनवहादुर क्षेत्री | बादरमुडे घटनामा वस क्षतिको क्षतिपूर्ति |

| क्र.सं | पीडितको नाम, थर, वतन | विषय |
|---|---|---|
| १८८ | चेतवहादुर (सल्मान) ऐर | पेशा सम्बन्धमा |
| १८९ | शर्मिला प्रधान | पेशा सम्बन्धमा |
| १९० | भु.पू. सैनिक | सेवा सम्बन्धमा |
| १९१ | – | धार्मिक विभेद |
| १९२ | फेडरिक एन्थोनी | धम्की |
| १९३ | गंगाराम कार्की समेत हिमाल सिमेन्ट कम्पनी कामदार तथा कर्मचारीहरू | तलव भत्ता सम्बन्धमा |
| १९४ | सडक पेटीमा व्यवसाय गर्ने | पेशा सम्बन्धमा |
| १९५ | – | सामान लुटिएको |
| १९६ | गणेश मान शाह समेत, धनुषा | यातना |
| १९७ | रिमा कुमारी यादव, सुन्दरपुर १ महोत्तरी | अपहरण |
| १९८ | शैलेन्द्र झा, पचरुखी ८ रौतहट | शान्ति सुरक्षाको अधिकार |
| १९९ | योगी चौधरी, महोत्तरी | गैरकानुनी थुना |
| २०० | इश्वरी सिग्देल, सर्लाही | कब्जा (अज्ञातबाट) |
| २०१ | देव कुमार ठाकुर, वरमझिया १ धनुषा | न्याय प्रशासन |
| २०२ | नेपाल आर्य समाज, सर्लाही | न्यायिक निष्पक्षता |
| २०३ | प्रफुल्ल कुमार लाल, धनुषा | चन्दा, घरमा विष्फोट |
| २०४ | लक्ष्मी नारायण राय | सम्पतिको अधिकार |
| २०५ | विकास र श्याम यादव | गैरकानुनी थुना |
| २०६ | विनय कुमार शाह, महोत्तरी | अपहरण |
| २०७ | बैजु प्रसाद गुप्ता (रौनियार), रौतहट गंगापिपरा ४ | न्याय प्रशासन |
| २०८ | रामादेवी कर्ण, धनुषा | अपहरण |
| २०९ | राम अशिष यादव, वगडा १ महोत्तरी | हत्या |
| २१० | राहुल कुमार ठाकुर, वथनाहा ४ महोत्तरी | न्याय प्रशासन |
| २११ | योगेन्द्र राय, जनकपुर | यातना |
| २१२ | संजिव झा, सुनिल यादव | हिरासतमा भेटघाट गर्नबाट वञ्चित |
| २१३ | नानीमैया नेपाली | भेदभाव |
| २१४ | शान्ति सेवा गृहमा कार्यरत ६० जना मजदुरहरू | कुटपिट |
| २१५ | रामराज थापा समेत, काठमाडौं | कुटपिट |
| २१६ | ज्ञानवहादुर वलामी, हर्मिन रातु लामा, मकवानपुर | वाग्लुङ |
| २१७ | विष्णुप्रसाद ढुंगाना, नुवाकोट चाउथे ५, हाल काठमाडौं | धम्की |
| २१८ | रामकुमार आचार्य, धादिङ्ग केवलपुर ८ | गाली गलौज |
| २१९ | विनोद श्रेष्ठ, काठमाडौं | धम्की तथा कुटपिट |
| २२० | जगदिश वडाल, सान्तदेव पन्त, काभ्रे ५, घर भई मध्यपुरठिमी १६ लोकन्थली | यातना |
| २२१ | किशोरकुमार दुगड, काठमाडौं | दुर्व्यवहार |
| २२२ | टिकाप्रसाद दाहाल, रामेछाप विजुलीकोट ५, हाल सानेपा | यातना |
| २२३ | रविन्द सिंह, वखुण्डोल | मानसिक यातना |
| २२४ | माधव थापा, काभ्रे शंखुपाटीचौर ४, हाल काठमाडौं | यातना |

| क्र.सं | पीडितको नाम, थर, वतन | विषय |
|---|---|---|
| २२५ | राजकुमार बल, इकुडोल ४ ललितपुर | यातना |
| २२६ | प्रकाश मगर, ललितपुर गिन्दी ४ च्यासल | यातना |
| २२७ | केदार के.सी., इमाडोल ८ ललितपुर | यातना |
| २२८ | प्रविण स्याङतान लामा, मानिखोल ८ ललितपुर | यातना |
| २२९ | कृष्णका विक, काभ्रे गाविस ९ | बलात्कार |
| २३० | विक्रान्त के.सी., उद्धव चापागाई | घाइते |
| २३१ | विश्ववन्धु पौडेल, सशस्त्र प्रहरी बल उपत्यका सुरक्षा गणका ललितपुर | यातना तथा गैरकानुनी थुना |
| २३२ | गुप्त वहादुर बुढाथोकी | यातना |
| २३३ | यमुना दाहाल, सिनामंगल ओमनगर, काठमाडौं | कुटपिट, दुर्व्यवहार |
| २३४ | किशोर खड्का, काठमाडौं | घाइते |
| २३५ | यादवलाल कायस्थ, नघल काठमाडौं | यातना |
| २३६ | रामवहादुर बस्नेत, पृथ्वीनारायण ४ गोरखा | यातना |
| २३७ | एलिसा वैद्य, अनिरुद्रप्रसाद प्रधान | गैरकानुनी थुना |
| २३८ | हेम वहादुर अधिकारी | कुटपिट |
| २३९ | जीतलाल गुरुङ, धादिङ्ग | यातना |
| २४० | राजेन्द्र दुवाल, भक्तपुर | धम्की |
| २४१ | राजकुमार बुढाथोकी, काभ्रे | यातना |
| २४२ | तिर्थ घिमिरे, रमा घिमिरे | नजरवन्द |
| २४३ | विवस, हर्क राई | धम्की |
| २४४ | पुष्पराज कडरिया, रामेछाप | यातना |
| २४५ | विनय लिम्बु | यातना |
| २४६ | महेन्द्र पंडित, रौतहट | न्याय प्रशासन |
| २४७ | दिनानाथ प्रसाद साह, विरगन्ज | न्याय प्रशासन |
| २४८ | मुल्ली खातुन, सर्लाही लक्ष्मीपुर | न्याय प्रशासन |
| २४९ | कर्ण बहादुर सारु मगर, वर्दिया बग्नाहा ७ | हराईरहेको |
| २५० | सिंहेश्वर यादव, धनुषा विसरमोरा ८ | बेपत्ता |
| २५१ | सरोजी सिंह, जनकपुर १ | न्यायको अधिकार |
| २५२ | किरण साह ओरेक, जनकपुर | ज्यान मार्ने धम्की |
| २५३ | विरेन्द्र राय, सर्लाही गम्हरिया २ | शिक्षाको अधिकार |
| २५४ | भरत महतो, धनुषा पुष्पवलपुर २ | यातना |
| २५५ | राहुल राय, धनुषा लक्ष्मीपुर वगेवा १ | शारिरीक यातना |
| २५६ | शिव कुमार ठाकुर, ज.न.पा. ७ | बेपत्ता |
| २५७ | मनिर मिया, विरगञ्ज १९ | बेपत्ता |
| २५८ | अर्जुनवहादुर थापा, सिन्धुली | यातना |
| २५९ | दशरथ साह, जनकपुर १० | गाडीमा आगजनी |
| २६० | श्रीकृष्ण साह, धनुषा, सुगा निकास २ | धम्की |
| २६१ | राकेश कुमार पाण्डे, जनकपुर ७ | यातना |
| २६२ | राघव ठाकुर, धनुषाधनौलीवनौली २ | पुनः पक्राउ |

| क्र.सं | पीडितको नाम, थर, वतन | विषय |
|---|---|---|
| २६३ | कारी यादव सुमन, पौरेश्वर २ धनुषा | मोटरसाइकल कब्जा लिएको |
| २६४ | शिवनन्दन भण्डारी, धनुषा | अपहरण |
| २६५ | किरण कुमार पासवान, भिâझा ८ धनुषा | अपहरण |
| २६६ | कृष्णदेव यादव, सखुवा महेन्द्रनगर-१धनुषा | धम्की |
| २६७ | वौद्यनाथ प्रसाद साह, आनन्दनगर-४,धनुषा | धम्की |
| २६८ | रामाधिन साह, बुद्धिनाथ साह, झटियाहि मराहि ५ धनुषा | करकाप |
| २६९ | गुमनि देवी यादव, इनखा धनुषा | कुटपिट |
| २७० | पुष्पराज पाण्डे, रालुकादेवी ९ टुटुङ्ग नुवाकोट | गैरकानुनी थुना |
| २७१ | कमल वहादुर समौली, जरायोटार ६ फुयालगाउँ हाल भृकुटीमण्डप काठमाडौं | गैरकानुनी थुना |
| २७२ | तिर्थवहादुर वम्जन | गैरकानुनी थुना |
| २७३ | कृष्णप्रसाद गौतम, दुर्खक ३ काभ्रे | गैरकानुनी थुना |
| २७४ | कृष्णवहादुर नगरकोटी, टोकापुर ८ रामेछाप हाल सुन्धारा काठमाडौं | गैरकानुनी थुना |
| २७५ | ओमकारप्रसाद श्रेष्ठ, कुपन्डोल १०, ललितपुर | गैरकानुनी थुना |
| २७६ | भिमसेन धामी, धनवहादुर भण्डारी, तोरणवहादुर भण्डारी, काठमाडौं | न्याय प्रशासन |
| २७७ | नेवप्रसाद काफ्ले, चितवन | गैरकानुनी थुना |
| २७८ | गंगा चौधरी, कीर्तिपुर १७ काठमाडौं | गैरकानुनी थुना |
| २७९ | रामप्रसाद गिरी, पृथ्वीनगर ५ झापा | गैरकानुनी थुना |
| २८० | शान्ति मिजार ढकाल, छत्रवास काभ्रे हाल पुल्चोक ललितपुर | गैरकानुनी थुना |
| २८१ | माधव गौतम, काभ्रे | गैरकानुनी थुना |
| २८२ | नारायण वानिया | गैरकानुनी थुना |
| २८३ | चोकवहादुर पण्डित, सिन्धुपाल्चोक ६ | गैरकानुनी थुना |
| २८४ | चक्रपाणी द्धिवेदी, मिठुअवा ४ रौतहट | गैरकानुनी थुना |
| २८५ | भूमिराज बुढाथोकी, गेलु १ रामेछाप | गैरकानुनी थुना |
| २८६ | राजेश केसी खत्री, सल्यान ४ सोलुखुम्बु हाल काठमाडौं | गैरकानुनी थुना |
| २८७ | दामोदर प्रसाद भट्ट, महेन्द्रनगर-३,कन्चनपुर | मृत्यु |
| २८८ | सानेकुमार चौधरी, कास्की कारागार | कारागार स्थानान्तरण |
| २८९ | राजेश श्रेष्ठ, पोखरा | आपसी विवाद |
| २९० | सुजन सुनार, पोखरा | कारागार स्थानान्तरण |
| २९१ | खड्गबहादुर रानाभाट, पोखरा | |
| २९२ | धनवहादुर बराल, पोखरा | न्याय प्रशासन |
| २९३ | टिकाराम बराल, पोखरा | धम्की |
| २९४ | लोकवहादुर घर्ती, पोखरा | अपहरण |
| २९५ | मोहन कुमार श्रेष्ठ, पोखरा | बेपत्ता |
| २९६ | प्रेम व. वि.क., सिर्जना वहिरा आवासीय उ.मा.वि. पोखरा | हराएको |
| २९७ | राजेन्द्र न्यौपाने, पोखरा | गैरकानुनी थुना |
| २९८ | किशोर गौतम, पोखरा | गैरकानुनी थुना |

| क्र.सं | पीडितको नाम, थर, वतन | विषय |
|---|---|---|
| २९९ | रेशम गुरुङ्ग, पोखरा | धम्की |
| ३०० | तुलसीराम उप्रेती | बेपत्ता |
| ३०१ | केशव बस्नेत | बेपत्ता |
| ३०२ | नारायणप्रसाद श्रेष्ठ | व्यक्तिगत झैझगडा |
| ३०३ | प्रज्ञा खरेल ओली, धर्मानन्द ओली, भोली समेत | धम्की |
| ३०४ | मोनिका पिया | अपहरण |
| ३०५ | यामकुमार राई | विस्थापित |
| ३०६ | सत्यन्द्र राउत कम्मर, लालसा कुमारी | अपहरण |
| ३०७ | मैया दुलाल, शर्मिला तिम्सिना | पक्राउ पर्ने आशंका |
| ३०८ | रविन्द्रमान जोशी समेत | जग्गा सम्बन्धी |
| ३०९ | रुपबहादुर रोकाय समेत १२१ जना | जग्गा सम्बन्धी |
| ३१० | राजेन्द्र प्रसाद भुषाल | तलव भत्ता |
| ३११ | तीनधारा संस्कृत छात्रावास | |
| ३१२ | पद्यकन्या मा.वि. | शिक्षाको अधिकार |
| ३१३ | विनयकुमार पण्डित | विष्फोट |
| ३१४ | नेपाल मानव अधिकार संगठन | शिक्षाको अधिकार |
| ३१५ | शारदादेवी भट्ट | सम्पतिको अधिकार |
| ३१६ | भारतीय शिक्षक | स्थायी गर्ने सम्बन्धमा |
| ३१७ | रामकृष्ण थपलिया | जग्गा विवाद |
| ३१८ | धमेन्द्र रोकाया | थुना |
| ३१९ | द्धारिका प्र. चौलागाई | गैरकानुनी थुना |
| ३२० | प्रचन्ड थैव | हत्या |

**(ख) खारेज गर्ने निर्णय भएका उजुरीहरूको विवरण**

| क्र.सं | पीडितको नाम, थर, वतन | विषय |
|---|---|---|
| १ | पुर्ण बहादुर खड्का, काठमाण्डौ | अनुगमन सम्बन्धमा |
| २ | अमृता ठाकुर,बाँके | यातना |
| ३ | आन्दोलित समुदाय, दैलेख | स्तन्त्रताको अधिकार |
| ४ | सरीता शर्मा सहित ९ जना विधार्थीहरू, बाँके | यातना |
| ५ | अहमद कुरेली,बाँके | यातना |
| ६ | प्रकाश चन्द,बर्दिया | यातना |
| ७ | अर्जुन चौहान,बाँके | यातना |
| ८ | बच्छराज चौहान र सुहागदेवी चौहान, बाँके | धम्की |
| ९ | मैकुलाल बाल्मिकी, बाँके | धम्की |
| १० | शान्ति लामिछाने, काभ्रे | घरेलु हिंशा |
| ११ | विकास जाट, बाँके | यातना |
| १२ | राकेश अधिकारी | कुटपिट |

| क्र.सं | पीडितको नाम, थर, वतन | विषय |
|---|---|---|
| १३ | शोभाचन्द्र मिश्र | यातना |
| १४ | दिवस महर्जन, बालाजु काठमाडौं | धम्की |
| १५ | खुल वहादुर कुँवर, यज्ञवहादुर थापा समेत | यातना |
| १६ | करिमन राइन, हबिब राइन, धनुषा | यातना |
| १७ | मलहा दास, पर्साही ९ नौवाखोर | यातना तथा क्षतिपूर्ति |
| १८ | बिन्दु देवी ठाकुर, धनुषा | यातना |
| १९ | राजेन्द्र भन्ने प्रेम नारायण घिमिरे, मकवानपुर | यातना पश्चात मृत्यु |
| २० | भरत शर्मा, काठमाडौं | कुटपिट |
| २१ | भक्तपुर ब्यारेक आसपासका महिलाहरू | सेनाद्वारा शोषण |
| २२ | कान्छी खत्री, ललितपुर १३ एकान्तकुना | यातना |
| २३ | रामकुमार घिमिरे, ओखरपौवा ४ नुवाकोट | यातना |
| २४ | बच्चुराम रिजाल, गोगने ९ मकवानपुर | यातना |
| २५ | सिद्धिरत्न शाक्य, का.म.न.पा. ४ | गैरकानुनी थुना |
| २६ | गोविन्द दुलाल, दिपक माझी, पौराई ७ रौतहट | गैरकानुनी थुना |
| २७ | सावित्री श्रेष्ठ, सिन्धुली | गैरकानुनी थुना |
| २८ | सुरेन्द्र मानन्धर, किर्तिपुर ५ काठमाडौं | गैरकानुनी थुना |
| २९ | शालिकराम काफ्ले र हरिराम सापकोटा, काभ्रे | गैरकानुनी थुना |
| ३० | राज भाई, ननकुमारी रंजितकार | गैरकानुनी थुना |
| ३१ | रिना कार्की | पक्राउ |
| ३२ | सामसिर तामाङ | गैरकानुनी थुना |
| ३३ | सुशिला थापा, दाङ्ग | गैरकानुनी थुना |
| ३४ | अमन थिङ्ग, मकवानपुर | |
| ३५ | रामजीप्रसाद रौनियार, काठमाडौं | बेपत्ता |
| ३६ | नवराज ढकाल, काठमाडौं | गैरकानुनी थुना |
| ३७ | देवेन्द्र पौडे, पोखरा ६ वैदाम कास्की | धम्की |
| ३८ | सन्तोष अधिकारी, लेखनाथ ३ बुढिवजार कास्की | कुटपिट तथा धम्की |
| ३९ | दुर्गा वहादुर गुरुङ्ग, पोखरा १ भिमकाली पास | धम्की |
| ४० | शिवप्रसाद पराजुली, पोखरा १२ | गाली गलौंज |
| ४१ | विष्णुप्रसाद सिग्देल, किहुँ ३ तनहुँ | |
| ४२ | धुव्र अधिकारी, चन्द्रेश्वर ८, लमजुङ | धम्की |
| ४३ | – | खोजतलास |
| ४४ | सुमन शर्मा | न्याय प्रशासन |
| ४५ | पोडेनी सुनार | वसोवासको अधिकार |

**(ग) तामेलीमा राख्ने निर्णय भएका उजुरीहरूको विवरण**

| क्र.सं. | पीडितको नाम, थर, वतन | विषय |
|---|---|---|
| १ | हलिया जागरण समिति, डडेलधुरा | हलिया प्रथा |
| २ | शंकर कटवाल | शिक्षाको अधिकार |
| ३ | नवराज गौतम | पेशा व्यवसाय |
| ४ | शहिदको बालबच्चा | शिक्षाको अधिकार |
| ५ | लालवहादुर बस्नेत | वसोवासको अधिकार |

## अनुसूची–८

## दण्डहीनताको अवस्था नियन्त्रण गर्न समेत भनी आयोगका अध्यक्षबाट प्रधानमन्त्री र राजनीतिक दलहरूलाई प्रेषित पत्रहरू

**(क) मिति २०६८/५/१८ को पत्र**

**मिति:२०६८/५/१८**

**सम्माननीय प्रधानमन्त्रीज्यू**
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं,
नेपाल

**विषयः मुद्दा खारेज र माफी**

**सम्माननीय महोदय,**

सर्वप्रथम नेपालको प्रधानमन्त्रीको पदमा निर्वाचित हुनुभएकोमा तपाईंलाई र सरकार सञ्चालनमा सम्मिलित माननीय मन्त्रीज्यूहरू समेतलाई हार्दिक शुभकामना र बधाई दिन चाहन्छु । अर्थमन्त्रीको हैसियतमा तपाईंले बिताउनु भएका पूर्व कार्यकालका उपलब्धि र हाल बहालीपछि एनेकपा (माओवादी) लडाकुका हतियार रहेको कन्टेनरको साँचो विशेष समितिलाई बुझाउँने कार्यमा देखाउनु भएको तत्परताले तपाईंको नेतृत्वमा शान्ति प्रकृयाले अग्रगति पाउने विश्वास गर्न सकिन्छ । मानवअधिकार र शान्तिपूर्ण वातावरणवीच अन्योन्याश्रित सम्बन्ध मात्र होइन, वर्तमान समयमा शान्तिपूर्ण वातावरणको अधिकार पनि मानवअधिकारको अभिन्न अंग भएको छ । तसर्थ, शान्ति प्रकृयाका थप आयामहरूमा पनि तपाईंबाट शीध्र र सशक्त पहल हुनेछ भन्ने मैले आशा राख्नु स्वभाविक छ । यसै प्रसंगमा अघिअघि भएका कामकारबाहीहरूको सम्बन्धमा केही चर्चा गर्नुपर्ने हुन्छ ।

सङ्क्षेपमा, बिस्तृत शान्तिसम्झौतापछिका दिनहरू मानवअधिकारको दृष्टिले उत्साहजनक रहन सकेका छैनन् । शान्तिसम्झौतालाई इमान्दारितापूर्वक पूरा गर्ने र मानवअधिकार सम्वन्धित प्रतिवद्धता पालना गर्नेभन्दा भङ्ग गर्नमा धेरै समय बितेको प्रतीत हुन्छ । यस विषयमा राष्ट्रिय मानव अधिकार आयोगले प्रकाशनमा ल्याएका विस्तृत शान्तिपूर्ण सम्झौता सम्बन्धी आवधिक प्रतिवेदनहरूबाट स्पष्ट हुने नै छ । ती प्रतिवेदनहरू मध्ये अन्तिम प्रतिवेदन यसैसाथ छ । द्वन्द्वकालमा मानवअधिकार हनन् र मानवीय कानुनको उल्लंघन सम्बन्धी अपराध राष्ट्रिय कानुनको विषय मात्र नभएर अन्तर्राष्ट्रिय कानुनका विषय पनि हुन्छन् । यस्ता विषयमा नागरिक समाज, मानवअधिकरकर्मी र विश्वसमुदायको पनि सरोकार रहने गर्दछ । वर्तमान समयमा पूर्व युगोस्लाभिया, दक्षिण अमेरिका एवम् दक्षिण अफ्रिकामा द्वन्द्वका क्रममा भएका मानवअधिकार हनन् सम्बन्धमा अन्तर्राष्ट्रिय फौजदारी अदालतमा कारबाही भएको पनि छ । युद्ध अपराध एवम् वा मानवता विरुद्धका अपराधउपर मुद्दा चलाई दण्डसजाय दिलाउनु स्वाभाविक र सामान्य न्यायिक प्रकृया हो । तथापि, सामान्य न्यायिक प्रकृयमा हुने विलम्व, लाग्ने खर्च तथा पीडित पक्षलाई तत्कालै राहत र परिपूरण दिलाउन नसकिने र द्वन्द्वका परस्पर विरोधी पक्षहरू एउटै राज्य, समाज र गाउँघरका समेत हुनेहुँदा पीडित र पीडकवीच शत्रुवत् व्यवहार मेटाई मेलमिलापको संयन्त्र स्थापना गर्नुपर्ने हुन्छ । यस्ता अवस्थामा शन्ति समितिको अतिरिक्त द्वन्द्वकालका अपराधहरू मध्ये खास स्थितिका अपराधहरू सहज र सरल किसिमले निराकरण गर्न सङ्क्रमणकालीन न्यायिक संयन्त्र विकल्पको रूपमा अपनाइन्छ । हामी कहाँ बिस्तृत शान्तिसम्झौता र त्यसलाई आत्मसात् गर्ने नेपालको अन्तरिम संविधान, २०६३ मा यो उद्देश्य र भावना लक्षित रहेको विदितै छ । द्वन्द्व पीडित र तिनका परिवारहरूलाई राहत र परिपूरण स्वरूप तत्कालै राष्ट्रबाट सहयोग हुनु सङ्क्रमणकालीन न्यायको एउटा महत्वपूर्ण पक्ष हुन सक्दछ र नेपाल सरकारबाट क्रमिक रूपमा सो कार्य हुँदै आएको निश्चय पनि सह्राहनीय नै छ ।

नेपाल सरकारबाट सङ्क्रमणकालीन न्यायलाई सार्थक परिणतिमा पुऱ्याउनका लागि भएका यस्ता केही प्रयासहरूको अतिरिक्त बिस्तृत शान्तिसम्झौताको झण्डै ५ बर्ष बित्न लाग्दा पनि सो सम्बन्धमा छानवीन आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोगको गठन गर्न विलम्व भइराखेको छ । एकातिर यी आयोगहरू गठन गरी द्वन्द्वकालका मानवअधिकार हनन्को सवालमा पीडकहरूलाई कानुनको दायरामा ल्याई पीडित र तिनका परिवारजनहरूलाई न्यायको अनुभूति हुने काम नहुनु र अर्कोतिर आरोपित सुरक्षाकर्मी (पीडक) हरूलाई पदोन्नती गर्दै जाने र प्रत्येक राजनीतिक दलले आ-आफ्नो दलसँग सम्वद्ध व्यक्तिलाई कुनै औचित्य र विवेकपरक मापदण्ड

नै नबनाई मनपर्दो मुद्दाहरू फिर्ता लिंदै जाने प्रकृयाले नेपाल सरकारको मुद्दा फिर्ता लिने र अदालतबाट दोषी ठहर भएका मुद्दाहरू माफी गर्ने नीति कहिल्यै  स्पष्ट र न्याय सम्मत हुनसकेको पाइएन । न्यायोचित आधार र मापदण्डविना यसप्रकार मुद्दा फिर्ता लिने कार्य राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै स्तरमा विवादास्पद हुन्छ, यस्ता कार्यको बैधताको अन्तर्राष्ट्रिय अपराधिक कानूको आधारमा जहिले पनि चुनौति दिन सकिन्छ ।

यहाँ यो कुरा स्पष्ट गर्नु पनि बाञ्छनीय छ की दशबर्षे द्वन्द्वकालको मानवअधिकारको उल्लंघन र द्वन्द्वकालपछिको मानवअधिकार हनन् र मानवताबिरुद्धका अपराधसम्बन्धी दुइ पृथक-पृथक अवधिका मुद्दाहरूलाई बिस्तृत शान्तिसम्झौता र नेपालको अन्तरिम संविधानले एउटै कक्षमा राखेको पाईंदैन । तसर्थ दुबैथरी मुद्दालाई समान तहमा राख्ने र समान मापदण्ड लागू गर्न न्याय, विवेक र अन्तर्राष्ट्रिय मानवअधिकारको मूल्य-मान्यता अनुकुल नहुने स्वतः स्पष्ट छ । राष्ट्रिय मानव अधिकार आयोगको यस सम्बन्धमा निश्चित धारणा छ र त्यस धारणा अनुकल २०६३ सालपछि नेपाल सरकारको नेतृत्व गर्ने नेपाली काँग्रेस, एनेकपा (माओवादी) र नेकपा -एमाले), तीनवटै राजनैतिक दलका प्रधानमन्त्रीहरूको पालमा मुद्दा फिर्ता लिने गरी भएका निर्णयहरू र मानवअधिकार हनन्को विवादमा परेका सुरक्षाकर्मीहरूको पदोन्नती गर्ने कामहरू समस्त मानवअधिकारकर्मीहरूको बीचमा विवाद र विरोधको विषय बन्दैआएको कुरा सम्मानीयज्यूलाई अवगत भएकै हुनुपर्दछ । अहिले पुनः तपाईंको दल - एनेकपा (माओवादी) र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा बीच भएको सम्झौतामा घोषित उद्देश्यमा माओवादी युद्धकाल, जनआन्दोलन, मधेश आन्दोलन, जनजाती आन्दोलन, दलित आन्दोलन, थरुहट आन्दोलन, पिछडा वर्ग आन्दोलन इत्यादि आन्दोलनका क्रममा चलाइएका मुद्दाहरू खारेज गर्ने र माफी दिने विषयले मानवअधिकार हनन् र मानवताविरुद्धको अपराधका मुद्दाहरू पनि समेट्न सक्ने आशंकाले यस विषयलाई आयोगले निकै गम्भीरताका साथ लिएको छ । खासगरी, नागरिकहरूको अपहरण फिरौतीका लागि बन्धक बनाउने, हत्या, हिंसा र यातनाको अपराध, व्यक्तिगत इवी-अदावत वा स्वार्थ सन्निहित अपराध समेत फिर्ता लिनु अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकारविरुद्ध कामकुरा हुन्छ । सत्यनिरुपण र मेलमिलाप आयोगको संयन्त्रणाबाट निरुपण गरिनुपर्ने विषय नेपाल सरकारले बेवास्ता गरी उपरोक्त प्रकृतिका मानवअधिकारबिरुद्धका फौजदारी अपराधका मुद्दाका फिर्ता लिने वा अपराधीलाई माफी दिने गरी गर्दै आएको कार्यको बैधतामा जहिले पनि प्रश्न चिन्ह हुनेछ ।

नेपाल सरकारतर्फबाट र हालै पनि सम्माननीयज्यूबाट मानवअधिकारकर्मीहरू समक्ष सरकारले झुठा मुद्दा फिर्ता लिन लागेको भन्ने विचार व्यक्त भएको छ । कुनै मुद्दामा लगाएको आरोप सबूत प्रमाण वा परिबन्दबाट झूठा हुन् वा साँचो हुन् भन्ने कुराको निरुपण नेपाल सरकारले गर्ने हो वा न्यायिक निकायले अथवा वर्तमान स्थितिमा विस्तृत शान्तिसम्झौता अन्तर्गत स्थापित हुनुपर्ने सत्यनिरुपण तथा मेलमिलाप आयोगले गर्ने हो ? स्थापित न्यायिक संयन्त्र र अन्तरकालीन न्यायिक संयन्त्रले निरुपण गर्ने विषय हठात् नेपाल सरकारले निरुपण गर्दैजाने हो भने न्यायिक संयन्त्रहरू रहनु वा खडा गरिनुको औचित्य नै रहँदैन ।

तपाईले पदग्रहण गर्नुभन्दा पहिले देखिनै उद्घोषित सम्झौताको मुद्दा खारेज गर्ने र माफि दिने उपरोक्त बूँदाले मुलुकमा मानवअधिकारकर्मीहरूलाई स्तब्ध बनाएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५१ ले गरेको माफीको व्यवस्था र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २९ (१) ले नेपाल सरकारको आदेश भएमा अदालतको मञ्जुरीले सरकारी मुद्दा फिर्ता लिने र गैरसरकारी व्यक्तिको सम्पत्ति सम्बन्धी कुरा बाहेकको मुद्दा फिर्ता लिने व्यवस्था गरेपनि सम्वन्धित प्रावधानहरू कुनै शर्तबन्देजरहित हुनु खेदपूर्ण विषय हो । मन्त्रिपरिषद्ले जुनसुकै अदालत, विशेष अदालत, सैनिक अदालत वा अन्य कुनै न्यायिक, अर्ध न्यायिक, प्रशासनिक अधिकारीले गरेका सजायलाई माफी, मुल्तवी वा कम गर्न सक्नेछ भन्ने प्रावधानहरू कुनै शर्तबन्देजरहित निरंकुश छन् । नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय मावनअधिकार महासन्धीहरू र तिनमा नेपालले अभिव्यक्त गरेको प्रतिबद्धताहरूको अथवा तिनका अन्तरनिहित भावनाहरूको कुनै उल्लेख वा अपावाद नहुनु र नेपालका अदालतबाट समेत अन्तर्राष्ट्रिय मापदण्डको ख्यालै नगरी नेपाल सरकारलाई मुद्दा फिर्ता लिन अनुमति दिने जस्ता कुराहरूले मुलुकमा अराजकता, दण्डहीनता र आपराधिकताले प्रश्रय र प्रोत्साहन पाएकोछ र यस किसिमको अप-संस्कार हाम्रो समाजमा स्थापित हुँदैजानु निकै डरलाग्दो भएको छ ।

यसप्रकार, नेपाल सरकारबाट सम्वन्धित घटनाको सम्बन्धमा विस्तृत छानविन नै नगरी मुद्दा फिर्ता लिने र आममाफी दिने संबैधानिक वा कानुनी प्रावधानहरूमा औचित्यपूर्ण एवम् न्यायसम्मत अन्तर्राष्ट्रिय मानवअधिकारका मूल्य-मान्यता अनुकुलका शर्तबन्देज कममा पनि रहनु पर्दछ भन्ने आयोगको धारणा रहेको छ । यस विषयमा राष्ट्रिय मानव अधिकार आयोग र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालय नेपालले आफ्नो धारणा संयुक्त रूपमा सार्वजनिक गरिसकेको छ र सोको एकप्रति सम्माननीयज्यूको जानकारीको लागि यसै साथ संलग्न रहेको छ । तसर्थ, अझै पनि नेपाल सरकारद्वारा पर्याप्त छानविन नै नगरी हचुवा आधारमा मुद्दा फिर्ता लिने र अपराधिक ठहर भइसकेकालाई आममाफी दिलाउने भएमा त्यो निश्चय पनि खेदपूर्ण हुनेछ । यसले अन्तर्राष्ट्रिय समुदाय, कानुनाको शासनप्रति आस्था राख्ने नेपाली नागरिक समाज र समस्त

मानवअधिकारकर्मीहरूलाई निराश बनाउने मात्र होइन जनसामान्यको दृष्टिमा अघि-अघिको सरकारहरूभन्दा पनि वर्तमान सरकार मानवअधिकारको सवालमा असंवेदनशील रहेको देखाउने संभावना सहजै अनुमान गर्न सकिन्छ । तसर्थ कृपया, यस विषयको निर्णय लिनुपूर्व नेपाल सरकारबाट निकै गम्भीरतापूर्वक चिन्तन गरियोस्, पर्याप्त गृहकार्य गरियोस् र मानवअधिकारसम्बन्धी राष्ट्रिय संयन्त्रहरूको परामर्श समेतलाई यथोचित मनन् गरियोस् भनी सविनय अनुरोध गर्दछु ।

भवदीय,
केदारनाथ उपाध्याय
अध्यक्ष
राष्ट्रिय मानव अधिकार आयोग

**(ख) २०६८ असोज ५ को पत्र**

**२०६८ असोज ५**

**श्री अध्यक्षज्यू,**
(एनेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले तथा संयुक्त मधेशी मोर्चा - दलहरू)

**विषयः ध्यानाकर्षण र सहयोगका लागि आग्रह ।**

**महोदय,**

मानवअधिकार संरक्षण र प्रवर्द्धन गर्ने सिलसिलामा राजनीतिक दलहरूको योगदान ज्यादै महत्वपूर्ण हुन्छ भन्ने कुरा सर्वविदितै छ । नेपालको अन्तरिम संविधान २०६३, विस्तृत शान्तिसम्झौता लगायतका वैधानिक दस्तावेजहरूले शान्ति, मानवअधिकार र सङ्क्रमणकालको यथोचित व्यवस्थापन गर्ने जिम्मेवारी नेपालका राजनीतिक दलहरूलाई नै दिएका छन् । नेपालमा जारी शान्तिप्रक्रियालाई टुङ्गोमा पुऱ्याउन यहाँको राजनीतिक दल तथा व्यक्तिगत रूपमा यहाँले पुऱ्याइरहनु भएको योगदानलाई राष्ट्रिय मानवअधिकार आयोगले नजिकबाट अवलोकन गरिरहेको जानकारी गराउन चाहन्छु । संस्थागत वा व्यक्तिगत तवरबाट समेत मानवअधिकारको संरक्षण र प्रवर्द्धनका लागि यहाँको दलले व्यक्त गरेका प्रतिवद्धताहरूका लागि म राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्षको हैसियतले धन्यवाद दिन चाहन्छु ।

आज, यस पत्र मार्फत् मैले उठाउन खोजेका सवालहरू मुख्यतः तीन छन् : क) आयोगको स्वतन्त्रता र स्वायत्तताको सम्बन्धमा, ख) सङ्क्रमणकालीन न्याय र मुद्दाफिर्ताको सम्बन्धमा, र ग) राजनीतिक अपराधिकरणको सम्बन्धमा । यी विषयहरूमा नेपालको प्रमुख राजनीतिक दलको नेतृत्वकर्ताको हैसियतले यहाँ स्वयम् र यहाँको राजनीतिक दलबाट सक्रिय र परिणाममुखी सहयोगको अपेक्षा गरेको छु ।

**क) आयोगको स्वतन्त्रता र स्वायत्तताको सम्बन्धमा,**

राष्ट्रिय मानवअधिकार आयोगको स्थापना मानवअधिकार आयोग ऐन, २०५३ बाट भएको र यसलाई नेपालको अन्तरिम संविधान २०६३ ले संवैधानिक निकायका रूपमा स्थापना गरेको यहाँलाई विदितै छ । एकातिर मानवअधिकार आयोग सम्बन्धी विधेयक २०६४ सालदेखि संसदमा विचाराधीन छ भने अर्कातिर नयाँ संविधानमा मानवअधिकार आयोगको स्वतन्त्रता र स्वायत्तताको विषयलाई लिएर विभिन्न बहसहरू भएका छन् । अन्य संवैधानिक निकायहरूजस्तै प्रकारले सरकारकै खटनपटनमा रहने भएमा यो संस्थाले नेपाली जनताको मानवअधिकार संरक्षण र प्रवर्द्धनका लागि संविधानले तोकेको जिम्मेवारी पूरा गर्न सक्दैन । तसर्थ, संयुक्त राष्ट्रसङ्घले निर्धारण गरेका मापदण्डहरू (पेरिस सिद्धान्त) को आधारमा यसको कार्यक्षेत्र सुनिश्चित गरिनु पर्दछ भन्ने आयोगको धारणा छ । यसैगरी राष्ट्रिय मानवअधिकार आयोगले दिएका सिफारिसहरू कार्यान्वयन गर्न सरकारका निकायहरूले पर्याप्त ध्यान दिएका छैनन् किनभने दोषीलाई कानुनबमोजिम कारबाही गर्न आयोगले गरेका सिफारिसहरूलाई बेवास्ता गरिएको अवस्था छ । तसर्थ, आयोगको स्वतन्त्रता र स्वायत्तताको विषयमा यहाँको राजनीतिक दलको धारणा जान्न हामी उत्सुक छौं । साथै, आयोगका सिफारिसहरू कार्यान्वयन गर्नका लागि प्रभावकारी कानुनी व्यवस्थाको निर्माण गर्न यहाँको राजनीतिक दलको तर्फबाट सक्रिय सहयोगको अपेक्षा गरेको छु ।

**ख) सङ्क्रमणकालीन न्याय र मुद्दाफिर्ताको सम्बन्धमा,**

मैले सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईलाई 'मुद्दा खारेजी र माफी' विषयमा पठाएको पत्रका सम्बन्धमा सञ्चारमाध्यमहरूमार्फत् यहाँले केही जानकारी पाउनुभएकै होला । त्यस पत्रमा शान्ति प्रकृयाका आयामहरूका बारेमा

प्रधानमन्त्रीज्यूबाट ठोस कदम चाल्न तथा 'राजनीतिक' नाम दिइएका फौजदारी प्रकृतिका मुद्दाहरू फिर्ता नगर्न र विधिसम्मत तवरले शासन व्यवस्था सञ्चालन गर्न मैले औपचारिक रूपमा प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको थिएँ ।

विस्तृत शान्तिसम्झौतापछिका दिनहरू मानवअधिकारको दृष्टिले उत्साहजनक रहन सकेका छैनन् । शान्तिसम्झौतालाई इमान्दारितापूर्वक पूरा गर्ने र मानवअधिकार सम्बन्धित प्रतिवद्धता पालना गर्नेभन्दा भङ्ग गर्नमा धेरै समय बितेको प्रतीत हुन्छ । नेपाल सरकारबाट सङ्क्रमणकालीन न्यायलाई सार्थक परिणतिमा पुऱ्याउनका लागि भएका यस्ता केही प्रयासहरूको अतिरिक्त विस्तृत शान्तिसम्झौता सम्पन्न भएको झण्डै ५ बर्ष बित्न लाग्दा पनि द्वन्द्वकालमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा बलपूर्वक बेपत्तासम्बन्धी आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न विलम्ब भइराखेको छ । एकातिर यी आयोगहरू गठन गरी द्वन्द्वकालका मानवअधिकार हनन्को सवालमा पीडकहरूलाई कानुनको दायरामा ल्याई पीडित र तिनका परिवारजनहरूलाई न्यायको अनुभूति हुने काम नहुनु र अर्कोतिर आरोपित सुरक्षाकर्मी (पीडक) हरूलाई पदोन्नती गर्दै जाने र प्रत्येक राजनीतिक दलले आ-आफ्नो दलसँग सम्वद्ध व्यक्तिलाई कुनै औचित्य र विवेकपूर्ण मापदण्ड नै नबनाई मनपर्दो मुद्दाहरू फिर्ता लिँदै जाने प्रकृयाले नेपाल सरकारको मुद्दा फिर्ता लिने र अदालतबाट दोषी ठहर भएका मुद्दाहरू माफी गर्ने नीति कहिल्यै  स्पष्ट र न्याय सम्मत हुनसकेको पाइएन ।

यहाँ यो कुरा स्पष्ट गर्नु पनि वाञ्छनीय छ की दशवर्षे द्वन्द्वकालको मानवअधिकारको उल्लङ्घन र द्वन्द्वकालपछिको मानवअधिकार हनन् र मानवताबिरुद्धका अपराधसम्बन्धी दुइ पृथक-पृथक अवधिका मुद्दाहरूलाई विस्तृत शान्तिसम्झौता र नेपालको अन्तरिम संविधानले एउटै कक्षमा राखेको पाइँदैन । तसर्थ दुवैथरी मुद्दालाई समान तहमा राख्ने र समान मापदण्ड लागू गर्न न्याय, विवेक र अन्तर्राष्ट्रिय मानवअधिकारको मूल्य-मान्यता अनुकूल नहुने स्वतः स्पष्ट छ । राष्ट्रिय मानव अधिकार आयोगको यस सम्बन्धमा निश्चित धारणा छ जसअनुसार २०६३ सालपछि नेपाल सरकारको नेतृत्व गर्ने नेपाली काँग्रेस, एकीकृत नेकपा (माओवादी) र नेकपा (एमाले), तीनवटै राजनीतिक दलका प्रधानमन्त्रीहरूको पालामा मुद्दा फिर्ता लिने गरी भएका निर्णयहरू र मानवअधिकार हनन्को आरोपमा परेका सुरक्षाकर्मीहरूको पदोन्नती गर्ने कामहरू समस्त मानवअधिकारकर्मीहरूको बीचमा विवाद र विरोधको विषय बन्दैआएको कुरा यहाँलाई अवगत भएकै हुनुपर्दछ ।

हालै एकीकृत नेकपा (माओवादी) र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच भएको सम्झौतामा घोषित उद्देश्यमा माओवादी युद्धकाल, जनआन्दोलन, मधेस आन्दोलन, जनजाति आन्दोलन, दलित आन्दोलन, थरुहट आन्दोलन र पिछडा वर्ग आन्दोलनका क्रममा चलाइएका मुद्दाहरू खारेज गर्ने र माफी दिने कुराहरू उल्लेख भएको र त्यसमा मानवअधिकार हनन् र मानवताविरुद्धको अपराधका मुद्दाहरू पनि समेटिन सक्ने विषयलाई आयोगले निकै गम्भीरताका साथ लिएको छ । सशस्त्र द्वन्द्वकालमा राजनीतिक कारणले लगाएका मुद्दा हो कि होइन भनी निर्क्यौल गर्न सत्यनिरूपण तथा मेलमिलाप आयोगको व्यवस्था विस्तृत शान्तिसम्झौता, २०६३ ले गरिसकेको स्मरण गराउन चाहन्छु । तसर्थ, कुन मुद्दा राजनीतिक हुन्, कुन आपराधिक प्रकृतिका मुद्दा हुन् वा होइनन् भन्ने छुट्याउने काम उक्त आयोगको हो । राजनीतिक नेता वा कार्यकर्ताको संलग्नता भएको वा हुनसक्ने भन्दैमा त्यस्तो मुद्दा स्वतः झूठो हुन्छ वा राजनीतिक कारणले नै लगाइएको हुन्छ भन्ने स्वतः अनुमान गर्न सकिंदैन, अथवा उनीहरूले अपराध गरेकै होइन भनेर उक्त आयोगको स्थापना गर्ने प्रक्रियालाई नै पन्छाउन मिल्दैन । यदि त्यसो गरिएमा त्यो विद्यमान संविधान र शान्तिप्रकृयाको विपरित हुनजान्छ ।

संविधानकै हिस्साको रूपमा राखिएको विस्तृत शान्तिसम्झौता, २०६३ ले सेना समायोजन, पुनस्थापना र हतियार व्यवस्थापन, मानवअधिकारको प्रत्याभूति र स्थितिको सामान्यीकरणलाई मुख्य रूपमा जोड दिएको छ । शान्तिसम्झौताको दफा ५.२.५ मा 'दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन्' भन्ने उल्लेख छ । विगतको द्वन्द्व (२०५२ फागुन-२०६३ मंसिर) को समयमा भएको मानवअधिकार उल्लङ्घन र ज्यादतिसम्बन्धी घटनाहरूको छिनोफानो विस्तृत शान्तिसम्झौता र नेपालको संविधानले व्यवस्था गरेबमोजिम सत्यनिरूपण तथा मेलमिलाप आयोगबाट गरिनु पर्दछ । द्वन्द्वोत्तरकाल  अर्थात् शान्तिसम्झौतापछि भएका घटनाहरूका सम्बन्धमा विद्यमान कानुनी प्रकृयालाई अवलम्बन गरिनु पर्दछ । यो विषयमा विस्तृत शान्तिसम्झौतापछि गठन भएका हरेक सरकारलाई आयोगले लिखित र मौखिक रूपमा समेत जानकारी गराउँदै आएको छ ।

जनआन्दोलन एवम् विभिन्न उपेक्षित वर्ग वा जातिद्वारा आफ्नो स्वायत्तता र अधिकारका लागि गरेका आन्दोलनका क्रममा लगाइएका झूठा मुद्दा र सशस्त्र द्वन्द्वका क्रममा राजनीतिक कारणले लगाइएका मुद्दा फिर्ता लिन हुन्न भन्ने आयोगको मान्यता होइन, न त झूठो आरोपमा चलाइएका मुद्दा फिर्ता लिने कुरामा आयोगको कुनै आपत्ति रहेको छ । आयोग यस्ता मुद्दाको फिर्ता लिने वा अदालतबाट ठहर भैसकेकोमा पनि माफी गराउने

कुरामा प्रकृयागत रूपमा असन्तुष्ट छ । यस्तो मुद्दामा नेपाल सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोगको अन्वेषण र अनुसन्धानबाट निक्यौंल गराउनु अनिवार्य हुन्छ भन्ने कुरालाई आयोग विशेष जोड दिन चाहन्छ ।

**ग) राजनीतिक अपराधिकरणको सम्बन्धमा,**

राजनीतिक आस्थालाई आधार बनाएर विगतमा मुद्दा फिर्ता लिई न्यायिक प्रकृयाबाट उन्मुक्ति दिइएका व्यक्तिहरूले राजनीतिक दलहरूमा आफ्नो प्रभुत्व बलियो बनाउँदै लगेकाले दण्डहीनता बढ्दै गएको छ । फलस्वरूप, न्याय प्रशासन र प्रहरीले विद्यमान कानुन कार्यान्वयन गर्नै नसक्ने अवस्थामा पुगेको छ । हालै पूर्वाञ्चलका केही स्थानमा मैले गरेको भ्रमणका क्रममा राजनीतिक सम्बन्ध भएको भनिएका अपराधका घटनाहरू प्रहरी वा प्रशासनसम्म नपुग्ने अवस्था बन्दै गएको पाइयो, यदि पुगिहालेमा पनि प्रहरीले उजुरी दर्ता नगर्ने वा मुद्दा नचलाउने वा ढिलासुस्ती गर्ने जनगुनासो रहेको पाइयो ।

शान्तिसम्झौतापछि

विभिन्न राजनीति व्यक्तिहरूको अपराधमा संलग्नता हुनु वा जघन्य अपराधका दोषीहरू कुनै खास राजनीतिक संरक्षणमा आइपुग्नाले समग्र राजनीतिप्रति नै जनताको वितृष्णा पैदा हुने सम्भावना छ, जुन अवाञ्छनीय स्थिति हो । राजनीतिकर्मीहरूप्रति अविश्वास र आक्रोश बढ्नु र राजनीतिप्रति वितृष्णा फैलिनु लोकतन्त्र र मानवअधिकारका निम्ति खतरनाक अवस्था हुने सर्वविदितै छ । राजनीतिमा आपराधिक व्यक्तिको चलखेल बढेकाले एउटै राजनीतिक दलभित्र समेत हिंसा र अपराधका घटनाहरू बढ्दै गएका छन् । त्यस्तो अपराधमा संलग्न व्यक्तिलाई नियमित प्रक्रियाबाट कानुनी दायरामा ल्याउन कठिन बन्दै जानुले मानवअधिकार र विधिको शासन दिनानुदिन सङ्कटासन्न हुँदै गएको छ ।

अन्त्यमा, नेपाल सरकारबाट सम्बन्धित घटनाको सम्बन्धमा विस्तृत छानबिन नै नगरी मुद्दा फिर्ता लिने र आममाफी दिने संवैधानिक वा कानुनी प्रावधानहरूमा औचित्यपूर्ण एवम् न्यायसम्मत अन्तर्राष्ट्रिय मानवअधिकारका मूल्य-मान्यता अनुकूलका सर्तबन्देज हुनैपर्दछ भन्ने आयोगको धारणा रहेको छ । द्वन्द्वकालसँग सम्बन्धित घटनाहरूको छिनोफानो गर्ने एकमात्र वैधानिक निकाय सत्यनिरूपण तथा मेलमिलाप आयोग भएकाले त्यसलाई अविलम्ब गठन गरी अवरुद्ध न्यायिक प्रक्रियालाई सुचारु गर्न तथा राजनीतिक दलहरूमा आपराधिक पृष्ठभूमि भएका व्यक्तिहरूको प्रभुत्व बढ्दै गएकाले त्यसलाई निर्मूल गरी मानवअधिकारको संरक्षण र विधिको शासन कायम गर्न तपाइँको राजनीतिक दलको सक्रिय सहयोगको अपेक्षा गर्दछु ।

भवदीय,
केदारनाथ उपाध्याय
अध्यक्ष
राष्ट्रिय मानवअधिकार आयोग

**(ग) मितिः २०६९/१/५ को पत्र**

**मितिः २०६९/१/५**

**सम्माननीय प्रधानमन्त्रीज्यू**
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाण्डौ, नेपाल ।

**विषयः सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग सम्बन्धमा ।**

**सम्माननीय महोदय,**

एकीकृत ने.क.पा.माओवादीको जनसेनाको नेपाली सेनामा समायोजनले शान्ति प्रक्रियाको एउटा महत्वपूर्ण पाटो सफलतापूर्वक सम्पादन हुनु र निर्धारित समय भित्रै संविधान ल्याउन राजनीतिक वृत्तमा सतर्कता देखिनु निश्चय पनि राष्ट्रका लागि शुभ-संकेतहरू हुन् । त्यसका लागि तपाईंको नेतृत्वको वर्तमान नेपाल सरकारको भूमिका प्रशंसनीय रहँदै आएको छ । यी प्रयासहरू नेपालको शान्ति र संविधान निर्माणको साथै मानव अधिकार, सुशासन र लोकतन्त्रको लागि कोसेढुंगा सावित हुनेछन् भन्ने मैले विश्वास लिएको छु ।

## राष्ट्रिय मानवअधिकार आयोग

शान्ति-प्रक्रियाका अन्य पाटाहरू सम्बन्धमा पनि तत्काल तपाइँको नेतृत्वको नेपाल सरकारले देखाएको सकृयताको उदाहरण उच्चस्तरीय सत्यनिरुपण तथा मेलमिलाप आयोग सम्बन्धी बिधेयकको मस्यौदा पनि हो । वि.सं.२०६४ सालदेखि सत्यनिरुपण तथा मेलमिलाप आयोग एवम् बेपत्ता नागरिक सम्बन्धी छानबीन आयोगको विषयमा राष्ट्रिय मानव अधिकार आयोगले पहल गर्दै आएकोले यस विषयमा यस आयोगको ध्यान आकर्षित हुनु स्वभाविक छ । यद्यपि, तपाईँको नेतृत्वको सरकारले तत्काल यस विषयमा के कस्तो गर्दैछ ? के कस्तो खालको विधेयक पारित गराउने चेष्टामा छ ? भन्ने कुरामा यो आयोग अझै अनभिज्ञ छ । यस अघिका सरकारले भने पहिलेका मस्यौदा तयारीका क्रममा यस आयोगसँग पनि सम्पर्क राख्ने गरेको कुरा सम्माननीयज्यूलाई अवगत गराउन चाहन्छु ।

अहिलेको विश्वमा आन्तरिक द्वन्द्वहरू पछिको सङ्क्रमणकालीन अवस्थामा विभिन्न मुलुकमा स्थापना गरिँदै आएका सत्यनिरुपण तथा मेलमिलाप आयोग, बेपत्ता नागरिक छानविन आयोगहरूका आफ्नै विशेषताहरू छन् । यसलाई नकार्न सकिँदैन होला । हामी कहाँ विस्तृत शान्ति सम्झौताले नै ती आयोगहरूको परिकल्पना गरेको भएपनि शान्ति सम्झौताको लगत्तैपछि ती आयोगहरूको स्थापना हुन नसक्नुले कतिपय सत्य-तथ्यहरू समयको गर्तमा हराउन सक्छन् । यसले गर्दा न्यायको खोजीमा रहेका पीडित र तिनका परिवारहरू अन्याय भित्रै विस्मृत हुन सक्दछन् । कतिपय घटनाहरूलाई पूरै दबाउन चाहने तत्वहरू सफल पनि हुन सक्छन् र यसले गर्दा आयोगको उपयोगितामा नै ह्रास आउन सक्दछ । तथापि, ती आयोगहरू ढिलै भएपनि सबल, सशक्त र सक्षम कानुनी ढाँचामा आउनसके संतोष गर्न सकिने केही ठाउँ रहने नै छ ।

विगतमा द्वन्द्वमा विभक्त नेपाली समाज केहि सरकारपट्टि त केही विद्रोही ने.क.पा. माओवादीपट्टि, अनि कोही तात्कालीन राजा र सरकारको बिरुद्ध आन्दोलनरत दलहरूपट्टि रहे । यस्ता द्वन्द्वरत दुवैपक्षबाट मारिएका, अपराधमा परेका, यातना दिइएका, बेपत्ता पारिएका, विस्थापित गराइएका, सम्पति कब्जा गरिएका इत्यादी हज्जारौं पीडित व्यक्ति, तिनका परिवार र तिनका पीडकहरू एउटै राष्ट्रमा, समाजमा रहेर यदाकदा एउटै नियति भोग्नु, व्यहोर्नु पर्ने बाध्यता आजको यथार्तता छ । तसर्थ, त्यस्ता पीडित र पीडकवीच विनामेलमिलाप एक अर्काप्रतिको द्वेष र आशंका, एकअर्काको भयत्रास, असुरक्षा र अविश्वासको वातावरणमा कोही पनि शान्तिको सास फेर्न र निर्धक्कसँग बाँच्न सक्ने स्थिति रहँदैन र अहिले पनि छैन । तसर्थ द्वन्द्व-पीडित परिवार र पीडकहरू विचको द्वेषयुक्त भावनात्मक फाटो हटाउने तथा विश्वास र सम्बन्धको नयाँ स्वरूप पुनर्निर्माण गर्ने प्रयोजनका लागि सत्यनिरुपण तथा मेलमिलाप आयोग, बेपत्ता नागरिक छानविन आयोग, शान्ति समितिहरू जस्ता संयन्त्रहरू स्थापित हुनुको आफ्नै उपयोगिता र औचित्य रहन्छ नै ।

द्वन्द्वकालमा भएको मानव अधिकार हनन् सम्बन्धमा, पीडितको भावपूर्ण वृत्तान्त, पीडकको विशेष स्थिति र परिवेशमा भएका मानव अधिकार हनन्का स्पष्टोक्ति, त्यसप्रतिको क्षोभ र पश्चातापको अभिव्यक्ति, ती तथ्यहरू उजागर गरी राज्यद्वारा सत्यतथ्यको स्वीकारोक्तिको साथै त्यसको पुनरावृत्तिका विरुद्ध प्रत्याभूति प्रदान गर्नु, यी कुराहरूको साथसाथै पीडित र पीडित परिवारलाई क्षतिपूर्ति, परिपूरण इत्यादिले द्वन्द्वको आघात, वेदना पीडामाथिको अनुभूतिलाई केहि हलुको बनाउँछ । साथै यसले गर्दा पीडित र पीडित परिवारलाई केहि बिर्सन र क्षमा गर्न सक्ने बल प्रदान गर्दछ भन्ने विश्वास गरिन्छ । सत्यनिरुपण तथा मेलमिलाप आयोग यस कार्यका लागि विशिष्ट संयन्त्रको रूपमा हुने गरेकोले त्यस्तो आयोगको प्रमुख भूमिका रहन्छ भन्ने कुरा सर्वविदित छ ।

तर द्वन्द्वको प्रहार पीडित व्यक्ति वा परिवार वा निजको आफन्तसम्म मात्र सीमित नरहने र यस्को प्रभाव र परिणाम वृत्तीय रूपमा सर्वत्र बिस्तारित हुने स्पष्ट छ । द्वन्द्वबाट प्रत्यक्ष वा परोक्षरूपले पीडित विभिन्न राजनीतिक आस्थामा विभाजित हुन पुगेका विभिन्न समाज र सम्प्रदाय, प्रादेशिक, जातीय, वर्गीय परिवेशका नेपाली जनताहरूमा पनि परस्पर समझदारी, सद्भाव र मेलमिलापको वातावरण समयमा नै बन्न जरुरी हुन्छ । यही हुननसकेको कारण नै आज जातीय, वर्गीय, साम्प्रदायिक र प्रादेशिक विभाजनकारी शक्तिहरू उम्रन र हुर्कन पाएका छन् । त्यसले राष्ट्रको अखण्डता र सार्वभौमिकतालाई चुनौति दिनेसम्मको स्थिति यदाकदा देखिन्छ । तसर्थ, राष्ट्रिय मेलमिलापदेखि सामाजिक, जातीय, वर्गीय, मेलमिलापसमेतलाई समेट्न सक्ने गरी प्रस्तावित सत्यनिरुपण तथा मेलमिलाप आयोगको खुकुलो, विस्तृत र सक्षम अधिकारसहित अन्तर्राष्ट्रिय मापदण्डवमोजिमको कार्यक्षेत्र हुनु आवश्यक छ ।

निश्चय पनि, शान्ति र मेलमिलापको जिम्मेवारी सत्यनिरुपण तथा मेलमिलाप आयोग एक्लैले बहन गर्न सक्दैन । विगतमा स्थापना भएका स्थानीयतहका शान्ति समितिहरूबाट अपेक्षित रूपमा प्रभावकारी भूमिका निर्वाह हुन नसकेकोले स्थानीयस्तरका ती शान्ति समितिहरूको संरचनामा आवश्यक फेरबदल गरी तिनीहरूको कार्यक्षेत्र र कार्यपद्धतिलाई परिमार्जन गरेमा मात्र त्यस्ता समितिहरू सवल बन्ने स्वतः स्पष्ट भएको छ । त्यस्तै, द्वन्द्व पीडितहरूलाई परिपूरण वा क्षतिपूर्ति निर्धारण र वितरणको कानुनी व्यवस्था स्पष्ट र पारदर्शी हुनुको साथै

स्थापित मापदण्डहरू सहितको परिपूरण र क्षतिपूर्ति समितिको संरचना पनि जरुरी छ । विगतदेखि अहिलेसम्म परिपूरण र क्षतिपूर्ति वितरणका नाममा सत्ता चलाउने राजनीतिक दलहरूले आ-आफ्नो हिसावले केही द्वन्द्व-पीडितहरूलाई त केही आफ्नो राजनितिक आस्थासँग सम्बन्धित विवादास्पद व्यक्तिहरूलाई द्वन्द्व-पीडित भनी परिपूरण र क्षतिपूर्ति वितरण भएको अनुमान पनि नागरिक समाजबाट गर्ने गरिएको छ । समयान्तरमा यसको सही जाँच हुनेनै छ । जे भएपनि, यस्ता कमी कमजोरीहरूको स्वीकृति नरहने गरी व्यवस्था हुनुपर्दछ ।

सत्यनिरुपण तथा मेलमिलाप आयोगको उपरोक्त उपयोगिता र यसले - मानव अधिकार, कानुनको शासन र लोकतन्त्रका लागि सुदृढ आधार खडा गर्न सक्ने, एउटा सभ्य संस्कृति र संस्कार निर्माण गरी विश्व समुदायसँग तादात्मता स्थापित गर्ने कुरालाई दृष्टि गर्दै यसको अवाञ्छित प्रयोगप्रति यो आयोग सर्तक रहेको छ । शान्ति प्रकृया र मेलमिलापको नाउँमा यदाकदा यस्ता सत्यनिरुपण तथा मेलमिलाप आयोग प्रायोजित राजनीतिक औजारको रूपमा मानव अधिकारका विषयमा धुलित छवि भएका राजनीतिक दल वा सरकारद्वारा उपरी आवरणको लागि पनि स्थापित गर्ने गरिन्छ । द्वन्द्वकालमा अथवा त्यसपछि आफ्नो पक्षबाट भएका मानव अधिकार हनन्का घटना वा मुद्दाहरू ओझेलमा पार्ने गरी छुट्टै व्यवस्थापन गरिसकेपछि अथवा त्यस्तो सत्य निरुपरण तथा मेलमिलाप आयोगको माध्यमबाट पञ्छाउने गरी कार्यक्षेत्र वा कार्यविधिगत अपवाद श्रृजना गर्ने कार्यहरू पनि यस्ता राजनीतिक दल वा सरकारबाट हुन सक्छन् । यस्तो स्थितिमा त्यस्तो सत्य निरुपरण तथा मेलमिलाप आयोग, त्यस आयोगको कामकारबाहीप्रति राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा आस्था, विश्वास आर्जन गर्ने सम्भावना न्यून रहन्छ ।

यी कुराको अतिरिक्त प्रस्तावित विधेयकका अन्य आवश्यकता सम्बन्धमा यस आयोगले पटक पटक आफ्नो धारणा स्पष्ट गरिसकेकै छ । सङ्क्षेपमा प्रस्तावित सत्य-तथ्य निरुपण तथा मेलमिलाप आयोग स्वतन्त्र र निष्पक्ष हुनुपर्छ । त्यसमा चयन गरिने पदाधिकारीहरूको नियुक्ति सेवाका शर्त र बर्खास्तगी, आयोगको स्वतन्त्रता अनुकुल हुनुपर्छ ।

त्यसका कार्यक्षेत्र र अधिकार विस्तृत हुनुपर्छ तर मानवताविरुद्ध र मानवअधिकारका गंभीर अपराधमा क्षमादान दिने वा सिफारिश गर्ने अधिकार यसलाई हुनुहुन्न, यसको कार्यावधि धेरै लामो वा धेरै छोटो पनि हुनुहुन्न तर सुम्पिएको कार्यको लागि पर्याप्त भने हुनुपर्छ, यसका पदाधिकारी, कर्मचारी एवम् सहयोग गर्ने पीडित, साक्षी, परामर्शदाताको सुरक्षाको व्यवस्था राज्यद्वारा हुनुपर्छ, यसको प्रतिवेदन प्रतिनिधि सभामा पेश हुनुपर्दछ र सार्वजनिक पनि गरिनु पर्दछ । ती प्रतिवेदनहरूमा उल्लेखित सुझाव कार्यान्वयनको ठोस कानुनी व्यवस्था हुनु पर्छ इत्यादि ।

अन्त्यमा, प्रस्तावित आयोगको सम्बन्धमा नेपाल सरकारद्वारा तयार गरिएको विधेयकको अन्तिम मस्यौदा प्रमुख राजनीतिक दलहरूको सहमतिको विषय मात्र होइन । मानव अधिकारबादी, नागरिक समाज, द्वन्द्व-पीडित समाज, सञ्चारकर्मी जस्ता सरोकारवालाहरू समक्ष ल्याएर एक पटक सबै सरोकारवालाहरू बीच छलफल र प्रतिकृया लिनु पनि उपयोगी नै हुन्छ । यसअघि ४ बर्ष पहिले तत्कालीन मस्यौदामा केहि संवाद भएपनि वर्तमान मस्यौदामा भएका परिवर्तनहरूको जानकारी यस आयोगलाई समेत छैन ।

यद्यपि, वर्तमान मस्यौदामा तात्विक परिवर्तन भएकाछन् र सरोकारवालाहरूसँग छलफल र परामर्शको आवश्यकता देखिन्छन् भने यस आयोगबाट समेत सुझाव संकलन गर्न सकिने कुरा समेत विनम्र अनुरोध गर्दछु ।

धन्यवाद ।

भवदीय,
केदारनाथ उपाध्याय
अध्यक्ष
राष्ट्रिय मानव अधिकार आयोग

## अनुसूची–९

### सम्वर्द्धनात्मक गतिविधिहरू

(वकालत, अन्तरक्रिया, कार्यशाला, प्रशिक्षण, गोष्ठी, छलफल तथा अभिमुखीकरण)

**(क) केन्द्रीय कार्यालय**

| क.स. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| १. | मानव अधिकारको दृष्टिमा आव २०६८/६९ को बजेट, नीति र कार्यक्रम विषयक अन्तर्क्रिया | २०६८/४/१० काठमाडौं | सभासद्, सरकारी निकाय, पेशागत सङ्घसंस्था र गैसस प्रतिनिधिहरू गरी १३० जना | आयोग र गैसस महासङ्घ नेपाल |
| २. | मानव अधिकार रक्षकको क्षमता विकास प्रशिक्षण | २०६८/४/१९–२० ललितपुर | आदिबासी जनजातिको अधिकारको क्षेत्रमा कार्य गर्ने सङ्घ संस्थाका प्रतिनिधिहरूसहित ३४ जना | आयोग |
| ३ | अन्तर्राष्ट्रिय मानवीय कानुन र मानव अधिकार सम्बन्धी अभिमुखिकरण | २०६८/४/२५ ललितपुर | आयोगका कर्मचारी र इर्न्टन | आयोग र आइसीआरसी |
| ४. | बेपत्ताविरुद्धको अन्तर्राष्ट्रिय दिवस | २०६८/५/१३ ललितपुर | सरकारी र सुरक्षा निकाय, गैससका प्रतिनिधि, पत्रकार आदि २०० जना | आयोग र २७ वटा संस्थाहरू |
| ५. | मानव अधिकार अभिमुखिकरण | २०६८/५/२४ धुलिखेल | ५० जना रेडक्रशकर्मीहरू | आयोग/नेपाल रेडक्रश सोसाइटी |
| ६. | यातना रोकथाममा NHRIs को भूमिका | २०६८/६/२– ६ काठमाण्डौं | नेपाल , भारत, बंगलादेश, श्रीलंका अफगानिस्तान र माल्दिभ्सका मानव अधिकार आयोगबाट २६ जना | आयोग, एपीएफ र एपीटी |
| ७. | नेपालमा यातना रोकथामको उपाय सम्बन्धी कार्यशाला | २०६८/६/९ ललितपुर | सरकारी निकाय, सुरक्षा निकाय, मानवअधिकारकर्मी, पत्रकार, आयोगका कर्मचारी गरी १०० जना | आयोग र एपीटी |
| ८. | मानसिक अपाङ्गता भएका व्यक्तिहरूको अधिकार विषयक अन्तर्क्रिया | २०६८/७/२९ ललितपुर | स्वास्थ्यकर्मी, अधिकारकर्मी, मानसिक अपाङ्गता भएका व्यक्तिको अधिकारको क्षेत्रमा कार्यरत संस्था | आयोग र कोशिश |
| ९. | बालअधिकारसम्बन्धी कार्यशाला | २०६८/८/४ रसुवा | जिल्लास्थित बालअधिकारको क्षेत्रमा कार्यरत सस्था एवम् नेपाल सरकारका कर्मचारी प्रतिनिधिहरू | आयोग |
| १०. | ६३ औं अन्तराष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा फुटबल प्रतियोगिता | २०६८/८/१९– २१ ललितपुर | एड्भोकेसी फोरम, रेडियो सगरमाथा, इन्सेक, दलित आयोग, ओएचसीएचआर र आयोग | आयोग |
| १२. | ६३ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको सन्दर्भमा रक्तदान | २०६८/८/२२ ललितपुर | ४७ जना | आयोग र नेपाल रेडक्रस |
| १३. | मानवअधिकार सम्बन्धी सामग्रीहरूको प्रर्दशनी | २०६८/८/२४ ललितपुर | करिव १,००० जनाबाट अवलोकन | आयोग |

| क.स. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| १४. | मानव अधिकार महाभेला | २०६९/८/२३–२५ ललितपुर | आयोग, व्यवसायिक संगठन, मानव अधिकारकर्मी, सञ्चारकर्मी, महिला तथा दलित आयोग | आयोग लगायत १४० संस्थाहरू |
| १५. | मानव अधिकार ऱ्याली | २०६९/८/२४ काठमाण्डौ | आयोग, व्यवसायिक संगठन, मानव अधिकारकर्मी, सञ्चारकर्मी, महिला तथा दलित आयोग | आयोग लगायत विभिन्न संस्थाहरू |
| १६. | अन्तर्राष्ट्रिय मानव अधिकार दिवस कार्यक्रम | २०६८/८/२४ ललितपुर | उच्चपदस्थ सरकारी पदाधिकारी, राजदुतहरू, राजनीतिक दल, नागरिक समाज मानवअधिकार र सञ्चारकर्मी | आयोग |
| १७. | सुरक्षित वैदेशिक रोजगार सम्बन्धी राष्ट्रिय कार्यशाला | २०६८/१२/६-७ ललितपुर | आप्रवासी कामदारको क्षेत्रमा कार्यरत संस्थाहरू | आयोग |
| १८. | यातनाविरुद्धको अन्तर्राष्ट्रिय दिवस | २०६९/३/१३ ललितपुर | सुरक्षाकर्मी, सरकारी प्रतिनिधि, मानवअधिकार र सञ्चारकर्मीहरू | आयोग |
| १९. | मानवअधिकार रक्षकहरूलाई तालिम | २०६८/११/१८-२० ललितपुर | मानवअधिकारकर्मी, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू | आयोग |
| २०. | संक्रमणकालीन न्याय सम्बन्धी अनुगमन तथा अनुसन्धान प्रशिक्षण | २०६८/१२/९-११ ललितपुर | मानवअधिकारकर्मी, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू | आयोग |
| २१. | मानवअधिकारमुखी विकास पद्दति विषयक प्रशिक्षण | २०६९/०१/१४-१६ काभ्रे | सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधीहरू | आयोग |
| २२. | आर्थिक, सामाजिक अधिकार सम्बन्धी सूचकको प्रयोग सम्बन्धी प्रशिक्षण | २०६९/०३/२२–२३ काठमाण्डौ | आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोगका कर्मचारीहरू | आयोग |
| २३. | मानव अधिकार अभिमुखिकरण | २०६८/९/२६ ललितपुर | आयोगका कर्मचारीहरू | आयोग |
| २४. | आयोगको कार्यहरूका बारेमा अन्तर्क्रिया | २०६८/१०/०३ ललितपुर | सिड्नी विश्वविद्यालयका विद्यार्थी तथा शिक्षक सहित ४० जना | आयोग /के.एस.एल. |
| २५. | १०२ औं महिला श्रमिक दिवसमा अन्तरक्रिया | २०६८/११/३० ललितपुर | मानवअधिकारर्मी, महिला अधिकारकर्मी | आयोग |
| २६. | मानव अधिकारमुखि विकास पद्धति विषयक प्रशिक्षण | २०६८/०९/३–५ काभ्रे | आयोग र सरकारी निकाय | आयोग |
| २७. | अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दिवस | २०६८/०८/१६–१८ काठमाण्डौ | अधिकारकर्मी, सरकारी तथा गैसस प्रतिनिधि, नागरिक समाज | |
| २८. | मानव अधिकार रक्षकहरूलाई प्रशिक्षण | २०६९ बैशाख धनुषा र पर्सा | मानव अधिकार तथा सञ्चारकर्मीहरू | केका, क्षेका जनकपुर |
| २९. | मानव अधिकार अभिमुखिकरण | २०६९/२/२३ काठमाण्डौ | बुढानिकण्ठका महिला समुह, विद्यालयका शिक्षक र विद्यार्थीहरू | आयोग |

## राष्ट्रिय मानवअधिकार आयोग

| क.स. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| ३०. | महिला मानव अधिकार अभिमुखिकरण | २०६९/३/९ काठमाण्डौ | अमृत नगर महिला समुह, विद्यालयका शिक्षक र विद्यार्थीहरू | आयोग |
| ३१. | ज्येष्ठ नागरिकको अधिकार सम्बन्धी राष्ट्रिय कार्यशाला | २०६९/३ /१ ललितपुर | सरकारी निकाय, जेष्ठ नागरिकको क्षेत्रमा कार्यरत गैसस | आयोग |
| ३२ | बालअधिकार सम्बन्धी अभिमुखिकरण | २०६९/३/१९ काठमाण्डौ | शिक्षक, विद्यार्थी तथा स्थानीय समाजसेवी | आयोग |
| ३३. | बोक्सीको आरोपमा गरिने महिला हिंसाविरुद्धको वृतचित्रमा छलफल | २०६९/३/२० ललितपुर | गैसस र आयोग, नागरिक समाज | आयोग |
| ३४ | सकारात्मक सोच विषयक प्रशिक्षण | २०६९ असार काठमाडौ | आयोगका कर्मचारी | आयोग |

## (ख) क्षेत्रीय कार्यालयहरू

## १. विराटनगर

| क्र.सं. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| १. | यूवासङ्घ नेपालका अध्यक्षले प्रहरी र सञ्चारकर्मी विरुद्ध धम्की दिएको सम्बन्धमा | २०६८/४/३० मोरङ्ग | आयोग, पूर्वाञ्चल मानवअधिकार सञ्जाल र नेकपा (एमाले) मोरङ | आयोग/पूर्वाञ्चल मानवअधिकार सञ्जाल |
| २. | बोक्सी आरोप विरुद्धको अभियानका बारेमा छलफल | २०६८/५/८ मोरङ्ग | आयोग, ओरेक नेपाल र ओएचसीएचआर | आयोग |
| ३. | जबरजस्ती बेपत्ता पार्ने कार्य विरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा अन्तर्क्रिया | २०६८/५/११ मोरङ्ग | आयोग, सरकारी र गैरसरकारी संस्था | आयोग/शान्ति समिति, अधिकारकर्मी |
| ४. | विकासमा मानवअधिकारमुखी पद्धती विषयक मेची अञ्चल स्तरीय प्रशिक्षण | २०६८/५/२१-२३ झापा | नेपाल सरकारका विकास र सामाजिक क्षेत्रसँग सम्बन्धित् कार्यालयका कर्मचारीहरू | आयोग |
| ५. | माओवादी सेनाका पूर्वलडाकु बालबालिकाहरूसँग छलफल | २०६८/५/२२ इलाम | पूर्वलडाकु बालबालिकाहरू | आयोग |
| ६. | सुरक्षा निकायसँग बैठक | २०६८/५/२२ इलाम | आयोग, प्रमुख जिल्ला अधिकारी लगायत सुरक्षा अधिकारीहरू | आयोग |
| ७. | मानवअधिकारको अवस्था विषयक अन्तर्किया | २०६८/५/२३ झापा | आयोग, सरकारी र गैरसरकारी संस्था | आयोग |
| ८. | विकासमा मानवअधिकारमुखि पद्धती विषयक मेची अञ्चल स्तरीय तालिम | २०६८/५/२६–२८ | नेपाल सरकारका विकास र सामाजिक क्षेत्रसँग सम्बन्धित् कार्यालयका कर्मचारीहरू | आयोग |
| ९. | पूर्वाञ्चलको मानवअधिकार र सुरक्षा अवस्थाबारेमा बैठक | २०६८/५/२६ धनकुटा | आयोग, क्षेत्रीय प्रशासक, सुरक्षा निकायका वरिष्ठ अधिकृतहरू | आयोग |
| १०. | जिल्लाको मानवअधिकार अवस्थाबारेमा अन्तर्किया | २०६८/५/२६ धनकुटा | आयोग लगायत सरकारी, गैरसरकारी संस्था | आयोग |

| क्र.सं. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| ११. | अन्तर्राष्ट्रिय शान्ति दिवसको अवसरमा दीपप्रज्वलन तथा कोणसभा | २०६८/६/४ मोरङ्ग | आयोग, पूर्वाञ्चल मानवअधिकार सञ्जाल, महिला अधिकार रक्षक सञ्जाल आदि | आयोग |
| १२. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अनुगमनमा सूचकांकको प्रयोग, कार्यशाला | २०६८/७/१७–१८ मोरङ्ग | मानवअधिकार रक्षकहरू | आयोग, ओरेक नेपाल र ओएचसीएचआर |
| १३. | जातीय भेदभाव तथा छुवाछुत र समाधानका उपायहरू विषयक छलफल | २०६८/७/२० मोरङ्ग | सभासदहरू, दलित अधिकारकर्मी, मानवअधिकार तथा सञ्चारकर्मीहरू | आयोग, संसदीय उपसमिति |
| १४. | रक्तसञ्चार सेवाशुल्क बारेमा छलफल | २०६८/८/८ मोरङ्ग | गैसस, उपभोक्ता अधिकारकर्मी, सञ्चारकर्मी, सरकारी निकाय र पेशागत संस्थाहरू | आयोग |
| १५. | मानव अधिकार उल्लंघन, फौजदारी न्याय प्रशासन र शान्ति प्रक्रिया सम्बन्धी कार्यशाला | २०६८/८/११ मोरङ्ग | ब्राइट भिजन क्याम्पसमा एल.एल.एम.मा अध्ययनरत विद्यार्थीहरू | आयोग |
| १६. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अनुगमनमा सूचकांकको प्रयोग, कार्यशाला | २०६८/८/११-१२ मोरङ्ग | विभिन्न गैससबाट ३५ जना | आयोग/ओरेक नेपाल र ओएसीएआर |
| १७. | ६३ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसरमा ऱ्याली | २०६८/८/२४ मोरङ्ग | आयोग, गैसस, अधिकारकर्मी र सञ्चारकर्मी | आयोग |
| १८. | मानवअधिकारको संरक्षणमा सरोकारवाला निकायको भूमिका विषयक कार्यशाला | २०६८/८/२५ झापा | गैसस, अधिकारकर्मी, सञ्चारकर्मी, राजनीतिक दल, सुरक्षा निकाय | आयोग |
| १९ | आधारभूत मानवअधिकार प्रशिक्षण | २०६८/८/७–९ ताप्लेजुंङ्ग | गैसस प्रतिनिधि तथा सञ्चारकमीहरू | आयोग |
| २०. | जातीय छुवाछुत (कसुर तथा सजाय) ऐन सम्बन्धमा अन्तर्क्रिया | २०६८/८/१० ताप्लेजुङ्ग | सुरक्षा निकाय, राजनीतिक दल, गैसस, सञ्चारकमी र विद्यार्थीहरू | आयोग |
| २१. | जातीय छुवाछुत (कसुर तथा सजाय) ऐन सम्बन्धमा अन्तर्क्रिया | २०६८/९/१४ इलाम | न्यायिक निकाय, सुरक्षा निकाय, राजनीतिक दल, गैसस, सञ्चारकर्मी आदि | आयोग |
| २२. | मेलमिलाप सीपसम्बन्धी प्रशिक्षण | २०६८/९/२४-२६ मोरङ्ग | आयोगका कर्मचारी र गैससका प्रतिनिधिहरू | आयोग |
| २३. | मानवअधिकार रेडियो कार्यक्रम हाम्रो अधिकारको शुभारम्भ | २०६८/१०/११ मोरङ्ग | सरकारी निकाय, गैसस प्रतिनिधि र सञ्चारकर्मीहरू | आयोग |
| २४. | उपभोक्ता अधिकार अनुगमन : प्रभावकारिता र चुनौति विषयक अन्तर्क्रिया | २०६८/१०/२० मोरङ्ग | सरकारी निकाय, अधिकारकर्मी, पेशागत संगठन, गैसस प्रतिनिधि र सञ्चारकर्मीहरू | आयोग, उपभोक्ता संरक्षण मंञ्च |

## राष्ट्रिय मानवअधिकार आयोग

| क्र.सं. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| २५. | प्रदर्शन अनुगमनसम्बन्धी कार्यशाला | २०६८/११/२२, मोरङ्ग | गैसस प्रतिनिधिहरू | आयोग, पूर्वाञ्चल मानवअधिकार सञ्जाल |
| २६. | मानवअधिकार अवस्थाका बारेमा अन्तर्क्रिया | २०६८/११/२३ सिराहा | मानवअधिकारकर्मी, गैससका प्रतिनिधिहरू, सञ्चारकर्मीहरू | आयोग |
| २७. | नेपालमा महिला हिंसा विरुद्धका पहलहरू विषयक अन्तर्क्रिया | २०६८/११/२६ मोरङ्ग | सरकारी निकाय, गैसस प्रतिनिधि, मानवअधिकार र सञ्चारकर्मीहरू | आयोग |
| २८. | ४७ औं जातीय विभेद उन्मूलन दिवसका सन्दर्भमा दलित अधिकारमा अन्तरसंवाद | २०६८/१२/५ मोरङ्ग | राजनीतिक दल र गैसस प्रतिनिधि | आयोग |
| २९. | दलित मानव अधिकारसम्बन्धी कानुन विषयक कार्यशाला | २०६८/१२/८ सुनसरी | सरकारी निकाय, राजनीतिक दल, गैसस प्रतिनिधि | आयोग, डिएनएफ |
| ३०. | आधारभुत मानवअधिकार तालीम | २०६८/१२/२६-२८ मोरङ्ग | सुनसरी जिल्लाका पुरुष तथा महिला युवाहरू | आयोग |
| ३१. | राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ बारे अन्तर्क्रिया | २०६९/१/२२ मोरङ्ग | महिला अधिकारकर्मीहरू | आयोग, महिला सामाजिक मंच |
| ३२. | जातीय छुवाछुत (कसुर तथा सजाय) ऐन, २०६८ बारे अन्तर्क्रिया | २०६९/१/२७ पाँचथर | न्यायिक निकाय, सुरक्षा निकाय, राजनीतिक दल, सरकारी कार्यालय, पत्रकार, अधिकारकर्मी | आयोग, हुकोडेक र HURF इलाम |
| ३३. | आधारभूत मानवअधिकार पत्रकारिता तालीम | २०६९/१/२८-३० ताप्लेजुङ्ग | सामाजिक कार्यकर्ता र सञ्चारकर्मी | आयोग/ECDF |
| ३४. | द्वन्द्वपीडितको अवस्था र समस्याहरूबारे अन्तर्क्रिया | २०६९/१/३० ताप्लेजुङ्ग | सुरक्षा निकाय, राजनीतिक दल, सरकारी कार्यालय, पत्रकार, अधिकारकर्मी, द्वन्द्वपीडित | आयोग/ECDF |
| ३५. | मानवअधिकार अनुगमनबारे छलफल | २०६९/२/४ मोरङ्ग | आयोग र मानवअधिकारकर्मी | आयोग |
| ३६. | राष्ट्रिय मानवअधिकार आयोगको वार्षिकोत्सव | २०६९/२/३२ मोरङ्ग | सरोकारवालाहरू | आयोग |
| ३७. | मोरङ जिल्ला प्रहरी कार्यालयको हिरासत व्यवस्थापनबारे छलफल | २०६९/३/१२ मोरङ्ग | आयोग, सरकारी तथा सुरक्षा निकाय, सरकारी वकिल | आयोग |
| ३८. | यातना पीडितहरूको सहायतार्थ अन्तर्राष्ट्रिय दिवस | २०६९/३/१२ मोरङ्ग | आयोग, नेपाल प्रहरी, मानवअधिकारर्मी | आयोग, गैसस |

## २. जनकपुर

| क्र.स | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिकहरूको अधिकारको अवस्था :सरोकारवालाको भुमिका र चुनौति | २०६८/५/१६ सर्लाही | सरकारी निकाय, सञ्चारकर्मी, मानव अधिकारकर्मी तथा ज्येष्ठ नागरिक | आयोग |
| २. | मानव अधिकार सम्बन्धी छलफल कार्यक्रम | २०६८/६/६ धनुषा | मानवअधिकार रक्षक | आयोग |
| ३. | मानवअधिकार अनुगमन र अभिलेख तालिम | २०६८/६/१२–१४ धनुषा | रौतहट, बारा, पर्सा, मकवानपुर, धनुषा, सिन्धुली, महोत्तरी, सर्लाहीका अधिकारकर्मी, शिक्षक, वकिल | आयोग |
| ४ | मानवअधिकार रक्षक सञ्जाल सम्बन्धी छलफल | २०६८/६/२७ धनुषा | मानवअधिकार रक्षक | आयोग |
| ५. | पीबीआइका प्रतिनिधिहरूसँग छलफल | २०६८/७/३० धनुषा | आयोग र पीबीआइका प्रतिनिधिहरू | आयोग |
| ६. | अन्तर्राष्ट्रिय बालअधिकार दिवस | २०६८/८/१२ धनुषा | सरकारी निकाय, गैसस, मानवअधिकारकर्मी, सञ्चारकर्मी | आयोग |
| ७. | मानवअधिकार रक्षक सञ्जाल सम्बन्धी छलफल | २०६८/८/१९ धनुषा | मानवअधिकार रक्षक | आयोग |
| ८ | अन्तर्राष्ट्रिय अपाङ्ग दिवसका अवसरमा छलफल | २०६८/८/२० धनुषा | सरकारी निकाय, अपाङ्गता भएका व्यक्ति, सञ्चारकर्मी तथा मानवअधिकार रक्षकहरू | आयोग |
| ९ | मानवअधिकारमैत्री फुटबल | २०६८/८/२३ धनुषा | सञ्चारकमी, कानुनव्यवसायी तथा मानवअधिकार रक्षक | आयोग |
| १० | मानवअधिकारमैत्री ऱ्याली | २०६८/८/२४ धनुषा | नागरिक समाजका प्रतिनिधि र कानुनव्यवसायीहरू | आयोग |
| ११ | रक्तदान कार्यक्रम | २०६८/८/२६ धनुषा | सञ्चारकर्मी, कानुनव्यवसायी तथा मानवअधिकार रक्षकहरू | संयुक्त आयोजना |
| १२ | मानवअधिकार रक्षक अभिमुखीकरण | २०६८/१०/१२ पर्सा | रौतहट, बारा, पर्सा र मकवानपुरका मानवअधिकार रक्षक र सञ्चारकर्मीहरू | आयोग |
| १३ | शान्तिसुरक्षा र मानवअधिकारको अवस्था रक्षक सञ्जाल सम्बन्धी छलफल | २०६८/११/३ पर्सा | रौतहट, बारा, पर्सा र मकवानपुरका प्रशासन र सुरक्षा निकायका प्रमुखहरू | आयोग |
| १४ | मानवअधिकार रक्षक तालिम | २०६८/११/५–७ धनुषा | सिन्धुली, महोत्तरी, सर्लाही र धनुषाका मानव अधिकार रक्षकहरू | आयोग |
| १५ | अन्तर्राष्ट्रिय मातृभाषा दिवस | २०६८/११/९ धनुषा | नागरिक समाज र मानवअधिकार रक्षकहरू | संयुक्त आयोजना |
| १६ | मानवअधिकार विधिविज्ञान अनुसन्धान प्रशिक्षण | २०६८/११/११–१३ धनुषा | रौतहट, बारा, पर्सा, मकवानपुर, सिन्धुली, महोत्तरी, सर्लाही र धनुषाका मानवअधिकार रक्षकहरू | आयोग |

## राष्ट्रिय मानवअधिकार आयोग

| | | | | |
|---|---|---|---|---|
| १७ | दयाराम स्मृति दिवस | २०६८/१२/१५ धनुषा | विभिन्न सरकारी तथा गैर सरकारी सङ्घसंस्थाका प्रतिनिधिहरू | आयोग |
| १८ | बालअधिकार तथा जातीय विभेद सम्बन्धमा आयोगको भावी नीति सम्बन्धी वैठक | २०६९/२/२८ धनुषा | सरकारी निकाय, गैसस तथा सञ्चारकर्मीहरू | आयोग |
| १९ | यातनाविरुद्ध सम्बन्धमा अभिमुखीकरण | २०६९/३/१२ धनुषा | सशस्त्र प्रहरी बल धनुषामा कार्यरत अधिकृत तथा जवानहरू | आयोग |
| २० | सकारात्मक सोच सम्बन्धी तालिम | २०६९/३/२३-२४ धनुषा | आयोगका कर्मचारी, सरकारी निकाय तथा मानवअधिकारकर्मीहरू | आयोग |

**३. पोखरा**

| क्र.सं. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| १. | मानवअधिकारमुखी विकास पद्धति प्रशिक्षण | २०६८/४/१८–२० कास्की | कास्की, स्याङजा, तनहुँ, लमजुङ र गोरखा जिल्लाका जिविस, नगरपालिका, जनस्वास्थ्य, शिक्षा, कारागार र आयोग | आयोग |
| २. | पीडितको अधिकार तथा न्यायिक उपचारका लागि विधि विज्ञानको महत्व प्रशिक्षण | २०६८/३/२६ कास्की | द्वन्दपीडित, न्यायका लागी द्वन्दपीडित समाजका प्रतिनिधिहरू र आयोग | आयोग |
| ३. | आधारभुत मानवअधिकार प्रशिक्षण | २०६८/४/३०–३१ कास्की | नागरीक समाज तथा विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, सञ्चारकर्मी | आयोग र शान्तिका लागी नागरिक समाज |
| ४. | मानवअधिकारका विषयमा मध्यस्थता सीपसम्बन्धी तालिम | २०६८/५/१८–२० कास्की | आयोगका कर्मचारी, मेलमिलापको क्षेत्रमा कार्यरत संस्था, वारका प्रतिनिधि, प्रहरी, सञ्चारकमी | आयोग |
| ५. | विद्यालयमा दण्डसजाय र दुर्व्यवहार रोकथाममा सरोकारवालाको दायित्व, कार्याशाला | २०६८/५/२७–२९ तनहु | विद्यालय निरिक्षक, स्रोतव्यक्ति, शिक्षक शिक्षिका, प्रशिक्षक, मानवअधिकारकर्मी, पत्रकार | आयोग |
| ६. | मानवअधिकारमुखी विकास प्रशिक्षण | २०६८/६/८–१० वाग्लुङ | वाग्लुङ, पर्वत, म्याग्दी, मुस्ताङ, मनाङ जिल्लाका सरकारी निकाय, आयोग कर्मचारीहरू | आयोग |
| ७. | जेष्ठ नागरिकका अधिकार संरक्षणमा सरोकारवालाको भुमिका, अन्तर्क्रिया | २०६८/६/१३ कास्की | वृद्धवृद्धाहरू र जेष्ठ नागरिकको क्षेत्रमा कार्यरत सङ्घसस्था | आयोग, इन्सेक, पुर्व कर्मचारी परिषद |
| ८. | अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवस, प्रभातफेरी | २०६८/६/१४ कास्की | आयोग लगायतका सङ्घसस्था | आयोग, इन्सेक, पुर्व कर्मचारी परिषद |
| ९. | ज्येष्ठ नागरीकका अधिकार संरक्षणमा सरोकारवालाको भुमिका, अन्तर्क्रिया | २०६८/७/७ स्याङजा | सरकारी र सुरक्षा निकाय, स्थानीय सङ्घसस्था, राननीतिक दल र ज्येष्ठ नागरीक | आयोग |

| क्र.सं. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| १०. | मानवअधिकारको वर्तमान अवस्था, अन्तर्क्रिया | २०६८/७/१९ गोरखा | मानवअधिकारकर्मी, द्वन्द्वपीडितका परिवार, आमा समुह तथा शिक्षकशिक्षिका | आयोग |
| ११. | विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्यनको सवाल, अन्तर्क्रिया | २०६८/७/२४ कास्की | क्षेत्रीय तथा जिल्ला स्तरीय सरकारी निकाय, विद्यालय, प्याब्सन, एनप्याब्सन तथा वालवालिकाका क्षेत्रमा कार्यरत संस्था | आयोग, इन्सेक र सिविन |
| १२. | भरियासँग मानवअधिकारका कुरा, अन्तर्क्रिया | २०६८/८/२३ कास्की | पोखरा नगरक्षेत्र भित्र भरिया पेशा अंगाली आफनो जिविकोपार्जन गरेका व्यक्तिहरू | आयोग, नागरिक समाज सञ्जाल, |
| १३. | ६३ औं अन्तराष्ट्रिय मानवअधिकार दिवसको सन्दर्भमा दीपावली/ प्रभातफेरी | २०६८/८/२४ कास्की | आयोग, मानवअधिकारकर्मी, सुरक्षानिकाय | आयोग, मानव अधिकार सस्थाहरू, सुरक्षा निकाय |
| १४. | प्रथम चौमासिक समीक्षा वैठक | २०६८/८/२९ कास्की | आयोगका अध्यक्ष, सचिव, निर्देशकहरू, क्षेत्रीय निर्देशक, उपक्षेत्रीय प्रमुख, महाशाखा प्रमुखहरू | आयोग |
| १५. | मानवअधिकार र शान्तिसुरक्षाको समग्र अवस्था, अन्तर्क्रिया | २०६८/९/१ कास्की | आयोग, क्षेत्रीय तथा जिल्लास्तरीय सरकारी निकाय | आयोग |
| १६. | दण्डहिनता र मानवअधिकारको समग्र अवस्था, अन्तर्क्रिया | २०६८/९/१ कास्की | आयोग, नागरीक समाज, मानवअधिकारकर्मी र सञ्चारकर्मी | आयोग |
| १७. | आयोगको स्वतन्त्रता र स्वायतत्ता सम्बन्धी, अन्तर्क्रिया | २०६८/९/११ कास्की | आयोगका पुर्व सदस्य कपिल श्रेष्ठको उपस्थितीमा मानवअधिकारकर्मी, नागरिक समाज, पत्रकार | आयोग |
| १८. | मानवअधिकारको सिद्धान्त र व्यवहार सम्बन्धी आधारभुत तालिम | २०६८/९/२७–२८ तनहुँ | स्थानीय सङ्घसस्था, शिक्षकशिक्षिका, आमा समुह, नागरिक समाज, वकिल र पत्रकारहरू | आयोग |
| १९. | सङ्क्रमणकालीन न्याय र मानवअधिकार, तालिम | २०६८/१०/५–६ कास्की | शहिद परिवार तथा जनआन्दोलन २०६२/०६३ का घाईते, मानवअधिकार रक्षक | आयोग |
| २०. | मानवअधिकार सचेतना | २०६८/११/९ स्याङजा | आमा समुह, शिक्षक, विद्यार्थी, पत्रकार, समाजसेवी, कर्मचारी | आयोग |
| २१. | आधारभुत मानवअधिकार सम्बन्धी कार्यक्रम | २०६८/११/१६ म्याग्दी | कक्षा ८, ९ र १० मा अध्ययनरत छात्रछात्रा र शिक्षकशिक्षिका | आयोग |
| २२. | १०२औं अन्तराष्ट्रिय महिला दिवस र महिला अधिकार संरक्षणमा सरोकारवालाको भुमिका | २०६८/११/२६ कास्की | सङ्घसंस्था, आमा समुह, प्रहरी प्रशासन, व्यापारी, समाजसेवीहरू, विद्यार्थी | आयोग |
| २३. | मानवअधिकार र सञ्चार प्रशिक्षण | २०६८/१२/२–३ पोखरा | सञ्चारकर्मीहरू | आयोग |

## राष्ट्रिय मानवअधिकार आयोग

| क्र.सं. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| २४. | ४७ औं अन्तराष्ट्रिय जातीय विभेद विरुद्धको दिवस सन्दर्भमा अन्तरकिया कार्यकम | २०६८/१२/८ कास्की | दलित अधिकारको क्षेत्रमा कार्यरत विभिन्न सङ्घसस्था, मानवअधिकारकर्मी, पत्रकार | आयोग |
| २५. | मानवअधिकार र सुशासन सम्बन्धी, अन्तर्क्रिया | २०६८/१२/१० कास्की | सरकारी निकाय, नागरिक समाज, मानव अधिकारकर्मी, पत्रकार, कानुनव्यवसायी | आयोग |
| २६. | स्व.दयाराम परियार स्मृति दिवस, अन्तर्क्रिया | २०६८/१२/१५ कास्की | आयोगका सम्पुर्ण कर्मचारीहरू | आयोग |
| २७. | मानवअधिकार र ज्येष्ठ नागरिकको अवस्था, अन्तर्क्रिया | २०६८/१२/१७ स्याङ्जा | ज्येष्ठ नागरिक, नागरिक समाज, विद्यालयहरू, आमा समुह | आयोग |
| २८. | सकारात्मक सोच, मानवअधिकार र सुशासन, अन्तर्क्रिया | २०६८/१२/१८ कास्की | आयोग, सामाजिक अध्ययन मञ्च र इमेजीन नेपाल | आयोग |
| २९. | मानवअधिकार र सञ्चार, तालिम | २०६८/१२/२–३ कास्की | सञ्चारकर्मीहरू | आयोग |
| ३०. | मानवअधिकारमुखी विकास पद्दति, तालिम | २०६९/१/३–८ पर्वत, वाग्लुङ, म्याग्दी र मुस्ताङ | वाग्लुङ, पर्वत, म्याग्दी र मुस्ताङ जिल्लाक सरकारी निकाय, नागरिक समाज, कानुनव्यवसायी, मानवअधिकारकर्मीहरू | आयोग ४ पटक |
| ३१. | मानवअधिकार रक्षकहरूको लागि आधारभुत तालिम | २०६९/१/९–१० कास्की | मानवअधिकार रक्षकहरू | आयोग |
| ३२. | सङ्क्रमणकालीन न्याय, अन्तर्क्रिया | २०६९/१/११ कास्की | सरकारी निकाय, नागरिक समाज, मानव अधिकारकर्मी, पत्रकार, कानुनव्यवसायी | आयोग |
| ३३. | मानवअधिकार र प्रेस, तालिम | २०६९/१/२१ कास्की | महिला पत्रकारहरू | आयोग र प्रेस चौतारी |
| ३४. | प्रतिवेदन लेखन र नेतृत्व विकास सम्बन्धी प्रशिक्षण | २०६९/२/२८– २९ कास्की | आयोगका कर्मचारी, सरकारी निकाय, मानव अधिकारकर्मीहरू | आयोग |
| ३५. | ज्येष्ठ नागरिकहरूको अधिकारसम्बन्धी अवस्था र चुनौती, अन्तर्क्रिया | २०६९/३/१ कास्की | ज्येष्ठ नागरिकको क्षेत्रमा कार्यरत सङ्घसस्था, ज्येष्ठ नागरिकहरू, पत्रकार, कानुन व्यसायी | आयोग, ज्येष्ठ नागरिक समिति |
| ३६. | यातना रोकथाममा सरोकारवालाको भुमिका, अन्तर्क्रिया | २०६९/३/१२ कास्की | सरकारी तथा सुरक्षा निकाय, नागरिक समाज, कानुनव्यवसायी, पत्रकार | आयोग, इन्सेक र वकालत मञ्च |
| ३७. | मानवअधिकारमुखी विकास पद्धति, तालिम | २०६८/३/२५ तनहुँ | सरकारी निकाय, सुरक्षा निकाय, नागरिक समाज, मानवअधिकार सम्बन्धी सङ्घसस्था, पत्रकार | आयोग |
| ३८. | पीडितको अधिकार तथा न्यायीक उपचारका लागि प्रमाण र विधि विज्ञानको महत्व, प्रशिक्षण | २०६८/३/२६ कास्की | द्वन्दपीडित समाजका प्रतिनिधि, आयोगाका कर्मचारीहरू | आयोग |
| ३९ | मानव अधिकार सचेतना | २०६८/३/२६ तनहुँ | मानव अधिकारकर्मी, सङ्घसंस्थाका प्रतिनिधि, कानुनव्यवसायी, शिक्षक, विद्यार्थी | आयोग |

| क्र.सं. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| ४०. | मानवअधिकारमुखी विकास पद्धति, तालिम | २०६९/३/२२–२६ तनहुँ | सरकारी निकाय, गैरसरकारी सङ्घसस्थाका प्रतिनिधि | आयोग |

**४. नेपालगञ्ज**

| क्र.सं. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| १ | बालअधिकारको संरक्षणमा सरोकारवालाको भूमिका कार्यशाला, तयारी बैठक | २०६८/४/१ बाँके | सिविन नेपाल, आयोग | |
| २ | मध्यपश्चिमको मानव अधिकारको अवस्था बैठक | २०६८/४/२ बाँके | AIFA र आयोग | |
| ३ | उद्योग र व्यवसायको क्षेत्रका श्रमिक बालबालिका र सरोकारवालाको भूमिका | २०६८/४/६ बाँके | सिविन, महिला तथा बालबालिका कार्यालय र आयोग | संयुक्त आयोजना |
| ४. | अन्तर्राष्ट्रिय बेपत्ताविरुद्धको दिवस मनाउने सन्दर्भ, बैठक | २०६८/४/७ बाँके | एड्भोकेसी फोरम बाँके, बर्दिया र आयोग | |
| ५. | मध्यपश्चिमको मानव अधिकारको अवस्था र बालश्रमिकका सवाल, बैठक | २०६८/४/ ९ बाँके | ओएचसीएचआर र आयोग | |
| ६. | आयोग क्षेत्रीय कार्यालयको वार्षिक प्रतिवेदन सार्वजनिक | २०६८/४/१० बाँके | सरकारी निकाय, गैसस, पत्रकार, नागरिक समाज | |
| ७. | मानव अधिकार पत्रकारिता, अभिमुखिकरण | २०६८/४/१२ दाङ्ग | महिला पत्रकार | |
| ८. | अपराध अनुसन्धानमा प्रहरीको भूमिका, बैठक | २०६८/४/१३ दाङ्ग | आयोग र नेपाल प्रहरी | |
| ९. | महिला हिंसा, न्यायमा पहुँच तथा सहकार्य तथा समन्वय सम्बन्धी बैठक | २०६८/४/१३ दाङ्ग | महिला विकास कार्यालय र आयोग | |
| १०. | प्रहरी कर्मचारीबाट बलात्कृत भनिएकी महिलाका परिवारलाई यातना तथा धम्की सम्बन्धी बैठक | २०६८/४/१३ दाङ्ग | पीडित परिवार र आयोग | |
| ११. | मानव अधिकार अवस्था र मध्य पश्चिममा न्यायको पहुँच, बैठक | २०६८/४/१५ बाँके | अन्तर्राष्ट्रिय सचेतना, ओरेक र आयोग | |
| १२. | बाँके जिल्लाका यातना सम्बन्धी घटनाहरू, बैठक | २०६८/४/१८ बाँके | एड्भोकेसी फोरम र आयोग | |
| १३. | नाबालिकालाई बलात्कार गरिएको घटना सम्बन्धी बैठक | २०६८/४/१९ बाँके | पीडितको परिवार, एकल महिला सञ्जाल र आयोग | |
| १४. | कुपोषणबाट प्रभावित जमुना बुढामगरको उपचार सम्बन्धी छलफल | २०६८/४/२२ बाँके | आयोग र अस्पताल | |

## राष्ट्रिय मानवअधिकार आयोग

| क्र.सं. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| १५ | सुर्खेतमा कार्यरत महिला सञ्चारकर्मीहरू र मानवअधिकार प्रशिक्षण | २०६८/४/२२-२४ सुर्खेत | महिला सञ्चारकर्मीहरू | |
| १६. | वर्तमान मानव अधिकार अवस्था, बैठक | २०६८/४/२४ बाँके | सिविन र आयोग | |
| १७. | मानव अधिकार सञ्जाल बाँकेसँग सम्भाव्य सहकार्य, बैठक | २०६८/४/२४ बाँके | मानवअधिकार सञ्जाल बाँके र आयोग | |
| १८. | जिल्लाको शान्तिसुरक्षाको अवस्था, छलफल | २०६८/५/१६ बाँके | आयोग, जिप्रका, मानव अधिकार एलायन्स र पत्रकार | |
| १९. | कानुनी प्रक्रिया र पीडितलाई न्याय, बैठक | २०६८/६/२ बाँके | आयोग र पीडित परिवार | |
| २०. | मध्यपश्चिम क्षेत्रको मानव अधिकार अवस्था र चुनौतिहरू, बैठक | २०६८/६/२९ बाँके | आयोगका भू.पू. सदस्य कपिल श्रेष्ठ, आयोगका कर्मचारीहरू, मानव अधिकार रक्षकहरू | |
| २१. | आयोगको उपक्षेत्रीय कार्यालय जुम्लासँग सम्भाव्य सहकार्य, छलफल | २०६८/६/३० बाँके | आयोग र मानव अधिकार रक्षकहरू | संयुक्त आयोजना |
| २२. | फैजान अहमदको हत्या सम्बन्धमा बैठक | २०६८/७/१ बाँके | आयोग र फैजान सङ्घर्ष समिति | |
| २३. | जिल्लाको सुरक्षा र मानव अधिकारको अवस्था, बैठक | २०६८/७/३ सुर्खेत | मानवअधिकार रक्षक र पत्रकारहरू | |
| २४. | अदालत र आयोगबीच सम्भाव्य सहकार्य | २०६८/७/४ सुर्खेत | आयोग र पुनरावेदन अदालत | |
| २५. | मध्यपश्चिमको सुरक्षाको अवस्था र प्रहरीको पहल, छलफल | २०६८/७/५ सुर्खेत | आयोग र क्षेप्रका | |
| २६. | मानव अधिकार, बैठक | २०६८/७/५–७ बाँके | बाँके, बर्दिया, दाङ, दैलेख, सुर्खेतका प्रतिनिधि | |
| २७ | मानव अधिकारको अवस्था र भावी कार्यक्रम, बैठक | २०६८/७/३० बाँके | आयोग , इन्सेक, एड्भोकेसी फोरम, सिविन | |
| २८. | आयोगका सिफारिशको अवस्था, छलफल | २०६८/८/४ बाँके | आयोग , आइसीजे, एड्भोकेसी फोरम | |
| २९. | मानव अधिकार बैठक | २०६८/८/७ बाँके | आयोग र महिला मानवअधिकार रक्षकहरू | |
| ३०. | मानवअधिकार दिवस मनाउने सम्बन्धी बैठक | २०६८/८/१२ बर्दिया | आयोग र मानवअधिकार रक्षकहरू | |
| ३१. | राजनीतिक संस्कृतिको विकासका | २०६८/८/१२ | आयोगका भूप .सदस्य, | |

| क्र.सं. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| | लागि दण्डहीनताको अन्त्य, बैठक | बाँके | मानवअधिकार रक्षक, राजनितिक दल र पत्रकार | |
| ३२. | महिला हिंसाविरुद्धको अन्तर्राष्ट्रिय दिवस सम्बन्धी छलफल | २०६८/८/१३ बाँके | आयोग र मानवअधिकार रक्षकहरू | |
| ३३. | आधारभूत मानवअधिकार, तालिम | २०६८/८/१४ बाँके | मानवअधिकार रक्षकहरू | |
| ३४ | बाँकेमा महिला विरुद्ध हिंसाको अवस्थाका बारेमा सर्वेक्षण बैठक | २०६८/८/१५ बाँके | आयोग र मानवअधिकार रक्षकहरू | |
| ३५. | बालिकाका अधिकारः अवसर र चुनौती विषयक निबन्ध प्रतियोगिता | २०६८/८/२२ बाँके | २० वटा विद्यालयका २४ जना विद्यार्थीहरू | |
| ३६. | मानवअधिकारको अवस्था छलफल | २०६८/८/२२ बाँके | २० वटा विद्यालयका २४ जना विद्यार्थीहरू | |
| ३७ | मानवअधिकारको अवस्था र चुनौति, अन्तर्किया | २०६८/८/२४ बर्दिया | राजनीतिक दल,सरकारी निकाय, पेशागत संस्था, नागरिक समाज, गैसस र पत्रकार | |
| ३८. | मानबीरे सुनारको हत्या सम्बन्धी अनुगमन | २०६८/९/२ कालिकोट | मानव अधिकारकर्मी तथा पेशागत सस्था | |
| ३९. | मानव अधिकार तथा शान्तिसुरक्षाको अवस्था, छलफल | २०६८/९/३ कालिकोट | आयोग, प्रशासन, प्रहरी, राजनितिक दल | |
| ४० | जिल्लाको मानव अधिकार अवस्था, अन्तर्क्रिया | २०६८/९/५ कालिकोट | आयोग, राजनितिक दल, मानव अधिकारकर्मी, प्रजिअ तथा सरोकारवाला | |
| ४१. | मानव अधिकार रक्षकहरूलाई तालिम | २०६८/९/ १०–१२ बाँके | राप्ती र भेरी अंचलका मानव अधिकार रक्षकहरू | |
| ४२ | मध्यपश्चिममा एलजीबिटिआई समूहको अधिकारको अवस्था, बैठक | २०६८/९/१८ बाँके | आयोग र निलहीरा समाज काठमाण्डौ | |
| ४३. | दाङमा मानवअधिकार सम्बन्धी अवस्था, बैठक | २०६८/९/२० बाँके | आयोग र सरोकारवाला | |
| ४४ | महिला विरुद्ध हिंसाको अवस्थाको सर्भेक्षण, बैठक | २०६८/९/२० बाँके | आयोग र महिला अधिकारकर्मी | |
| ४५. | मानवअधिकारसम्बन्धी छलफल | २०६८/९/२५ बाँके | आयोग र मानवतावाद अनुसन्धान केन्द्र | |
| ४६ | राप्तीपारिका स्थानीय व्यक्तिहरूलाई धम्की, बैठक | २०६८/९/२५ बाँके | आयोग र पत्रकार | |
| ४७. | राप्तीपारि बिनौनामा गरिने कार्यक्रमको तयारी, बैठक | २०६८/९/२५ बाँके | आयोग र सिविन | |

**राष्ट्रिय मानवअधिकार आयोग**

| क्र.सं. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| ४८. | बिनौनामा कम्लरीको अवस्था र चुनौती, अन्तर्क्रिया | २०६८/९/२७ बाँके | आयोग, मुक्त कम्लरी, गैसस, नागरिक समाज | |
| ४९. | जिल्लाको सुरक्षा अवस्था, बैठक | २०६८/९/२८ बाँके | इन्सेक, हिमराईट्स, एड्भोकेसी फोरम, युएसआइपी र सञ्चारकर्मी | |
| ५०. | जिल्लाको सुरक्षा अवस्था, बैठक | २०६८/९/२९ बर्दिया | आयोग, प्रशासन, प्रहरी | |
| ५१. | शान्तिसुरक्षा र मानव अधिकारको अवस्था, बैठक | २०६८/१०/२ बाँके | आयोग र जिप्रका | |
| ५२. | जिल्लाको सुरक्षा अवस्था र प्रहरीले गरेको पहल, बैठक | २०६८/१०/५ बाँके | आयोग र जिप्रका | |
| ५३. | आयोग क्षेत्रीय कार्यालयका कार्य र यसका चुनौतिहरू, बैठक | २०६८/१०/ ५ बाँके | आयोग र कान्तिपुर टेलिभिजन | |
| ५४. | मानव अधिकारको अवस्था र भविष्यमा गर्न सकिने सहकार्य, बैठक | २०६८/१०/६ बाँके | आयोग, सिविन, एड्भोकेसी फोरम | |
| ५५. | मानव अधिकार अवस्थाको लेखाजोखा, बैठक | २०६८/१०/ ८ बाँके | आयोग, मानवअधिकार सञ्जाल | |
| ५६ | मानवअधिकार अवस्था, छलफल | २०६८/१०/ १८ बाँके | आयोग र आयोगका पूर्वसदस्य सुदीप पाठक | |
| ५७ | जिल्लाको स्वास्थ्य अवस्था, बैठक | २०६८/१०/१८ बाँके | आयोग र जिल्ला जनस्वास्थ्य कार्यालय | |
| ५८. | जिल्लाको मानवअधिकार अवस्था, छलफल | २०६८/१०/२० डोल्पा | आयोग, मानवअधिकार रक्षक र पत्रकार | |
| ५९. | डोल्पा जिल्लाको शान्तिसुरक्षा विकास र शिक्षा, बैठक | २०६८/१०/२० डोल्पा | आयोग, जिका, जिप्रका, जिविस, शिक्षा कार्यालय | |
| ६०. | महिलाअधिकार र सशक्तिकरण एवम् महिलाको अवस्था, छलफल | २०६८/१०/२० डोल्पा | आयोग र महिला समूह | |
| ६१. | मानवअधिकार सञ्जाल गठनका लागि सहजिकरण र गठन, छलफल | २०६८/१०/२१ डोल्पा | आयोग, मानवअधिकार रक्षक, पेशागत संगठन र पत्रकार | |
| ६२. | जनगुनासो र सेवासुविधा, निर्देशन | २०६८/१०/२३ डोल्पा | आयोग, सरकारी निकाय, नागरिक समाज | |
| ६३. | मानवअधिकार सञ्जालका सदस्यहरूलाई उनीहरूको दायित्व र चुनौति,अभिमुखिकरण | २०६८/१०/२३ डोल्पा | आयोग र मानवअधिकार सञ्जाल | |
| ६४ | मानवअधिकारको अवस्था, संविधान निर्माण र मानवअधिकार सवाल, कार्यशाला | २०६८/१०/२३ डोल्पा | सरकारी निकाय, राजनीतिक दल, पेशागत संगठन, मानवअधिकार रक्षक र पत्रकार | |

| क्र.सं. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| ६५ | खाद्यसंकट र ढुवानी समस्या सम्बन्धमा पुनः बैठक | २०६८/१०/२४ डोल्पा | आयोग र खाद्यसंस्थान | |
| ६६. | छात्रवृत्ति वितरणमा भएको ढिलासुस्ती, बैठक | २०६८/१०/२४ डोल्पा | आयोग र जिल्ला शिक्षा कार्यालय | |
| ६७. | मानवअधिकार रक्षकलाई प्रशिक्षण सम्बन्धमा तयारी बैठक | २०६८/११/ १६ बाँके | आयोग लगायत विभिन्न सङ्घसंस्थाहरू | |
| ६८. | जिल्लाको मानवअधिकारको अवस्थाबारे अन्तरक्रिया | २०६८/११/१८ सल्यान | आयोग, मानवअधिकारकर्मी, सञ्चारकर्मी | |
| ६९. | जिल्लाको सुरक्षा र आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार, छलफल | २०६८/११/१८ सल्यान | आयोग, प्रशासन र न्यायिक निकाय | |
| ७० | जिल्लाको स्वास्थ्य र शिक्षाको अधिकारको अवस्था | २०६८/११/१९ सल्यान | आयोग, गैसस र पत्रकार | |
| ७१. | मानवअधिकार राष्ट्रिय कार्ययोजना, कार्यान्वयन, छलफल | २०६८/११/२१ सल्यान | आयोग, सरकारी निकाय, सरोकारवाला | |
| ७२ | अन्तर्राष्ट्रिय महिला दिवसका सन्दर्भमा महिला अधिकारको अवस्था र चुनौति, अन्तर्क्रिया | २०६८/११/२२ सल्यान | आयोग, महिला समूह तथा सरोकारवाला | |
| ७३. | राहत सम्बन्धमा छलफल | २०६८/११/२२ सल्यान | आयोग, द्वन्द्वपीडित र सरोकारवाला | |
| ७४ | मानवअधिकार शिक्षा, अभिमुखिकरण | २०६८/११/२२ सल्यान | आयोग र विद्यार्थीहरू | |
| ७५ | जिल्लाको वर्तमान मानव अधिकार अवस्था र संविधान निर्माण, अन्तर्क्रिया | २०६८/११/२४ बाँके | आयोग, मानवअधिकारकर्मी, गैसस, पेशागत सङ्घसंस्था | |
| ७६ | मध्यपश्चिमको वर्तमान मानव अधिकार अवस्था र आयोगद्धारा चालिएको कदम, बैठक | २०६८/११/२७ बाँके | आयोगर मानवअधिकार रक्षक | |
| ७७. | युएनडिपीको मध्यपश्चिममा भएको कार्यक्रम र आयोगसँग सम्भाव्य समन्वय, बैठक | २०६८/११/२९ बाँके | आयोग र युएनडिपी | |
| ७८. | मानवअधिकारको अवस्था, बैठक | २०६८/११/३० बाँके | आयोग, मानवअधिकारकर्मी र पेशाकर्मी | |
| ७९. | मानव अधिकार शिक्षा, अभिमुखिकरण | २०६९/१/९ बर्दिया | आयोग र १२ कक्षामा अध्ययनरत केही विद्यार्थीहरू | |
| ८० | बर्दिया जिल्लाको मानवअधिकार अवस्था, बैठक | २०६९/१/९ बर्दिया | आयोग र मानवअधिकार रक्षकहरू | |
| ८१. | मानवअधिकार मैत्री संविधान र मानवअधिकारको अवस्था, अन्तर्क्रिया | २०६९/१/१० बर्दिया | आयोग सरकारी निकाय, राजनीतिक दल, मानवअधिकार रक्षक, पत्रकार | |

## राष्ट्रिय मानवअधिकार आयोग

| क्र.सं. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| ८२ | दलित, जनजाति र अल्पसंख्यकको अधिकारको संरक्षण सम्बन्धमा समन्वय, छलफल | २०६९/१/१३ बाँके | आयोग, दलित, जनजाति, अल्पसंख्यक, गैसस, पेशागत सङ्घसंस्था | |
| ८३. | राष्ट्रिय मानवअधिकार कार्ययोजना, कार्यान्वयन र चुनौती, अन्तर्क्रिया | २०६९/१/१८ बाँके | आयोग, सरकारी निकाय, अदालत, प्रहरी, वकिल, मानव अधिकारकर्मीहरू, पत्रकार | |
| ८४. | अन्तर्राष्ट्रिय श्रमिक दिवस- श्रमिकहरूको अवस्था र अधिकार संरक्षण, अन्तर्क्रिया | २०६९/१/१९ दाङ | आयोग र विभिन्न क्षेत्रमा कार्यरत श्रमिकहरू | |
| ८५. | अन्तर्राष्ट्रिय विश्व प्रेस स्वतन्त्रता दिवस मनाउन, छलफल | २०६९/१/२० दाङ | आयोग र पत्रकार महासङ्घ | |
| ८६ | राप्ती अञ्चलको सुरक्षा अवस्था, बैठक | २०६९/१/२० दाङ | आयोग, अञ्चल प्रहरी कार्यालय | |
| ८७. | विश्व प्रेस स्वतन्त्रता दिवस- आगामी संविधानमा प्रेस स्वतन्त्रता, अन्तर्क्रिया | २०६९/१/२१ दाङ | | |
| ८८. | लगातार बन्दपछि सामाजिक सद्भाव सामान्य बनाउने सम्बन्धी बैठक | २०६९/२/१ बाँके | आयोग, मानवअधिकारकर्मी, गैसस, पेशागत सङ्घसंस्था | |
| ८९. | जिल्ला प्रशासन कार्यालय सुर्खेतले नागरिकता दिन अस्वीकार, बैठक | २०६९/२/१ बाँके | आयोग र सिविन | |
| ९०. | जिल्लामा कानुन र व्यवस्थाको स्थिति, बैठक | २०६९/२/ ३ सुर्खेत | आयोग, क्षेत्रीय प्रशासक, प्रहरी अधिकृतहरू | |
| ९१. | थारु संयुक्त सङ्घर्ष समितिले गरेको बन्दको कारण रोकिएका बसहरू सुचारु गर्न, बैठक | २०६९/२/३ दाङ | आयोग, सरोकारवाला निकाय, पीडित परिवार | |
| ९२. | सङ्कक्रमणकालीन अवस्था र साझा दायित्व, अन्तर्क्रिया | २०६९/२/४ सुर्खेत | सरोकारवाला निकाय, पत्रकार, वकिल, मानवअधिकारकर्मी | |
| ९३. | मानव अधिकारको सम्मान र मानवीय सहायता, बैठक | २०६९/२/५ बाँके | आयोग र विभिन्न समूहका बन्दकर्ताहरू | |
| ९४. | नेपाल आदिवासी जनजाति महासङ्घले आयोजना गरेको बन्द, बैठक | २०६९/२/ ७ बाँके | आयोग र महासङ्घ, बाँके | |
| ९५. | राष्ट्रिय मावअधिकार आयोगको १२ औं वार्षिक उत्सव | २०६९/२/१३ बाँके | सरकारी निकाय, मानवअधिकारकर्मीहरू, पत्रकार, कानुनव्यवसायी | |
| ९६ | मानवअधिकार सञ्जाल, बैठक | २०६९/२/१७ बाँके | आयोग र मानवअधिकार सञ्जाल | |

| क्र.सं. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| ९७. | दण्डहीनता र पीडितको न्यायः अवस्था र चुनौति, बैठक | २०६९/२/२९ बाँके | आयोग र एड्भोकेसी फोरम | |
| ९८. | मुस्लिम महिलाहरूको वर्तमान अवस्था, छलफल | २०६९/२/३० बाँके | आयोग र रुसुफ नेपाल | |
| ९९ | आयोगको १२ औं वार्षिक उत्सव-द्वन्द्व पीडितहरू र राज्यको दायित्व, बैठक | २०६९/२/३१ बाँके | आयोग र द्वन्द्वपीडितहरू | |
| १००. | सरकारी र अदालतका कर्मचारीहरूलाई दिईने तालिमका सम्बन्धमा बैठक | २०६९/३/५ बाँके | आयोग र पुनरावेदन अदालत | |
| १०१. | अन्तर्राष्ट्रिय यातनाविरुद्धको दिवस-बैठक | २०६९/३/७ बाँके | आयोग, इन्सेक, एड्भोकेसी फोरम | |
| १०२ | बाँके र बर्दियाको मानव अधिकारको अवस्था, बैठक | २०६९/३/८ बाँके | आयोग र यूएसए एम्बेसीका प्रतिनिधिहरू | |
| १०३ | संक्रमणकालिन न्याय र मध्यस्थता, तालिम | २०६९/३/८–१० बर्दिया | आयोग, सरकारी र अदालतका कर्मचारीहरू | |
| १०४ | अन्तर्राष्ट्रिय यातनाविरुद्धको दिवस-तयारी बैठक | २०६९/३/११ बाँके | आयोग, इन्सेक, एड्भोकेसी फोरम | |
| १०५ | अन्तर्राष्ट्रिय यातनाविरुद्धको दिवस-यातना रोकथाम र सरोकारवालाको भूमिका, बैठक | २०६९/३/१२ बाँके | सरकारी निकाय, अधिकारकर्मी, पत्रकार, पीडित र पीडित परिवार | |
| १०६ | मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा सुरक्षा निकायको भूमिका, अभिमुखिकरण | २०६९/३/१७ सुर्खेत | प्रहरी कर्मचारीहरू | |
| १०७ | जिल्लाको मानवअधिकार अवस्था, बैठक | २०६९/३/२३ दाङ | आयोग र गैससहरू | |
| १०८ | सूचनाको अधिकार र मानवअधिकारको अवस्था, बैठक | २०६९/३/२४ दाङ | आयोग र सञ्चारकर्मी | |
| १०९ | दण्डहीनता र पीडितको न्यायः अवस्था र चुनौति, कार्यशाला | २०६९/३/ ३१ | आयोग, सरकारी र सुरक्षा निकाय, गैसस | |

**५. धनगढी**

| क्र.सं. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| १ | आधारभुत मानव अधिकार तालिम | २०६८/५/१७-१८ बाजुरा | सरकारी निकाय, गैसस, सञ्चारकर्मी | |
| २. | खाद्य अधिकारको विषय क्षेत्रीय कार्यशाला | २०६८/६/२–४ डडेल्धुरा | सरकारी निकाय, गैसस, सञ्चारकर्मी | |
| ३. | ज्येष्ठ नागरिकको अधिकारको सम्बन्धमा अन्तरक्रिया | २०६८/६/४ कंञ्चनपुर | आयोग, ज्येष्ठ नागरिक, सरोकारवाला | |

## राष्ट्रिय मानवअधिकार आयोग

| क्र.सं. | विषय | मिति र स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|
| ४ | मानव अधिकारको अवस्थाको बारेमा अन्तरक्रिया | २०६८/६/५ कैलाली | सरकारी निकाय र सङ्घसंस्था, पत्रकार, कानुनव्यवसायी | |
| ५. | मुक्त कम्लरीको अधिकारको अवस्थाका सम्बन्धमा अन्तरक्रिया | २०६८/६/८ कैलाली | मुक्त कम्लरीहरू (९० जना) | |
| ६. | जातीय भेदभावको सन्दभर्मा अन्तरक्रिया | २०६८/६/१३ बैतडी | सरकारी निकाय, सङ्घसंस्था, पत्रकार, दलित अधिकारकर्मी | |
| ७. | महिला अधिकारको अवस्थाका सम्बन्धमा अन्तरक्रिया | २०६८/६/२७ कंचनपुर | सरकारी निकाय, सङ्घसस्था, पत्रकार, महिला अधिकारकर्मी तथा नागरिक समाज | |
| ८ | मानव अधिकारमुखि विकास पद्धति विषयक प्रशिक्षण | २०६८/७/१-३ कंचनपुर | सरकारी निकाय तथा सङ्घसस्थाहरू | |
| ९ | बाल अधिकार अनुगमन सम्बन्धी क्षेत्रीय कार्यशाला | २०६८/७/६-७ कैलाली | सरकारी निकाय तथा सङ्घसस्थाहरू | |
| १० | द्वन्द्वपीडितको अवस्थाको बारेमा अन्तरक्रिया | २०६८/७/१९ कैलाली | द्वन्द्व पीडित, नागरिक समाज, राजनीतिक दल तथा सरोकारवालाहरू | |
| ११ | ६३ औ अन्तराष्ट्रिय मानव अधिकार दिवस कार्यक्रम | २०६८/८/२४ कैलाली | सरकारी निकाय, आइ/एनजीओ, पत्रकार, मानव अधिकार रक्षक, वकिल, नागरिक समाज | |
